
# सूंचक



## श्रद्धेय अश्वघोष विशेष

Downloaded from http://www.dhamma.digital

के तपाईको जीवनमा कुनै त्यस्ता रोचक घटनाहरु घटेका छन् ?
के तपाई आफ्नो जीवनमा घटेका घटनाहरुलाई लिपिबद्ध गर्न चाहानुहुन्छ ?
के तपाई आफ्नो बारेमा कुनै पुस्तक प्रकाशन गराउन चाहानुहुन्छ ?
के तपाई आफ्नो कथा अरुलाई सुनाउन चाहानुहुन्छ ?

## एकपटक सोच्नुहोस्

तपाईको कथा, व्यथा र अनुभव अरुका लागि सार्थक प्रेरणा बन्न सक्छ।
तपाई राष्ट्रिय स्तरमा एउटा प्रेरक व्यक्तित्व बनेर स्थापित हुन सक्नुहुन्छ।

**त्यसैले हामीलाई अवश्य सम्झनुहोस् ।**

## दीप मण्डली

सम्पर्क :९८४१८७१४१०

कुनै पनि विधाका साहित्यिक पुस्तकहरु किनेर पढ्न असमर्थ हुनुहुन्छ भने निःशुल्क पुस्तक प्राप्त गर्न सम्पर्क गर्नुहोस्।

## सूचकको आगामी यात्रा !


## ओशो र स्वामी आनन्द अरुण विशेष ।

ओशो र स्वामी आनन्द अरूणका विषयमा उपयुक्त लेख रचना तथा पुस्तकको प्रायोजनको लागि विज्ञापन उपलब्ध गराई सहयोग गरीदिनुहुन सूचक अनुरोध गर्दछ।




Dhamma.Digital
Downloaded from http://www.dhammadigital.org

# हार्दिक शुभकामना



नेपालमा थेरवाद बुद्ध धर्म समुन्नति र
उत्थानको निमित्त विगत सात दशकदेखि प्रव्रजित
जीवनयापन गरिरहनुभएका बहुप्रतिभाशाली,
बहुआयामिक सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ
बौद्ध साहित्यकार **श्रद्धेय भिक्षु अश्वघोष**
**महास्थविरज्यूको ९० औं शुभजन्मोत्सव**को
उपलक्ष्यमा उहाँको सुस्वास्थ्य तथा
दीर्घायुको कामना गर्दछौं ।


**रत्नायन ज्यासः पसः परिवार**

खौमाः १५, भक्तपुर

फोनः ६६१२६७५ ६६१०२५४

Downloaded from http://www.dhamma.digital

# मंगलमय शुभकामना



**महासंघनायक**

**अग्गमहासद्धम जोतिकधज श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा बुद्ध शासनिक क्षेत्रमा उहाँले पुऱ्याउनुभएको अतुलनीय योगदानको स्मरण गर्दै उहाँको आध्यात्मिक शान्ति तथा आयू आरोग्यको कामना गर्दछौं ।

**श्रद्धेय डा. अनोजा गुरुमाँ**

सुलक्षण कीर्ति विहार, परिवार

सुन्दरीघाट, चोभार

Downloaded from http://www.dhamma.digital

जि.प्र.का. काठमाडौं द. नं. २६/०६१/०६२

# सूचक

वर्ष १० अंक ६७ जेठ २०७३

**अश्वघोष विशेष प्रकाशनका लागि**

**संयोजक**

घनश्याम राजकर्णिकार

**प्रकाशक/प्र. सम्पादक**

दीपक भेटुवाल

**संरक्षक**

कृष्णबहादुर श्रेष्ठ

डा.प्रेमराज न्यौपाने

केशरी बज्राचार्य

**कभर/ले-आउट**

राजकुमार बलामी

**मुद्रण**

हिसी अफसेट प्रेस

**प्रतिनिधि**

सागर घिमिरे (चितवन)

इन्दिरा थापा (इलाम)

नरमेन्द्र राई (धरान)

अन्जु के. सी. (लमजुङ)

प्रेम बहादुर मगर (बाग्लुङ)

विष्णु के.सी. (दुवई)

रामकुमार खत्री (कतार)

अशोक मैनाली (मलेसिया)

**मूल्य रू. १५०।-**

वार्षिक विशेष सदस्यता शुल्क :२,०००।-

आजीवन सदस्यता शुल्क: ५,०००।-

विशेष आजीवन सदस्यता शुल्क: ११,०००।

**कार्यालय**

बालाजु, काठमाडौं, ९८४१८७१४१०

इ-मेल: punyabalami@yahoo.com
suchak.news@yahoo.com

## यस भित्र

संघनायक भिक्षु अश्वघोष महास्थविरको संक्षिप्त जीवनी ११
अश्वघोष भन्तेको धर्मप्रचारका विविध आयामहरू २३
दाजु अश्वघोषका सम्बन्धमा २९
भिक्षु अश्वघोषका उपाध्याय गुरूहरू ३३
मेरो स्मरणमा प ज्य संघनायक र संघाराम विहार ३७
कर्मयोगी भिक्षु अश्वघोष महास्थविर ३९
जीवन परिवर्तनका नायक अश्वघोष भन्ते ४३
बुद्ध धर्ममा श्रद्धेय भन्ते अश्वघोष महास्थविरको योगदान ४७
नारीप्रति अश्वघोष भन्तेको दृष्टिकोण ५१
बौद्ध साहित्यमा
अश्वघोष महास्थविर ५७
बौद्ध लेखनमा भिक्षु अश्वघोष महास्थविरको योगदान ६१
नारी शिक्षाका अभियन्ता अश्वघोष महास्थविर ६६
भिक्षु अश्वघोषः सरल र गहन व्यक्तित्वका धनी ६७
श्रद्धेय अश्वघोष भन्ते : आँ गर्दा अलङ्कार झल्काउने ७१
अश्वघोष भन्तेः एक आदर्श गुरू ७९
जातीय समानताका पक्षधर भिक्षु अश्वघोषको ८३
अति स्वावलम्बी श्रद्धेय भन्ते अश्वघोष ८७
छैठौं संघनायक भन्तेमा सादर वन्दना ९१
बौद्ध अध्ययन गोष्ठी र पुज्य अश्वघोष ९३
प्रेरणादायी गुरू अश्वघोष ९७
नैतिकवान लेखक भिक्षु अश्वघोष १०१
भिक्षु अश्वघोष एक सिंहावलोकन १०४
फरक दृष्टिकारका रूपमा अश्वघोष महास्थविर १०७
भिक्षु अश्वघोष चिन्तनशील व्यक्तित्वका रूपमा १११
मेरो अनुभवमा भिक्षु अश्वघोष महास्थविर ११५
मेरो प्रेरणाको श्रोत अश्वघोष भन्ते ११८
उत्प्रेरणा जगाउने कुशल व्यक्ति : भिक्षु अश्वघोष महास्थविर १२१
प्रसंग र अनुभवको सँगालो भिक्षु अश्वघोष १२५
नेपालका छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविर १३०
श्रद्धेय अश्वघोषका केही धर्मदेशनाहरू १३५

Downloaded from http://www.dhamma.digital

# मंगलमय शुभकामना

बहुप्रतिभाशाली, बहुआयामिक

सुप्रसिद्ध बौद्ध विद्वान, वरिष्ठ बौद्ध साहित्यकार तथा संघनायक **श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं ।

**त्रिरत्न कीर्ति विहार परिवार**

गुच्चापौं, कीर्तिपुर

काठमाडौं

# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक **श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं ।

**पूर्णवीरसिंह तुलाधर एवम् परिवार**

लाजिम्पाट, काठमाडौं


Downloaded from http://www.dhamma.digital

# पूनीत कार्यको प्रारम्भ

श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको सुअवसरमा 'सूचक' मासिक पत्रिकाले 'श्रद्धेय भिक्षु अश्वघोष विशेष' नामक पुस्तक प्रकाशित गर्नु साऱ्है सऱ्हाहनीय कार्य भएको मैले ठानेको छु।

बौद्ध गुरू अश्वघोष भन्तेलाई सम्मान गर्नु हामी सबैको दायित्व हो। उहाँजस्ता राष्ट्रिय निधीलाई त्यसै विलीन गराएर जान दिनुहुन्न। उहाँलाई यथासमय र यथास्थानमा उजिल्याउनु हाम्रो लक्ष्य थियो र सोहीअनुरूप नेपाली पाठकसामु उहाँलाई प्रस्तुत गर्न उहाँबारेको यो पुस्तक प्रकाशन गरेर उहाँप्रति श्रद्धासुमन चढाएका छौं। हाम्रो यस्तो उद्देश्यलाई परिपूर्ति गर्न विभिन्न व्यक्ति विशेषले आ-आफ्नो महत्वपूर्ण लेख रचना पठाई सहयोग गर्नुभएकोमा उहाँहरूसमक्ष नतमस्तक भई म प्रकाशन परिवार तथा संयोजकका हैसियतले स्वयम् मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञता प्रकट गर्दछु। यसमा भएका लेख रचनाहरूले अश्वघोष भन्तेबारे विभिन्न महत्वपूर्ण तथ्यपरक जानकारीहरू प्राप्त गर्न पाठकहरू लाभान्वित हुनुहुन्छ भन्ने मैले ठानेको छु।

यो पुस्तक प्रकाशन गर्न विभिन्न क्षेत्रबाट प्रत्यक्ष, अप्रत्यक्ष सहयोग प्राप्त भएको छ तथा विज्ञापन दाताहरूले पनि यथाश्रद्धा विज्ञापन दिएर हाम्रो हौसला बढाइदिनुभएको छ। यसको लागि सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछु।

हाम्रो यो प्रयासलाई मैले 'गागरमा सागर' हुनेछ भन्ने ठानेको छु। यसमा केही कुनै त्रुटी वा कमजोरी हुन गएमा दुई हात जोडी क्षमा प्रार्थना गर्दछु। विज्ञ पाठकहरूले यसको समुचित मूल्याङ्कन गर्नु हुने नै छ। अन्त्यमा प्रकाशन परिवारका तर्फबाट मेरा केही भनाइहरू यही टुङ्ग्याउदै आगामी दिनहरूमा पनि सूचकले यस्तै रचनात्मक कार्यहरू गरेर अगाडि बढ्ने शक्ति प्राप्त गरोस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु। भवतु सब्ब मङ्गलम्।

**अश्वघोष विशेष प्रकाशनका लागि**
**संयोजक**
**घनश्याम राजकर्णिकार**



Downloaded from http://www.dhamma.digital

# मंगलमय शुभकामना

नेपालमा स्थविरवाद बुद्ध धर्मका प्रचारक, भगवान बुद्धका कुशल अनुयायी तथा **महासंघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं।

**यशोधरा बौद्ध विद्यालय तथा**

**सुनन्दाराम विहार परिवार**

थैना, ललितपुर, फोनः ५५२१४३५

# मंगलमय शुभकामना

नेपालका छैठौं महासंघनायक

**श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा आयू आरोग्यको कामना गर्दछौं।

**डा. धर्मविजया गुरुमाँ**

**तथा**

**निर्वाणमूर्ति विहार परिवार**

किम्डोल, काठमाडौं




Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय



दीपक भेटुवाल(दीपसागर)

हामीले हरपल, हरसमय, हरमौसम उज्यालो जीवन खोजिरहेका छौं। जीवनका सर्वपक्षीय सेता अक्षरहरूमा सुन्दर र सुकोमल सपनाहरू पर्खिरहेका छौं । कतिपय अक्षरहरू पढिन्छन् र कतिपय अक्षरहरू दृष्टिभ्रम भएर धरातलीय रूपमा सतही बनेर बगिरहन्छन् । राम्रो-नराम्रो आ-आफ्नो सोच र अनुभूति हो । सागरमा जहाँ नै डुबेपनि मोती नै टिप्न सकिन्छ भन्ने छैन, गहिराई अवश्य नाप्न सकिन्छ तर मोती टिप्न त त्याग, साधना, निरन्तरता र सिर्जनशीलता चाहिन्छ। चौबाटो र गल्लीहरूमा लक्ष्य भेटिन्न, सपनाहरू फुल्दैनन्, सपनाहरू फुल्न शान्ति चाहिन्छ । लक्ष्य भेट्न उत्साह र योजना चाहिन्छ । हामी उत्साहको भ्याङ चढेर सगरमाथा चुम्न अगाडि बढ्नैपर्छ । नाङ्गो आङ र भोका पेटहरूमा स्वाभिमानको उचाई टेकेर भोका वस्तीहरूमा स्वतन्त्रताको गीत गाउन सकिँदैन । कुटो र कोदालो बोकेर मात्र माटोमा रङ भर्न सकिँदैन । बिउ उमार्न चेतना चाहिन्छ। हो 'सूचक' यस्तै मान्यता र विशेषता बोकेर करिब एक दशक अगाडि स्थापना भएको साहित्यिक प्रकाशन हो।

सिर्जना र आविस्कारलाई सर्वोपरी साध्यको रूपमा अनुशरण गर्ने सूचक सिर्जना र सिर्जनात्मक काम गर्ने व्यक्ति र संस्थाहरूको साझा चौतारीको रूपमा विकसित हुँदै आइरहेको छ । यसले औपचारिक र अनौपचारिक रूपमा गरेका कार्यहरूबाट उपरोक्त कुराको पुष्टि हुन आउँछ। कला, भाषा, संस्कृति र साहित्य हरेक राष्ट्रका महत्वपूर्ण खम्बा हुन् । जसको अभावमा राष्ट्र र समाजले आफ्नो पहिचान स्थापित गर्न सक्दैन । राष्ट्रलाई सही तरिकाले मार्गनिर्देशन गर्न र



Downloaded from http://www.dhamma.digital

समाजलाई नैतिकवान बनाउन सिर्जना र सिर्जनाकारहरूको असिम भूमिका हुन्छ। त्यसैले सिर्जना र सिर्जनाकारहरूको सम्मान राष्ट्र र समाजको कर्तव्य बन्नुपर्छ। सूचकले यस कार्यलाई आफ्नो अहम् दायित्वका रूपमा लिएको छ। यही दायित्वलाई पूरा गर्दै सूचकले आफ्नो स्थापनाको क्रमदेखि समाजका विभिन्न क्षेत्रका सिर्जनात्मक प्रतिभाहरूको खोज, अध्ययन, अनुसन्धान र यथाशक्य स्मरण गर्दै आइरहेको छ । यसैको निरन्तरताअनुरूप सूचकले प्रस्तुत अङ्क थेरवादी बौद्ध धर्मका महान प्रचारक, बौद्ध दर्शनका विशिष्ट ज्ञाता, भगवान बुद्धका अनुयायी, विशिष्ट बौद्ध साहित्यकार, वर्तमान नेपालका संघनायक तथा नेपाली जातिका प्रेरणापुरूष **अग्गमहासद्धम्म जोतिकधज** श्रद्धेय गुरू अश्वघोष महास्थविरज्यूको व्यक्तित्वका बारेमा जानकारीमूलक सामाग्री प्रकाशन गरेको छ। श्रद्धेय गुरूका चरणमा प्रस्तुत अङ्क समर्पण गर्न पाउँदा सूचकलाई आफ्नो जन्मप्रति गौरवान्वित महशुस भएको छ।

मुलुक अहिले मात्र होइन धेरै अगाडिदेखि कठिन अवस्थाबाट गुज्रदै आइरहेको छ र मुलुकबासी अशान्ति, डर, त्रास र अभाव सहेर बाँच्न बाध्य भैरहेका छन् । देश र जनतालाई यो अवस्थाबाट उन्मुक्ति दिलाउन शान्तिको स्थापना अहिलेको अनिवार्य विषय हो। तर शान्ति मुखले बोलेर, कागजमा लेखेर, सभा सम्मेलन गरेर ऱ्याली निकालेर, पूजापाठ गरेर वा धुपवत्ती बालेर आउने वस्तु होइन । यसका लागि व्यापक गृहकार्य अध्ययन, अनुसन्धान र तयारी गरिनु जरूरी छ। मुलुकमा सिर्जित समस्या कुनै एक व्यक्ति, समूह, संगठन वा सरकारले मात्र समाधान गर्न सक्दैन । यसको लागि सबैले आ-आफ्नो स्थानबाट बुद्धि, विवेक र क्षमताले भ्याएसम्मका रचनात्मक कार्यहरू प्रारम्भ गर्नु अनिवार्य छ । तसर्थ सूचक आफ्नो जिम्मेवारी वहन गर्दै सिर्जनाको माध्यमबाट शान्ति, स्थायित्व, विकास र जागरणका लागि देशव्यापी अभियानमा जुटिरहेको छ।

कुनै पनि सकारात्मक कार्यका लागि सबैको सहयोग अनिवार्य हुनुपर्छ भन्ने हाम्रो आग्रह हो । त्यसैले हामी सूचकले गर्ने हरेक कार्यक्रमहरूमा तपाईहरूको सम्पर्कमा आइरहेका हौं र तपाईका सम्पर्कमा आउने क्रमलाई आगामी दिनमा हामी थप सशक्त भएर निरन्तरता दिनेछौं। हाम्रो यहाँहरू सबैमा एउटा अनुरोध छ, 'कुनै पनि राम्रो कामको लागि सक्नुहुन्छ सहयोग गर्नोस्, सक्नुहुन्न नकारात्मक टिप्पणी गरेर अवरोध सिर्जना नगर्नोस । हामी सामाजिक प्राणी हौं। समाज सवल



Downloaded from http://www.dhamma.digital

भयो भने मात्र हामी सफल र सार्थक बन्न सक्छौं । हाम्रो सन्ततिले उज्जल भविष्य प्राप्त गर्न सक्छन् । अन्यथा, क्षणिक स्वार्थ र खुसीमा रम्न थाल्यौ भने अनन्तकालसम्म दुःखको भुमरीमा हराउन पुग्नेछौं ।'

मानिस एक चेतनशील प्राणी हो । चेतनशील भएका नाताले विवेकवान हुनु अति आवश्यक छ । असल काम गर्नु, असल कुरा सिक्नु, असल कुरा बुझ्नु र त्यसलाई व्यावहारमा उतार्नु तथा प्रयोग गर्नु विवेकशील मानिसका परिचायक हुन् । यो भौतिक संसारमा राम्रा र नराम्रा दुवै कुराहरू छन् । असल मानिसले नराम्रा र नकारात्मक कुरालाई परित्याग गरेर राम्रा र सकारात्मक कुरालाई आत्मसात गर्छन् भने खराब मानिसले खराब आचरणलाई अनुशरण गर्छन् । हामी समाजमा बस्ने मानिसहरूले राम्रो सोचेर, राम्रो बुझेर, राम्रो सिकेर र राम्रो जानेर नै प्रगति र उन्नति गर्ने हो ।

विवेकशील व्यक्तिले नकारात्मक शक्तिलाई रूपान्तरण गरी सकारात्मक काममा प्रयोग गर्दछन् भने सकारात्मक शक्तिलाई घनिभूत पार्दै लोककल्याण तथा परमार्थमा प्रयोग गर्दछन् । ठिक यसैगरी सूचकको नेतृत्वमा हामीले पनि सकारात्मक सोचको विकास गर्दै लोककल्याण र परमार्थको बाटोमा आफुलाई अग्रसर गराउने प्रयत्न गरेका हौं । सूचकले प्रकाशन गरेको प्रस्तुत पुस्तक 'अश्वघोष विशेष' यही सकारात्मक सोच र अग्रसरताको परिणाम हो ।

भन्नेहरूले के भन्छन् ? अभिव्यक्ति स्वतन्त्रताको वर्तमान युगमा कसैको आवाज बन्द गर्न सकिँदैन । हाम्रो काम गर्ने कर्तव्य हो, हामीले त्यो कर्तव्य निर्वाह गरेका छौं । हामीलाई कसैप्रति कुनै किसिमको आग्रह र पूर्वाग्रह छैन । भगवान बुद्धको जन्मभूमि नेपालमा बुद्धको निर्देशानुसार हामी केही महत्वपूर्ण र प्रभावकारी कामहरू गर्ने तयारीमा छौं । हामीले बोल्ने हरेक कुरा, हामीले गर्ने हरेक काम र हामीले तय गर्ने हरेक किसिमको यात्रा हाम्रै समाज विकासका लागि हो । समाज विकासका लागि हामीबाट सम्पन्न हुन सक्ने कुनै पनि कार्यहरू गर्न हामी पछाडि हट्ने छैनौं । हामी निरन्तर यहाँहरूका बिचमा रहेर सकारात्मक कार्यमा अग्रसर भैरहनेछौं ।

सूचकको प्रस्तुत अङ्क अहिले तपाईको हातमा छ । यसमा हामीले श्रद्धेय गुरूका बारेमा विभिन्न महानुभावहरूले रचना गर्नुभएका दृष्टिकोणात्मक लेखहरू र उहाँद्वारा प्रस्तुत केही धर्मदेशनाहरूलाई प्रमुख सामाग्रीका रूपमा समाविष्ट गरेका छौं । श्रद्धेय गुरूले आफ्नो ९० वर्षे जीवनकालमा केकस्तो



Downloaded from http://www.dhamma.digital

कार्य गरे र केकस्तो योगदान दिए भन्ने कुरा बुझ्न प्रस्तुत पुस्तक महत्वपूर्ण आधार बन्न पुगेको छ भन्ने हाम्रो विश्वास छ। तसर्थ प्रस्तुत पुस्तक अध्ययन गरेर उहाँको बाटोमा हिंड्न प्रयन्त गर्नु नै प्रस्तुत पुस्तक प्रकाशनको उद्देश्य हो र उहाँप्रतिको सच्चा श्रद्धाभाव पनि।

जीवनमा सुख र दुःखरूपी दुई पाटा हुन्छन्। जहाँ असल र खराब दुवैथरी मानिस बसेका हुन्छौं। असल मानिसका पूण्यकर्महरूले सभ्यताको इतिहासलाई सधैं अग्रगमन र सफलताको शिखरतिर उन्मुख गराइरहेका हुन्छन्। जबसम्म समाज यस्ता व्यक्तिहरूप्रति कृतज्ञ हुन सक्तैन, उसको कर्म र जीवनदर्शनबाट प्रेरणा लिन सक्तैन तबसम्म देश र समाज अगाडि बढ्न सक्तैन। त्यसैले निष्ठामा बाँचेर निष्काम कर्म गरेका महापुरूषहरूलाई हामीले हाम्रा लागि, समाजका लागि र देशलाई अझ उर्वर र सशक्त बनाउनका लागि पटकपटक सम्झनुपर्छ, सम्मान गर्नुपर्छ र तदनुरूप व्यवहार, आचरण र कर्म गर्नुपर्छ। यिनै भावनाका साथ श्रद्धेय भन्ते अश्वघोषको ९० औं जन्मोत्सवको पावन अवसरमा भन्तेप्रति श्रद्धासुमन अर्पण गर्दछु।

यस अङ्कलाई सार्थक तुल्याउन अहोरात्र सक्रिय श्रद्धेय 'अश्वघोष विशेष' प्रकाशनका संयोजक साहित्यकार एवम् बौद्ध लेखक घनश्याम राजकर्णिकारज्यूलाई मुरीमुरी धन्यवाद दिन चाहान्छुर आगामी यात्रामा पनि निरन्तर यस्तै रचनात्मक सहयोगको अपेक्षा गर्दछु। यस्तै श्रद्धेय भन्तेप्रति श्रद्धा प्रकट गर्दै विज्ञापन तथा शुभकामना दिएर सहयोग गर्नुहुने सम्पूर्ण महानुभाव एवम् संघ-संस्थाहरू, लेखसामाग्री उपलब्ध गराएर सहयोग गर्नुहुने लेखकज्यूहरू, भन्तेसँग सम्बधित तस्वीरहरू उपलब्ध गराएर सहयोग गर्नुहुने पञ्यावती गुरूमाँ, इन्दावती गुरूमाँ, श्यामलाल चित्रकार, तिर्थराज बज्राचार्य र भिक्षु कोण्डन्य तथा श्रद्धेय भन्तेका शुभचिन्तक एवम् सूचकलाई माया गरेर सूचक र स्वयम् मप्रति सदासयता प्रकट गर्ने सम्पूर्ण महानुभावहरूलाई हार्दिक आभार प्रकट गर्दै श्रद्धेय भन्तेको दीर्घ र स्वस्थ जीवनको कामना गर्दछु।

काम गर्दै जाने क्रममा गर्छु भनेका र गर्नुपर्ने कतिपय कुराहरू छुट्न पुग्दा रहेछन्। गर्नु नपर्ने र गर्दिन भनेका कतिपय कुराहरू जोडिन पुग्दा रहेछन्। प्रस्तुत पुस्तक प्रकाशनका क्रममा पनि हामीलाई यस्तै अनुभूति भएको छ। यसमा रहन गएका कमीकमजोरी, त्रुटी र गल्तीहरूलाई औंल्याएर सुधारका बाटोतर्फ अग्रसर गराउन आग्रह गर्दै कलम बन्द गर्दछु।



Downloaded from http://www.dhamma.digital

# संघनायक भिक्षु अश्वघोष महास्थविरको संक्षिप्त जीवनी

प्रस्तुति
भिक्षु विपस्सी धम्माराम
मुनि विहार, भक्तपुर

गौरव नाम : श्रद्धेय पूज्यपाद संघनायक
चल्ति नाम : भिक्षु अश्वघोष महास्थविर
ठेगाना : संघाराम विहार, ढल्को
जन्ममिति : १८ मई १९२७ वि. सं. १९८३
जन्मस्थान : ओकुबहाल, ललितपुर
पिताको नाम : श्री चन्द्रज्योति शाक्य
माताको नाम : श्रीमती लक्ष्मीमाया शाक्य
गृहस्थी नाम : श्री बुद्धरत्न शाक्य
प्रव्रज्या मिति : जनवरी १९४४
प्रव्रज्या स्थान : बर्मेली बुद्ध विहार कुशीनगर, भारत
उपाध्याय गुरू : भिक्षु ॐ चन्द्रमणि महास्थविर
अभिभावक गुरू/आचार्य : भिक्षु अमृतानन्द महास्थविर

वर्तमान नेपाली भिक्षुहरूमध्ये सर्वश्रेष्ठ तथा सर्वोच्च संघनायक पदमा विराजमान भिक्षु अश्वघोष महास्थविर नेपाली तथा नेपाल भाषाका १२० भन्दा बढी पुस्तकहरूका लेखक, सम्पादक तथा अनुवादक हुनुहुन्छ । उहाँले धर्मकीर्ति विहारबाट प्रकाशित हुने अधिकांश प्रकाशनका प्रेससम्बन्धी कामहरू गर्नुभएको छ । 'आनन्दभूमि' तथा 'धर्मकीर्ति' बौद्ध मासिक पत्रिकाहरू सम्पादन गर्नुभएका उहाँ सर्वाधिक भिक्षु-श्रामणेरहरूका उपाध्याय (गुरू) पनि हुनुहुन्छ। प्रस्तुत छ, उहाँको जीवनका केहि मुख्य घटनावली यहाँ प्रस्तुत गरिएको छ।

१९३६: विद्यारम्भ, अक्षरज्ञान तथा संस्कृत भाषाको अध्ययन (स्वगृह)।

१९४४: अध्ययनार्थ भारत हुँदै श्रीलंका गमन (प्रसिद्ध भारतीय भिक्षु धर्मरक्षितसँग), महामन्तिन्द परिवेण (गुरूकुल), मातर शहर, दक्षिणी श्रीलंका



Downloaded from http://www.dhamma.digital

प्रवेश तथा पालि, सिंहली भाषाहरूका साथै बौद्ध वाङ्मयको बौद्धिक अध्ययन।

१९५१ नवम्बरः अग्रश्रावक सारिपुत्र तथा मोदगल्यानको अस्थिधातु जात्राको लागि नेपाल आगमन भयो र तत्पश्चात् फेरी श्रीलंका प्रस्थान।

१९५२: नवम्बर २९-३०: उपरोक्त अग्रश्रावक अस्थिधातुका साथ भारतको सारनाथबाट मध्यप्रदेशमा अवस्थित नवनिर्मित चेतियगिरी स्तूप प्रतिष्ठा विधिमा सहभागी । यो विधिमा भारतका तत्कालीन राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णन सभापति तथा प्रधानमन्त्री पं.जवाहरलाल नेहरूबाट सो स्तुपमा अस्थिधातु निधान तथा उद्घाटन भएको थियो।

१९५२: भारतको सारनाथमा बसेर महाबोधि विद्यालयमा अध्ययन।

१९५४ मई १७ : छठ्ठसंगायनमा नेपालको प्रतिनिधि भई म्यानमारको भ्रमण तथा अवलोकन।

१९५५ : महाबोधि कलेज, सारनाथ भारतबाट आइ.ए. उत्तीर्ण।

१९५६: काशी हिन्दू विश्वविद्यालय, वनारसमा बी. ए. अध्ययन।

१९५६: सितम्बर-अक्टोबर ४५दिन चिनियाँ बौद्ध संघको निमन्त्रणामा नेपालको प्रतिनिधित्व गरी चीन भ्रमण, जसमा ७ वटा राष्ट्रका १४ जना थेरवादी भिक्षुहरू सहभागी भएका थिए।



युवावस्थामा श्रामणेर अश्वघोष महास्थविर

१९५९-६१: नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशन मार्फत् चीन प्रस्थान तथा क्षयरोगको उपचारार्थ २२ महिना बसोबास गरी चीनको भ्रमण तथा अवलोकन गरी अनुभव आर्जन।

१९६१-७०: आनन्दकुटी विद्यापीठ आवासीय बौद्ध माध्यमिक विद्यालय, स्वयम्भुमा सुपरिवेक्षक पदमा सेवा प्रदान।

१९६५ सितम्बरः आचार्य भिक्षु अमृतानन्दका साथ मंगोलिया तथा युरोप भ्रमण।

१९६९ : नेपाली युवक बौद्ध



Downloaded from http://www.dhamma.digital

परिषद्को स्थापना।

१९७१ मई २१ (आजपर्यन्त): धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना भएदेखि त्यसको धर्मानुशासक।

१९७२-८१ : आनन्दकुटी विहार गुठीको स्थापना भएदेखि त्यसको मुखपत्र 'आनन्दभूमि' मासिक बौद्ध पत्रिकाको सम्पादक (१९८१-९२) तथा प्रधान सम्पादक।

१९७२-८४: धर्मकीर्ति विहारबाट प्रकाशित 'धर्मकीर्ति' मासिक बौद्ध पत्रिकाको सम्पादक तथा १९८४ देखि हालसम्म प्रधान सम्पादक।

१९७२ : विश्वप्रसिद्ध विपश्यनाचार्य कल्याणमित्र श्री सत्यनारायण गोयन्काद्वारा निर्दिष्ट वाराणसीमा २ वटा तथा बुद्धगयामा १ वटा गरी जम्मा ३ वटा विपश्यना शिविरहरूमा ध्यान अभ्यास।

१९७३ : काभ्रे जिल्ला, वनेपा नगरको दछु टोलस्थित ध्यानकुटी विहारको निर्माण सुरू तथा वर्षावास। अहिले यस विहारमा बुद्ध मन्दिर, खुल्ला मैदान, भिक्षु आवास, मैत्री केन्द्र बालाश्रम संचालित छन् भने बहिरा विकास केन्द्रलाई जग्गा दान भएको छ। यस विहारले ६ रोपनी जति क्षेत्रफल ओगटेको छ।

१९८० फरवरी : नेपालका अनागारिकाहरूतथा उपासक-उपासिका २० जनाको नेतृत्व गरी म्यानमारको सुप्रसिद्ध, ध्यानगुरू ॐ सोभन महास्थविर (महासी सयादो) को निर्देशनमा महासी शासन म्येत्ता ध्यान केन्द्रमा १ महिना विपश्यना ध्यान अभ्यास साथै म्यानमार भ्रमण तथा अवलोकन। यहाँ स्मरणीय छ कि ध्यानगुरू महासी सयादोबाट सन् १९८१ मा लुम्बिनी विकास समितिको निमन्त्रणामा नेपाल भ्रमण गरी काठमाडौं उपत्यकाका विभिन्न स्थान लगायत बनेपा, पोखरा, तानसेन, बुटवल, कपिलवस्तु एवं लुम्बिनीमा विपश्यना ध्यान शिविर सम्पन्न भयो। जसमा भिक्षु अश्वघोष महास्थविरद्वारा ध्यान गुरूसँगै नेपाल तथा भारतका विभिन्न स्थानहरूमा सहयात्रा तथा ध्यान अभ्यास।

१९८१ : Religion's Board of the USSR on International Affairas को निमन्त्रणामा रूस तथा Asian Buddhist Conference for Peace, Wulan Bator को निमन्त्रणामा मंगोलिया भ्रमणमा नेपालको प्रतिनिधित्व गरेको।

१९८०-९०: काठमाडौं महानगरपालिका , ढल्को टोल, विष्णुमती नदीको किनारमा अनागारिका धर्मरक्षिता (रत्नमाया शाक्य) तथा उपासक द्वारिकादास श्रेष्ठसँग मिलेर पर्ति जग्गामा नवनिर्मित संघाराम विहारको निर्माण। जहाँ पटकपटक प्रव्रजित गरिएका ४० जनाजति श्रामणेरहरूमध्ये देशविदेशबाट उच्च शिक्षा हासिल गरिसकेपछि २० जना जतिले आज नेपालका थेरवादी समाजमा



Downloaded from http://www.dhamma.digital

महत्वपूर्ण भूमिका खेलिरहेका छन् । यी श्रामणेरहरूको तालिम व्यवस्थापनमा निरन्तर सक्रिय ।

१९८९ देखि युवा बौद्ध समूहको धर्मानुशासक ।

१९९१-९२ : नेपाल कम्युनिष्ट पार्टी एमालेको निर्णयअनुसार राष्ट्रिय सभाको माननीय सांसद सदस्य । यो अवधिमा विद्यमान नेपालको संविधान २०४७ मा रहेको हिन्दू अधिराज्यलाई धर्मनिरपेक्ष भनि संशोधन गर्न संसदमा विधेयक प्रस्तुत ।

१९९२ : सम्माननीय सभामुख दमननाथ ढुंगानाको नेतृत्वमा १६ जनाको एक संसदीय प्रतिनिधि मण्डलमा सम्मिलित भई चीन भ्रमण ।

१९८९ देखि हालसम्म स्वयम्भु ज्ञानमाला भजन खलःको धर्मानुशासक ।

१९९२ अक्टोबर ३०: भूटानका अवतारी लामा पूज्य धर्मगुरू दिल्गो खेंचे रिम्पोछेको अन्तिम संस्कार विधिमा भुटानमा आमन्त्रित उच्च नेपाली धार्मिक प्रतिनिधि मण्डलको नेतृत्व ।

'लुम्बिनी विकास कोष समितिमा बुद्धमार्गीहरूको प्रमुखता तथा बाहुल्यता हुनेगरी पुनर्गठन हुनुपर्ने भनि संसद सभामा माग । फलस्वरूप बुद्धानुयायीहरूको उपाध्यक्षत्वमा लुम्बिनी विकास कोष समितिको गठन गराउन सफल ।

१९९५: तत्कालीन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको ५० औ शुभजन्मोत्सवको उपलक्ष्यमा प्रबल गोर्खा दक्षिण बाहु (तेस्रो) पदवीबाट विभूषित ।

१९९५: नेपाल कम्युनिष्ट पार्टी एमालेको शासनमा तत्कालीन श्री ५ को सरकारद्वारा लुम्बिनी विकास कोषको पुनर्गठन हुँदा उपाध्यक्ष पदमा नियुक्त (४ महिना) ।

'Asian Buddhist Conference for Peace (A.B.C.P.) को निमन्त्रणामा जापानमा सप्ताहव्यापी बौद्ध सम्मेलनमा सहभागी । त्यसक्रममा ताइवानको भ्रमण तथा अवलोकन ।

११९५ : ज्ञानमाला भजन खलः स्वयम्भु काठमाडौंबाट सर्वप्रथम ज्ञानमाला 'रत्नवत सिरपाः' प्राप्त (४ माघ, २०५१)

१९९७ सितम्बर-अक्टोबर : क्यानडामा भएको पाँचौं अन्तर्राष्ट्रिय विहार सेमिनार तथा सातौं अन्तर्राष्ट्रिय बुद्धज्योति संघको सम्मेलनमा नेपालको प्रतिनिधि ।

२००० मार्च १९: म्यानमार सरकारको निमन्त्रणामा 'अग्गमहासद्धम्म जोतिकधज' पदवी ग्रहण गर्न म्यानमार यात्रा । यो कार्यक्रममा ११ वटा राष्ट्रका भिक्षुहरूले यस्ता पदवी प्राप्त गरेका थिए ।

२००२-२००५ : धर्मोदय सभाको केन्द्रीय अध्यक्ष ।



Downloaded from http://www.dhamma.digital

२००६: अखिल नेपाल भिक्षु महासंघद्वारा उपसंघनायक घोषित।

२००६ आज पर्यन्तः थाइलैंडका राजगुरू भिक्षु परमपूज्य संघराज सोमदेत् फ्रा ञाणसंवर (सुबङ्ढन महाथेर) को संरक्षणमा सन् २००३ देखि भक्तपुर नगर, वडा नं. ६ इनाचो टोलस्थित मुनि विहारमा निरन्तर संचालित सामुहिक प्रव्रज्या तथा उपसम्पदा योजनामा उपाध्याय (गुरू) भई लभगभ ५०० जना कुलपुत्रहरूलाई प्रव्रज्या प्रदान।

२००८ : नेपाल भाषा साहित्यको प्रचुर सेवा गरेवापत नेपाल भाषा परिषद्, काठमाडौंबाट 'भाषाथुवाः' पदवी प्राप्त।

२०११ अक्टोवर १ : अखिल नेपाल भिक्षु महासंघद्वारा वर्तमान नेपालको छैठौं संघनायक पदमा चयन।

२०११ नवम्बर १२ : (कार्तिक २६ गते शनिबार २०६८) अखिल नेपाल भिक्षु महासंघको नेतृत्वमा आनन्दकुटी विहार, काठमाडौंमा १३० वटा बौद्ध संघसंस्थाद्वारा सम्माननीय सभामुख सुभाषचन्द्र नेम्वाङको बाहुलीबाट नागरिक अभिनन्दन ग्रहण।

२०११ नवम्बर ३०: काठमाडौं महानगरको भृकुटी मण्डपस्थित बुद्धविहार धर्मोदय सभाको तर्फबाट अभिन्दन ग्रहण।

२०११: संघनायक पदमा नियुक्त भएको उपलक्ष्यमा भक्तपुर नगरको मुनि विहारमा मुदिता सत्कार तथा अभिनन्दन।यसै अवसरमा श्रद्धेय पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविरको सुस्वास्थ्य, दीर्घायु तथा धार्मिक प्रगति निरन्तर भई दीर्घकालसम्म धार्मिक समाजलाई बलियो नेतृत्व प्रदान गर्न सक्नुहोस् भनि शुभकामना व्यक्त।

## महास्थविरका अभिभावकत्वमा प्रव्रजित भएका केही भिक्षुहरूको नामावली

१. भिक्षु ठानसेठ्ठो
२. भिक्षु राहुल
३. भिक्षु भद्दिय
४. भिक्षु शोभित
५. भिक्षु आनन्द
६. भिक्षु उपतिस्स
७. भिक्षु मंगल
८. भिक्षु श्रद्धातिस्स
९. भिक्षु कोलित
१०. भिक्षु कोण्डन्य
११. भिक्षु विशुद्यानन्द
१२. भिक्षु गौतम
१३. भिक्षु मिलिन्द
१४. भिक्षु संघरक्षित
१५. भिक्षु विनित
१६. भिक्षु अशोक



Downloaded from http://www.dhamma.digital

## भिक्षु अश्वघोषको वर्षावास

| | | |
|---|---|---|
| १. | वि. सं. २००६ | महामन्तिन्द परिवेण, श्रीलंका |
| २. | वि. सं. २००७ | महामन्तिन्द परिवेण, श्रीलंका |
| ३. | वि. सं. २००८ | महामन्तिन्द परिवेण, श्रीलंका |
| ४. | वि. सं. २००९ | सारनाथ, भारत |
| ५. | वि. सं. २०१० | सारनाथ, भारत |
| ६. | वि. सं. २०११ | सारनाथ, भारत |
| ७. | वि. सं. २०१२ | सारनाथ, भारत |
| ८. | वि. सं. २०१३ | चीन |
| ९. | वि. सं. २०१४ | चीन |
| १०. | वि. सं. २०१५ | चीन |
| ११. | वि. सं. २०१६ | चीन |
| १२. | वि. सं. २०१७ | चीन |
| १३. | वि. सं. २०१८ | आनन्दकुटी विहार, काठमाडौं |
| १४. | वि. सं. २०१९ | आनन्दकुटी विहार, काठमाडौं |
| १५. | वि. सं. २०२० | आनन्दकुटी विहार, काठमाडौं |
| १६. | वि. सं. २०२१ | आनन्दकुटी विहार, काठमाडौं |
| १७. | वि. सं. २०२२ | आनन्दकुटी विहार, काठमाडौं |
| १८. | वि. सं. २०२३ | आनन्दकुटी विहार, काठमाडौं |
| १९. | वि. सं. २०२४ | आनन्दकुटी विहार, काठमाडौं |
| २०. | वि. सं. २०२५ | आनन्दकुटी विहार, काठमाडौं |
| २१. | वि. सं. २०२६ | आनन्दकुटी विहार, काठमाडौं |
| २२. | वि. सं. २०२७ | आनन्दकुटी विहार, काठमाडौं |
| २३. | वि. सं. २०२८ | आनन्दकुटी विहार, काठमाडौं |
| २४. | वि. सं. २०२९ | ध्यानकुटी विहार, काभ्रे |
| २५. | वि. सं. २०३० | ध्यानकुटी विहार, काभ्रे |
| २६. | वि. सं. २०३१ | ध्यानकुटी विहार, काभ्रे |
| २७. | वि. सं. २०३२ | ध्यानकुटी विहार, काभ्रे |
| २८. | वि. सं. २०३३ | ध्यानकुटी विहार, काभ्रे |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| २९. | वि. सं. २०३४ | ध्यानकुटी विहार, काभ्रे |
| ३०. | वि. सं. २०३५ | ध्यानकुटी विहार, काभ्रे |
| ३१. | वि. सं. २०३६ | ध्यानकुटी विहार, काभ्रे |
| ३२. | वि. सं. २०३७ | ध्यानकुटी विहार, काभ्रे |
| ३३ | वि. सं. २०३८ | संघाराम विहार, काठमाडौं |
| ३४. | वि. सं. २०३९ | संघाराम विहार, काठमाडौं |
| ३५. | वि. सं. २०४० | ध्यानकुटी विहार, काभ्रे |
| ३६. | वि. सं. २०४१ | ध्यानकुटी विहार, काभ्रे |
| ३७. | वि. सं. २०४२ | ध्यानकुटी विहार, काभ्रे |
| ३८. | वि. सं. २०४३ | ध्यानकुटी विहार, काभ्रे |
| ३९. | वि. सं. २०४४ | श्रीघः विहार, काठमाडौं |
| ४०. | वि. सं. २०४५ | ध्यानकुटी विहार, काभ्रे |
| ४१. | वि. सं. २०४६ | संघाराम विहार, काठमाडौं |
| ४२. | वि. सं. २०४७ | श्रीघः विहार, काठमाडौं |
| ४३. | वि. सं. २०४८ | श्रीघः विहार, काठमाडौं |
| ४४ | वि. सं. २०४९ | श्रीघः विहार, काठमाडौं |
| ४५. | वि. सं. २०५० | संघाराम विहार, काठमाडौं |
| ४६. | वि.सं. २०५१ | ध्यानकुटी विहार, काभ्रे |
| ४७. | वि. सं. २०५२ | श्रीघः विहार, काठमाडौं |
| ४८. | वि. सं. २०५३ | संघाराम विहार, काठमाडौं |
| ४९. | वि. सं. २०५४ | संघाराम विहार, काठमाडौं |
| ५०. | वि. सं. २०५५ | संघाराम विहार, काठमाडौं |
| ५१. | वि. सं. २०५६ | श्रीघः विहार, काठमाडौं |
| ५२. | वि.सं. २०५७ | ध्यानकुटी विहार, काभ्रे |
| ५३. | वि.सं. २०५८ | ध्यानकुटी विहार, काभ्रे |
| ५४. | वि.सं. २०५९ | ध्यानकुटी विहार, काभ्रे |
| ५५. | वि.सं. २०६० | ध्यानकुटी विहार, काभ्रे |
| ५६. | वि.सं. २०६१ | ध्यानकुटी विहार, काभ्रे |
| ५७. | वि.सं. २०६२ | ध्यानकुटी विहार, काभ्रे |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ५८. | वि. सं. २०६३ | संघाराम विहार, काठमाडौं |
| ५९. | वि. सं. २०६४ | श्रीघः विहार, काठमाडौं |
| ६०. | वि. सं. २०६५ | संघाराम विहार, काठमाडौं |
| ६१. | वि. सं. २०६६ | ध्यानकुटी विहार, काभ्रे |
| ६२. | वि. सं. २०६७ | श्रीघः विहार, काठमाडौं |
| ६३. | वि. सं. २०६८ | संघाराम विहार, काठमाडौं |
| ६४. | वि. सं. २०६९ | संघाराम विहार, काठमाडौं |

## अन्तर्राष्ट्रिय सभा-सम्मेलनहरूमा भिक्षु अश्वघोष महास्थविर

नेपाल अधिराज्यका अधिकांश क्षेत्रहरूमा सुप्रसिद्ध धार्मिक प्रवचक, व्यावहारिक तथा नैतिक उपदेशका अनगिन्ती लेख रचनाहरू तथा ग्रन्थहरूका रचनाकारका रूपमा सिद्धहस्त श्रद्धेय भिक्षु अश्वघोष महास्थविर बहुजन हिताय बहुजन सुखायका निम्ति ती क्षेत्रहरूको स्थलगत भ्रमण प्रवचनमासमेत पुगिसक्नुभएको छ। राष्ट्रिय क्षेत्रमा मात्र नभई अन्तर्राष्ट्रिय क्षेत्रमा समेत उहाँले नेपालको प्रतिनिधिका रूपमा विभिन्न सभा-सम्मेलनहरूमा सहभागिता जनाउनुभएको छ । उहाँकै स्मरणमा उहाँको वैदेशिक यात्राको विवरण यहाँ प्रस्तुत गरिएको छ ।


एक कार्यक्रममा मन्तव्य प्रस्तुत गर्दै अश्वघोष महास्थविर

**श्रीलंका**– थेरवादी बौद्ध देश श्रीलंकामा रहेर भिक्षु अश्वघोष महास्थविरले बुद्धशिक्षाको प्रारम्भिक ज्ञानदेखि लिएर उच्चतहको बौद्ध दर्शन, पालि वाङ्मय र व्यावहारिक अभ्यासको तालिम पनि प्राप्त गर्नुभएको छ । उहाँले ८ वर्ष श्रीलंकामा रहेर बुद्ध र बुद्धको धर्मलाई चिन्न र बुझ्न सफल हुनुभयो। उहाँ पहिलोपटक वि. सं. २००१ मा श्रीलंका पुग्नुभएको थियो।

**बर्मा**– थेरवादी बौद्ध देश वर्मामा भिक्षु अश्वघोष महास्थविर पहिला



Downloaded from http://www.dhamma.digital

त भ्रमणकै सिलसिलामा पुग्नुभएको थियो । पछि इ.सं. १९५४ मा सम्पन्न वर्माको राजधानी रंगूनमा आयोजित छैठौं संगायनामा उहाँ पनि सहभागी हुनुभएको थियो। त्यति बेला उहाँ बनारसमा अध्ययन गर्दै हुनुहुन्थ्यो । २ वर्ष चलेको उक्त संगायनामा जम्मा २५०० जना भिक्षुहरूको सहभागिता थियो। संगायनाका प्रश्नकर्ता भिक्षु महासि सयादो र उत्तरकर्ता भदन्त विचित्तसारा भिवंस थिए। यस संगायनाका संरक्षक राष्ट्रपति बा ऊ र प्रधानमन्त्री ऊ नु थिए।

**चीन**- इ. सं. १९५६ को सेप्टेम्बर महिनामा चीनको पेकिङमा सम्पन्न भएको एसियाली बौद्ध सम्मेलनमा सात एशियाली देशका १४ जना भिक्षुहरू समावेश भएकोमा भिक्षु अश्वघोष महास्थविर नेपालको प्रतिनिधिका रूपमा सहभागी हुनुभएको थियो । त्यस बेला उहाँले अंग्रेजी भाषामा भाषण गर्नुभएको थियो, जुन भाषण लेख्नमा भदन्त आनन्द कोशल्यायनले मद्दत पुऱ्याउनुभएको थियो । त्यसपछिका समयमा पनि उहाँ चीन स्वास्थोपचारको निम्ति, माननीय सांसद रहँदा र राष्ट्रिय सभाको भ्रमणका क्रममा पुग्नुभएको थियो।

**थाइल्याण्ड**- राजालगायत सारा जनताहरू जीवनमा एकपटक भिक्षु हुनैपर्ने थेरवादी बौद्ध राष्ट्र थाइल्याण्डमा भिक्षु अश्वघोष महास्थविर सुरूमा त भ्रमणकै सिलसिलामा पुग्नुभएको थियो । पछि उहाँ थाइल्याण्डमा सम्पन्न विश्व बौद्ध सम्मेलनमा पनि नेपालको प्रतिनिधिका रूपमा सहभागी हुनुभयो।

**जापान**- संसारको प्राचीनतम पित्तलको दाईबुत्सु (महाबुद्ध) बुद्धमूर्ति रहेको जापानमा भिक्षु अश्वघोष महास्थविर इ.सं. १९९५ को एसियन शान्ति सम्मेलनको लागि पुग्नुभएको थियो । जापानका विविध स्थानहरूको भ्रमणसमेत गर्नुभएको उहाँले नेपालको प्रतिनिधिका रूपमा त्यस सम्मेलनमा भाग लिनुभएको थियो।

**मलेसिया**- बुद्ध मन्दिरभित्र हजारौं बुद्धमूर्तिहरू रहेको आश्चर्यजनक बौद्धक्षेत्र मलेसियामा भिक्षु अश्वघोष महास्थविर बौद्ध सम्मेलनकै क्रममा नेपालको तर्फबाट प्रतिनिधिका रूपमा पुग्नुभएको थियो।

**मंगोलिया**-ऐतिहासिक प्रमाणअनुसार इ.पू. प्रथम शताब्दीमै बुद्ध धर्मले प्रवेश पाइसकेको अनि बौद्धहरूको बाहुल्यता रहेको मुलुक मंगोलियामा भिक्षु अश्वघोष महास्थविर डेलिगेशनको क्रममा आफ्ना गुरूवर आचार्य भिक्षु अमृतानन्द महास्थविरका साथ पुग्नुभएको थियो । उहाँले त्यहाँका धेरै क्षेत्रहरूको भ्रमण गरेर महत्वपूर्ण



Downloaded from http://www.dhamma.digital

अनुभवसमेत संगाल्नुभएको छ।

**जर्मनी**– मंगोलियाको डेलिगेशन जाने क्रममा भिक्षु अश्वघोष महास्थविरलाई घुमाउन लगिएको अर्को मुलुक जर्मनी हो । विभिन्न बौद्धहरूको विहार–गुम्बा रहेको यो मुलुकमा उहाँ पुग्दा त्यहाँ एक जनामात्र विद्वान भिक्षु थिए, जसले बुद्ध धर्मको प्रचारप्रसार कार्यमा ठूलो योगदान पुऱ्याइरहेका थिए।

**रूस**–मंगोलिया, जर्मन पुग्ने क्रममै भिक्षु अश्वघोष महास्थविर पुगेको अर्को मुलुक रूस पनि हो । रूसको भ्रमण सन्दर्भमा उहाँले त्यहाँ एउटा गुम्बा र बुद्ध धर्ममा श्रद्धा हुनेहरू धेरै संख्यामा भेटेको र देखेको कुरा उहाँ अझै सम्झनुहुन्छ। त्यस्तै रसियामा भिक्षु अश्वघोष महास्थविर डेलिगेशनको क्रममै पुग्नुभएको थियो । भ्रमणका क्रममा उहाँले त्यहाँ विभिन्न बौद्ध केन्द्रस्थलहरूका साथै एउटा गुम्बा पनि देख्नुभएको थियो, जुनमा रञ्जनालिपि समेत अंकित थियो। त्यहाँ पुगेको अवसर पारेर उहाँले आफ्नो स्वास्थ्यको परीक्षण गराउनु भई क्षयरोगका कारण थप आराम लिनुभएको थियो। यसरी उहाँले रसियामा ८ महिना बिताउनुभयो।

**भुटान**–ऐतिहासिक प्रमाणमा उल्लेख भएअनुसार आठौं शताब्दीतिर नै बुद्ध धर्मको प्रवेश भइसकेको मुलुक भुटानमा त्यहाँका ठूलो लामा राजगुरू बित्नुहुँदा भिक्षु अश्वघोष महास्थविर त्यहाँ पुग्नुभएको थियो । नेपालको प्रतिनिधि भएर जाने नेपाली भिक्षुहरूमा उहाँसँग भिक्षु धम्मशोभन महास्थविर पनि भएको कुरा उहाँ बताउनुहुन्छ।

**इग्ल्याण्ड**– यूरोपका मुलुकहरू भ्रमणकै सन्दर्भमा भिक्षु अश्वघोष महास्थविर इग्ल्याण्ड पुग्नुभएको थियो। उहाँले त्यहाँ धेरै बौद्ध विहार तथा संस्थाहरू र बौद्ध अनुयायीहरूलाई समेत दृष्टिगत गरेर आउनुभएको थियो । अमेरिकामा आयोजित सम्मेलनमा सहभागि भएको समयमै भिक्षु अश्वघोष महास्थविरले लण्डनको भ्रमणसमेत गर्नुभएको थियो । त्यहाँ धेरै विहारहरू सम्झनुहुँदै उहाँ बताउनुहुन्छ– 'बौद्ध देश श्रीलंका, थाइल्याण्ड र बर्माबाट पनि त्यहाँ विहारहरू निर्माण भएको छ। गुम्बा पनि छ। भिक्षुहरू पनि त्यहाँ प्रशस्त छन्।'

**क्यानाडा**– विश्वप्रसिद्ध एक कोरियनको निमन्त्रणामा भिक्षु अश्वघोष महास्थविर नेपालको प्रतिनिधित्व गर्दै इ.सं. १९९८ मा क्यानाडामा आयोजित 'संघ सम्मेलन अन्तर्राष्ट्रिय बुद्धको ज्योति' सम्मेलनमा सहभागी हुनुभएको थियो । शान्ति सम्मेलनमा भाग लिने क्रममा उहाँले क्यानाडाको विभिन्न भागहरूको अवलोकन गर्नुभएको थियो।



Downloaded from http://www.dhamma.digital

**अमेरिका-** सन् १९९७ मा अमेरिकामा आयोजित अन्तर्राष्ट्रिय धार्मिक सम्मेलनमा भिक्षु अश्वघोष महास्थविर नेपालको प्रतिनिधिका रूपमा सहभागी हुनुभएको थियो। अमेरिका भ्रमणको क्रममा त्यहाँ धेरै विहारहरू देखेको कुरा उहाँ बताउनुहुन्छ।

यसरी उहाँ अन्तर्राष्ट्रिय स्तरमा आयोजित विविध सम्मेलनहरूमा नेपालको प्रतिनिधिका रूपमा सक्रिय सहभागी हुनुभएको छ भने विभिन्न मुलुकहरूको भ्रमणसमेत गर्नु भएर थुप्रै अनुभवहरू संगाल्नुभएको छ । उहाँको यस चर्याले बुद्ध जन्मेको नेपाल र नेपालीहरूको गौरव बढेको छ भने बुहद् मुलुकहरूमा नेपाली बौद्धहरूको वास्तविकता पहिचान पनि भएको छ।


**हसना बचत तथा ऋण सहकारी संस्था लि.**

चन्द्रागिरी न.पा. १७, बलम्बु, काठमाडौं

फोन नं. : ४३१६१७३, इमेल : hasana2065@gmail.com

सेवा तथा सुविधाहरु

- बिहानी सेवा (Morning Counter) को सुविधा ।
- सन्ध्याकालीन सेवा (Evening Counter) को सुविधा।
- Western Union Money Transfer को सुविधा ।
- Nabil Remit को सुविधा । NABIL REMIT
- Best Remit को सुविधा ।
- प्रभु मनी ट्रान्सफर को सुविधा ।
- मनीग्रामको सुविधा ।
- मनी एक्सप्रेस को सुविधा । XPRESS MONEY
- ३६० दिने सुविधा ।
- आफ्नै भवनबाट कारोबार सञ्चालन ।
- जीवन तथा निर्जीवन बिमाको सुविधा ।
- औषधि उपचार खर्चको व्यवस्था ।
- दुर्घटना बिमाको व्यवस्था ।
- काजकिरिया खर्चको व्यवस्था ।
- सुत्केरी खर्चको व्यवस्था ।
- घरदैलो सेवा ।

**कार्यालय कारोबार तालिका:**

कार्यालय समय: बिहान ७ बजे देखि बेलुका ७ बजे सम्म
कारोबार समय: बिहान ७ बजे देखि बेलुका ६:३० बजे सम्म

प्रत्येक शुक्रबार :
कार्यालय समय: बिहान ७ बजे देखि बेलुका ३ बजे सम्म
कारोबार समय: बिहान ७ बजे देखि बेलुका २:३० बजे सम्म

आश्विन,कार्तिक,मंसीर,पुष र माघ महिनामा
कार्यालय समय: बिहान ७ बजे देखि बेलुका ६ बजे सम्म
कारोबार समय: बिहान ७ बजे देखि बेलुका ५:३० बजे सम्म

सम्पूर्ण सार्वजनिक बिदाका दिनहरुमा बिहानी सेवा मात्र ।

पुनश्च:- नयाँ वर्ष, साधारण सभा, बिजया दशमी, बलम्बु महालक्ष्मी जात्रा तथा फागु पूर्णिमाका दिन संस्था पूर्णरुपमा बन्द रहनेछ ।




Downloaded from http://www.dhamma.digital

# ...लमय शु...कामना

भिक्षु महासंघका महासंघनायक

...द्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९०...

शु...न्मोत्सवको पावन अवसरमा उहाँको आध्यात्मि...

सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं

**ऐ...नलाल शाक्य**    **तथा**    **याम शा...**

...्यक्ष    सचिव

## म्याग्दी बौद्ध संघ परिवार

वेनी, म्याग्दी









Downloaded from http://www.dhamma.digital

# अश्वघोष भन्तेको धर्मप्रचारका विविध आयामहरू

डा. रीना तुलाधर
परियत्ति सद्धम्म कोविद

इतिहासको कालक्रममा बुद्ध जन्मभूमि नेपालमा केहि समयसम्म बुद्धको सद्धर्ममा अवरोध भएको देखिन्छ। २० औं शताब्दीको प्रारम्भमा आएर नेपालमा स्थविरवाद बुद्ध धर्मको पुनरूत्थान भएको हो । त्यसताका धर्मादित्य धर्माचार्य, भिक्षु महाप्रज्ञा, भिक्षु प्रज्ञानन्द, भिक्षु अमृतानन्द लगायत अन्य सिद्धहस्तको योगदानले नेपालमा बुद्ध धर्मको पुनर्जागरणकाल आयो। यस समयमा भिक्षु अमृतानन्दको युवा शिष्यको रूपमा प्रवेश गर्नुभएका भिक्षु अश्वघोष महास्थविर नेपालको बुद्ध शासनको इतिहासमा एक ऐतिहासिक व्यक्तित्व बन्न सफल हुनुभएको छ।


उपासिका रिना तुलाधरलाई उपाहार प्रदान गर्दै अश्वघोष महास्थविर

ने.सं. १०४७ जेष्ठ शुक्ल त्रयोदशी सोमबार (बि. सं. १९८३) का दिन



Downloaded from http://www.dhamma.digital

पाटनको ओकुबहालमा जन्मनुभएका उहाँको गृहस्थी छँदाको नाम बुद्धरत्न शाक्य थियो । बाल विवाहको चलन भएको तत्कालीन समाजमा दाजु चन्द्रदेव शाक्यको विवाहसँगै उहाँका माताको जोडमा उहाँको पनि विवाह भएको हो। तर प्रव्रजित भिक्षु बन्ने विचार बोकेका बुद्धरत्न गृहस्थ जीवनमा रम्न सकेनन्। उता माता लक्ष्मीमायाले पनि बुद्ध धर्ममा दिक्षित भएर धर्मको रस थाहा पाइसकेपछि स्वयम्ले नै उहाँलाई प्रव्रजित गर्ने प्रयास गर्नुभयो । १७ वर्षको उमेरमा माता लक्ष्मीमाया, पिता चन्द्रज्योति शाक्य र श्रीमतीको अनुमतिमा वि.सं. २००१ (इ.सं. १९४४ जनवरी) सालमा कुशिनगरमा पुगी ॐ चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित भएर उहाँ श्रामणेर अश्वघोषको नामबाट बुद्ध शासनको वंशज हुनुभयो। ।

आफ्ना गुरूअमृतानन्द महास्थविरको प्रयासमा उहाँले श्रीलंका र भारतको विभिन्न स्थानमा बुद्ध धर्मको अध्ययन गरेर प्रशस्त ज्ञान हासिल गर्नुभयो । सन् १९४४ देखि दक्षिण श्रीलंकाका महामन्तिन्द परिवेणमा बुद्ध धर्मको विविध विषयमा अध्ययन गर्नुभयो। वि. सं. २००६ बैशाख १९ (सन् १९४९ मे १) मा महामन्तिन्द परिवेणका प्रधानाचार्य धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको उपाध्यायत्वमा उपसम्पदा भएर उहाँ भिक्षु अश्वघोष हुनुभयो । आठ वर्षसम्म श्रीलंकामा अध्ययन गरेर उहाँ भारत जानुभयो॥ बनारसको BHU University मा बि. ए. अध्ययन गर्दाको समयमा उहाँलाई (टी.बी.) क्षयरोगले छोयो। नेपाल र भारतमा उहाँको उपचार हुन सकेन । तत्पश्चात नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशन संघबाट बिन्तिपत्र चढाएर चीनको पेकिंगमा रहेको अन्तर्राष्ट्रिय विद्यार्थी संघको स्वास्थ्य निवासमा उपचारार्थ उहाँ डेढ वर्ष बस्नुभयो।

पूर्ण रूपले स्वस्थ भए पछि सन् १९६१ मा उहाँ स्वदेश फर्कनुभयो। बुद्ध धर्म प्रचार गर्न पहिलो थलोका रूपमा आनन्दकुटी विहारमा बसेर उहाँले काम सुरू गर्नुभयो। गुरू भिक्षु अमृतानन्दको निर्देशनमा धर्म प्रचारको काम गर्नुभयो। एक दशकसम्म आनन्दकुटी विद्यापीठको विभिन्न प्रशासकीय पदमा रहेर विद्यापीठको सेवा र विद्यार्थीलाई नैतिक शिक्षा दिने काम गर्नुभयो। धर्मप्रचारको क्रममा युवा पिढिलाई बुद्ध शिक्षा दिनुपर्ने आवश्यकतालाई मनन गरेर 'युवक बौद्ध परिषद' नामको संस्था उहाँले वि. सं. २०२५ सालमा स्थापना गर्नुभयो।

वि. सं. २०२२ सालमा स्थापना भएको नेपालको प्रसिद्ध धर्मकीर्ति



Downloaded from http://www.dhamma.digital

विहारका संस्थापक धम्मवती गुरूमाँको संयुक्त प्रयासमा उहाँको बुद्ध शासनिक योगदान अझ तेजिलो गतिमा अघि बढ्यो। वि. सं. २०२८ सालमा धर्मकीर्ति विहारमा युवा वर्गलाई बौद्ध शिक्षा अध्ययन गराउन विभिन्न कार्यक्रम सञ्चालन गर्न धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना भयो। भिक्षु अश्वघोषले स्थापना कालदेखि हालसम्म निरन्तर रूपमा यस संस्थामा धम्मानुशासक भएर अमुल्य योगदान दिइरहनुभएको छ। स्थापना कालदेखि हालसम्म ४४ वर्षको अन्तरालमा जति पनि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट धर्मप्रचारको अभियान चल्यो त्यसको आधारशीला उहाँ नै हुनुहुन्छ। धर्मकीर्ति विहारको गतिविधिमा भिक्षु अश्वघोषले पथ प्रदर्शकको भूमिका निर्वाह गरिरहनुभएको छ। धम्मवती गुरूमां सहित विहारका परिवारलाई उहाँले सदैव हौसला र प्रेरणा दिनुभएको छ।

प्रचारको एक सशक्त माध्यम लेखन हो भन्ने बुझेर भन्तेले सयभन्दा बढी पुस्तक लेखी सक्नुभएको छ। चर्चित जन लेखक भिक्षु अश्वघोषको पहिलो लेख वि. सं. २००२ मंसिर (सन् १९४५) मा 'प्रेमं हे दुख जुइगु खः' प्रकाशन भयो। वि. सं २०१३ सालमा उहाँको पहिलो पुस्तक 'गौतम बुद्ध' प्रकाशित भयो। लेखनको एक उद्धेश्य तथागतको सर्द्धम बुद्धिजीविदेखि सबैले बुझोस भन्ने हेतु उहाँको लेखन शैली सरल र सहज रहेको पाइन्छ। पाठकको बिचमा उहाँको लेखन शैलीको बेग्लै लोकप्रियता छ।

हालसम्म नेपाल भाषा, नेपाली र अंग्रेजी भाषामा उहाँका सय भन्दा बढी पुस्तक प्रकाशन भइसकेका छन्। त्यस्तै उहाँको असंख्य लेख रचना पत्रपत्रिकामा प्रकाशित भइरहेका छन्। साथै विभिन्न विशेषांक, स्मारिका र स्मृतीग्रन्थमा पनि उहाँका रचना प्रकाशित भएका छन्। पत्रकारिताको क्षेत्रमा उहाँको योगदान विशेष रहेको छ। आनन्दकुटी विहारबाट प्रकाशित हुने ऐतिहासिक 'आनन्दभूमि' पत्रिकामा १८ वर्षसम्म प्रधान सम्पादक हुनुभयो। त्यस्तै धर्मकीर्ति विहारबाट प्रकाशित हुने 'धर्मकीर्ति' पत्रिकाको उहाँ प्रधान सम्पादक भएर वि.सं. २०२९ सालदेखि हालसम्म निरन्तर रूपमा काम गरिरहनुभएको छ।

बुद्ध धर्मलाई प्रभावकारी रूपमा प्रचार गर्नलाई ध्यानको अभ्यास गर्न वाराणसी, बुद्धगया र बर्मामा धेरै पटक ध्यान शिविरमा जानुभयो। ध्यानमा बसेको अनुभवलाई समेटेर उहाँले 'बौद्ध ध्यान' नामको पुस्तक लेख्नुभएको छ। बनेपामा प्राप्त भएको जग्गामा भन्तेले ध्यानकुटी विहार निर्माण गर्नुभयो। निरन्तर रूपमा विभिन्न कार्यक्रम संचालन भइरहने यस



Downloaded from http://www.dhamma.digital

ध्यानकुटी विहारमा बर्माबाट आउनुभएका ध्यान गुरूहरूबाट ध्यान शिविरहरू संचालन गर्ने गरिएको छ।

वि. सं. २०३८ सालमा संघाराम भिक्षु तालिम केन्द्रको नाममा नेपालमा पहिलो भिक्षु तालिम केन्द्र स्थापना गरेर उहाँले किशोर तथा साना बालकहरूलाई श्रामणेर प्रव्रज्या दिनुभयो। तालिम संचालन गर्ने, श्रामणेरलाई आवास र भोजन व्यवस्था गर्ने जिम्मेवारी पनि आफुले लिनुभयो। उहाँबाट तालिम पाएका भिक्षुहरू आज योग्य भई नेपालको बुद्ध शासनमा उल्लेखनीय योगदान दिइरहेका छन्।

बुद्ध धर्म प्रचार गर्ने पवित्र उद्देश्य बोकेर भिक्षु अश्वघोष देशको कुना काप्चामा पनि पुग्नुभयो। अधिकांश नेपालको बौद्ध संघ संस्थालाई उहाँले आफूले सक्दो सहयोग गरिरहनुभएको छ। युवा बौद्ध समुहको आयोजनामा देशको कुना काप्चामा भएको बौद्ध जागरण अभियानमा भिक्षु अश्वघोषले अग्रजको भूमिका खेल्नुभयो।

राष्ट्रिय सभाको माननीय सांसद भएर संसदमा पनि बुद्धको सन्देश पुऱ्याउने भूमिका निभाउनुभयो। त्यस्तै धर्मोदय सभाका अध्यक्ष, लुम्बिनी विकास कोषका उपाध्यक्ष लगायतका गरिमामय पदमा बसेर उहाँले विविध क्षेत्रमा योगदान दिनुभएको छ।

'चरथ भिक्खवे चारिकं बहुजन हिताय, बहुजन सुखाय' को चरितार्थ गर्न धर्मप्रचारको क्रममा उहाँले आनन्दकुटी विहार, ध्यानकुटी विहार, संघाराम विहार, श्रीघ विहार, लुम्बिनी, श्रीलंका, सारनाथ, चीनमा वर्षावास गर्नुभएको छ। जहाँ बस्नु भए पनि उहाँले आफनो अध्ययन, अध्यापन, लेखन, धर्मदेशना, र धार्मिक छलफलको कार्यलाई निरन्तरता दिनुभयो। बुद्ध शासनलाई टेवा दिन विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा भाग लिनुभयो। मलेशिया, थाइल्याण्ड, जापान, क्यानाडा, चीनसहित लुम्बिनीमा भएको दोश्रो बौद्ध शिखर सम्मेलनमा उहाँको सन्देश प्रभावकारी रहेको उल्लेखनीय छ। साथै नेपालमा रहेका विभिन्न बौद्ध संस्थाको आयोजनामा भएका बौद्ध सम्मेलनमा पनि उहाँको अविस्मरणीय सहभागिता रहेको छ। विश्वमा विभिन्न बौद्ध संस्थाले संचालन गरेका कार्यक्रम अध्ययन गर्ने क्रममा आफ्ना गुरू भिक्षु अमृतानन्द भन्तेसँग मंगोलिया, जर्मनी, रूस, इंगल्याण्ड, क्यानाडा, अमेरिका, भुटानलगायतका देशमा उहाँले अध्ययन भ्रमण गर्नुभयो। सन् १९५४ मा बर्मामा दुई वर्षसम्म सम्पन्न भएको छट्ठ संगायनमा पनि अश्वघोष भन्तेको सहभागिता रहेको थियो।

भगवान् बुद्धको धर्मदेशना सँगसँगै समाज सेवाको कार्यलाई पनि अश्वघोष भन्तेले अगाडि बढाउनुभएको



Downloaded from http://www.dhamma.digital

देखिन्छ । उहाँले बनेपामा स्थापना गर्नुभएको ध्यानकुटी विहारमा मैत्री बाल आश्रम स्थापना गरेर अनाथ बच्चाहरूलाई आवश्यक प्रबन्ध गर्नमा अहम् भूमिका खेल्नुभयो । यस आश्रममा बच्चाहरूको व्यक्तित्व विकास गर्ने साथै बुद्ध शिक्षा दिने कार्य भइरहेको छ।

समाजमा लैगिंक समानताको पक्षमा अश्वघोष भन्तेले व्यवहारमा पनि यो कुरालाई सार्थकता दिनुभएको छ। भिक्षुणी शासन पुनर्स्थापना हुनुपर्ने विषयका उहाँ पक्षधर हुनुहुन्छ।

बहुआयामिक व्यक्तित्वका धनि अश्वघोष भन्तेलाई बुद्ध शासनको क्षेत्रमा विशिष्ट योगदान दिनुभएकोले राज्यले, राष्ट्रियस्तरका विभिन्न बौद्ध संघ संस्थाले र अन्तर्राष्ट्रिय संघ संस्थाले अभिनन्दन, विभिन्न पदवी मान सम्मानले विभूषित गरिसकेका छन् । नेपाल भाषामा बौद्ध पुस्तकहरू लेखेर नेपाल भाषा साहित्यलाई फराकिलो बनाउन योगदान गर्नुभएकोले प्रसिद्ध ऐतिहासिक संस्था नेपाल भाषा परिषदले उहाँलाई 'भाषा थुवाः' को विशिष्ट उपाधिबाट विभूषित गरेको छ। म्यानमार सरकारले 'अग्गमहासद्धम जोतिकधज' धर्मदूत प्रथम श्रेणी उपाधिले उहाँलाई विभूषित गरेको छ भने नेपाल सरकारले प्रवल गोरखा दक्षिणबाहु तृतीय श्रेणीको तक्मा प्रदान गरेको छ। 'ज्ञानमाला भजन खलः' स्वयम्भूबाट 'ज्ञानमाला रत्नवत सिरपाः' प्रदान गरेर उहाँलाई सम्मान गरेको छ । त्यस्तै नेपाल भाषाको क्षेत्रमा सबैभन्दा पहिले प्रचलनमा आएको पुरस्कार 'धर्मोदय पुरस्कार' बाट पनि उहाँ विभूषित हुनुहुन्छ।

बुद्ध धर्मको प्रचार प्रसारमा निरन्तर रूपमा लागिरहनुभएका भिक्षु अश्वघोषलाई अधिकांश बौद्ध संघ संस्था अखिल नेपाल भिक्षु महासंघ, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, श्रीकीर्ति बौद्ध संघ, विश्वशान्ति दायक सभा, नगदेश बौद्ध समूह, बुद्धिष्ट कम्युनिकेशन सेन्टर, धर्मोदय सभा, गणमहाविहार, लुम्बिनी विकास कोष लगायतका संघ संस्थाले श्रद्धा सुमनका साथ उहाँलाई अभिनन्दन गरेका छन् । The Inter religious and International Federation for world Peace ले उहाँलाई Ambassdor for Peace' को उपाधि प्रदान गरेको छ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मानबाट विभूषित हुनुभएका भिक्षु अश्वघोषको व्यक्तित्वको बारेमा भन्ने हो भने 'संसारको भयदेखी डराउनेलाई भिक्षु भनिन्छ' भने झैं उहाँ एक पवित्र, प्रव्रजित भिक्षु हुनुहुन्छ । पारदर्शीता उहाँको व्यक्तित्वको एक विशिष्टता हो। जहिले जहाँ पनि धर्म उपदेश दिनु हुँदा उहाँले आफनो कमजोरी पनि औंल्याउनु हुन्छ । यही आचरणले उहाँलाई सच्चा



Downloaded from http://www.dhamma.digital

प्रव्रजित भिक्षु भनेर भन्न सकिन्छ। एक सच्चा सिद्धान्तवादीले मृत्यु शैय्यासम्म पनि आफ्नो सिद्धान्त छोड्दैनन् भने जस्तै भिक्षु अश्वघोष महास्थविर पनि आफ्नो सिद्धान्तमा सधै अटल र अडिग हुनुहुन्छ । उहाँ अवसरवादी कहिल्यै बन्नुभएन । साम्प्रदायिक भावनाबाट अश्वघोष भन्ते कहिल्यै प्रेरित हुनु भएन। 'म थेरवादी बुद्ध धर्मको प्रचारक होइन, म तथागतको सद्धर्म प्रचारक हुँ' उहाँ सँधै भन्नुहुन्छ।

'बहुजन हिताय, बहुजन सुखाय' मा आफ्नो जीवन अर्पण गर्नुभएका भन्तेको निम्ति आफ्नो सुख सुविधा सदैब गौण रहेको छ। वृद्ध अवस्था पुग्दासम्म पनि लुम्बिनीको प्रतिकुल मौसममा बसेर धर्मको प्रगति गर्नलाई आफनो अमूल्य समय दिनुभएको छ। शिक्षाको निमित्त कहिल्यै उमेर बाधक हुँदैन भन्ने सत्यलाई अँगालेर वृद्ध अवस्थामा पनि उहाँ अध्ययन र अध्यापनलाई आफनो जीवन शैली बनाएर बस्नुभएको छ।

बुद्ध शासनको लागी जीवन अर्पण गर्नुभएका भिक्षु अश्वघोष महास्थविर सदैब बुद्धको व्यावहारिक शिक्षाको पक्षपाती हुनुभयो । परम्परागत कर्मकाण्डको रूपमा बुद्ध धर्मलाई अँगाल्नुहुन्न । बुद्ध धर्म मानवलाई आवश्यक व्यावहारिक शिक्षा हो। परम्परागत कर्मकाण्डको रूपमा बुद्ध धर्मलाई नअपनाउ, बुद्ध धर्म नै मनुष्यलाई चाहिने व्यावहारिक शिक्षा हो, यहि उपदेशमा नै उहाँको सम्पूर्ण धर्म देशनाको अभिप्राय केन्द्रित रहेको हुन्छ । भिक्षु अश्वघोषको आदर्श र उपदेश सधै यति नै हुन्छ —आचरण शुद्ध गर, व्यावहारमा सुधार गर, विद्वान बन्नेतिर मात्र लाग्ने होइन, असल मान्छे भएर बाँच्न सिक। यी नै हुन् अश्वघोष महास्थविरका महावाणी। सबै धर्मचारीहरूले बुद्धको व्यावहारिक शिक्षालाई अपनाई आ-आफ्नो आचरण शुद्ध गरोस् भन्ने उहाँको धर्म देशनाको मूल उद्देश्यअनुरूप आज ९० वर्षको उमेरमा पनि उहाँ उति नै जागृत र सक्रिय हुनुहुन्छ।

**ध्यानकुटी तथा**
**संघाराम विहारका संस्थापक**
**श्रद्धेय गुरु भिक्षु**
**अश्वघोष महास्थविरज्यूको**
**९० औं शुभजन्मोत्सवको पावन**
**अवसरमा उहाँको आध्यात्मिक**
**सुख, शान्ति, सुस्वास्थ्य तथा**
**दीर्घायुको कामना गर्दछौं ।**
**भिक्षु किरण बज्राचार्य**
**एवम्**
**आदिपदम गुम्बा परिवार**
**ख्वप, भक्तपुर**



Downloaded from http://www.dhamma.digital

# दाजु अश्वघोषका सम्बन्धमा



माधवी गुरूमाँ

मेरो दाजु भिक्षु अश्वघोषको जन्म ललितपुर जिल्लाको पाटन ओकुवहाल भन्ने ठाउँमा वि. सं. १९८४ मा पिता चन्द्रज्योति शाक्य र माता लक्ष्मीमाया शाक्यको कोखबाट भएको थियो। उहाँको गृहस्थ जीवनको नाम बुद्धरत्न शाक्य हो।

उहाँको जीवनकथाको केही अंश सिद्धार्थ गौतमको जीवनसँग मिल्न पुगेको पाइन्छ। सिद्धार्थ गौतमले आफ्नी परम् सुन्दरी जीवनसङ्गीनी यशोधरा देवीलाई त्याग गरेर ऋषि बन्ने मनसायले दरबार छोडेर जङ्गल गए जस्तै बुद्धरत्न पनि आफ्नो घर छाडेर विहारमा जाने र बस्ने गर्दथे। बुद्धरत्नको व्यवहार देखेर मेरो बुवा चन्द्रज्योतीले आफ्नो छोरा भिक्षु बन्ने डरले नागवाहाल निवासी आशामाया शाक्यसँग विवाह गरिदिनुभयो। तर आशामायासँग विवाह गरे पनि श्रीमतीको माया, मोह र आकर्षणमा नपरी विवाहपछि झन् विहारमा जाने, भन्तेहरूसँग बस्ने र घरमा थोरै समय बिताउने गर्न थाल्नुभयो। नेपाली समाजमा प्रचलित उखान 'खाने मुखलाई जुँगाले छेक्दैन' भनेजस्तै अन्ततोगत्वा उहाँ भिक्षु बनेर देखा पर्नुभयो र आफ्नी श्रीमती, घरपरिवार, इष्टमित्र, आफन्त, माया, मोहजस्ता सबै कुराहरू त्याग गरेर केवल बुद्धको स्मरणमा लिन हुनुभयो।

मैले केही व्यक्तिहरूले भनेको सुनेको थिएँ, 'मेरो भिक्षु बन्ने तिब्र इच्छा र चाहना थियो। तर घर-परिवारले विवाह गरिदियो श्रीमती छोड्नै सकिनँ। माया, मोह र ममताले गृहस्थी जीवनमै अल्झायो' तर अश्वघोष महास्थविर नयाँ श्रीमती, घर-परिवार र सम्पूर्ण सुखसयल त्यागेर समस्त प्राणीहरूको हित र कल्याणको लागि घरबाट निस्कनुभयो र भिक्षु बन्नुभयो।

आफ्नो युवावस्थामा 'बहुजन हिताय बहुजन सुखाय'भन्ने बुद्धको वचनजस्तै उहाँले गाउँ र विभिन्न शहरहरू पुगेर



Downloaded from http://www.dhamma.digital

समस्त जगत हितका लागि युवा समूह गठन गरी बुद्ध धर्म नजानेकाहरूलाई धर्मका बारेमा जानकारी गराउँदै धर्म प्रचार गर्ने र अन्धविश्वासमा रूमलिएकाहरूलाई मार्ग निर्देशित गरी बाटो देखाउने काम गर्नुभयो।

समाजसुधार र असल मान्छे निर्माण गर्नु उहाँको प्रमुख उद्देश्य हो। उहाँले नेपाली र नेवारी भषामा सयौं किताब लेख्नुभएको छ। अनेक टुक्का र उपमा प्रस्तुत गरेर पुस्तक लेख्ने कलाका धनी उहाँको पुस्तकहरूबाट म अत्यन्त प्रभावित भएकी छु। उहाँको किताब पढ्न सुरू गरेपछि बीचमा छोड्न मन लाग्दैन्, सक्नैपर्ने हुन्छ। उहाँद्वारा रचित पुस्तकहरू धेरै रोचक, ज्ञानवर्धक, मनोरञ्जनपूर्ण र सरल भाषाशैलीमा आधारित छन्।

उहाँको स्वभाव अलिक कडा र जोशिलो छ। कुनै विषयमा एकपटक भनेपछि दोहोऱ्याएर भन्ने उहाँको बानी छैन। तर पनि उहाँ दया, माया र करूणाको खानी हुनुहुन्छ। उहाँको रिस परालको आगोजस्तो तत्कालै निभ्ने खालको छ। कुनै पनि विषय र मानिससँग रिस, राग र कुण्ठा पालेर बस्ने बानी उहाँको छैन। यस्तै धनसम्पति र कुनै सरसमानमा पनि उहाँको मोह र लालसा मैले पाएकी छैन। मैले एकपटक उहाँलाई भनेको थिएँ 'दाई ! हाम्रो शरीर हामीले भनेजस्तो छैन। कुनै पनि गम्भीर प्रकृतिको रोग लाग्न सक्छ वा अरू केही हुनसक्छ। त्यस्तो बेलामा खर्च गर्न अलिक पैसा जम्मा गरेर राख्नुपर्छ।' मैले त्यसो भन्ने वित्तिकै उहाँले भन्नुभयो 'तिमीहरूले यस्तो सल्लाह र सुझाव मलाई दिनुपर्दैन। म आफ्नो लागि धन'सम्पति जम्मा गरेर राख्ने भिक्षु होइन, जे पर्छ त्यही टर्छ।' 'म डरले बोल्नै सकिनँ, मौन बसिरहेँ।' नभन्दै एकपटक उहाँ सिकिस्त बिरामी पर्नुभयो। त्यस बेला उहाँ विदेशमा हुनुहुन्थ्यो। बाच्ने आशा अत्यन्त न्यून थियो। तर त्यहाँ आफ्नो शिष्य भएकाले सबै खर्च गरेर बचाउन सफल भयो। उहाँले भनेजस्तै काम टरेर आयो। उहाँको वचन सत्य भयो।

उहाँले संघाराम विहारमा भिक्षु तालिम केन्द्र स्थापना गरी असङ्ख्य भिक्षुहरू उत्पादन गर्नुभएको छ। उहाँका शिष्यहरू विद्वान र धर्म प्रचारमा पारङ्गत छन्। उहाँका शिष्यहरू स्वदेश र विदेशमा बसेर धर्म प्रचारमा लागिरहेका छन्। मेरो विचारमा उहाँजस्तो व्यक्ति विरलै पाउन सकिन्छ। किनभने आफ्नो गल्ती र कमजोरी सकेसम्म मानिसहरूले कुखराले 'अण्डा' छोपेजस्तो छोपेर र लुकाएर राख्ने गर्दछन् तर उहाँले भने आफ्नो गल्ती र कमजोरीका बारेमा आफै प्रकाश पार्ने गर्नुहुन्छ। हुरी बतास आएर धुलो उडाएजस्तै आफ्नो कुरा गर्दै हिंड्नुहुन्छ। उहाँ आफू अस्वस्थ भए पनि ज्ञानगुनका



Downloaded from http://www.dhamma.digital

कुरा बाङ्न र प्रवचन दिने काममा पछाडि हट्नुहुन्न । प्रवचनका समयमा अत्यन्त रोचक, तार्किक र ठट्याउलो किसिमले मन्तव्य राख्ने गर्नुहुन्छ। प्रवचनका क्रममा उपासक र उपासिकाहरूको व्यवहारिक जीवनको ख्याल गर्दै समयको उचित सदुपयोग गर्ने गर्नुहुन्छ। आफ्ना उपासक र उपासिकाहरूलाई विहारमा आएपछि आफ्नो स्वभावमा परिवर्तन ल्याउन अनुरोध गर्दै सहनशील, अनुशासित, असल र नैतिकवान बन्न प्रेरित गर्नुहुन्छ। केबल देखावटीका लागि मात्र विहारमा आउनुको अर्थ नरहने उहाँको दृष्टिकोण मैले पाएकी छु। अन्तमा, उहाँको स्वस्थ र लामो जीवनकालको शुभकामना।


# मंगलमय शुभकामना

नेपालका वर्तमान संघनायक, बहुप्रतिभाशाली, बहुआयामिक सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार **श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं ।

## शुभलाभ ज्वेलर्स प्रा.लि. परिवार

नयाँ बजार, कीर्तिपुर

प्रोपाईटर **निमरत्न शाक्य**

सम्पर्क नं. ०१४३३६२८८, ९८४१२१३३५३

नोटः यहाँ विभिन्न डिजाइनका सुन, चाँदीका गरगहना पाउनुका साथै अर्डरअनुसार तयार गरिन्छ ।




Downloaded from http://www.dhamma.digital

# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामिक
सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार
**श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं**
**शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक
सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं ।

**पूर्णमान महर्जन** **ज्ञानी महर्जन**

**एवम् परिवार**

इन्द्रचोक, काठमाडौं

# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामिक
सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार
**श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं**
**शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक
सुख, शान्ति, सुस्वास्थ्य तथा
दीर्घायुको कामना गर्दछौं।


**करुणा बौद्ध विहार परिवार**

मातातिर्थ, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# भिक्षु अश्वघोषका उपाध्याय गुरुहरू



रत्न सुन्दर शाक्य
परियत्ति सद्धम पालक

वर्तमान नेपालका छैठौ संघनायक भिक्षु अश्वघोष महास्थविरको नेपालमा स्थविरवाद बुद्ध धर्मको प्रचार प्रसारमा जुन किसिमको योगदान रहेको छ- त्यो अद्धितीय छ।

१६ वर्षको उमेरदेखि, अझ गृहस्थको उमेरदेखि घरवार त्यागी भिक्षु धम्मालोक र भिक्षु अमृतानन्दको छत्रछायाँमा हुर्केका उहाँ विशेषतः भिक्षु अमृतानन्दको पहलमा कुशीनगर पुगी त्यहाँ स्थित वर्मेली सुप्रसिद्ध भिक्षु ॐ चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित भई 'श्रामणेर अश्वघोष' हुनुभएको थियो।

श्रामणेर अश्वघोषले प्रव्रज्या (जनवरी १९४४-पौष २०००) पश्चात केही महिना कुशीनगर मै रही त्यहाँ स्थित भिक्षु धर्मरक्षितसित हिन्दी भाषा सिक्दै गरेका थिए। त्यसै बेला भिक्षु धर्मरक्षित उपसम्पन्न (२१ जुलाईका दिन) भए पश्चात् श्रीलंका जाने तरखरमा लागेका थिए। यसको निमित्त उहाँले महिनौंदेखि प्रयास गरि रहनुभएको थियो । सोको जानकारी श्रामणेर अश्वघोषलाई पनि भएकाले उहाँ पनि भिक्षु धर्मरक्षितका साथ पालि साहित्य अध्ययन गर्न श्रीलंका जाने प्रबन्ध मिलाइरहेका थिए। उहाँहरू दुवैजनालाई श्रीलंकाको दक्षिणी भुभागको मातरस्थित 'महामन्तिन्द परिवेण' मा अध्ययन गराउन नेपाली भिक्षु महानामको विशेष हात रहेको थियो।

भिक्षु धर्मरक्षित र श्रामणेर अश्वघोष दुवै जना कुशीनगरबाट सारनाथ, बोधगया आदि ठाउँको दर्शन गरी श्रीलंका पुग्नको निमित्त १ अगस्ट १९४४ का दिन मण्डपम् कैम्प पुग्नुभएको थियो। त्यहाँ हप्ता दिन बसी ७ अगस्ट १९४४ का दिन त्यहाँबाट 'हानु स्कोटी' आदमपुल पार गर्दै ८ अगस्टको राती मातर पुग्नुभएको थियो।

भिक्षु धर्मरक्षित मातरको उपयुक्त



Downloaded from http://www.dhamma.digital

महामन्तिन्द परिवेणमा ३० महिना रही पालि साहित्य अध्ययन गरेर 'त्रिपिटकाचार्य' भई सन् १९४७ को फरवरी महिनाको अन्तमा भारत फर्कनुभएको थियो । श्रामणेर अश्वघोष भिक्षु अश्वघोष भई ७ वर्षपछि सन् १९५१ को नवम्वर महिनामा पहिलोपटक स्वदेश फर्कनुभएको थियो ।

यस अवधि (सन् १९४४-५१) भित्रमा श्रामणेर अश्वघोष १ मई १९४९ का दिन महामन्तिन्द परिवेणका प्रमुख एवं दक्षिणी श्रीलंकाका तत्कालीन संघनायक भिक्षु धर्मकीर्ति धम्मावास नायक महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न भई 'भिक्षु अश्वघोष' हुनुभएको थियो । यहाँ उहाँकै संक्षिप्त जीवनी प्रस्तुत गर्न लागेको छु ।

भिक्षु धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको जन्म दक्षिणी श्रीलंकाको मातर नगर नजिकै वंवरन्दे नामक गाउँमा 'मोहोट्टी हामुम्' नामक परिवारमा भएको थियो ।

उहाँ वाल्यकालमै श्रद्धापूर्वक दक्षिणी श्रीलंकाको तत्कालीन संघनायक हुनुभएका धर्मकीर्ति श्री रतनपाल महास्थविरको आचार्यत्वमा प्रव्रजित हुनुभएको थियो । यही रतनपाल महास्थविरले नै सन् १८९३ को जुलाई महिनामा तत्कालीन प्रादेशिक राज्यमन्त्रीहरूको आग्रहमा मातर नगरमा महामन्तिन्द परिवेणको स्थापना गर्नुभएको थियो ।

त्यसताका रतनपाल महास्थविर श्रीलंकाका एक सुप्रसिद्ध भिक्षु हुनुभएको थियो । जसको प्रमुख कारण त्यसताका जहाँ कही हुने धार्मिक शास्त्रार्थमा उहाँ सामेल हुने र बुद्ध धर्मको पक्षमा रही प्रतिवादीहरूलाई परास्त गर्नमा सक्षम हुन्थे ।

उहाँकै छत्रछायाँमा रही अध्ययन गरेका धर्मकीर्ति श्री धम्मावास महास्थविर श्रीलंकामा अध्ययन समाप्त गरी भारत यात्रा गर्न आउनुभएको थियो । उहाँले कलकत्ता एवं पुना शहरमा कयौं समय रही संस्कृतको अध्ययन गर्नुभएको थियो । अतः उनी पालि, संस्कृत, प्राकृत एवं अप्रभरा भाषाका विज्ञ हुन सफल भए ।

सिंहल भाषा जुन उहाँको मातृभाषा थियो'सोको उहाँ मर्मज्ञ, व्याकरणाचार्य, कवि, लेखक एवं समालोचक समेत थिए । यद्यपि उहाँ अंग्रेजी भाषामा पनि दक्ष थिए । तर उहाँ यस भाषाको प्रचार प्रसारका विरोधी थिए । हिन्दी भाषामा उहाँको विशेष रूचि थियो । अतः उहाँ यस भाषामा बोलचाल गर्न सक्षम थिए ।

उहाँले कयौं ग्रन्थहरूको रचना गर्नुभएको थियो तर ती ग्रन्थहरू उहाँले आफ्नो जीवनकालमा प्रकाशित गर्न



Downloaded from http://www.dhamma.digital

चाहेनन् । उहाँका ती ग्रन्थहरू एवं 'कथावत्थुस्पकरणं र पट्ठनमहाप्पकरणं' ग्रन्थको अध्ययन गर्ने मौका उहाँका एक शिष्य भिक्षु धर्मरक्षितले पाउनुभएको थियो।

महामन्तिन्द परिवेणका संस्थापक हुनुभएका धर्मकीर्ति श्री रतनपाल महास्थविरको अवशानपश्चात् योग्यताको आधारमा धर्मकीर्ति श्री धम्मावास महास्थविरलाई उक्त परिवेणका कुलपति नियुक्त गरिएको थियो । श्रीलंकाको भिक्षु संघले पनि योग्यताको आधारमा कम उमेरको भए पनि उहाँलाई दक्षिणी श्रीलंकाका 'संघनायक' नियुक्त गरेको थियो।

यस्ता प्रतिभा सम्पन्न अनेकौं गुणले परिपूर्ण भएका धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको छत्रछायाँमा रही पालि साहित्य अध्ययन गर्ने मौका पाउनुभएका हाल नेपालका संघनायक 'अग्गमहासद्धम्म जोतिकधज' भिक्षु अश्वघोष महास्थविरमा पनि आफ्नो गुरूवरका संस्कारअनुरूप अनेकौं गुणहरू रहेको पाइन्छ ।

उहाँका गुरूवर धर्मकीर्ति श्री धम्मावास नायक महास्थविर भावनाप्रिय व्यक्ति पनि थिए । उहाँको नित्यकर्म बिहान ३ बजेदेखि नै सुरू हुन्थ्यो । उहाँ नियमित मूलसुत्त र रतनसुत्त पाठ गर्नुहुन्थ्यो। परित्राण पाठपश्चात चङ्क्रमण र चङ्क्रमणपश्चात ध्यान भावना गर्नुहुन्थ्यो।

सदा नियमित बिहान र बेलुका विहारको प्राङ्गणमा आई पुष्प धुपादिका साथ बुद्ध पूजा गर्नु हुने धर्मकीर्ति श्री धम्मावास महास्थविरको धर्मोपदेश सुन्न त्यसताका सन् १९४६-४७ मा श्रीलंकाका प्रधानमन्त्री श्री डी. एस. सेनानायक समेत बरोबर आउनु हुने कुरा महामन्तिन्द परिवेणमा पालि साहित्य अध्ययन गर्नुभएका भिक्षु धर्मरक्षितले उल्लेख गर्नुभएको थियो।

धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरले सन् १९४९ को दिसम्वर २८ (आफ्नो उपाध्ययत्वमा नेपालका श्रामणेर अश्वघोषलाई उपसम्पन्न गर्नुभएको ६ महिनापछि ६१ वर्षको उमेरमा मातरस्थित महामन्तिन्द परिवेणमै आफ्नो इह लीला समाप्त गर्नुभएको थियो।

## सन्दर्भ सामग्री


१. **लंका यात्रा'भिक्षु धर्मरक्षित किताब महल, इलाहावाद १९४८**


२. **गुरूवरकी यादमें'भिक्षु धर्म रक्षित धर्मदूत मासिक पत्रिका सारनाथ वर्ष १४ अंक ११ (फरवरी १९५०)**

३. **अग्गमहासद्धम्म जोतिकधज भिक्षु अश्वघोष महास्थविर'रत्नसुन्दर शाक्य युवा बौद्ध, समूह काठमाडौं, २०६२**




Downloaded from http://www.dhamma.digital

# हार्दिक शुभकामना



नेपालमा थेरवाद बुद्ध धर्म समुन्नति र उत्थानको निमित्त विगत सात दशकदेखि प्रव्रजित जीवनयापन गरिरहनुभएका **श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** उपलक्ष्यमा उहाँको सुस्वास्थ्य तथा आयू आरोग्यको कामना गर्दछौं ।

**मैत्रेय युवा संघ**
ख्वप, भक्तपुर

**नगरमण्डप श्रीकीर्ति विहार**
कीर्तिपुर, काठमाडौं

**बुद्धरत्न महर्जन**
कालिमाटी, काठमाडौं


**चन्द्रशिला गुरुमाँ**
जयमंगल विहार, ललितपुर

**ताराविर महर्जन**
गुर्जुधारा, काठमाडौं

**सागरमान तुलाधर**
ईटुम्बहाल, काठमाडौं

Downloaded from http://www.dhamma.digital

# मेरो स्मरणमा पूज्य संघनायक र संघाराम विहार



अनागारिका संघशीला

पूज्य छैठौं नेपालका संघनायक भिक्षु अश्वघोष महास्थविरमा सादर वन्दना गर्दछु। उहाँ भन्तेलाई मैले धैरै वर्ष पहिले स्वयम्भु पछाडिको आनन्दकुटी विहारमा दर्शन र वन्दना गरी पञ्चशील समेत ग्रहण गर्न पाएको मलाई सम्भना आउँछ। त्यसको केही वर्षपछि मैले उहाँ भन्तेलाई विजेश्वरी, ढल्को पुलस्थित भिक्षु तालिम केन्द्र निर्माण र स्थापना गर्ने कार्यमा व्यस्त भैरहेको पाएँ । त्यस ठाउँलाई नेपाल भाषामा 'मचा गाः' भनिन्थ्यो । कसैको बच्चा जन्मेर पास्नी गर्न नपाउँदै मऱ्यो भने त्यो ठाउँमा गाडेर अन्तिम संस्कार गर्ने चलन थियो । सँगै लुति अजिमा मन्दिर रहेको यस महत्वपूर्ण ठाउँमा पूज्य भन्ते अश्वघोष महास्थविरज्युको अगुवाईमा क्वबहाल, ठहिटीको उपासिका रत्नमाया शाक्य र ठहिटीकै साहु द्वारिकादास श्रेष्ठको सहयोगमा यो ठाउँ थेरवाद बुद्ध धर्म अन्तर्गतको पहिलो नेपाली संघाराम भिक्षु तालिम केन्द्रको रूपमा विकास भयो । यहाँ पटकपटक गरी गृहस्थ केटाहरूलाई प्रव्रजित श्रामणेर बनाएर तालिम दिने कार्य पनि भयो । यहाँबाट शिक्षित तथा दिक्षित भएका भिक्षु-श्रामणेरहरूबाट हाल भगवान् बुद्धको जन्मभूमि नेपालमा शुद्ध बुद्ध धर्म प्रचारप्रसार र अभ्यास कार्यमा ठूलो योगदान पुगिरहेको छ।

पहिला मचागाः भन्ने यो ठाउँ एउटा माटोको ढिस्को र फोहरमैला थुपार्ने ठाउँ जस्तो थियो । काँडा र भार उम्रने तथा नजिकैको मन्दिरमा हुने वार्षिक अहोरात्र होम यज्ञमा आहुति दिनको लागि सम्बन्धित गुठीयारहरू यहाँ आएर सर्प समातेर लैजाने गर्दथे। पछि संघाराम भिक्षु तालिम केन्द्रको निर्माण कार्यको समयमा त्यहाँको सर्पहरू अन्यत्र सरेर गयो। गुठीयारहरूले



Downloaded from http://www.dhamma.digital

भिक्षु अश्वघोष समक्ष ठूलो गुनासो पनि गरेका थिए । कठोर वचन र सांघातिक हमलासमेत हुन गएको थियो । तर पछि वास्तविक कुरा बुझेपछि उनीहरूले भिक्षुज्यूसँग क्षमायाचना मागे । उनीहरूले पूज्य भिक्षु अश्वघोष महास्थविरज्युको आश्रमको महत्व बुझेपछि दान धर्म गर्न विहार आउन थाले ।

पछि संघाराम भिक्षु तालिम केन्द्र संघाराम विहारको रूपमा परिणत भयो । यहाँका मानिसहरू विभिन्न बौद्ध गतिविधिमा संलग्न हुन पुगे । म त्यस केन्द्रमा पटकपटक जाने गर्दथे । त्यहाँ बस्नु हुने भन्तेहरूसँग मेरो राम्रो परिचय स्थापित भएको थियो । म संघाराम विहारको उत्तरोत्तर प्रगति र विकास भएको हेर्न चाहान्थे । श्रद्धावान् साहु द्वारिकादास श्रेष्ठ तथा क्या वहामयुजु पछि धम्म विजय गुरूमाँ द्वये पनि यो विहारको निरन्तर सेवा गर्दै दिवंगत भैसकेका छन् । पूज्य अश्वघोष भन्ते यस विहारमा नै बसेर अखिल नेपाल भिक्षु महासंघको आजीवन 'संघनायक' जस्तो गरिमामय पदमा आसिन हुनुभएकोमा सम्पूर्ण नेपाली बौद्धहरूका निम्ति गौरवको विषय बन्न पुगेको छ । यो ठाउँ थेरवाद बुद्ध धर्म प्रचार केन्द्रको रूपमा विकास पनि भैरहेको छ र संघाराम विहार र अश्वघोष भन्ते बौद्ध जगतको अभिन्न अंग बन्न पुग्नुभएको छ ।


**मंगलमय शुभकामना**

**नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामि**
**सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार**
**श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९०**
**शुभजन्मोत्सवको पावन अवसरमा उहाँको**
**आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा**
**दीर्घायुको कामना गर्दछौं ।**

**थेरवाद बौद्ध दायक केन्द्रीय परिषद परिवार**
**बागबजार, काठमाडौं**




Downloaded from http://www.dhamma.digital

# कर्मयोगी भिक्षु अश्वघोष महास्थविर

त्रिरत्न शाक्य

भिक्षु अश्वघोष महास्थविर नेपालका जेष्ठ भिक्षु हुन्। भिक्षु जीवनले मात्र ७३ वर्षको अनुभवमा प्रवेश गरिसक्नुभएका उहाँ भिक्षु नियमअनुसार संघनायक पनि हुनुहुन्छ । सन् १९४४ को जनवरीमा भिक्षु अमृतानन्दको आचार्यत्व र ॐ चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा कुशीनगरमा प्रव्रजित हुनुभएका भिक्षु अश्वघोषलाई थेरवाद बुद्ध धर्म पुनर्जागरणको जीवित इतिहास मान्न सकिन्छ। किनभने नेपालमा पुनर्जागरण कालको पहिलो भिक्षु महाप्रज्ञालाई मानिएको छ। सन्१९२८ महाप्रज्ञा प्रव्रजित हुनुभएको कालखण्डबाट प्रारम्भ गर्दा पुनर्जागरणपछिको भिक्षु परम्परा प्रारम्भ भएको ८८ वर्ष भएको छ। ८८ वर्षको भिक्षु शासनमा आफैले ७३ वर्षको अनुभव प्राप्त गरिसक्नुभएका भिक्षु अश्वघोषलाई इतिहासको साक्षी पनि मान्न सकिन्छ । साथै उहाँलाई राज्यद्वारा चलाइएको दमन, उत्पीडिनको पीडाको भोगाईदेखि लिएर यस शासनभित्रका चिन्तन, संस्कार आदि प्रवृत्तिको र भोगाईको जीउँदो दस्तावेज पनि भन्न सकिन्छ।

मिति २०७२ जेष्ठ शुक्ल त्रयोदशीदेखि उमेरले उहाँ ९० वर्षमा प्रवेश गर्नुभएको छ। यो उमेर भनेको जीवनको उत्तरार्द्धको उमेर हो । स्वाभाविक रूपले शरीरका अङ्ग प्रत्यङ्गहरू दुर्वल हुन्छन् । तथापि भिक्षु अश्वघोषमा ती स्वभावहरू सम्पूर्ण रूपमा देखा परेको छैन। उहाँको स्मरणशक्ति कमजोर भए पनि आँखा दुरूस्त पाइन्छन्। खुट्टा कमजोर छन् तर हात चलायमान पाइन्छ। त्यसकारण भिक्षु अश्वघोष अहिले पनि लेखन र धर्म प्रचारमा लागिरहनुभएको छ। यस अर्थमा भिक्षु अश्वघोष एक कर्मयोगी पुरूष हुनुहुन्छ। नेपालको बुद्ध शासनका अध्येता र खोजकर्ताहरूले भिक्षु अश्वघोषबाट धेरै कुरा लिन सक्छन्।

भिक्षु अश्वघोषको गृहस्थ नाम बुद्धरत्न शाक्य हो । ११/१२ वर्षको



Downloaded from http://www.dhamma.digital

उमेर सामान्य रूपमा बाल्यावस्था हो । हाँस्ने, खेल्ने र रमाउने उमेर पनि यही नै हो । तर बुद्धरत्न सामाजिक प्रचलन र करकापले विवाहको वास्तविकता नै नबुझीकन कलिलो उमेरमै विवाह बन्धनमा बाँधिन बाध्य हुनुपर्‍यो । विवाह भनेको के हो ? थाहा नभइकन विवाह गर्नुको के औचित्य रह्यो ? आखिर आफ्नी आमासँग सँगसँगै भिक्षुकहाँ जाने क्रममा भिक्षुहरूको स्वभावले बुद्धरत्नको मन भिक्षुहरूतिर आकर्षित भयो र भिक्षु हुने निस्कर्षमा पुग्नुभयो। भिक्षु धम्मालोक र भिक्षु अमृतानन्दले आमा - बाबु र श्रीमतीसहितको स्विकृति नभई भिक्षु बनाउन नमिल्ने भन्नुभएपछि बुद्धरत्नलाई महाफसाद पर्‍यो । भिक्षु भै छोड्ने बुद्धरत्नको भीष्म प्रतिज्ञाप्रति सबैबाटसहमति प्राप्त भए पछिआफ्ना गुरू अमृतानन्द भन्तेसँगै कुशीनगर जानुभयो र सन् १९४४ जनवरीतिर भिक्षु अमृतानन्दको आचार्यत्व र ॐ चन्द्रमणि महास्थविरको उपाध्यात्वमा कुशीनगरमा प्रव्रजित भै श्रामणेर अश्वघोष हुनुभयो । त्यस बेला उहाँ भर्खर १६ वर्ष पुग्नुभएको थियो । भर्खर प्रव्रजित भएका श्रामणेर अश्वघोष केही महिना कुशीनगर वनारसमा बसी बौद्ध तीर्थ स्थलको भ्रमण तथा बौद्ध दर्शन अध्ययनमा सक्रिय भए । यसै समयमा नेपालमा राणा सरकारले सन् १९४४ जुलाई ३० तारिखमा भिक्षुहरू प्रज्ञानन्द,



धर्मकीर्ति विहारमा आयोजित एक कार्यक्रममा अश्वघोष महास्थविर



Downloaded from http://www.dhamma.digital

धम्मालोक, सुवोधानन्द, प्रज्ञारश्मि र श्रामणेरहरू अग्गधम्म, रत्नज्योति र कुमार काश्यपमाथि गृहस्थहरूलाई प्रव्रजित गरेको आरोप लगाई देश निकाला गरेको खबर सुनेपछि केही महिना भारतमा बसी १९४४ को अगष्टतिर आफ्ना गुरू अमृतानन्दको सिफरिसमा पालि भाषा र बौद्ध दर्शन अध्ययन गर्ने उद्देश्यले उतैबाट श्रीलंका जानुभयो । दक्षिण श्रीलंकाको मातर जिल्लामा अवस्थित भिक्षु तालिम केन्द्र महामन्तिन्द परिवेणका प्रधानाचार्य धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको उपाध्यात्वमा मे १ तारिख सन् १९४९ मा श्रामणेर अश्वघोष उपसम्पन्न भै भिक्षु अश्वघोष हुनुभयो । उपसम्पन्न भएको दुई र नेपाल छोडेको ८ वर्षपछि सन् १९५१ (वि.सं. २००८) मा सारिपुत्र र मोदगल्यान महास्थविरको पवित्र अस्थिधातु नेपाल ल्याउँदासँगै नेपाल आउनु भई केही समय बसेर पुनः श्रीलंका मै फर्कनु भई अध्ययनमा अभ्यस्त हुनुभयो ।

करिब ८ वर्षको अध्ययनपश्चात उहाँ पुनः वनारसमा आई त्यहीबाट म्याट्रिक र आइ ए उतीर्ण गर्नुभयो र बि.ए. परिक्षाको संघारमा क्षयरोगले ग्रसित भएपछि उपचारको क्रममा भिक्षु अश्वघोष सन् १९५९ मा जनवादी चीन जानुभयो । दुई वर्ष पछि चीनबाट पूर्ण स्वास्थ्यलाभ गरेर फर्केपछि भिक्षु जीवनको धर्म आचरणअनुसार सद्धर्मको प्रचार प्रसारमा निरन्तर लागिरहनुभयो ।

सबै जेष्ठ नागरिकहरू आदरणीय हुन्छन् । त्यसमा पनि गृहस्थ जीवन त्यागी भिक्षु जीवनयापन गर्ने सपथ खाएर रातदिन सद्धर्मको प्रचार प्रसारमा लागेका भिक्षु भिक्षुणीहरू पुजनीय हुन्छन् तर पुजनीय र आदरणीय भए पनि सबै व्यक्तिहरू सदा प्रिय हुँदैनन् । भिक्षु अश्वघोष पनि त्यसमा अपवाद नहुन सक्छन् तर विज्ञानको आधारमा उत्पत्ति र विनासको शाश्वत नियमलाई स्वीकार्नेदेखि लिएर बुद्धको शिक्षालाई जीवन जीउने आधारको रूपमा स्वीकार गर्ने सबै उमेर समूहका मानिसका लागि भिक्षु अश्वघोष प्रिय छन् । आफ्नो सरस र जीवनोपयोगी व्यावहारिक प्रवचनकलाले सबैको मन जित्न सफल हुनुभएको छ । त्यसको उदाहरणमध्ये भक्तपुर पनि एक हो । भक्तपुर किसानहरूको बाहुल्यता भएको ठाउँ हो तर पनि अश्वघोषको प्रवचन भन्ने वित्तिकै सबै काम छाडेर मानिसहरू उपस्थित हुने गर्छन् ।

त्यसरी नै बौद्ध संघ भक्तपुरले संचालन गरेको भिक्षु अश्वघोष महास्थविरको दुई वर्षिय प्रशिक्षण कार्यक्रम भक्तपुरका युवाहरूको लागि अत्यन्त प्रेरणादायी र लाभप्रद भएको युवाहरू स्वीकार गर्दछन् ।



Downloaded from http://www.dhamma.digital

त्यही प्रशिक्षणको नतिजा आज भक्तपुरमा क्रियाशिल 'युवा बौद्ध पुचः' र 'मैत्रेय युवा संघ' हो। उहाँकै प्रेरणाबाट एकताका बौद्ध संघ भक्तपुर महिला बौद्ध समितिको गठन, पुस्तकालय संचालनदेखि लिएर बौद्ध कथामा आधारित सांस्कृतिक कार्यक्रम जस्ता प्रभावकारी गतिविधि गर्न सफल भएको थियो । यसकारण भक्तपुरको लागि भिक्षु अश्वघोष सदैव स्मरणिय बन्न पुग्नुभएको छ।

भिक्षु अश्वघोष सबै उमेर समूहका मानिसका लागि प्रिय हुन सक्नुको अर्को कारण उहाँको व्यावहारिक प्रवचन शैली पनि हो । बुद्धका सैद्धान्तिक आधारमा विचलित नभइकन वर्तमानको वस्तुगत अवस्थासँग जोडेर प्रवचन गर्ने शैली नै भिक्षु अश्वघोषको विशिष्टता हो। भिक्षु अश्वघोषले श्रोताहरूलाई कहिले पनि दर्शन र सिद्धान्तको पछाडि एकतर्फी रूपले दौडाउने गर्नुहुन्न। दर्शनको जालो फिँजाएर परलौकिक संसारमा विचरण गराउने रहर उहाँमा छैन । वर्तमान जीवनलाई सन्तोष, सुखी, आनन्दी बनाउने उपदेश दिएर सबैको मन जित्नमा सिपालु हुनुहुन्छ- भिक्षु अश्वघोष। पुस्तक मार्फत होस् अथवा प्रवचन मार्फत होस् बुद्धको शिक्षालाई वर्तमानको साँचोभित्र ढालेर व्याख्या गर्ने सीप कलामा उहाँ पोख्त हुनुहुन्छ।


उहाँले बुद्धका व्यावहारिक एवं जीवनोपयोगी शिक्षाद्वारा मानिसलाई सही मानिस बनाउने र मानवीय चेतना जगाउने उद्देश्यले देशका सुगम एवं दुर्गम क्षेत्रमा प्रवचन, प्रशिक्षण, धर्मदेशना गर्दै आइरहनुभएको छ। त्यसैलाई केन्द्र बनाएर सयौको संख्यामा पुस्तक लेख्नुभएको छ। यस्तै भिक्षु तालिम केन्द्रको स्थापना गरी कुसाग्र क्षमताका युवा भिक्षुहरूको जमात तयार गर्ने सवालमा भिक्षु अश्वघोष महास्थविरको प्रयास ऐतिहासिक र स्तुत्य रहेको छ र तालिम केन्द्रबाट उत्पादन भएका भिक्षुहरू थेरवादी बुद्ध शासनका भरोसाजन्य शिष्यको रूपमा उपस्थित भएका छन्।

भिक्षु अश्वघोष थेरवादी भिक्षु अर्थात नेपालका संघनायक हुन् । त्यस अर्थमा उहाँ विशेष रूपमा भिक्षु नियममा आवद्ध हुनुहुन्छ । त्यसैले आफ्नो चीवरप्रति मर्यादा राखी जुनसुकै भूमिकामा जहाँ रहे पनि बुद्धको शिक्षालाई सापेक्षित भएर जोडतोडका साथ उठाउँदै आइरहनुभएको छ । पत्रिकाको स्तम्भकारको रूपमा होस् वा संसद सदस्यको रूपमा होस् वा राष्ट्रिय अन्तर्राष्ट्रिय मञ्चहरूमा होस् भिक्षु अश्वघोष महास्थविरको एउटै आग्रह हो -समाज बुद्धको शिक्षाअनुरूप संचालन गर्ने। कोशिस जारी छ- हामी भविष्यप्रति आशावादी हुनैपर्छ। अस्तु।



Downloaded from http://www.dhamma.digital

# जीवन परिवर्तनका नायक अश्वघोष भन्ते



तिर्थराज बज्राचार्य
मैत्रेय युवा संघ, भक्तपुर

**पृष्ठभूमि**

नयाँ संगठन खोल्ने, नेतृत्व गर्ने र अतिरिक्त क्रियाकलापहरूमा भाग लिने इत्यादि मेरो वाल्यावस्थादेखि अहिलेसम्मकै अभिरूचि रहेको छ। यसै प्रभावले होला नवदुर्गा फुटवल टिम, ब्राइट स्टार क्लव, बौद्ध संघ, यूवा बौद्ध पुचः इत्यादिमा कुनै न कुनै रूपमा सक्रिय रहें। त्यस्तै मुनि विहार र यहाँको रत्नज्योति भन्तेदेखि बौद्ध समकृत विहार र यहाँका विवेकानन्द भन्ते इत्यादिसँग सत्संग गर्ने मलाई अवसर मिल्यो । यी सबै सुअवसरहरूका अतिरिक्त बौद्ध संघद्वारा सञ्चालित अश्वघोष भन्तेको मंगलसूत्र सम्बन्धी पाक्षिक कक्षा मेरो जीवनमा वरदान बन्न पुग्यो।

जीवनका विभिन्न मोडहरू र त्यसबाट प्राप्त अनुभवहरूबाट ममा बुद्ध धर्मप्रति श्रद्धा र अन्धपरम्परा तथा अन्धविश्वासप्रति विद्रोहको मानसिकता देखा पर्‍यो । म यसका लागि मेरा, मित्र वसन्तरत्न बज्राचार्य र बौद्ध संघका संस्थापकहरू संघरत्न शाक्य, धर्मसुन्दर शाक्य, (हाल फ्राखु भिक्षु धम्मसोभन महास्थविर) सिद्धिरत्न शाक्य, स्व. भिमराज बज्राचार्य र पूर्ण चन्द्र, त्रिरत्न शाक्यहरूलाई सम्झने गर्छु। त्यस्तै स्व. अनागारिका बजिरमणी गुरूमाँलाई विशेष रूपमा धन्यवाद दिन चाहन्छु।

**अश्वघोष महास्थविरको पाक्षिक कक्षा**

युवावर्गको बौद्धिक विकासको लागि बौद्ध संघको आयोजनामा समयसमयमा अन्तर मा.वि. हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला विचार गोष्ठी इत्यादि बौद्धिक कार्यक्रमहरू हुने गर्थ्यो । त्यस्तै रक्तदान, फलफूल वितरण, बौद्ध पुस्तक तथा अस्थिधातु प्रदर्शन, चारधाम



Downloaded from http://www.dhamma.digital

यात्राजस्ता सामाजिक कार्यक्रम हुने गर्थ्यो भने एक समयमा विस्सन्तर नाटक र पछि सुप्रिया नाटक प्रदर्शन पनि गरिएको थियो। पाँच वर्षसम्म बौद्ध संघ कार्य समितिको सदस्य रहँदा त्यसका कार्यक्रमहरूमा संलग्न भएर धेरै अनुभव आर्जन गरे । २०४१ सालमा बौद्ध संघबाट सञ्चालन प्रत्येक दुई हप्तामा एकपल्ट कक्षा लिनुहुन्थ्यो । उहाँले मंगलसूत्र सम्बन्धी मुख्य मुख्य बुँदाहरू बोर्डमा लेख्नुहुन्थ्यो र ती बुँदाहरू कक्षामा सहभागी सबैले सारिसकेपछि पालैपालो त्यस कक्षामा पढाएको विषयमा प्रतिवेदन लेख्नुपर्ने नियम बनाउनुभएको थियो। त्यस कक्षामा



उपासक तिर्थराज बज्राचार्यबाट चीवर ग्रहण गर्दै अश्वघोष महास्थविर

भएको अश्वघोष भन्तेको मंगलसुत्र सम्बन्धी कक्षाबाट मेरो चेतनामा धेरै परिवर्तन आयो र युवा साथीहरूसँग मिलेर बुद्ध धर्मको प्रचारप्रसार र अभ्यासको लागि एउटा युवा संघ नै स्थापना हुनुपर्छ भन्ने निस्कर्षमा पुगे। अतः यस कक्षाको संक्षिप्त चर्चा गर्नु पनि सान्दर्भिक ठान्छु।

मंगलसुत्र पाक्षिक कक्षामा श्रद्धेय अश्वघोष भन्ते साँझ छ बजे धर्मकीर्ति विहारबाट बौद्ध समकृत विहारमा आएर सिकाएको विषयमा अर्को कक्षामा प्रतिवेदन दिने गरिन्थ्यो। यसबाट पहिला सिकाएको विषय पनि सम्झना हुन्थ्यो र नयाँ पाठ पनि सिक्न पाइन्थ्यो।

यस प्रशिक्षणमूलक कक्षाबाट सहभागी विद्यार्थीहरूमा बुद्ध धर्मसम्बन्धी अध्ययन गर्ने हौसला बढ्यो । उहाँले विभिन्न उपमा दिएर बुद्ध धर्मसम्बन्धी ज्ञान रोचक ढंगले सिकाउनुहुन्थ्यो । प्रशिक्षणको सिलसिलामा युवावर्गले गऱ्यो



Downloaded from http://www.dhamma.digital

भने सामाजिक हितका जुनसुकै कार्यक्रम सफल हुन्छ भन्ने उहाँको धारणा थियो। यो शब्द मेरो मनमस्तिष्कमा एउटा छाप बनेर रहन पुग्यो। त्यही कक्षाबाट मेरो मनमा भक्तपुरका युवा साथीहरू मिलेर एउटा बौद्ध संस्था बनाउन पाए हुन्थ्यो भन्ने विचार आयो।

**युवा संस्थाको आवश्यकता**

अश्वघोष भन्तेको उपरोक्त कक्षाको दौरानमा विभिन्न प्रेरणा, हौसला र जोश जाँगरका साथ भक्तपुरका केही साथीहरूको बिचमा बैठकमा म लगायत वसन्तरत्न बज्राचार्य, धर्मरन्त शाक्य, देवचन्द्र बज्राचार्य, रोशन बज्राचार्य, महेन्द्रराज शाक्य, न्हुछेकाजी बज्राचार्य, सुरेन्द्रराज शाक्य, रत्नबाबु बज्राचार्य, सुनिल शाक्य सहभागी थियौं। उक्त बैठकमा आजको परिवेशमा युवाहरूले बुद्धशिक्षा अध्ययन गर्दै जानुपर्ने र समाजमा देखा परेका विकृति, विसंगति हटाउन रचनात्मक कार्यक्रम गर्दे जानुपर्ने कुरामा वृहत छलफल भयो। यसको लागि सबै साथीहरूले एउटा युवा बौद्ध संस्था स्थापना गर्नुपर्नेमा सहमति जनाए। यसरी सबैको सहमतिअनुसार 'युवा बौद्ध पुचः' नाम राख्ने निर्णय भयो र सो निर्णय अनुसार २०४३ साल पुष ७ गते भक्तपुरमा 'युवा बौद्ध पुचः' को स्थापना भयो।

**केही महत्वपूर्ण गतिविधि**

अश्वघोष भन्तेको उपदेशबाट प्रभावित भै स्थापना भएको उक्त पुचःले स्थापनाको छोटो समयमै केही महत्वपूर्ण कार्यको थालनी गऱ्यो, जो यस प्रकार छ।

१. युवावर्गमा बुद्ध शिक्षासम्बन्धी जनचेतना जगाउनको लागि श्रद्धेय भन्ते, गुरूमाँ तथा बौद्ध विद्वानहरूबाट प्रवचन कार्यक्रम सम्पन्न।

२. भक्तपुरमा हुने पञ्चदान पर्वमा सुरापान जस्ता कुप्रथा हटाउन घरघरमा पञ्चशिल अभियान प्रारम्भ र साथसाथै पञ्चदान लिनको लागि दानगाथाको अभ्यास र त्यसको क्यासेट चक्का विक्रि वितरण एवं दानगाथा पढी पञ्चदान ग्रहण गर्ने अभियान अगाडि बढाइयो। स्मरणीय कुरा के छ भने आजकल भक्तपुरमा पञ्चदान पर्वमा सुरापान पूर्णरूपमा जनस्तरबाट प्रतिवन्धित गरिएको छ।

३. धर्म निरपेक्षताको आवाज उठाउनको लागि राष्ट्रिय सभा सदस्य भई जानुभएका अश्वघोष भन्तेलाई २०४८ श्रावण ११ गते बौद्ध संघको आयोजनामा युवा बौद्ध पुचका तत्कालीन सचिव धर्मरत्न शाक्यको वाहुलीबाट अभिनन्दन पत्र प्रदान गरियो।

४.२५२६ औं बुद्ध जयन्तीको उपलक्ष्यमा २०४९ जेष्ठ ९, १० र ११ गते भक्तपुर दरबार स्क्वायरमा बुद्ध जीवनीमा आधारित झाँकी प्रदर्शनी गरियो र यो कार्यक्रम अश्वघोष भन्तेको बाहुलीबाट



Downloaded from http://www.dhamma.digital

उद्‌घाटन भएको थियो।

५. युवावर्गलाई बुद्ध शिक्षासम्बन्धी जानकारी गराउन 'युवा बौद्ध पुचः' को सक्रियतामा २०५२ र २०५३ सालमा बौद्ध जागरण शिविर सम्पन्न भयो। जुन कार्यक्रम हिमाल बुद्धिरत्न फाउण्डेशन र रत्नायन परिवार भक्तपुरको सौजन्यबाट सञ्चालन भएको थियो।

उपरोक्त गतिविधिको दौरानमा मैले युवा बौद्ध पुचःको कार्यसमितिको १० वर्षसम्म अटुट रूपमा रही बुद्धशिक्षा अध्ययन गर्ने मौका पाएँ। कार्यक्रम बनाउनेदेखि लिएर व्यवस्थापन गर्ने र आफ्नो विचार प्रस्तुत गर्ने अवसर मलाई प्राप्त भयो। समाजमा देखा परेका विकृति र विसंगति हटाउने प्रयास र गतिविधि सञ्चालन गर्ने अभियानमा मेरो जीवनमा केही परिवर्तन भैरहेको अनुभव भयो र यस सन्दर्भमा थप केही गर्न सक्छु भन्ने जाँगर चल्यो। यस बिचमा मैले केही मात्रामा परियत्ति शिक्षा अध्ययन गर्ने अवसर पनि पाएँ। यसबाट समाजको रूढीवाढी, गलत परम्परा कम गर्न सही मार्ग भेटेको अनुभव भयो।

**अभिनन्दन र समर्पण**

यहाँ सम्मको मेरो यात्रामा पूज्य अश्वघोष महास्थविरको प्रमुख मार्गदर्शन र भूमिका रहन पुग्यो। हाल उहाँ नेपालका संघनायक भिक्षु पनि हुनुहुन्छ। उहाँको सफल जीवनबाट ममा घुलमिल भएको यो एक सुक्ष्म तरंग मात्र हो। उहाँको विस्तृत जीवनीका प्रस्तुति थप अध्ययन पछि गर्न सकिएला। यो त उहाँप्रतिको सानो सम्झना मात्र हो। यस्तै 'बौद्ध समकृत विहार, मुनि विहार, बौद्ध संघ भक्तपुर, युवा बौद्ध समकृत विहार, युवा बौद्ध पुचः' प्रति म अत्यन्त कृतज्ञ छु, जसको छायाँमा रही 'मैत्रेय युवा' संघ स्थापना हुन पुग्यो। युवा वर्गलाई बुद्ध शिक्षासम्बन्धी जनचेतना जगाउने, समाजमा देखापरेका विकृति विसंगतिलाई हटाउने उद्देश्य लिई २०५३ साल फागुन २५ गते 'मैत्रेय युवा संघ' स्थापना भएको थियो।

मैत्रेय युवा संघले स्थापना कालदेखि विविध कार्यक्रमहरूका साथै विशेषगरी स्कुल र क्याम्पसका विद्यार्थीहरूमा परियत्ति शिक्षा सञ्चालन गर्दै आइरहेको छ। परियत्ति शिक्षा पढ्ने प्रशिक्षार्थीहरूबाट विभिन्न बौद्ध संघ सस्थाले आयोजना गर्दै आइरहेका कार्यक्रम वक्तृत्वकला, हाजिरीजवाफ, निबन्ध, धम्मपद, चित्रकला प्रतियोगितामा भाग लिई उत्कृष्ट पुरस्कार प्राप्त गर्नुका साथै बुद्ध शिक्षासम्बन्धी आस्थावान् हुँदै आइरहेको छु। यस्ता गतिविधिमा प्रवृत्त हुन अश्वघोष भन्तेको प्रवचन र प्रेरणालाई एउटा उपलब्धी र गौरवको रूपमा लिने गरेको छु। तसर्थ अश्वघोष भन्तेको सु-स्वास्थ्यको कामना गर्दै भित्रि हृदयदेखि वन्दना गर्दछु।



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्ममा श्रद्धेय भन्ते अश्वघोष महास्थविरको योगदान



दीना बानिया (कंसाकार)

नेपालमा २० औं शताब्दिको प्रारम्भ अर्थात करिब ९० वर्षदेखि थेरवाद बुद्ध धर्म पुनरूत्थान भएको देखिन्छ । बुद्ध धर्म उन्नति र उत्थानको लागि सातदशक अगाडि आफुलाई प्रव्रजित जीवनमा समर्पण गर्नु हुने 'अग्गमहासद्धम्म जोतिकधज' सुप्रसिद्ध बौद्ध विद्वान संघनायक अश्वघोष महास्थविर बहुआयामिक व्यक्तित्वका धनी हुनुहुन्छ। सिद्धान्त र ग्रन्थबाहेक व्यावहारिक आचरण पनि शुद्ध हुनुपर्दछ भन्ने सिद्धान्त अंगाल्नु हुने यथार्थवादी एवं एक आदर्श भिक्षुका रूपमा उहाँ चिनिनुहुन्छ।

भगवान बुद्धको अग्रश्रावकहरू सखिपुत्र र मोद्गल्यान भन्तेहरू प्रव्रजित भइरहेको वहाल बहौलमा राखिएको मूर्तिबाट प्रेरित भई प्रव्रजित हुनुभएका बौद्ध ऋषि महाप्रज्ञाले नेपालमा बुद्ध धर्म प्रचार गर्नुभयो। यसरी बुद्ध धर्म प्रचारको क्रमलाई श्रद्धेय अश्वघोष भन्तेले जनजाति बौद्ध धर्मावलम्बीहरूलाई जागृत गराउन बौद्ध जागरण शिविर चलाउनुभयो । जसको परिणामस्वरूप बौद्ध जनसंख्या यसरी देखा पऱ्यो ।

वि.स. २०१७ -९.२५ प्रतिशत
वि.स. २०२८-७.५० प्रतिशत
वि.स. २०३७-५.३२ प्रतिशत
वि.स. २०४७-७ प्रतिशत
वि.स. २०५७-१०.७४ प्रतिशत
वि.स. २०६७-९ प्रतिशत

वि.सं. २०५७ सालमा बौद्ध तथ्याङ्क वृद्धि भएर १०.७४ प्रतिशत सम्म पुगिसकेको भए पनि वि.सं. २०६७ सालमा राजनीतिक अस्थिरताको कारणले बौद्ध जनसंख्या घटेर ९ प्रतिशतमा झऱ्यो। राजनीतिक दवावले बौद्ध जनसंख्या घटे पनि श्रद्धेय भन्ते अश्वघोष निराश हुनुभएन र बरू थप उत्साहका साथ १० वटा बौद्ध जागरण शिविर चलाउनुभयो।



Downloaded from http://www.dhamma.digital

वि. सं. २०४६ सालमा नेपालमा बहुदलीय व्यवस्था स्थापनापश्चात 'धर्म निरपेक्षता' कायम गर्न संसदमा धर्म निरपेक्षताको पक्षमा वकालत गर्नुभएको कुरा हामी सबैमा सर्वविदितै छ । बुद्ध धर्म प्रचार गर्न अर्थात 'बहुजन हिताय बहुजन सुखाय' को निम्ति आफ्नो सम्पूर्ण जीवन बुद्ध धर्ममा समर्पित गर्नुभएका उमेरमा आशामाया शाक्यसँग उहाँको विवाह भयो। तर प्रव्रजित भिक्षु हुने संस्कार भएका बुद्धरत्नको मन गृहस्थी जीवनमा रम्न सकेन र बुद्ध धर्म प्रचार गर्न तथा बुद्ध शिक्षा हासिल गर्नको निम्ति उहाँ प्रव्रजित हुन पुग्नुभयो । उहाँले समयसमयमा भनिरहनुहुन्छ, 'म चार कारणले प्रव्रजित भएको हुँ, गृह जञ्जालबाट मुक्त हुन,



दायाँबाट भिक्षु गुणघोष र कुमार काश्यपका साथ अश्वघोष महास्थविर

अश्वघोषको जन्म वि. सं. १९८३ सालमा पाटनको ओकुबहालमा बुबा चन्द्रज्योति र आमा लक्ष्मीमायाको कोखबाट कान्छा पुत्रका रूपमा भएको हो । बालविवाह गर्ने चलन भएको तत्कालीन समयमा दाजु चन्द्रदेवको विवाह हुने भएकाले आमा लक्ष्मीमायाको प्रयासमा १२ वर्षको उच्च स्तरको शिक्षा हासिल गर्न, देश विदेश घुम्ने अवसर पाउन र मुख्य कारण दुःखबाट मुक्त हुन ।' सानो छोरालाई बच्चैमा विवाह गरिदिन जिद्धि गर्नुहुने आमा लक्ष्मीमायाले बुद्ध धर्ममा दिक्षित भई धर्मको रस बुझ्नु भएपछि आफ्ना दुईजना छोरीहरू अनागारिका मागधी र



Downloaded from http://www.dhamma.digital

अनागारिका माधवीलाईसमेत प्रव्रजित गर्नुभयो । बुद्ध शासनको विनयअनुसार आमा बुबाको अनुमति प्राप्त गरी आफ्नो गुरू भिक्षु अमृतानन्दको सहयोगमा १७ वर्षको उमेरमा बुद्धरत्न शाक्य वि.सं. २००१ सालमा कुशिनगरमा ॐ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित हुनु भई श्रामणेर अश्वघोष बन्नुभयो। श्रामणेर हुनु भएपछि अध्ययन गर्ने सिलसिलामा कुशीनगरमा भारतीय बौद्ध विद्वान एवं ग्रन्थकार भिक्षु धर्मरक्षितबाट हिन्दी भाषा सिक्नुभयो । त्यसपछि पालि साहित्यको अध्ययनको लागि फेरि श्रीलंका जानुभयो। विभिन्न अध्ययन पुरा गर्नु भई वि. सं. २०१८ सालमा नेपाल आई बसोबास गर्नुभएका अश्वघोष आनन्दकुटी विहारमा १२ वर्ष वर्षावास बस्नुभयो र आनन्दकुटी विद्यापीठमा सुपरिवेक्षक भई एकदशक समय बिताउनुभयो। संचारलाई एक महत्वपूर्ण माध्यमको रूपमा लिई प्रवचनका साथसाथै पत्रपत्रिकामार्फत ज्ञान दिन सकिन्छ भनेर 'आनन्दभूमि' पत्रिका आफ्नो सम्पादकत्वमा प्रकाशन गर्नुभयो र २० वर्षसम्म सम्पादक हुनुभयो । यति मात्र होइन आफ्नो लेख रचनालाई विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्दै आउनुभयो ।

वि. सं. २०१९ सालमा नेपालमा संविधान संशोधनका क्रममा हिन्दु राज्य, हिन्दु राजा र नेपाली भाषालाई राष्ट्रिय भाषा हो भन्ने उल्लेख गरिएको सम्बन्धमा उहाँको असहमति थियो । त्यसैले वि. सं. २०२५ सालमा बौद्ध जागरण ल्याउन युवाहरूजम्मा गरी युवक बौद्ध परिषद नामक संस्था स्थापना गर्नुका साथै वि. सं. २०२८ सालमा युवा वर्गलाई बौद्ध धर्म अध्ययन गराउनको लागि अनागारिका धम्मवतीसँग मिली 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' स्थापना गर्नुभयो । सुरूमा हरेक शनिवार ४ बजे कक्षा संचालन गरी त्रिपिटक, जातक कथा बोर्डमा लेख्नु भई बुद्ध धर्म के हो भन्ने बुझाउनुभयो । माइक समाइ बोल्न सिकाउने अभिप्रायले तयार भएको रिपोर्टलाई अर्को कार्यक्रममा माइक समाइ रिपोर्ट सुनाउने र लेख्ने तरिका सिकाउनुभयो । यसको साथसाथै लेख लेख्ने तरिका सिकाउनु भई वि.सं. २०२९ सालदेखि 'धर्मकीर्ति' नामको द्वैमासिक पत्रिका प्रकाशित गर्नुभयो । यो पत्रिका हालसम्म मासिक रूपमा पूर्णिमाको दिनमा प्रकाशित भइरहेको छ । हाल उहाँ भन्ते प्रधान सम्पादक नै रहनुभएको छ । आधुनिक र सरल भाषामा पुस्तक लेखि प्रकाशित गर्नु नै उहाँको धर्म प्रचार गर्ने तरिका देखिन्छ । उहाँले आम जनतालाई धर्म बुझाउनको लागि पुस्तक र पत्रिकामार्फत नेपाल भाषा, नेपाली भाषा, हिन्दी भाषा र अंग्रेजी भाषामा सय भन्दा बढी पुस्तकहरू प्रकाशन गर्नुभएको छ। असल शिक्षाको



Downloaded from http://www.dhamma.digital

विभिन्न भाग, बौद्ध नैतिक शिक्षा, दीर्घायु हुने उपाय, बौद्ध जगतमा स्वास्थ्य सेवा, बुद्धको अर्थनीति, चित्त शुद्ध भए मात्र जीवन उज्ज्वल हुनेछ जस्ता शीर्षकका पुस्तकहरू प्रकाशित गर्नु भई हाम्रो जीवन कसरी राम्रो हुन्छ भन्ने सन्देश दिनु नै उहाँको उद्देश्य पाइन्छ।

भगवान् बुद्धले देशना गर्नुभएको कालाम सुत्रमा झैं बुद्धशिक्षा भनेको अन्धभक्त भएर ग्रहण गर्ने मात्र होइन दुःखबाट मुक्त हुने शिक्षा ग्रहण गर्नुपर्दछ। उहाँको शिक्षाको मुख्य महत्व भनेको नै दुःख मुक्त भएर निर्वाण प्राप्त गर्न नसके पनि आफ्नो जीवन सन्तोषपूर्वक बाँच्न सिक्नुपर्दछ भन्ने देखिन्छ।

भगवान बुद्धको 'चरथ भिक्खवे चरिथं बहुजन हिताय बहुजन सुखाय' प्रचार नभएको ठाउँ वनेपामा वि. सं. २०३० सालमा ध्यानकुटी विहार स्थापना गरी त्यहाँका वासिन्दाहरूलाई बुद्ध धर्मको शिक्षा प्रचार गर्नुभयो । त्यस्तै विभिन्न गाउँ ठाउँमा जानु भई बुद्ध धर्म र शिक्षा प्रसार गर्नुभयो। उहाँको उद्देश्य नै देश विदेश भ्रमण गरी त्यहाँको राम्रोराम्रो शिक्षा नेपालमा पनि लागु गर्नु हो। त्यसैले उहाँले भिक्षुहरू, श्रामणेरहरूलाई बुद्ध शिक्षाको लागि विदेशमा जान नपर्ने गरी नेपालमै वि. सं. २०३८ सालमा ढल्को स्थित संघाराम विहारमा भिक्षु तालिम केन्द्र स्थापना गर्नुभयो । जसअनुसार धेरै भिक्षुहरू दिक्षित भएको पाइन्छ। त्यहाँबाट तालिम प्राप्त गर्नेहरूमा भिक्षुहरू भद्दिय, आनन्द, कोण्डन्य, कोलित, सोभित, श्रद्धातिस्स, राहुल आदि पर्दछन्। अहिले उहाँले तालिम दिनुभएका भिक्षुहरू धर्म प्रचारमा सक्रिय पाइन्छन्। उहाँले धर्मप्रचार गर्नुका साथसाथै सेवा गर्ने अभिप्रायले वनेपाको ध्यानकुटी विहारमा वि. सं. २०५७ सालमा 'मैत्री बाल आश्रम' को स्थापना गरी अनाथ बालबालिकाहरूलाई निशुल्क रूपमा खाने, बस्ने र पढ्ने व्यवस्था मिलाउनुभएको छ।

नेपालमा बुद्धशासन उन्नति र अभिवृद्धिको लागि अथक परिश्रम र त्याग तपस्या गर्नुभएकाले म्यानमार सरकारले उहाँलाई 'अग्गमहासद्धम्म जोतिकधज' पदवीले विभूषित गरेको छ र विभिन्न बौद्ध संघसंस्थाबाट उहाँले धेरै सम्मान प्राप्त गर्नुभएको छ । ज्ञानमाला भजन खःलबाट 'ज्ञानमाला रत्नवत सिरपाः' २०५१, 'धर्मोदय पुरस्कार' सन् १९४८ वर्ष १ अंक ५ मा धर्मोदय पत्रिकामा प्रकाशित 'श्रीलंका व परिवेण' उहाँको लेखको लागि प्रदान गरेको थियो। नेपालमा थेरवाद बौद्ध इतिहासमा संघनायक श्रद्धेय अश्वघोष भन्तेले बौद्ध जागरणको लागि गर्नुभएको योगदानलाई कदर गर्नु भनेको नै उहाँले गर्नुभएको धर्म प्रचारलाई निरन्तरता दिनु हो।



Downloaded from http://www.dhamma.digital



# नारीप्रति
# अश्वघोष भन्तेको दृष्टिकोण

विजय लक्ष्मी शाक्य

श्रद्धेय अश्वघोष भन्तेले लेख्नुभएको पुस्तक 'नारीहरूमा पनि बुद्धि छ' मा उहाँ नारी प्रतिको समदृष्टि भावना यसरी पोख्नुहुन्छ।

नारीहरूलाई जति समाजमा स्थान दिनुपर्ने हो त्यति दिइएको छैन। कारण एकातिर वैदिक संस्कार र पुरूषवर्गको संकीर्ण विचार छन् भने अर्कोतिर धेरैजसो नारीहरू अशिक्षित र रूढीवादी नै छन्। जसले गर्दा नारीहरू प्रगतिशील हुन सकेका छैनन्। नारीहरूका स्थानबारे अरूको कुरा छाडौं, बौद्ध भिक्षु समाजमा पनि नारीप्रति जति हृदय फुक्का हुनुपर्ने हो त्यति भएको देखिदैन।

यदाकदा मलाई पनि लाग्छ कि मैले धेरै पुस्तकहरू लेखेर बुद्धि विलासिता देखाउन मात्र खोजिरहेको त छैन ? किनभने मेरो दृष्टि पनि जति सोझो हुनु पर्ने हो त्यति हुन सकेको छैन। जे होस् खरानी फोहर भए तापनि त्यसले माझ्दा भाँडाहरू सफा भएजस्तै, मैले लेखेको लेख र पुस्तकहरूबाट पाठकवर्गले केही ज्ञान हासिल गर्न सकेको खण्डमा म स्वयं सफल भएको ठान्छु।

बुद्ध धर्ममा मनलाई प्रमुख वा



Downloaded from http://www.dhamma.digital

अग्रस्थान दिइएको कारण यसले मानिस (पुरूष होस् वा नारी) क्लेश युक्त वा मुक्त हुन सके मनोधर्मको क्रियाकलापले पुरूष र नारीको भेदभाव गरिदैन जस्तो लागेको थियो। भगवान् बुद्ध स्वयंले 'वच्छगोत्र' नामको एक फिरन्तेको प्रश्नलाई स्पष्टसँग देशना गर्नुभएको थियो कि दुई, पाँच सय मात्र होइन असंख्य सामान्य नरनारीहरूले यो बौद्ध शिक्षालाई आफ्नो पारिवारिक जीवनमा सफलतापूर्वक अनुसरण गरेर उच्च धार्मिक अवस्था वा निर्वाणिक अवस्था प्राप्त गरेका थिए।

उदार तथा आदर्श विचारका भन्ते 'बुद्धकालिन महिलाहरूको अवस्था' पुस्तकमा प्रस्तुत लेख्नुहुन्छ- प्राणदण्ड पाएका अपराधी सत्थुकसँग आसक्त भइ भद्रा कुण्डलकेसी नामकी एक महाजनकी छोरीले विवाह गर्न पुग्छे तर उसको गहनामाथि पनि दुष्ट सत्थुकले आँखा गाढेको र तिनलाई मार्न खोजेको कारण आफ्नो श्रीमानलाई तीनपटक प्रदक्षिणा गरी एकपटक चुम्वन गर्छु भनेर बहाना गरी पछाडिबाट धकेली पहाडबाट खसालि दिन्छे।

आफ्नो श्रीमान मरेपछि आफुलाई अपराधिनी स्वीकार गर्दै बुद्ध भगवानकहाँ पुग्छे र सबै वृतान्त बताउँछे। उसको कुरा सुनेर बुद्धले भन्नुभयो-बहिनी तिमीले गरेको काम ठीक छ। ठीक ठाउँमा बुद्धिले काम लियौ। बुद्धि भनेको चिज लोग्ने मानिसमा मात्र हुन्छ भन्नु ठीक छैन आइमाईमा पनि हुन्छ 'इत्थीपि पण्डिता होति' अर्थात स्त्री पनि पण्डित हुन्छन्। स्थानोचित्त प्रज्ञा हुनुपर्छ भनी भगवान बुद्धले उसलाई भिक्षुणी बनाउनुभयो। बुद्धले उसलाई 'एत दग्गं भिक्खवे पञ्ञावन्तीनम् भिक्खूणीनं कुण्डलकेसी' अर्थात प्रज्ञावान भिक्षुणीहरूमा कुण्डलकेसी अग्रणी बनाउनुभयो।

श्रद्धेय भन्तेले आफ्नो पुस्तक 'व्यावहारिक प्रज्ञामा' बुद्धको शिक्षा व्यावहारिक रूपमा समाजमा लागू होस् भन्ने हेतुले कोशल नरेश आफ्नो रानीले छोरी जन्माउँदा बुद्धले उनलाई छोरी प्रतिको उत्साह बढाइदिनुभएको दृष्टान्त प्रस्तुत गर्नुभएको छ।

एक दिन कोशल राजा भगवान बुद्ध कहाँ गई छलफल गर्दै थिए। दरबारबाट एक सिपाही आई उनलाई कानेखुसी गरे। यतिकैमा उसको टाउको निहुरियो। त्यो देखेर बुद्धले सोध्नुभयो। 'महाराज ! दरबारबाट के खबर आयो ?' उनले जवाफ दिए- 'रानीबाट छोरी जन्माएकोमा चित्त दुख्यो।' यसमा भगवानले भन्नुभयो- 'छोरी पाउँदैमा मन दुखाउनु पर्दैन। छोरीलाई पनि राम्रो शिक्षा र तालिम दिन सके भविष्यमा राजाको



Downloaded from http://www.dhamma.digital

स्थानमा समेत बस्न सक्छन् र त्यही आइमाईले जन्माएको छोरा पछि राजा हुन सक्छ। त्यसैले राम्रो शिक्षा दिई राज्य सञ्चालनको लागि तालिम दिनुहोस्' भनेर सल्लाह दिएपछि राजाको उत्साह बढेर आयो। त्यही तथागतको सल्लाहलाई औषधिको रूपमा लिई खुशीका साथ राजा दरबार फर्के। यसरी भन्तेले छोरा र छोरीमा समानता हुनुपर्ने दृष्टिकोण बुद्धको छोरीप्रतिको दृष्टिकोण 'व्यावहारिक प्रज्ञा' मा प्रकाश पार्नुभएको छ।

यदि तल्लो तहको आइमाईले पनि राम्रो शिक्षा वा सस्कार पाए विद्वान बनी छाती फुलाउँदै बस्ने मान्छेलाई पनि अर्ति दिन सक्छन् वा उनको अर्तिले साँच्चैको विद्वान बन्न सक्ने कुरा नकार्न सकिदैन भन्ने कुरा दर्शाउन पूज्य भन्तेले बुद्धको संस्कृति र महत्व पुस्तकमा पूर्णिका दासीको उदाहरण प्रस्तुत गर्नुभएको छ।

बुद्धको प्रमुख दाता श्रावस्तीवासी अनाथपिण्डक सेंठको धेरै दास दासीहरूमध्ये एक जना पूर्णिका नाम गरेकी दासी पौष महिनाको बिहान सबेरै नदीमा पानी लिन गएकी थिई। त्यहाँ एक जना ब्राम्हण बाजे नदीको चीसो पानीमा डुबुल्की लगाएको देखेर अचम्म मान्दै सोधी- 'म त यहाँ एका बिहानै मेरो मालिकले पानी लिन गइन भनेर गाली गर्लान् भन्ने डरले पो पानी लिन आएको छु तर तपाई चाहिँ यस्तो मुटु काँप्ने जाडोमा पनि थरथर काँप्दै यो चीसो पानीमा किन डुबुल्की लगाउँदै हुनुहुन्छ ?'

उक्त ब्राम्हणले भन्यो- 'कसैको डरले होइन नदीमा नुहायो भने यो पवित्र पानीले पाप सबै बगाएर लान्छ भनेर हो।' तब पूर्णिका दासीले भनी- 'नुहाउँदैमा पाप काट्छ भने सँधै यही नदीको पानीमा बस्ने माछा र भ्यागुताहरू पापबाट मुक्त भई धर्मात्मा हुन्छन् होला नी होइन र ?'

यस्तो अनौठो र नौलो सँस्कृतिको कुरा केही नजानेको अशिक्षित केटीबाट सुनेर त्यो ब्राम्हण तीन छक्क परेर पूर्णिकालाई सोध्छ 'यस्तो कुरा तिमीले कहाँबाट सिक्यौं ?'

पूर्णिकाले भनी- 'हाम्रो गुरू बुद्धले उपदेश दिनु हुँदा सँधै चित्त शुद्ध हुनुपर्छ भन्नुहुन्थ्यो। उहाँकै उपदेश सुनी यी अमूल्य कुराहरू सिकिराखेको हुँ।' यो कुरा सुनी बाजेले यो चित्त शुद्ध हुनुपर्छ भनेको त राम्रो संस्कृति हो भन्दै यस कुरालाई स्वीकार गऱ्यो।

राम्रो सँस्कृतिलाई स्वीकार्न नसकेपछि जीवन नरक समान भई मृत्युपछि दुर्गतिमा पर्न सक्ने हुन्छ भनी वर्तमान समयमा सचेत हुनुपर्ने शिक्षालाई भन्तेले अगाडि प्रस्तुत गरी सुप्रबुद्ध कोलिय शाक्यको उदाहरण प्रस्तुत गर्नुहुन्छ। आफ्नो छोरी यशोधरादेवीलाई छोडेर गए देखि रिसाई



Downloaded from http://www.dhamma.digital

रहेको सुप्रबुद्धले शाक्यमुनि बुद्धलाई देवदह इलाकामा पाइला टेक्न नदिने मात्र होइन भिक्षा पनि प्राप्त नहुने प्रबन्ध र योजना बनाउन पुग्छ। गुण्डाहरूसाथ लिई ठूल्ठूला रूखहरू काट्न लगाई बाटो बन्द गरिदिन्छ।

गौतम बुद्ध भिक्षाटन जान पाउनु भएन । त्यो दिन भोकै बस्न वाध्य हुनुभयो । बुद्धले भिक्षुहरूलाई भन्नुभयो– 'आज नचिताएको घटना हुन पुग्यो। अचिन्तितम्पि भवति, चिन्तिन्तम्पि विनस्सति अर्थात कल्पनामा नभएको कुरो हुने गर्छ, तर कल्पना गरेको विनाश पनि हुन्छ। तिमीहरूले दुःख नमान्नु। सुप्रबुद्धले गर्न नहुने पाप गर्नु भयो । सातौं दिनमा आफुले गरेको पापको फल भोग्ने छ र भऱ्याङबाट खसेर उसको मृत्यु हुनेछ।' उसले छोरीप्रतिको माया मोहमा परी त्यत्रो पाप गर्न पुग्यो र कुशल अकुशल कार्यलाई विचार गर्न सकेन।

यो कुरा सुप्रबुद्धले सुनेर बुद्धको कथनलाई झुठो पार्ने मनसायले आफु सात दिनसम्मको लागि खानेकुरा र सेवकहरूका साथै बुइगलमा बस्न गयो र घरको भऱ्याङ निकाल्न आदेश दियो। तर उसले दिनहुँ चढ्ने घोडा आफ्नो मालिक देख्न नपाएकोमा पागल भएको कुरा सुनी ऊ हतारहतार दौडेर गयो र भऱ्याङ निकालेको ख्याल गरेन। जसका कारण त्यहाँबाट ऊ खस्यो र उसको मृत्यु भयो। यसरी आफन्तको आशक्तिमा कुशल अकुशल कार्यको ख्याल गर्न नसकेमा वा सुधारवादी संस्कृतिलाई अपनाउन नसकेमा वर्तमान जीवन दुःखमय हुन्छ भनी उहाँले सचेत गराउनुभएको छ । उहाँको लेख 'नचित्ताएको हुन्छ, चिताएको नहुने गर्छ' ले यस्तै संकेत गरेको छ।

बुद्धको सँस्कृतिको प्रचलन भएको ठाउँ वर्माको एक ऐतिहासिक र सामाजिक रोचक घटनाको जानकारी हामी पाठकलाई उहाँ भन्तेले दिनुहुन्छ कि पढ्न नजान्ने मान्छेहरूमा पनि कुशाग्र बुद्धि र अनुभव प्रशस्त पाइन्छ।

एक वेमेल दम्पतिको मेलमिलाप न्यायाधीसले तिनीहरूको छोरीको इच्छा सोद्धा 'म त आमाबाबु दुवैसँग बस्न चाहन्छु' भन्ने जवाफलाई आमा बाबु दुवैले स्वीकार गर्न बाध्य भए र छोरीको इच्छाअनुसार छुट्टिएका दम्पतिको मेलमिलाप भयो र परिवारमा शान्ति स्थापना भयो।

गौतम बुद्धले भन्नुभएको थियो कि ज्योतिषशास्त्र राशिफलमा विश्वास गर्ने सँस्कृति एकतर्फी हुने गर्छन् । र यसलाई आफ्नो विवेकले कति हदसम्म विश्वास गर्ने भन्ने कुरा आफ्नै अधिनको कुरा हो। त्यसलाई आफैले होसमा रही मुल्याङ्कन गर्नुपर्दछ भन्ने कुरा भन्तेले 'ज्योतिषशास्त्र मान्ने कि नमान्ने' भन्ने लेखमा प्रस्तुत गर्नुभएको छ।



Downloaded from http://www.dhamma.digital

श्रावस्ती नगरकी एउटी केटीसँग विहे गर्न एउटा केटो तयार हुन्छ। गाउँका केटाहरू दुलही लिन जान तयार भएर बसेको दिन उनीहरूको पुरोहित गुरूसँग जम्काभेट हुन्छ। उनीहरूले गुरूलाई प्रश्न गर्छन् –'आज विवाहमंगलको कार्य छ कि छैन वा नक्षत्र ठीक छ कि छैन ?'

आफुसँग नसोधिकन दिन निश्चित गरेकोमा रिसाएको बाजेले आकाशतिर हेरेर भन्छन् – 'आज नक्षत्र ठीक छैन, आज विवाह गरेको खण्डमा सर्वनाश हुन्छ।'

ज्योतिषको कुरा सुनेर केटाहरू दुलही लिन गएनन् । उता श्रावस्तीवासी केटी पक्षले तोकेको दिन जन्ती नआएपछि आफ्नो अपमान भएको ठानेर अर्कै केटा खोजी केटीको विवाह गरिदिन्छन्।

गाउँले केटाहरू आफ्नै सुरमा आफ्नो मंगलसमयमा केटी लिन गए । तर दुबै समूहबिच खुब झगडा भयो। यो घटनालाई लिएर भगवान बुद्धले भिक्षुहरूलाई भन्नुभयो कि राजा विम्बिसारको पुरोहित निःसन्तान थिए । विवाह गरेको १५/१६ वर्ष पछि पुत्र जन्म्यो। पुरोहितले ज्योतिष बोलाएर सोद्धा चोर हुने कुरा बताए। तर बुद्धिमान पुरोहितले आफ्नो छोरालाई असल गुरूकहाँ राखेर राम्रो शिक्षा र तालिम दिन लगाएर ज्ञानी बनाउन सफल भए । यसरी हाम्रो समाजमा प्रचलित विभिन्न प्रकारका सँस्कृतिहरूमा होस पुऱ्याइ बस्न भन्ते यस्तो कुरा राख्नु हुन्छ।

'पहिलो गुरूको हुन् ?' मा उहाँ लेख्नु हुन्छ कि बालकहरूको प्रथम पाठशाला नै घर हो । जहाँ धैरै गुरूहरू र पिता भन्दा पनि शिक्षित एक जना आमा उत्तम हुन्छ भन्ने कुरा धर्मग्रन्थमा उल्लेख छ। छोराछोरीहरूको लागि आमा नै 'परम मित्र हुन् माता, मित्तम् सके घरे' भनी बुद्ध भन्नुहुन्छ । त्यसैले आमा बुबाको छत्रछाँयामा बस्न पाउनेहरूको लागि घर नै पुण्यक्षेत्र हो।


यस्तै राम्रो वातावरण भएर नै बुद्धको उपासिका उप्पवासाबाट अरहन्त भिक्षु सिवलीको जन्म सम्भव भयो भनी भन्ते अश्वघोष घर नै राम्रो संस्कृति सिकाउने शिक्षण स्थल होस् भन्ने चाहनुहुन्छ । जसबाट समाजको लागि सुशिक्षित र अनुशासित नागरिकहरूको खाँचो पूरा होस्।

आजको जटिल समाजमा भौतिक र आध्यात्मिक उन्नति साथसाथै जान सकेमा विश्वमा शान्ति सुव्यवस्था कायम हुन सक्छ। यसको लागि बुद्धको त्रिशिक्षा शिल, समाधि र प्रज्ञाभित्रका दुःख सत्य, आर्य अष्टाङ्गिक मार्ग, सत्यजस्तो लोकोपकारी शिक्षा प्राप्त गरी 'वहुजन हिताय, बहुजन सुखाय' को लागि व्यावहारमा लगाउन सकोस् भन्ने उहाँको चाहना उहाँकै विभिन्न लेख तथा पुस्तकहरूमा पाइन्छ।



Downloaded from http://www.dhamma.digital

# हार्दिक शुभकामना



नेपालमा थेरवाद बुद्ध धर्म समुन्नति र
उत्थानको निमित्त विगत सात दशकदेखि प्रव्रजित
जीवनयापन गरिरहनुभएका हाम्रा अभिभावक **श्रद्धेय
गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं
शुभजन्मोत्सवको** उपलक्ष्यमा
उहाँको सुस्वास्थ्य तथा आयू आरोग्यको
कामना गर्दछौं ।

**रुद्रमान शाक्य, हेरादेवी शाक्य,
राजेन्द्र शाक्य, रमिला शाक्य,यज्ञशोभा
शाक्य, संगिता शाक्य,
बिना शाक्य (बज्राचार्य), सृष्टि बज्राचार्य**

Downloaded from http://www.dhamma.digital

# बौद्ध साहित्यमा अश्वघोष महास्थविर

लोचनतारा तुलाधर

सर्वप्रथम उहाँ गुरू पूज्य संघनायक श्रद्धेय अश्वघोष महास्थविरलाई कोटिकोटि वन्दना गर्दछु । जसको शिष्यत्वमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कक्षा (वि.सं. २०३१) देखि मैले आफ्नो कलम चलाउन सुरूगरें।

नेपालको बौद्ध साहित्यको क्षेत्रमा अश्वघोष भन्तेको छुट्टै स्थान रहेको छ र उहाँले नेपालमा बुद्ध धर्म प्रचारको लागि प्रवचन र सामाजिक सेवाका अलावा आफ्नो लेखनीलाई पनि विशेष माध्यम बनाउनुभएको छ।

वि.सं. २००१ (सन् १९४४) मा प्रव्रजित जीवनमा प्रवेश गर्नुभएको अश्वघोष भन्तेले श्रीलंकाको महामन्तिन्द परिवेण तालिम केन्द्रमा अध्ययनरत छँदा भारतको कलकत्ताबाट प्रकाशित 'धर्मदूत र धर्मोदय' पत्रिकामा आफ्नो मातृभाषा नेपाल भाषाबाट लेख प्रकाशित भैरहेको देख्नुभयो । त्यसताका नेपालमा नेपाल भाषाबाट पत्रिका प्रकाशन गर्न वन्देज थियो । त्यसैले प्रज्ञानन्द महास्थविर र धम्मालोक महास्थविरको पहलमा सारनाथको महावोधि सोसाइटीबाट प्रकाशित हिन्दी पत्रिका 'धर्मदूत' मा अन्तिम ४ पृष्ठ नेपाल भाषाको लागि दिने गरिएको थियो। त्यही ऐतिहासिक पत्रिका 'धर्मदूत' मा वि.सं. २००२ मा 'श्रीलंका व परिवेण' नामक लेख 'धर्मोदय'(वर्ष १, अंक ५) मा प्रकाशित भयो । उक्त लेख उत्कृष्ट भई धर्मोदय पुरस्कार'द्वारा पुरस्कृत भयो। त्यही समयदेखि हालसम्म उहाँको कलमले अवकाश पाएको छैन । त्यस्तै उहाँको पहिलो प्रकाशित पुस्तक 'गौतम बुद्ध' (वि.सं. २०१३ ने.सं. १०७६) हो। यसरी लेखन प्रारम्भ गर्नुभएका भन्तेले हालसम्म नेपाल भाषा र नेपाली भाषामा सय भन्दा बढी पुस्तक लेख्नुभएको छ।

लेख र पुस्तक लेखनबाहेक उहाँले बुद्ध धर्मको प्रचार हेतु मासिक पत्रिका प्रकाशनको थालनी गर्नुभयो । आनन्द कुटी विहारबाट प्रकाशन हुने ऐतिहासिक 'आनन्दभूमि' र धर्मकीर्ति विहारबाट प्रकाशित 'धर्मकीर्ति' पत्रिका सम्पादनमा



Downloaded from http://www.dhamma.digital



उहाँको अमूल्य योगदान पाइन्छ । 'आनन्दभूमि' मा उहाँले १८ वर्षसम्म प्रधान सम्पादक भएर काम गर्नुभयो भने वि. सं. २०२९ देखि प्रकाशित 'धर्मकीर्ति' मा हाल सम्म प्रधान सम्पादक रहनुभएको छ।

प्रत्येक लेखमा लेखकको आ-आफ्नै शैली र शिल्प प्रयोग भएको पाइन्छ । त्यस्तै अश्वघोष भन्तेको पनि आफ्नै मौलिक शैली छ। उहाँको रचना पढ्ने पाठकहरू विभिन्न प्रकारका छन् र विभिन्न टिप्पणी पनि आइरहन्छन् । तर उहाँको उद्देश्य बहुजनले भगवान् बुद्धको उपदेश बुझुन् र पढुन् भन्ने रहेको पाइन्छ। त्यसैले उहाँ जसरी बोल्नुहुन्छ, त्यसरी नै लेख्नुहुन्छ। आफु साहित्यकारको दर्जामा बस्न होइन, बहुजन हितको लागि उहाँको कलम चल्ने गर्छ। त्यसैले उहाँले क्लिष्ट भाषा र आफ्नो रचना उत्कृष्ट बनाउन विम्ब वा प्रतीक प्रयोग गर्नुहुन्न । बरू समसामयिक घटना अगाडि ल्याई व्यक्तिको व्यावहार परिवर्तनको लागि कसरत गर्नुहुन्छ। उहाँले आफ्नो प्रवचनमा जसरी बुद्धको व्यावहारिक पक्षलाई जोड दिनुहुन्छ, त्यसरी नै आफ्नो रचनामा पनि स्थान दिनुहुन्छ। अझ विशेषतः आफ्नो आत्मालोचना गरी उचित प्रसंगमा उदाहरण दिई लेख्नमा उहाँको खुबी पाइन्छ । त्रिपिटक अन्तरगतका सुत्र, ग्रन्थहरूउचित र एकदम सरल ढंगले प्रस्तुत गर्ने कला उहाँमा छ । अल्पसंख्यकका विद्वत वर्गभन्दा बुहसंख्यकका सर्वसाधारणलाई लक्ष्य गरी उहाँ लेख्नुहुन्छ। समयसमयमा आफ्नो पुस्तकको मन्तव्यमा उहाँ लेख्नुहुन्छ -'यस पुस्तकमा साधारण पाठकले बुझ्ने भाषा प्रयोग गरेको छु' उहाँ भाषा व्याकरणको घेरामा बाँधिनु हुन्न । त्यस्तै मानिसको व्यवहार सुधार्नेतर्फ उहाँ एकदम सचेत हुनुहुन्छ भन्ने एउटा रोचक



Downloaded from http://www.dhamma.digital

प्रसंग प्रस्तुत गर्छु। वि. सं. २०१६ सालमा धर्मोदयमा प्रकाशित 'कुवानि कुसंस्कृति' लेखको अन्तिम दायरामा लेख्नुहुन्छ 'विशेष धर्मोदय पाठकहरूलाई मेरो विन्ति छ– आनन्दकुटी र अरू विहारमा आउनुहुने उपासक उपासिकाहरूलाई नम्र निवेदन छ कि झ्यालबाट जुठो पानी फाल्नु फोहोर फाल्नु र थुक खकार फाल्ने बानी सुधार गर्नुहोस्। केवल पंचशील ग्रहण गरेर बुद्ध पुजा गर्दैमा तथागतको हृदयले शान्ति पाउने छैन।'

हालसम्मको रेकर्डअनुसार पूज्य अश्वघोष भन्तेको ६२ नेपाल भाषा र ६६ वटा नेपाली भाषाका पुस्तक प्रकाशन भइसकेका छन्। उहाँको पुस्तक धेरैजसो सय पृष्ठका छन्। उहाँका पुस्तकहरूमा भिक्षु जीवन, निरोगी धम्मचक्क, पवत्रन सुत्र, कर्म वा कर्मफल, बोधिसत्व, पाली प्रवेश (भाग १–२) बौद्ध ध्यान, पेकिङ स्वास्थ्य निवास आदि छन्। यस मध्ये भिक्षु जीवन र बौद्ध ध्यान नेपाली र अंग्रेजीमा अनुवाद भइसकेका छन्। समसामयिक र धेरै मानिसलाई उपयुक्त विषयका लेखहरू भन्तेले पटकपटक विभिन्न पुस्तकमा प्रकाशित गर्नुहुन्छ। जस्तै 'बुद्धि आइमाइमा पनि हुन्छ' शीर्षकको रचना 'आमाबाबुको सेवा' वि. सं. २०६० पुस्तकमा पनि छ भने 'नारीहरूमा पनि बुद्धि छ' भन्ने पुस्तकमा पनि प्रकाशित भएको छ। त्यही शीर्षकको लेख 'सम्यक शिक्षा' वि. सं. २०५२ पुस्तकमा पनि छ। वि. सं. २०५० मा प्रकाशित 'संस्कृति' पुस्तक वि. सं. २००७ साल देखि वि.सं. २०१६ सालसम्म धर्मोदयमा प्रकाशित लेखहरूको संगालो हो।

व्यावहारिक शिक्षाका पक्षपाती अश्वघोष भन्तेले बहुसंख्यक मानिसले बुद्धको शिक्षा व्यवहारमा उतारोस् भन्ने चाहनुहुन्छ। त्यसैले उहाँको कलमले आफ्नो मातृभाषा मात्र होइन खस नेपाली भाषा पनि रोज्यो। उहाँको नेतृत्वमा गाउँ गाउँमा बौद्ध जागरण शिविर संचालन भयो। जनजाति, गुरूङ, तामाङ, मगर र थारूभित्र बुद्ध सन्देश पुगेकोमा उहाँ सन्तोष मान्नुहुन्छ। सुविधा सम्पन्न काठमाडौंमा मात्र होइन बुद्ध धर्म गाउँगाउँमा पुगोस् भन्ने उहाँको धारणा छ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका धम्मानुशासक अश्वघोष भन्तेले वि. सं. २०२८ सालमा स्थापित गोष्ठीमा साप्ताहिक कक्षामा प्रवचन दिनुका साथै लेख लेख्न र पढ्न लगाउँनुहुन्थ्यो। प्रत्येक कक्षामा दुई जनाले लेख लेख्नुपर्ने र पछिल्लो हप्तामा सो लेख वाचन गर्नुपर्ने नियम थियो। यसरी सुरूवाती वर्षहरूमा गोष्ठीका धेरै सदस्यहरू लेखक लेखिका बन्न सफल भए। उक्त लेखहरू 'धर्मकीर्ति' मुखपत्रमा छापिने



Downloaded from http://www.dhamma.digital

पनि भएकाले युवाहरूमा धेरै प्रोत्साहन मिल्यो । यति मात्र होइन गोष्ठीका सदस्यहरूबाट तयार भएका राम्रा लेखको संग्रह गरी वि.सं. २०४२ मा 'विवेक बुद्धि' नामक पुस्तक पनि प्रकाशित भयो।

हालको समयमा पुस्तक प्रकाशनमा आउनुअघि लेखकले धेरै कठिनाइ पार गर्नुपर्छ । पाण्डुलिपि तयार भएर मात्र पुग्दैन। शुद्धाशुद्धि गर्नु, भुमिका लेखाउनु, प्रकाशक खोज्नु टाउको दुखाईका विषय हुन्। त्यतिका समय खर्चेर किताब लेखेर फेरी प्रकाशनको खर्चभार पनि आफै व्यहोर्नु पर्ने अर्को समस्या छ। प्रकाशित किताब बजारमा जाने र विक्रि हुने हो कि होइन भन्ने डर पनि छ। भन्तेले आफ्नो दानमा प्राप्त भएका रकम पुस्तक प्रकाशनमा खर्चेर पुस्तक दान गर्नुहुन्छ। उहाँलाई भेट्न जानेहरूलाई 'ल यो नयाँ पुस्तक' भनेर दिनुहुन्छ । दुई चारवटा पुस्तक दिएर भन्नुहुन्छ– 'अरूलाई पनि पढ्न दिनु' एउटै लक्ष्य उहाँको बुद्धको शिक्षा सबैले व्यावहारमा उतारून् भन्ने हो। पछिल्लो समयमा धेरै पुस्तकहरूका उहाँ आफै प्रकाशक बन्नुभयो । हुन त सुरूका दिनहरूमा भन्तेको धेरै पुस्तकहरू धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा प्रकाशित भएका छन् । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्ष पूज्य धम्मवती गुरूमाँले विहारका उपासक उपासिकाहरूबिच आफ्ना दिवंगत आफन्तहरूका पुण्य स्मृतिमा धर्म पुस्तक छापेर धर्मदान गर्ने चलन थालनी गर्नुभयो, जुन ज्यादै स्वागतयोग्य विषय हो । आकारमा सानो भए पनि बुद्ध धर्मका आधारभूत पुस्तकहरू धर्मकीर्ति प्रकाशनद्वारा धेरै प्रकाशनमा आइरहेका छन्। यसमध्ये अश्वघोष भन्ते र धम्मवती गुरूमाँद्वारा लिखित नै धेरै छन् । अश्वघोष भन्ते आफ्नो मन्तव्यमा यसरी लेख्नुहुन्छ । 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी द्वारा यस पुस्तक प्रकाशनमा ल्याएर मेरो लेखनशक्तिमा उर्जा थपिदिनु भएकाले अध्यक्ष धम्मवती गुरूमाँप्रति कृतज्ञ छु।' उहाँको लेखनशक्तिको कदर गर्दै उहाँका शिष्य, शिष्याहरूले पनि पुस्तक प्रकाशनमा साथ दिइरहेका छन् भने आफ्नो इच्छाअनुसार आफैले खर्चेर पनि धेरै पुस्तक छापिइरहेका छन्।

अश्वघोष भन्तेले पढेर लेखेर परिक्षामा पास भएर विद्वान बन्नुमा मान्यता दिनुहुन्न बरू व्यक्तिको व्यावहार र आचरण शुद्धिलाई प्राथमिकता दिनु हुन्छ । उहाँको पुस्तक डाक्टर वा डिग्री हासिल गर्न तथा हाजिरी जवाफमा प्रथम हुनलाई होइन जीवनको प्रत्येक पाइलामा सुधार गर्नलाई हो। पछिल्लो समयमा असल शिक्षा, पुस्तकको भाग एक देखि छ सम्म प्रकाशित हुनुले यही कुराको सन्देश दिन्छ।



Downloaded from http://www.dhamma.digital



# बौद्ध लेखनमा भिक्षु अश्वघोष महास्थविरको योगदान

फणीन्द्ररत्न बज्राचार्य

संस्कृत बौद्ध साहित्यमा बुद्ध चरित्र र सौन्दरानन्द महाकाव्य लेख्नुभएका महाकवि अश्वघोषको नाम प्रख्यात भएजस्तै नेपाल भाषाको बौद्ध साहित्यमा भिक्षु अश्वघोष महास्थविरको नाम उच्च स्थानमा रहेको छ। उहाँले लेख्नुभएका नेपाल भाषाका ८३ वटा पुस्तक र उहाँको प्रधान सम्पादकत्वमा प्रकाशित भैरहेका दुईवटा बौद्ध मासिक पत्रिका 'आनन्दभूमि' र 'धर्मकीर्ति' रहेका छन्। त्यस्तै उहाँले नेपाली भाषामा पनि पुस्तकहरू लेख्नुभएको छ र हाल उहाँको प्रकाशित पुस्तकहरूको नाम तालिका लामो भैसकेका छन्।

नेपाल भाषामा बौद्ध साहित्य दुई खेमामा अगाडि बढेको पाइन्छ। एक महायानी बौद्ध साहित्य र अर्को थेरवादी बौद्ध साहित्य। थेरवादी बौद्ध साहित्यमा पनि दुईवटा हाँगाहरू छन्–एक अनुवाद साहित्य र अर्को मौलिक साहित्य। भिक्षु अश्वघोष महास्थविर मौलिक साहित्यअन्तर्गत पर्दछन्। प्रायः थेरवादी भिक्षुहरूले अनुवाद साहित्य नै



Downloaded from http://www.dhamma.digital

बढी लेख्ने गरेका पाइन्छ। मौलिक रूपमा बौद्ध साहित्य लेख्नेहरू कममात्र हुनुहुन्छ। त्यसमध्ये उच्चकोटीको लेखकको नाम लिनुपर्दा भिक्षु अश्वघोष महास्थविर र भिक्षु सुदर्शन महास्थविर हुनुहुन्छ।

नेपाल भाषा साहित्य संस्कृतिमा सम्पन्न भाषा भए तापनि राणा शासनकालमा नेपालमा नेपाल भाषाबाट पुस्तक र पत्रपत्रिका प्रकाशन गर्ने स्वतन्त्रता थिएन। अतः भिक्षु कर्मशील र भिक्षु प्रज्ञाभिवंशको नाममा भिक्षु प्रज्ञानन्द महास्थविर र भिक्षु धर्मालोक महास्थविहरूले विदेशमा गई पुस्तक छापी नेपालमा भित्र्याएका थिए । नेपालमा पत्रिका प्रकाशन गर्न नपाईने हुनाले सारनाथको महावोधि सोसाइटीबाट हिन्दी भाषाका 'धर्मदूत' पत्रिकाको अन्तिम ४ पृष्ठ नेपाल भाषालाई दिने निर्णय भयो। यही 'धर्मदूत' पत्रिकामा भिक्षु अश्वघोष महास्थविर श्रामणेर रहँदा पूर्णाङ्क १०९, वि. सं. २००१ मा 'प्रेमं हे जक दुःख बीगु खः'(प्रेमले मात्र दुःख दिने हो) शीर्षकको निबन्ध प्रकाशित भयो । त्यो उहाँको मौलिक लेख हो र उक्त लेख प्रकाशित भएको ७० वर्ष पुगेको छ। उहाँको लेख मैले सर्वप्रथम पढेको पनि त्यही 'धर्मदूत' पत्रिकामा हो।

श्री ३ जुद्ध शम्शेरको शासनकालमा नेपाल भाषामा लेख्ने कविहरू र लेखकहरू फत्तेबहादुर सिंह, चित्तधर हृदय र सिद्धिचरण श्रेष्ठलाई प्रज्ञापरिषदको राजनीतिक पर्वसँग जोडेर तत्कालीन सरकारबाट जेल हाल्ने र नेपाल भाषाबाट बौद्ध धर्मको उपदेश (देशना) दिने भिक्षुहरूलाई बुद्ध जन्मभूमि नेपालबाट देश निकाला गर्ने काम भयो । यसबाट अत्यन्त विछिप्त हुन पुगेका भिक्षु अमृतानन्द र उपासक मणिहर्ष ज्योतिको प्रयासबाट इ.सं. १९४४ मा सारनाथमा ॐ चन्द्रमणि महास्थविरको अध्यक्षतामा 'धर्मोदय सभा' नामक एक बौद्ध संस्थाको स्थापना र कालिङपोङबाट 'धर्मोदय' नामक बौद्ध मासिक पत्रिका प्रकाशन भयो। उक्त पत्रिकामा भिक्षु अश्वघोष महास्थविरका लेखहरूप्रकाशित हुन थाले । श्रीलंका, भारत र नेपालमा जहाँ रहे पनि बुद्ध धर्म र समसामयिक विषयमा लेखहरूलेखी उहाँले प्रकाशित गर्नुहुन्थ्यो। उक्त 'धर्मोदय' पत्रिकामा प्रकाशित उहाँको 'लंका व परिवेण' (लंका र परिवेण) शीर्षकको लेखले सर्वप्रथम धर्मोदय पुरस्कार (नेस. १०६८) वि. सं. २००३ मा प्राप्त गर्‍यो । नेपाल भाषामा लेख लेखी उहाँले प्राप्त गर्नुभएको पहिलो पुरस्कार यही हो।

नेपालमा प्रजातन्त्र प्रादुर्भाव भएदेखि नेपाल भाषा साहित्य र बौद्ध धर्मको क्षेत्रमा जागरण आयो। भिक्षु अमृतानन्द



Downloaded from http://www.dhamma.digital

महास्थविर र न्हुछे बहादुर बज्राचार्यको सक्रियतामा वि. सं. २००८ मा सर्वप्रथम आनन्दकुटी विहारमा आनन्दकुटी विद्यापीठको नाममा छात्रावाससहित बौद्ध विद्यालय स्थापना भयो। भिक्षु अश्वघोष महास्थविर आफ्नो भारतको अध्ययन सम्पन्न गरी आनन्दकुटी विद्यापीठमा सुपरिटेन्डेण्ट भई कार्यरत रहनुभयो। म पनि कलकत्तामा 'धर्मोदय' को कामलाई विश्राम दिई त्यही विद्यापीठमा शिक्षक भई काम गर्न थालें।

भिक्षु अश्वघोष महास्थविरले 'धर्मोदय' पत्रिकाबाट प्राप्त गरेको अनुभवलाई पूर्णता दिन आनन्दकुटी विहारबाट 'आनन्दभूमि' बौद्ध मासिक पत्रिका प्रकाशित गर्नुभयो। उहाँले मलाई त्यस आनन्दभूमि'पत्रिका पठाई रहनु हुन्थ्यो। त्यसपछि म जागिरको सिलसिलामा काठमाडौं बाहिर जानु पर्ने भएकाले 'आनन्दभूमि' हेर्ने मौका पाइन र मेरो लेख लेखी पठाउने कार्यले पनि निरन्तरता पाउन सकेन।

पहिले पहिले उहाँले लेख लेखी पत्रिकाहरूमा प्रकाशित गर्ने मात्र गर्नुहुन्थ्यो। पछि उहाँले पुस्तक नै प्रकाशन गर्न थाल्नुभयो। उहाँको पहिलो प्रकाशित पुस्तक गौतम बुद्ध (सह लेखन) ने. सं. १०७६ (वि.सं. २०११) मा प्रकाशित भएको देखिन्छ। तत्पश्चात उहाँले पुस्तक प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिनुभयो। पहिले नेपाल भाषामा र पछि नेपाली भाषामा पनि एक पछि अर्को पुस्तकहरू निरन्तर रूपमा प्रकाशित गर्दै आउनुभयो। उहाँले प्रकाशन गरेका पुस्तकहरू प्राय सय पेजसम्मका हुने गरेका छन्।

भिक्षु अश्वघोष महास्थविका पाठकहरू सर्वसाधारण उपासक उपासिकाहरू हुन्। उहाँको लेख वा पुस्तक लेखनको उद्देश्य भगवान बुद्धले देशना गर्नुभएका बुद्ध धर्मलाई सहजरूपमा प्रष्टसँग बुझाउनको लागि हो। यसलाई राम्रो व्यावहारमा कसरी उतार्ने भन्ने सिकाउनु उहाँको अर्को उद्देश्य रहेको छ। कथा (प्रवचन) सुन्ने र पढ्ने भनेको केवल सुन्न र पढ्नको लागि मात्र होइन, ज्ञान प्राप्त गर्नको लागि हो। उहाँलाई मन पर्ने भाषा आफ्नो मातृभाषा हो र नेपाल भाषामा नै लेख लेख्न, प्रवचन दिन र बोल्न रूचाउँनुहुन्छ। तथापि अन्य भाषाहरूलाई पनि उहाँ उत्तिकै सम्मान गर्नुहुन्छ।

उहाँ एक थेरवादी बौद्ध भिक्षु हुनुहुन्छ। त्यसैले उहाँ थेरवाद बौद्ध धर्मसम्बन्धी लेख र पुस्तकहरू लेख्नु हुन्छ। उहाँको पुस्तकको नामले नै विषय बोधगम्य हुन्छ। जस्तो कि गौतम बुद्ध, त्रिरन्त वन्दना, तथागत हृदय, बौद्ध शिक्षा, बौद्ध ध्यान, भिक्षु जीवन, बौद्ध संस्कार



Downloaded from http://www.dhamma.digital

पञ्चशील तथा त्यागः, बाखंः, बाखंया फल, चरित्र पुचः, चमत्कार नारी, हृदय, हृदय परिवर्तन, शान्ति, विवेक बुद्धि आदि।

भिक्षु अश्वघोष महास्थविर बुद्ध धर्ममा अब्बल दर्जाको देश श्रीलंका, बुद्ध धर्म लोप भई फेरि पुनरूत्थान भएको देश भारत र धर्म नै नमान्ने देश ची( नमा बसोबास गर्नुभएकाले उहाँको बुद्ध धर्मप्रति फरक मान्यता पाइन्छ। त्यसले गर्दा नै उहाँमा प्रगतिशील र उदार भावना प्रस्फुटन भएको हुनुपर्दछ। अतः अरू भिक्षुहरूको तुलनामा उहाँको आफ्नो छुट्टै मौलिक व्यक्तित्व रहेको छ। यो उहाँको मौलिक व्यक्तित्व कतिलाई मन पर्ने गर्छ त कतिलाई मन नपर्न पनि सक्छ।

थेरवादी पालि साहित्य र अपेक्षा महायानी बौद्ध संस्कृत साहित्यमा बोधिसत्व चर्यालाई विशेष महत्व दिइएको पाइन्छ। अतः महायानलाई बौधिसत्वयान भन्ने पनि प्रचलन रहेको छ। थेरवादीमा व्यक्तिगत निर्वाणलाई उच्च प्राथमिकता दिइएको छ भने महायानमा सर्वसत्व प्राणी उद्धार गर्नेमा बढी जोड दिइएको छ। यही कुरालाई मनन गरी भिक्षु अश्वघोष महास्थविरले 'बोधिसत्व' नामको पुस्तक लेख्नुभएको छ। त्यसमा उहाँले मानवता र सहयोगका सन्दर्भहरू प्रस्तुत गर्नुभएको छ।

भिक्षु अश्वघोष महास्थविरको कार्यक्षेत्र विशाल छ। उहाँ एउटै कार्यक्षेत्रमा मात्र सिमित रहनुहुन्न। कहिले आनन्दकुटी विद्यापीठमा सुपरिटेन्डेन्ट भई कार्यरत रहनु भयो भने कहिले संघाराम विहार निर्माण कार्यमा संलग्न रहनुभयो। त्यस्तै कहिले सांसद हुनुभयो भने कहिले लुम्बिनी विकास कोषको उपाध्यक्ष बन्नुभयो।

कुनै पनि भिक्षुको काम धर्म प्रचार गर्नु हो। धर्म मानव जीवन सहजरूपमा ब्यतित गरी अन्तमा सुगति फल प्राप्त गर्ने मार्ग हो। धर्म प्रचार गर्न केवल कथा वाचन गरेर मात्र पुग्दैन। त्यसको लागि जनसमुह भेला हुने ठाउँ पनि चाहिन्छ। त्यसैले उहाँले काठमाडौंमा संघाराम विहार र वनेपामा ध्यानकुटी विहार निर्माण गर्नुभयो।

उहाँको लेखनमा जुन किसिमको शैली छ कथा वाचनमा पनि आफ्नो छुट्टै किसिमको तौरतरिका पाइन्छ। कथा (धर्मोपदेश) सुन्ने उपासक उपासिकाहरूका अनुसार 'अश्वघोष भन्तेको कथा सुन्दा रमाइलो लाग्छ। उहाँले धर्मको कुराहरू प्रष्टरूपमा बुझ्ने गरी सुनाउनुका साथै आफ्नो गल्ति सच्याउने र भुलेको कुराहरू पटकपटक गरेर सुनाउनुहुन्छ। कथा वाचनको क्रममा आफु पनि हाँस्ने र अरूलाई पनि पेट मिचिमिचि हसाउने उहाँको स्वाभाव



Downloaded from http://www.dhamma.digital

पाइन्छ। मैले यसो भन्नु पर्नेमा त्यसो भन्न पुगेछु। मेरो स्मरण शक्ति कमजोर छ। कहिले काहिँ त रिस पनि उठ्छ। मनलाई बाँध्न गाऱ्हो छ भनी आफ्नो मनका कुराहरू सुनाउनुहुन्छ। उहाँमा लुकाएर राख्ने केही कुरा छैन। सबै प्रष्टरूपमा बताउनुहुन्छ। उहाँको कथा (धर्मोपदेश) सुन्दा मन नै आनन्दित हुन्छ।'

धैरै पत्रपत्रिकाहरूमा सबभन्दा बढी लेख लेख्नेहरूको नाम लिनुपर्दा भिक्षु अश्वघोष महास्थविर नै अग्रपंक्तिमा पर्नुहुन्छ। अरूभन्ते (भिक्षु) हरूले बौद्ध पत्रिकामा बाहेक अरू पत्रपत्रिकाहरूमा लेख लेख्ने गर्नुहुन्न। तर उहाँ सबै पत्रपत्रिकाहरूमा लेख्ने गर्नुहुन्छ। त्यसका अतिरिक्त भाषा, संस्कृति, विपश्यना, शिक्षा, यात्रा र अरू विविध विषयहरूमा पनि लेखहरू लेख्नुभएको पाइन्छ। उहाँको उमेर ९० वर्ष पुगे पनि उहाँको कलम भने अविरल चलि नै रहेको छ। अन्तमा उहाँ भन्तेको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछु।

मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामिक सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं।

अनागारिका पुण्यवती गुरुमाँ

एवम्

शाक्यमुनि कीर्ति विहार परिवार

सतुङ्गल, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# नारी शिक्षाका अभियन्ता अश्वघोष महास्थविर



रमिला शाक्य
प्रधानाध्यापक
यशोधरा बौद्ध विद्यालय

नेपालका वर्तमान संघनायक अश्वघोष महास्थविर हाम्रो प्रेरणाको श्रोत हुनुहुन्छ। उहाँ स्पष्ट वक्ता, असल मार्गनिर्देशक, योग्य गुरू तथा कुशल उपदेशकका रूपमा चिनिनुहुन्छ। उहाँ एकान्तप्रिय, मिहिनेती, अनुशासित र वरिष्ठ बौद्ध लेखक हुनुहुन्छ। समानता उहाँको अर्को विशेषता हो। अनाथ बालबालिका र असहायप्रति उहाँको अनुपम प्रेम र श्रद्धा पाइन्छ। उहाँ धनी, गरिब, बालक, वृद्ध, ठूला, साना, महिला र पुरूष सबैलाई समान किसिमको व्यवहार गर्नुहुन्छ।

उहाँ आफ्ना गल्ती र कमी कमजोरीहरूलाई लुकाएर र दबाएर राख्नुहुन्न। आफ्नो नराम्रो बानी, व्यवहार र स्वभावको बारेमा सबैसँग खुलेर अभिव्यक्त गर्नुहुन्छ। उहाँले बौद्ध साहित्यमा अनगिन्ती पुस्तकहरू रचना गरेर सरल भाषामा प्रकाशित गर्नुभएको छ। शिक्षालाई सामाजिक चेतनाको निर्विकल्प साध्यका रूपमा लिएर वि. सं. २०२२ सालमा ललितपुरमा यशोधरा बौद्ध विद्यालय उहाँले नै स्थापना गर्नुभएको हो। वि.सं. २०६२ देखि वि. सं. २०६५ सम्म उक्त स्कुलमा सल्लाहकारको रूपमा संलग्न रहेर परियत्ति छात्रवृत्ति कोषको लागि यस स्कुलमा उहाँले 'एक लाख' अक्षयकोष खडा गर्नुभएको छ। समानुपातिक शिक्षाका पक्षधर नारी शिक्षाका अभियन्ता, गरिब तथा जेहेन्दार विद्यार्थीका अभिभावक एवम् स्थविरवाद बुद्ध धर्मका प्रवर्द्धक तथा प्रचारक श्रद्धेय अश्वघोष भन्तेको ९० औं जन्मोत्सवको विशेष अवसरमा सूचकले अश्वघोष विशेष पुस्तक प्रकाशन गर्न लागेकोमा खुसी प्रकट गर्दै पुस्तकको सफलता र श्रद्धेय भन्तेप्रति दीर्घायुको शुभकामना व्यक्त गर्दछु।



Downloaded from http://www.dhamma.digital

# भिक्षु अश्वघोष: सरल र गहन व्यक्तित्वका धनी



केशरी बज्राचार्य

नेपालका दीर्घजीवि भिक्षुहरूमा भिक्षु अश्वघोषको व्यक्तित्व सरल छ । गहन छ । ओजपूर्ण छ । उहाँको हरेक वचन युक्तीसंगत छ। उहाँ सितिमिति कुनै पनि कुरा बोल्नुहुन्न। बोलेको कुरा मननयोग्य हुन्छ। २०१८ सालदेखि मैले आनन्दकुटी विद्यापीठमा उहाँ सँगसँगै शिक्षक भइ काम गर्ने अवसर पाएकी छु । बुद्ध उपदेशका हरेक पक्षमा उहाँका विचारहरू शिक्षाप्रद छन्। संक्षिप्त तर उद्देश्यमुलक पुस्तकहरू प्रकाशन गर्नुभएको छ । नेपालका गाउँ गाउँमा गएर बुद्ध धर्म प्रचार गर्नुभएको छ। यो उहाँको बिशेषता हो। शिल समाधि र प्रज्ञाको व्यावहारिक ज्ञान मैले उहाँहरूबाट नै पाएकी हुँ। आनन्दकुटी विद्यापीठमा शिक्षण पेशामा रहँदा दिवंगत भिक्षु कुमार काश्यपले स्कुलमा बिहान कक्षा सुरू हुनुभन्दा अगाडि शिल प्रदान गर्नुहुन्थ्यो । त्यसले विद्यार्थीहरूमा नयाँ उर्जा थपेको मैले अनुभव गरेकी छु।

भिक्षु अश्वघोष, भिक्षु कुमार काश्यप र न्हुच्छे बहादुर माठसाबले श्रीलंकामा सँगसँगै बुद्ध धर्मको शिक्षा हासिल गर्नुभएको थियो। उहाँहरूले त्यस बेला निकै कठिन परिस्थितिको सामना गर्नुभएको थियो । समुन्द्रको किनारमा बालुवाको तातो राप सहँदै नरिवलको रूख मुनि हिँडिरहेको बेला बाँदरले खसाएको नरिवल बटुलेर खाँदै बुद्ध शिक्षा हासिल गर्नु त्यति सहज कुरा थिएन । यो कुरा भिक्षु कुमार काश्यपले कुनै बेला आफ्नो संस्मरणमा भन्नुभएको थियो । अन्ततः भिक्षु कुमार काश्यप र भिक्षु अश्वघोषले नेपाल फर्किएर बुद्ध धर्मको प्रचारका लागि आनन्दकुटी विहारमा बसेर जुन कार्य गर्नुभयो- त्यो आफैमा चिरस्मरणीय छ। भिक्षु अश्वघोष भन्ते बुद्ध उपदेशलाई व्यावहारिक बनाउनुपर्छ भन्ने कुरामा



Downloaded from http://www.dhamma.digital

विश्वास राख्नुहुन्छ। आनन्दकुटी विहारमा बस्नुभएको बेला खरेटो लिएर विहारको आगनमा थुप्रिएको रूखका पातहरू आफै बढार्नुहुन्थ्यो । उहाँको यो कार्य अरूका लागि प्रेरणा दिने खालको छ । उहाँकै सक्रियतामा क्षेत्रपाटी ढल्कोमा भिक्षु तालिम केन्द्र संचालन भएको छ। अनेक बिघ्नबाधा आएको भए पनि त्यसलाई पार गर्दै नेपालमा नै नयाँनयाँ श्रामणेर हरूलाई शिक्षादीक्षा दिने कार्यमा उहाँको योगदान रहेको छ।

उहाँले नेपालमा बुद्ध धर्म अपनाउने बौद्धहरूको हक हित संरक्षणको लागि राष्ट्रिय सभामा मनोनीत भएर जानुहुँदा पटकपटक आवाज उठाउनुभएको थियो । नेपालमा २०४७ सालको संविधानमा हिन्दु अधिराज्य लेखिएको बिरूद्ध त्यस बेला नै धर्मनिरपेक्ष राष्ट्रको माग गर्नुभएको थियो। तत्कालीन नेपाली काँग्रेसको सरकारले हिन्दु अधिराज्य घोषणा गराएकोमा त्यसको बिरोध गर्दै आनन्दकुटी विहारमा भइरहेको बुद्धजयन्ती समारोहको अवसरमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको उपस्थितिमा नै नेपाली काँग्रेसको झण्डामा रहेको 'चार तारा मध्ये एक तारा धार्मिक स्वतन्त्रताको प्रतिक भनिए पनि एक तारा खसेको' टिप्पणी गर्नुभएको



धर्मदेशनाका क्रममा अश्वघोष महास्थविर



Downloaded from http://www.dhamma.digital

थियो । यसरी उहाँ समस्त बौद्धहरूको भावना र चाहनालाई अगाडि बढाउन अग्रसर हुनुभएको ज्वलन्त दृश्टान्त छ । यस्ता अभिव्यक्ति सार्वजनिक गर्नु भएपछि कतिपय मानिसहरूले उहाँलाई बिबादमा मुछ्ने प्रयत्न गरेका थिए । तर उहाँ यस्ता कुराबाट कहिल्यै पनि बिचलित हुनुभएन । उहाँलाई मानिसहरूले एमाले भन्ते भनेर समेत भन्ने गरेका थिए । तर यसबाट पनि उहाँ बिचलित हुनुभएन । समस्त बौद्धहरूको हक हितका लागि अग्रसर भइरहनुभएको छ ।

नेपालमा अहिले संविधानसभाबाट नै लोकतान्त्रिक, गणतन्त्रात्मक धर्म निरपेक्ष राष्ट्र घोषणा भइसकेको अबस्था छ । उहाँ जस्ता विचारवान धार्मिक व्यक्तित्वहरूको साहस,धैर्य र निरन्तर आवाजका कारण नेपाल धर्मनिरपेक्ष राष्ट्र घोषणा भएको हो । यति हुँदाहुँदै पनि त्यसका बिरूद्ध लाग्नेहरूको कमी छैन । धर्म निरपेक्ष राष्ट्र घोषणा हुनु राष्ट्रकै हितमा छ । जुनसुकै धार्मिक आस्था र विश्वासमा रहने जनताका लागि राज्यले समान व्यबहार अपनाउनु नै धर्म निरपेक्षताको मुल सिद्धान्त हो । धर्म निरपेक्ष भन्नु धर्म नमान्ने राष्ट्र कदापि हैन र जनसंख्याको आधारमा जनमत संग्रह गर्नुपर्ने बिषय पनि हैन । राज्यको आफ्नो कुनै एकमात्र धर्म हुँदैन । तथापि नयाँ संबिधानले परम्परागत चलिआएको सनातन धर्मको रक्षागर्दै धर्म निरपेक्ष राष्ट्र घोषणा गरेको छ । जग हसाउने काम गरेको छ । भिक्षु अश्वघोष भन्ते समकालीनहरूमा स्पष्ट वक्ताका रूपमा परिचित हुनुहुन्छ । उहाँको व्यक्तित्वलाई नियाल्दा थुप्रै कुराहरू स्मरण हुन्छ । बुद्ध उपदेशको व्याख्यान सहितको ठूला ठूला ग्रन्थहरू हैन साना साना पुस्तकहरू प्रकाशन गर्नु भएर थुप्रै जिज्ञासुहरूको ज्ञानको भोक मेटाइ दिनुभएको छ । यो उहाँको विशेषता हो । संक्षिप्त र स्पष्ट भाषा शैलीमा नेपाल भाषा र नेपालीमा लेखिएका थुप्रै पुस्तकहरू प्रकाशन गर्नुभएको छ । उहाँका पुस्तकहरू ज्ञानबर्धक र उपयोगी छन् ।

स्वाभीमान कुनै पनि व्यक्तिको निजी स्वभाव हो । तर यस्ता कुरालाई नबुझिकन कसैकसैले अभिमानी ठान्दछन् । अभिमान आफैमा गुण हैन । अभिमान गर्नु एक प्रकारले घमण्ड नै हो । तर स्वाभीमान घमण्डको अर्थमा हेरिँदैन । अबुझ मानिसहरू स्वाभीमानी व्यक्तिलाई अभिमानी ठान्ने भुल गर्छन् । भिक्षु अश्वघोष स्वाभीमानी हुनुहुन्छ भन्दा अतिसयोक्ती मानिने छैन । आफ्नो देशप्रति बफादार हुनु कसैसँग भय वा डर त्रासका कारण नझुक्नु स्वाभीमान हो । स्वाभीमानी व्यक्तिहरूमा एक प्रकारको असल गुण निहित हुन्छ । तथापि त्यसलाई



Downloaded from http://www.dhamma.digital

हम्मेसी प्रकट गर्दैनन्। आफुमा अरूभन्दा भिन्न किसिमको अनुभव र ज्ञान भएका व्यक्तिहरू स्वाभीमानी हुन्छन् भन्ने मेरो अनुभव छ। भिक्षु अश्वघोषमा भिन्न प्रकारको विचार भावना र ज्ञानको अनुभव देखिन्छ।

आफुलाई मनमा लागेका कुनै पनि विचार सबैका अगाडि निर्धक्क व्यक्त गर्न सक्ने व्यक्तिका रूपमा स्वाभीमानी व्यक्तिको पहिचान हुन्छ । यस्ताखाले स्वभाव र व्यक्तित्व भएका मानिसहरू समाजमा पाउन प्रायःमुस्किल हुन्छ । अरूका बिषयमा राम्रो अध्ययन नगरी हल्का फुल्का टीप्पणी गर्ने स्वभाव उहाँमा देखिदैन । व्यक्तिको सही पहिचान गर्ने खुबी र क्षमता उहाँमा पाइन्छ । यही कारण उहाँ बाहिरबाट सरल देखिए पनि भित्र अत्यन्त गम्भीर हुनुहुन्छ।

आजका बालबालिकाले ठूलो मान्छे बन्ने हैन । असल मान्छे बन्नुपर्छ भन्ने कुरामा उहाँ विशेष जोड दिनुहुन्छ। उहाँ चलनचल्तीको भाषामा बालबालिकाले ठूलो मान्छे बन्नुपर्छ भन्ने पुरातनबादी सोचलाई बदलेर असल मान्छे बन्नुपर्छ भन्ने सन्देश दिन चाहनुहुन्छ।


**मंगलमय शुभकामना**

**नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामि**
**सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार**
**श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं**
**शुभजन्मोत्सवको पावन अवसरमा उहाँको आध्यात्मिक**
**सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछु।**

**दिलशोभा शाक्य**
**तथा**
**वेदकुमारी शाक्य परिवार**




Downloaded from http://www.dhamma.digital

# श्रद्धेय अश्वघोष भन्ते : आा गर्दा अलङ्कार झल्काउने



घनश्याम राजकर्णिकार

श्रद्धेय अश्वघोष भन्ते अर्थात् भिक्षु अश्वघोष महास्थविरसँग मेरो चिनापर्ची, उठ्बस, परिचय भएको धेरै भइसक्यो। श्रद्धावश उहाँकहाँ म कहिलेकाहीँ जाने गर्छु। हुन त म आफ्नै काममा व्यस्त हुनु पर्ने हुँदा चाहेर पनि उहाँ श्रद्धेय भन्तेकहाँ म नियमित रूपमा जान सकेको छैन। तैपनि जतिपटक उहाँकहाँ पुगेँ त्यति नै पटक उहाँबाट मैले मधुरो आत्मीय व्यवहार पाएको छु। हर एकपटक भेट्दा सर्वप्रथम सुलक्षणको रूपमा मैले पाउने भनेकै उहाँको मन्द मुस्कान हो। उहाँसमक्ष म प्रस्तुत हुनासाथ मलाई देखेर उहाँ मुसुक्क हाँस्नुहुन्छ। Smiling is beautiful भने झैँ उहाँको मन्द मुस्कानबाट म गद्‌गद् हुने गर्छु। कहिले काहीँ केही कारणवश मेरो मन अशान्त हुने गर्दा र त्यस्तो बेला उहाँ भन्तेसँग भेट हुँदा मेरो अशान्त मनमा निमेषभरमै शान्ति छाउने गर्छ। यो नै मेरो लागि ठूलो उपलब्धि र जीवन जिउने आधारशिला हो।

श्रद्धेय अश्वघोष भन्तेमा मैले पाएको एउटा अर्को हिसीलाग्दो कुरा छ, जसलाई मैले यहाँ उल्लेख गर्नु मेरो स्वधर्म ठान्दछु। म लेखपढ गर्न रूचि राख्ने भएकोले हो कि कुन्नि, जति पटक म उहाँलाई भेट्न उहाँ बस्नुहुने विहारमा जाने गर्छु त्यति नै पटक उहाँले २/४ ओटा पुस्तकहरू मेरा हातमा थमाउने गर्नुहुन्छ। उहाँबाट यसरी पुस्तकहरू पाउँदा मेरो छाती गर्वले धक्क फुल्ने गर्छ। म प्रतिको उहाँको माया साँच्चै एकजना अभिभावकको मायाभन्दा कम छैन।

'कयाँ दैमुख, वियाँ फुइमखु' अर्थात् लिएर पुग्ने होइन, दिएर सकिने होइन'भन्ने नेवारी उखानका मर्मज्ञ हुनुहुँदो रहेछ श्रद्धेय भिक्षु अश्वघोष



Downloaded from http://www.dhamma.digital



महास्थविर। भिक्षु-भिक्षुणीहरूको जीवन विशेषगरी उपासक उपासिकाहरूको दान प्रदानबाट सञ्चालन हुने गर्छ। उहाँहरूको आयश्रोत कहिँ कतैबाट हुने गरेको पाईदैन । अतः भिक्षु जीवन एक कठोर तपस्या हो। हुन त थाइल्याण्ड, म्यानमार, श्रीलङ्का, जापान, कोरियाजस्ता दक्षिण पूर्व एशियाका बौद्ध मुलुकहरूमा भिक्षु-भिक्षुणीहरूको जीवन निर्वाहको लागि विशेष व्यवस्था भए गरेको हुन्छ । तर भगवान् बुद्ध जन्मेको पुण्यभूमि हाम्रो देशमा सरकारी कोषबाट यस्तो व्यवस्था भएको छैन । अतः हामीकहाँ भिक्षु, भिक्षुणीहरूको जीवन निर्वाह कष्टकर हुने गरेको छ। यस्तो स्थितिमा पनि अश्वघोष भन्ते बेला मौकामा धर्म कार्यको लागि दान गर्नुहुन्छ । एकचोटि एउटा बौद्ध समाज (पूरा सही नाम यकिन भएन) आफ्नो कार्य योजनाहरू प्रस्त्याउन भनौं वा अवगत गराउन त्यस संस्थाका केही पदाधिकारीहरू संघनायक भिक्षुकहाँ गएछन्। उहाँले कुरा सुनिसकेपछि आफ्नो



Downloaded from http://www.dhamma.digital

भित्री कोठामा पसी एक पोको पैसाहरू भएको झोला ल्याई उनीहरूलाई गन्न दिनुभएछ। ती आगन्तुक मानिसहरूले त्यो पैसाको झोला फुकाली, भुइँमा फिजाई मिलाउन थालेछन् । त्यो झोलामा पाँच दश, बीस, पचास, सय, हजारका नोट र खुद्रा पैसाहरू पनि थियो । सबै नोटहरू र खुद्रा मिलाएर जम्मा ८०/८१ हजार भएछ । सायद उहाँले विभिन्न समयमा श्रद्धालु उपासक उपासिकाबाट प्राप्त दान रकमहरू बचत गरेर राख्नुभएको होला । भन्तेज्यूबाट ती आगन्तुक मानिसहरूलाई 'तिमीहरूले गर्न लागेको धर्म कार्य सुनेर मलाई धेरै खुसी लाग्यो । ल यो पैसा त्यही धर्म कार्यको लागि खर्च गर्नु' भनी दिनुभएछ । यस्तो छ अश्वघोष भन्तेको महान आत्मा। हुन त भन्तेहरूको अवस्था, स्थिति, परिस्थिति भन्नु नै 'आफैं त महादेव उतानो टाङ, कसले देला वर' हो । अश्वघोष भन्ते जस्ता त्यस्ता पात्रले पनि आफूले चिची, पापा गरी सङ्गालेर, सम्हालेर राखेको रकम आफ्नै लागि चाहिने हुँदाहुँदै दानबाट पाएको रकमलाई फेरि धर्म कार्यको लागि दानमा नै समर्पण गर्नु भनेको ठूलो छाती हो, ठूलो दिल हो, उदारताको महान कार्य हो । अश्वघोष भन्तेको यो जीवनचर्या थाहा पाउँदा माथि भनेझैं नेवारी उखान 'कयाँ दैमखु, बियाँ फुइमखु' लिएर पुग्ने होइन, दिएर सकिने होइन । लयबद्ध गरेर गाउन मन लाग्छ- मलाई ।

श्रद्धेय अश्वघोष भन्तेलाई सम्झँदा अरू केही भन्तेहरूलाई पनि सम्झने गर्छु । अश्वघोष भन्तेबाट झैं उहाँ अरू भन्तेहरूबाट पनि मैले बेला मौकामा माया, ममता र प्रेरणा पाउने गरेको छु। स्वर्गीय भिक्षुहरू जस्तै कुमार काश्यप महास्थविर, बुद्धघोष महास्थविर, सुदर्शन महास्थविर, सुमङ्गल महास्थविरहरू मेरा श्रद्धाका पात्रहरू थिए। त्यस्तै जीवित भन्तेहरूमा भिक्षु डा. ज्ञानपूर्णिक महास्थविर, भिक्षु मैत्री महास्थविर, भिक्षु बोधिसेन, भिक्षु कोण्डन्य महास्थविर, भिक्षु सोभित महास्थविर, भिक्षु निग्रोध स्थविरहरूप्रति मेरा सद्भावना र आदरभावना यथावत छन् । उहाँ भन्तेहरू सम्मुख पर्दा मलाई कताकता भगवान् बुद्धको जीवनचर्याको झझल्को आउने गर्छ । अर्थात् २५/२६ सय वर्ष पहिले भगवान् बुद्धको जीवन शैलीलाई हाल मैले साक्षात अनुभूत गर्न पाएको झझल्को हुने गर्छ। हुन त भगवान् बुद्धलाई अहिले विभिन्न रूपमा हेर्ने गरिएको छ । महायानीले बुद्धलाई प्राणीमात्रको उद्धार गरी दुःख मोचन गर्ने शक्तिशाली देवगणको रूपमा हेर्ने गर्छन् भने बज्रयानीले तन्त्र मन्त्र गरी बुद्धलाई आह्वान गरी देवगणको रूपमा पूजा आजा गर्ने गर्छन् । त्यस्तै हिन्दूहरूले बुद्धलाई



Downloaded from http://www.dhamma.digital

भगवान् नारायणको नवौं अवतारको रूपमा हेरी श्रद्धासुमन अर्पण गर्ने गर्छन्। तर मेरो बुझाइमा मलाई कस्तो लाग्छ भने आज श्रावकयान वा थेरवादीको रूपमा भन्ते भिक्षुहरूलाई जुन रूपमा हेरिन्छ भगवान् बुद्धको सही पहिचान वा जीवनपद्धति त्यही हो । किनभने थेरवादी भिक्षुहरू बुद्धशासनमा रही बुद्धको शिक्षाको अनुयायी हुँदा बुद्धको सही छायाँरूप उहाँहरूमा प्रतिबिम्बित भएको म महशुस गर्दछु।

नेपाल बुद्ध भूमि हो, जहाँ महामना बुद्धको जन्म भएको थियो। तर विडम्बनाको कुरा के भने नेपाल र नेपालीले आफ्नो देशको हीरा महामना बुद्धलाई सही अर्थमा चिन्न सकेका छैनन्, बुझ्न् सकेका छैनन् र थाहा पाउन सकेका छैनन् । त्यसैले 'बत्ती मुनि अँध्यारो' भने झैँ नेपालमै बुद्ध र बुद्ध धर्म त्यति प्रचलित छैन। जतिको थाइल्याण्ड, बर्मा, जापान, लाओस, श्रीलंका, कोरिया, भियतनाम आदि देशमा छन् । मल्लकालीन नेपाल र एकतन्त्रीय राणा शासनकालमा बुद्ध र बुद्ध धर्मले अनगिन्ती कुठाराघात सहनुपरेको थियो । राणा शासनजस्तो एकतन्त्रीय निरङ्कुश समयमा बुद्ध र बुद्ध धर्मको प्रचार प्रसारमा रोक लगाइएको थियो । त्यस्तो बेलामा एकजना १८ वर्षे होनहार युवकले आफ्नो जीवनलाई बुद्ध धर्मप्रति समर्पित गराई भिक्षु जीवनयापन गर्नु भनेको चानचुने कुरा होइन। त्यो १८ वर्षे युवक नै आजको अश्वघोष भन्ते हुनुहुन्छ । यस विषयमा एक दिन मैले अश्वघोष भन्तेलाई कुन प्रेरणा वा शिक्षाले अभिभूत भई भिक्षु जीवन ग्रहण गर्नुभएको भनी सोद्धा उहाँले मुसुमुसु हाँस्दै आफ्नो संस्मरण मलाई यसरी सुनाउनुभयो 'घनश्याम भाइ ! मेरो आफ्नै स्वविवेक र इच्छा अनि आमाको प्रेरणाबाट अभिभूत भई बुद्ध धर्मप्रति आकर्षित भएँ। त्यस बेला म १४/१५ वर्षको थिएँ। एकदिन आमाले भिक्षु प्रज्ञानन्दलाई घरमा भोजनको लागि आमन्त्रण गर्नुभयो । भोजन पछि भिक्षु प्रज्ञानन्दले बुद्ध शिक्षा सुनाउनुभयो । उहाँको शान्त, सौम्य र सुमधुर उपदेशबाट हामी आमा छोरा दुवै निकै प्रभावित भयौं। अर्थात् उहाँको प्रवचन सुन्नु के थियो हामी आमा छोरा दुवै थेरवादी बुद्ध धर्मप्रति दत्तचित्त हुनु पुग्यौं । त्यस दिनदेखि आमाले मलाई बुद्ध धर्ममै समर्पित हुने प्रेरणा दिनुभयो । अनि मेरो झुकाव पनि त्यतैतिर हुँदा र आमाको प्रेरणा पाउँदा म खुसीले गद्गद् भएँ। त्यसको लगत्तै आमाले मलाई श्रामणेर प्रज्ञारश्मि कहाँ लगिदिनुभयो । केही दिनसम्म प्रज्ञारश्मिसँग मेरो सत्सङ्ग भयो। त्यसपछि आमाले मलाई भिक्षु अमृतानन्दको हातमा जिम्मा लगाइदिनुभयो । करिब



Downloaded from http://www.dhamma.digital

एक डेढ वर्षसम्म म किम्डोल विहारमा भिक्षु अमृतानन्दको सेवामा लागें। भिक्षु अमृतानन्दको असीम कृपा पाई उहाँले मलाई वि.सं. २००० सालको पौष महिनामा कुशीनगर (भारत) लग्नुभयो र त्यहाँका वर्मिज भिक्षु ॐ चन्द्रमणि महास्थविरको आचार्यत्वमा श्रामणेर बनाउनुभयो र मेरो नाम अश्वघोष राख्नुभयो ।' यसरी अश्वघोष भन्तेको जीवन कहानी भन्तेबाटै धाराप्रवाह सुन्न पाउँदा म निकै खुसी र हर्षित भएँ।

अश्वघोष भन्तेबारे सोचेर हेर्दा, सम्झेर ल्याउँदा उहाँ अध्ययन र लेखनमा दत्तचित्त हुनुहुन्छ । उहाँ अहिले ९० वर्ष हुनुहुन्छ तर उहाँ कहिल्यै पनि बूढो भएँ, केही गर्न सक्तिन भनेर चुपचाप बसि रहनुहुन्न । उहाँ आफ्नो अध्ययन र लेखनमा सक्रिय भइरहेको देख्ता म अचम्भित हुन्छु। नेपाली साहित्याकाशमा मानव कल्याणकारी धार्मिक विषयका पुस्तकहरूको नितान्त आवश्यक छ यो भनिरहनुपर्ने होइन । त्यसैले बुद्ध र बुद्ध धर्म विषयमा जिज्ञासा राख्ने जो कोहीलाई तथा सर्वसाधारण पाठकवर्गलाई समेत सजिलोसँग जानकारी लिन सघाउ पुऱ्याउन उहाँ लेखिरहनुहुन्छ र उहाँका पुस्तकहरू प्रकाशित भइरहेका छन्। मैले थाहा पाए अनुसार उहाँका नेपाल भाषामा ६० ओटा र नेपाली भाषामा ७३ ओटा गरी जम्मा १३३ ओटा साना ठूला पुस्तकहरू प्रकाशित भैसकेका छन्। यसरी अश्वघोष भन्ते अध्ययन र लेखनका तपस्वी हुनुहुन्छ। लेख्नुपर्छ, लेख्दै जानुपर्छ भन्ने अर्ति उपदेश उहाँको वाणीबाट भन्दा उहाँको कर्मशील व्यक्तित्वबाट स्वत स्पष्ट हुन्छ। Actions speaks more loudly than words अर्थात् बोलीको भन्दा कामको स्वर चर्को हुन्छ भन्ने अङ्ग्रेजी भनाइका उहाँ ज्वलन्त उदाहरण हुनुहुन्छ। साँच्चै उहाँले आफ्नो अनवरत लेखनकार्यबाट मलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रेरणा दिइरहनुभएको छ । यस अर्थमा उहाँ मेरा प्रेरणा स्रोत हुनुहुन्छ । यही सन्दर्भमा युगकवि सिद्धिचरण श्रेष्ठले नेपाल भाषामा लेखेको एउटा कवितांश झलझली म सम्झन्छु।

**छन्त लिफ्याना कालं यन्य न्ह्यो**
**ख्वयगु दिना छं छ्गा च्व सखे**
**तैथकि छ्गा चिं सुन्यगु जगते**
**सुक्य मत्य सितिकं भाव मने**

(**नेपालीमा अनुवाद**)

**तिमीलाई समातेर कालले लग्नु अघि**
**रून रोकी तिमी केही लेख साथी**
**राखीराख्नु केही चिनो यो शून्य जगतमा**
**सुकाउन हुन्न सित्तैमा भाव मनमा**

अश्वघोष भन्तेलाई सम्झँदा कतै उहाँले उपर्युक्त कवितालाई पछ्याउँदै निरन्तर रूपमा लेखिरहनुभएको हो जस्तो मलाई लाग्छ ।



Downloaded from http://www.dhamma.digital

साँच्चै भन्ने हो भने उहाँ अश्वघोष भन्तेको सत्सङ्गमा लागेर मैले थेरवादी बुद्ध धर्मबारे सिक्ने, पढ्ने, लेख्ने हौसला र प्रेरणा पाएको छु। उहाँले बुद्ध, बुद्ध शासन, बुद्ध धर्म, बौद्ध संस्कृति र बौद्ध दर्शनबारे जे जति गर्नु भयो र गर्दै हुनुहुन्छ त्यो सान्है स्तुत्य छ, वन्दनीय छ। म सम्भन्छु– श्रद्धेय अश्वघोष भन्तेले करिब १६–१७ वर्षसम्म 'आनन्दभूमि' बौद्ध मासिक पत्रिकाको कुशलतापूर्वक सम्पादन गर्नुभयो र त्यस्तै अर्को 'धर्मकीर्ति' बौद्ध मासिक पत्रिकाको हालसम्म उहाँ सम्पादन कार्यमा संलग्न हुनुहुन्छ । त्यस्तै विभिन्न बौद्ध संघ, संस्थामा उहाँ अध्यक्ष हुनुहुन्छ। हालसम्म विभिन्न बौद्ध जागरण प्रशिक्षण शिविरमा प्रशिक्षक भई संलग्न हुन चुक्नुहुन्न। साथै बेला मौकामा उहाँ पालि भाषा र बौद्ध साहित्य अध्यापन गराउनुहुन्छ। 'संघाराम भिक्षु तालिम केन्द्र' स्थापना गरी नेपालमै श्रामणेरहरू (भिक्षु हुनुभन्दा पूर्वको नयाँ बौद्ध सन्यासी) उत्पादन गर्ने पहिलो आदरणीय भिक्षु उहाँ अश्वघोष भन्ते नै हुनुहुन्छ । उहाँले ध्यानकुटी विहार, वृद्धाश्रम र बालआश्रम जस्ता मानव कल्याणकारी संस्थाहरू खोली नेपाल र नेपालीलाई ठूलो गुन लगाउनुभएको कुरा चाहेर पनि म बिर्सन सक्तिनँ। यस्ता मानव कल्याणकारी कार्यहरू गर्नुभएको हुँदा अन्तर्राष्ट्रिय स्तरबाट म्यानमार सरकारले उहाँ अश्वघोष भन्तेलाई सन् २००० मा 'अग्गमहासद्धम्म जोतिकधज' पदवीबाट विभूषित गरेको छ र यो उपाधि नेपाल र नेपालीको लागि ठूलो इज्जत र गौरवको विषय हो।

आफ्नो मनले ठिक ठानेको कुरा बिना हिचाकिचाहट सभा समारोहमा निडर भई भन्नुहुन्छ । उपासक उपासिकाबारे होस्, भिक्षु भिक्षुणीको कार्यशैली बारे होस् वा सरकारी कार्यक्रम बारे होस् विना हिचकिचाहट टीका टिप्पणी गर्न उहाँ पछि हट्नुहुन्न । यस गुणलाई मैले मान्छे हुनाको मजा ठानेको छु । उहाँको यही बानीले निरङ्कुश पञ्चायती शासनले गरेको कुकृत्यलाई लोकतान्त्रिक शासकले बेलैमा सच्चाउन वाध्य भएको सम्भँदा म आनन्दले फुरफुर भएको थिएँ। कुरा के भएको थियो भने वि.सं. २०३०–३१ मा पोखराको अनदु डाँडामा निर्माणाधीन भगवान् बुद्धको विश्वशान्ति स्तूपलाई पञ्चायत पोषक मिचाहा तत्कालीन रानी ऐश्वर्यको सनकी आदेशमा सेनाले रातारात भत्काएको थियो । यसबाट नेपालका बौद्ध मार्गीहरू दुखित हुनु स्वाभाविकै थियो। वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात् बनेको प्रजातान्त्रिक उपल्लो सदन राष्ट्रिय सभामा बुद्ध धर्मावलम्वीहरूको प्रतिनिधित्व गर्न श्रद्धेय अश्वघोष महास्थविरलाई



Downloaded from http://www.dhamma.digital

विराजमान गराइएको थियो। त्यस सभामा उहाँले विशेषगरी लुम्बिनीको विकासमा ढिलासुस्ती भएको र पोखराको विश्व शान्ति स्तूपको पुनः निर्माण हुनुपर्नेबारे जोडदार आवाज उठाउनुभयो । उहाँको आलोचनात्मक वक्तव्यलाई कदर गरी २०४८ मा एकातिर लुम्बिनी विकासमा द्रूतगति ल्याउन बहुसंख्यक बौद्धहरूलाई सम्मिलित गराई लुम्बिनी विकास कोषको पुनर्गठन गरिएको थियो भने अर्कोतिर पोखरामा भत्काइएको विश्व शान्ति स्तूपलाई पुनर्निर्माण गराउन मन्त्रिस्तरीय निर्णय गरियो। जसअनुसार वि.सं. २०४९ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको तर्फबाट विश्वशान्ति स्तूपको शिलान्यास कार्य सम्पन्न हुनाको साथै र त्यसको निर्माण कार्य २०५६ सालमा पुरा भयो । आज त्यो सुन्दर विश्वशान्ति स्तूप पोखराको हिसी र पर्यटकीय आकर्षण बन्न पुगेको छ। यसरी विशेषगरी लुम्बिनी विकासमा द्रुतता ल्याउन सशक्त भूमिका खेल्नुहुने तथा पोखराको विश्वशान्ति स्तूपलाई पुनर्निर्माण गराउन अहम् भूमिका खेल्नुहुने श्रद्धेय अश्वघोष भन्तेलाई हृदयदेखि म न्यानो अभिवादन टक्र्याउँछु।

अन्तमा मेरो सम्झनाको लहरमा लहरिँदै जाँदा उहाँ श्रद्धेय अश्वघोष भन्ते बुद्ध धर्म, बौद्ध संस्कृति, बौद्ध स्थल, बौद्ध दर्शन र बुद्धको महिमा झल्काउने कार्यमा हालसम्म भरमग्दुर लागिरहनुभएको म अनुभूत गर्दछु । यसको लागि विभिन्न थरिका अवसरहरूलाई उहाँले सफलतापूर्वक निभाउनुभएको छ। सत्र अठार वर्षसम्म बौद्ध मासिक आनन्दभूमि पत्रिकाको उहाँ सम्पादक हुनुभयो । सुरूदेखि हालसम धर्मकीर्ति मासिक पत्रिकाको प्रधान सम्पादक भई उहाँ क्रियाशील हुनुहुन्छ। त्यस्तै बुद्ध र बौद्ध धर्मबारेका उहाँका १३३ ओटा पुस्तक पुस्तिकाबाट उहाँको बौद्धिक क्षमता स्वतः सिद्ध हुन्छ। नेपालमा नै श्रामणेर भिक्षुहरूलाई बौद्ध साहित्य पढाउन संघाराम भिक्षु तालिम केन्द्र स्थापना गर्नु, विभिन्न बौद्ध संघ संस्थाहरूमा अध्यक्ष एवं धर्मानुशासक पद सम्हाल्नु , कयौं बौद्ध जागरण प्रशिक्षण शिविरहरूमा प्रशिक्षक हुनु, नेपालमै पाली भाषा अध्ययन गराउनु, ध्यान कुटी विहार तथा वृद्धाश्रम एवं बालआश्रम स्थापना गर्नु आदिबाट श्रद्धेय अश्वघोष भन्तेको व्यक्तित्व 'आँ गर्दा अलङ्कार' झल्के सरह हुन्छ। यस्ता दिग्गज व्यक्तित्वको यो छोटो संस्मरण लेख केवल सूर्यको अगाडि बत्ती सरह हुनेछ। तैपनि उहाँप्रति विद्यमान मेरो श्रद्धाभाव प्रकट हुन सके आफूलाई भाग्यमानी सम्झने छु। अस्तु !



Downloaded from http://www.dhamma.digital

# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामि
सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार
**श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९०** 
**शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्या
सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं।

**अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र परिवार**

शंखमूल, काठमाडौं

फोनः ०१-४७८४६३१



# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामि
सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार
**श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९०** 
**शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्या
सुख, शान्ति, सुस्वास्थ्य तथा
दीर्घायुको कामना गर्दछौं ।

**पाटी विहार सहयोग समिति**

मध्यपुर-८, ठिमी, भक्तपुर




Downloaded from http://www.dhamma.digital

# अश्वघोष भन्ते: एक आदर्श गुरू



श्यामलाल चित्रकार


म सिङ्गो व्यक्तिप्रति अश्वघोष भन्तेको प्रभाव र मेरो उन्नति, सुख दुःख र शान्तिको लागि कति योगदान पुऱ्यायो भन्ने विषयमा गणना गर्न र वर्णन गर्न सक्ने कुरा होईन महसुस मात्र गर्ने कुरा हो।

**नमो बागिश्वराय** अक्षर चिनाउने मेरो बुवादेखि स्कूल, कलेज, विश्वविद्यालय र अन्य संस्थाहरूका धेरै गुरूहरूले सिकाएको नतिजा स्वरूप म 'म' बनेको हुँ। जीवनयापनको लागि लौकिक शिक्षाको साथसाथै पलपलमा आईपर्ने दुःख कष्ट मानसिक पीडा छटपटी इत्यादि समस्याहरूलाई पन्छ्याई सुखमय तथा शान्तिपुर्ण जीवनको लागि आध्यात्मिक गुरूहरूको सामिप्यता अत्यावश्यक हुन्छ। ब्रम्हा स्वरूप आमा बुवालाई तुलना गर्न मिल्दैन। लौकिक शिक्षा दिने गुरूहरूको पनि आफ्नै महत्व छन् । जीवनको आधा शताब्दिपछि धर्मकीर्ति विहारमा जान सुरू गरेबाट र श्रद्धेय अश्वघोष भन्तेको धर्मोपदेश सुन्ने अवसर पाएदेखि मेरो जीवनमा नयाँ आयाम थपिएको छ। जीवनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ। अश्वघोष भन्ते मेरो आदर्श गुरू हुनुहुन्छ। उहाँलाई कोटी कोटी वन्दना छ। अश्वघोष भन्तेको व्यक्तित्वबाट म धेरै प्रभावित छु। उहाँ निष्कपट, सिधा स्वभावको हुनुहुन्छ र आफ्नो प्राकृतिक स्वभावलाई लुकाउनुहुन्न। कहिले दिल खोलेर हाँस्नुहुन्छ भने कहिले भावुक भई रूनुहुन्छ। भन्तेको धर्मोपदेश शैली पनि प्रभावकारी छ। विषयवस्तुमा केन्द्रित भई व्यावहारिक ढंगबाट सरल भाषामा आउटलाईनको सिलसिलामा प्रवचन दिनुहुन्छ। प्रवचनको नोटकपी रेफ्रेन्सको रूपमा पछिसम्म काम लाग्छ।

उहाँ आध्यात्मिक गुरूले लगाएको



Downloaded from http://www.dhamma.digital



भिक्षु राहुल र उपासकहरूका साथ प्रशन्न मुद्रामा अश्वघोष महास्थविर

गुणबारे केही चर्चा गरी लेखेको धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीप्रति भिक्षु 'अश्वघोषको योगदान' विषयक लेख धर्मकीर्ति पत्रिकाको वर्ष २२ अंक २ मा प्रकाशित भई सके तापनि केहि अंशहरू सान्दर्भिक भएकोले पुर्नलेखन गरी सूचकको प्रस्तुत अंकमा समाविष्ट गरेको छु।

२०५४ साल पौष महिनाको २६ गते शनिवारको दिन बिहान साढे आठ बजेतिर श्रीघमा पुगें। अश्वघोष भन्तेले विहारको पुरानो भवनको भुइँतल्लाको वाँयापट्टी कुर्सीमा बसेर शनिवारको नियमित कक्षा सुरू गरी सक्नुभएको थियो। हत्तपत्त अगाडिको भगवान बुद्ध मूर्तिलाई वन्दना गरी एक छेउमा बसें। बेन्चमाथि ठड्याई राखेको कालो वोर्डमा क्षान्ति पारमिता बारेको नोट टन्न लेखी सक्नुभएको थियो। वोर्डमा लेखीराखेको सार्ने र साथसाथै प्रवचन सुन्ने काम अलि अप्ठ्यारो हुँदो रहेछ। वोर्डमा लेखेको सार्नतिर लाग्यो भने सुन्नमा ध्यान नजाने रहेछ। प्रवचन सकिएपछि सार्ने विचार गरी प्रवचन सुन्न तिर नै ध्यान लगाएँ।

वि.सं. २०२२ सालमा स्थापना भएको धर्मकीर्ति विहार र सो अन्तर्गतको वि.सं. २०२८ सालमा स्थापना भएको धर्मकीर्ति



Downloaded from http://www.dhamma.digital

बौद्ध अध्ययन गोष्ठीमा म २०५३ सालदेखि मात्र जान संयोग मिल्यो। अश्वघोष भन्ते र धम्मवती गुरूमाँको प्रवचनहरूबाट प्रभावित भई हरेक शनिवार नियमित रूपमा जाने गरेको हो। एक दिन क्षान्ति पारमिता सम्बन्धी व्याख्या गर्नु हुँदै रिस नगर्नु, सहनशील हुनु मनुष्य जीवनका लागि अत्यावश्यक गुण हो र प्रतिकुल अवस्थामा तथा आफुलाई हानी नोक्सानी पुऱ्याउने व्यक्तिप्रति पनि रिस नगरी मैत्री चित्त राख्नु बोधि चित्त हो भनी उहाँले भन्नुभयो। भिक्षु भएर रिस गर्न सुहाउँदैन भनी थाहा हुँदाहुँदै पनि आफ्ना चेलाहरूले भनेको कुरा नमान्दा बरोबर रिस उठेको र संघाराम भिक्षु तालिम केन्द्र छोडेको कुरा बताउनुभयो। अहिले आएर रिसलाई नियन्त्रण गर्न सकेको र मनमा शान्ति भएको कुरा भन्नुभयो। समाजमा बस्दा जो सुकैलाई पनि लोक धर्महरूजस्तै सुख दुःख, लाभ हानी, जस अपजस, निन्दा प्रशंसाका कुराहरू हरेक क्षण आईरन्छन्। त्यसबाट मन विचलित नगरी संयम गर्न सक्नु नै मंगल हो भन्ने धेरै कुराहरू सुनेर मेरो जीवनमा परिवर्तन अएको हो।

अश्वघोष भन्ते प्रव्रजित हुनुभएको हाल ७२ वर्ष भईसक्यो र यस अवधिमा उहाँसँग कति जनाले सम्पर्क गरे, उहाँ कति वटा संघ संस्थाहरूसँग सम्बन्धित हुनुभयो र उहाँको हजारौं प्रवचनहरूबाट लाखौं व्यक्तिहरू कसरी प्रभावित भई इमान्दार कर्तव्यनिष्ठ, चरित्रवान र सुयोग्य नागरिक बन्न सफल भए भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ। अश्वघोष भन्ते नेपालको एकजना श्रद्धा गर्न योग्य, आदर सत्कार गर्न योग्य र पूजा गर्न योग्य आदर्श गुरू हुनुहुन्छ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना कालमा अश्वघोष भन्ते सम्मिलित हुनुभएको थिएन। गोष्ठीको उद्देश्य बमोजिम युवा उपासक उपासिकाहरूको बुद्ध धर्मको प्यास मेटाउन एक्लै धम्मवती गुरूमाँलाई गाऱ्हो भइरहेको थियो। श्रीलंकाबाट शिक्षित व्यावहारिक पक्षधर अश्वघोष भन्तेको प्रवचनबाट धम्मवती गुरूमाँले पछि मात्र गोष्ठीका सदस्यहरूलाई बुद्ध शिक्षा सिकाउन सहयोगको लागि भन्तेलाई अनुरोध गर्नुभयो। अश्वघोष भन्ते र म्यान्मारबाट शिक्षित धम्मवती गुरूमाँको विचारहरूमा केहि भिन्नताहरू छन्। आ-आफ्नो कार्यशैली र विचारमा दखल नगर्ने सदाशययुक्त व्यावहारले अध्ययन गोष्ठी निरन्तर रूपमा अघि बढ्न सकेको हो। मिति २०६० साल फाल्गुण ३ गते अध्ययन गोष्ठी प्रति अश्वघोष भन्तेको योगदानबारे प्रश्न गर्दा धम्मवती गुरूमाँले भन्नुभयो 'अश्वघोष भन्तेलाई नास्तिक भिक्षु भन्दथे। उहाँलाई धर्मकीर्ति विहारमा



Downloaded from http://www.dhamma.digital

संलग्न गराएकोमा बुद्धघोष भन्ते र सुदर्शन भन्ते प्रशन्न थिएनन्। सुरूदेखि हालसम्म निरन्तर रूपमा क्लास लिनु, लेख लेख्न सिकाउनु, बोल्न सिकाउनु, पत्रिका प्रकाशन गर्नु, पुस्तकहरूको सम्पादन र प्रुफ हेर्नु, कार्यकर्ताहरूलाई प्रोत्साहन दिनु इत्यादि गोष्ठीको सबै कार्यक्रमहरूमा सहभागी भई उहाँले गर्नुभएको देन अविस्मरणीय र अतुलनीय छ।'

सार्क राष्ट्रहरूमध्ये पहिला महिला अन्तर्राष्ट्रिय जेसिसका भुपू उपाध्यक्ष, नेपाल जेसिसका भुपू अध्यक्ष र गोष्ठीका संस्थापक सदस्य श्रीमती कीर्ति तुलाधर यसरी भन्नुहुन्छ – 'भन्तेको क्लासमा जस्तो सुकै अवस्थामा पनि नबिराइकन जान्थे । एउटा संकोच र लाज मान्ने केटीले भन्तेको उपदेशबाट बोल्न, लेख्न र व्यावहारमा संयम हुन सिकें । उहाँले लगाएको गुण कहिल्यै बिर्सन सकिदैन । उहाँको दिर्घायुको कामना गर्दछु।'

अश्वघोष भन्तेको कक्षा संचालन तरिकामा आफ्नै विशेषता छ । सदस्यहरूमध्येबाट सभापतिको चयन गर्ने र सभापतिले कक्षाको अन्त्यमा कक्षाको निचोड र आफ्नो मन्तव्य प्रकट गराउने, वादविवाद, छलफल, टिप्पणी गराउने, कक्षाको रिपोर्ट लेख्न लगाउने र अर्कोकक्षामापढेरसुनाउनेइत्यादितरिकाले श्रोताहरूको सक्रिय सहभागितामा विशेष ध्यान दिइन्थ्यो । भन्तेको शिक्षण प्रणालीबाट सिकेका उहाँका शिष्य शिष्याहरूले पुस्तकहरू लेख्ने, अनुवाद गर्ने, सम्पादन र लेखरचनाहरू लेख्ने गर्दै आएकोमा अश्वघोष भन्तेको देनलाई मान्नै पर्दछ। यस कारणले पनि उहाँ एक आदर्श गुरू हुनुहुन्छ।

'अप्पमादो बुद्धो, अप्पमादो धम्मो, आचरियो गुण अनन्तो' अर्थात बुद्धको गुण असिमित छ। धर्मको गुण असिमित छ। त्यस्तै गुरूको गुण अनन्त छ भनेजस्तै अश्वघोष भन्तेको गुणहरूबारे केहि चर्चा गर्ने प्रयास गरैं। उपरोक्त प्रसंगहरू सूर्यको अगाडि दियो बाले जस्तै मात्र हुन्। माथि उल्लेखित कुराहरूमा नपुग हुन गएको र गल्ती हुन गएमा भन्तेको क्षान्ति पारमितामा सघाएको सम्झि क्षमा दिनुहुन विनम्र निवेदन गर्दछु । साथै मेरो व्यक्तिगत जीवनमा आएको नरः बुद्ध विहार संस्था दर्ता गर्ने सम्बन्धमा आईरहेको व्यवधानहरू र हालसालै छिमेकले ल्याएको ढलको समस्याबारे पनि भन्तेको उपदेशलाई सम्झी मनलाई संयममा राख्न मद्दत पुगेको छ। क्षान्ति पारमिता पालन गर्नु सजिलो छैन र जीवन प्रवाहमा सोझो अर्थमा आचरण सुधार्ने जीवनभरी उपदेश दिईरहने आदर्श गुरूअश्वघोष भन्तेको दिर्घायु र सुस्वास्थ्यको कामना गर्दै वन्दना गर्दछु।

Downloaded from http://www.dhamma.digital

# जातीय समानताका पक्षधर भिक्षु अश्वघोषको

रामकुमारी मानन्धर

एक दिन बिहानै भगवान बुद्ध बाहिर जानुभएको थियो। त्यस बेला एक जना सुनीत नाम गरेको च्यामेले घण्टा बजाएर ठूलो जातिका मानिसहरू हिँड्ने बेलामा च्यामेहरूले सडक बढार्न नहुने नियम थियो। सडकमा घण्टा बजेसम्म ठूला



सूचकको एक कार्यक्रममा लामा गुरुहरुका साथ अश्वघोष महास्थविर

सडक बढारिरहेको थियो। उसले टाढैबाट भगवान बुद्धलाई देख्यो। त्यस बेलाको समाजमा जातीय भेदभाव प्रवल थियो। जातिका मानिसहरू बाहिर आउँदैनथे। च्यामेहरूले सडक बढारेको देख्यो भने अशुभ हुन्छ भन्ने भनाई थियो। त्यसैले



Downloaded from http://www.dhamma.digital

सुनीत बुद्धलाई देख्ने वित्तिकै एक कुनामा गई बसिरह्यो । भगवान बुद्ध उसको नजिक गई भन्नुभयो, 'तिमी किन डराएको ? तिमी पनि मान्छे, म पनि मान्छे ।' सुनीतले भन्यो- 'हजुर जस्तो ठूलाको अगाडि आँखा जुधाएर कुरा गर्नु हुँदैन । ब्राम्हण बाजेले देख्यो भने मलाई कारवाही गर्छ ।' बुद्धले उसलाई आफु उपकार गर्नको लागि आएको, 'भिक्षु बन्न मन लाग्छ' भनी सोध्नुभयो । सुनीत खुसीले गदगद भई हुन्छ भन्ने जवाफ दियो । भगवान बुद्धले उसलाई विहारमा लगी भिक्षु बनाउनुभयो । एक दुई दिनमा नै यो कुरा प्रचार भयो । ब्राम्हण समाजमा ठूलो हलचल मच्चियो ।

भगवान बुद्ध जो विश्वको शान्तिको प्रतिक हुनुहुन्छ, उहाँले भन्नुभएको थियो 'जन्मले कोही पनि नीच हुँदैन, जन्मले कोही पनि ब्राम्हण हुँदैन । कर्मले नै नीच र ब्राम्हण हुने गर्छ ।' यदि कुनै व्यक्ति अछूत भनिने तल्लो जातमा जन्मेको तर उसले देश समाजको लागि ठूलो काम गरेको छ भने ऊ ठूलो हुन्छ । यदि ठूला जात मानिने ब्राम्हण कूलमा जन्मेर जाँड रक्सी खाई अरूसँग झगडा गरी समाजमा अशान्ति फैलाउँछ भने त्यो ब्राम्हण हुँदैन, तल्लो स्तरको हुन्छ ।

श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको कथनअनुसारमानवले मानवलाई मानवको रूपमा व्यवहार गर्नुपर्छ । यदि हामीले साना जाति भनिएका मानिसहरूलाई नराम्रो, नीच व्यावहार गर्‍यौं भने उनीहरूको मनोबल झन कमजोर हुन्छ । ठूलाहरू ठूला हुँदै जान्छन् र सानाहरू साना हुँदै जान्छन् । देशमा असमानताको लहर वृद्धि भई अशान्ति सिर्जना हुन्छ । शान्तिका दूत भगवान बुद्ध जन्मेको देशमा अशान्ति फैलिनु राम्रो होइन । केही वर्ष अगाडि भन्तेले एक जना सार्कीलाई संघाराम विहारमा भिक्षु बनाउनुभएको थियो । उहाँ भन्नुहुन्छ- 'जातीय भेदभावलाई हटाउन प्रवचन र भाषणले मात्र हुँदैन । यदि जातीय विभेद हटाउने हो भने हामी सबै बुद्धमार्गीहरूले व्यावहारमा ल्याउनु अति आवश्यक छ ।'

भन्तेको भनाईअनुसार एकचोटी पाटनको एक विहारमा एक खड्गी परिवारले उहाँलाई भोजनको निमन्त्रणा गर्‍यो । उहाँ खुशी भई त्यस विहारमा भोजनको लागि जानुभयो । त्यहाँ एउटा सानो कार्यक्रम पनि थियो । त्यो कार्यक्रम सकिएपछि उहाँ भोजन गर्नको लागि बस्नुभयो । उहाँले भोजन दान गर्ने दातालाई बोलाउनुभयो । त्यस विहारका उपासक उपासिकाहरूले दातालाई भित्र पस्न नदिएको कुरा थाहा पाउनुभयो र भोजन नगरी जुरूक्क उठी त्यस दाताको घरमा गई उसलाई भोजन पकाउन लगाउनुभयो । पछि त्यस दाताको हातबाट खाना राख्न लगाई भोजन गर्नुभएको



Downloaded from http://www.dhamma.digital



कुरा बताउनुभयो । समय समयमा उहाँ च्यामे, पोडे, खड्गी, सार्की आदि तल्लो जात भनिएका जातिका मानिसहरूका बीचमा बसेर भोजन गर्ने गर्नुभएको छ। यसरी उहाँले सानो जातलाई उत्साह दिनु भई ठूला जातलाई बुद्धको शिक्षाअनुसार व्यवहारमा चलाउन ज्ञान दिनुहुन्छ। हामी मानिस भएर बाँच्न बुद्धको उपदेशलाई अनुशरण गर्नु अति आवश्यक छ । चेतनशील र विवेकशील व्यक्तिले अरूको हितको निम्ति अग्रसर हुनुपर्छ।

नेपालमा सयौं वर्षदेखि जातीय छुवाछूत र भेदभावले दलित वर्गहरू अपहेलित भएका छन् । यो मल्ल राजा जयस्थिति मल्लको सामाजिक सुधारको कार्यक्रमबाट झन ठूलो समस्याको रूपमा देखा पऱ्यो। जयस्थिति मल्लले आफ्ना जनताहरूलाई कामका आधारमा चार जात छत्तिस वर्गमा विभाजन गरेका थिए। विशेषगरी यसको पिडा फलाम र सुनको काम गर्ने, कपडा सिलाउने, छालाको काम गर्ने तथा जुत्ता बनाउने, बाजा बजाउने, सडक, बाटो, चर्पी सफा गर्ने, काट्मार गर्ने बेच्ने आदि जाति रहेका छन्। जसलाई दलित, पानी नचल्ने वा अछुत भनिएको छ।

गाउँमा जातीय छुवाछुतलाई कायमै राख्न चाहने ठूला वर्ग र जरैदेखि उखेलेर फ्याक्न चाहने अर्को वर्ग बीच संघर्ष चर्किरहेको आजको स्थितिमा जातीय विभेद अन्त्य हुन समय लाग्ने प्रष्ट छ। हुन त शहरहरूमा जातीय भेदभाव र छुवाछुतको भावना त्यत्ति छैन।

खड्गी, धोवी, पोडे, च्यामे, कपाली आदि जातहरूलाई पानी नचल्ने भनी समाजले सामाजिक रूपमा बहिस्कृत गर्दै आएको छ। सामाजिक रूपमा नेपाल एक बहुभाषिक, बहुजातीय र बहुधार्मिक



Downloaded from http://www.dhamma.digital

राष्ट्रको रूपमा परिचित छ । जसले बहुभाषिक, बहुजातीय र बहुधार्मिक समाजमा सामाजिक अधिकारबाट बन्चित गरेको छ । त्यसले देशको समतामूलक समाजको निर्माणमा बाधा पुऱ्याएको छ । त्यही अछुत वर्गलाई जात र पेशाको आधारमा सामाजिक हैसियत कायम गरी त्यो वर्गलाई पढ्न र चेतनामूलक काम गर्नबाट बन्चित गरिदिए । यसले गर्दा उनीहरू अरू वर्गहरू भन्दा पिछडिए र उपेक्षित भए ।

समानताको अधिकार भेदभावरहित समाजमा मात्र प्राप्त हुन्छ । समानहरूको बीचमा समान व्यवहार गर्नु समानता हो । सबै मानिसहरू स्वतन्त्र रूपमा जन्मन्छन् र अधिकार पनि समान हुन्छन् । हरेक व्यक्तिलाई बिना भेदभाव बिना समानता प्रदान गरिनुपर्छ । समान व्यावहारको अधिकार समानताको अधिकार हो । यहि समानताको अधिकार २०२० सालको मुलुकी ऐनले दिएको छ । कुनै पनि मानिस जन्मको आधारमा अछुत हुँदैन र सबै समान छन् तर व्यवहारिक रूपमा यो ऐन क्रियाशिल हुन सकेन र आजसम्म भेदभावको भावना कायमै रह्यो । सामाजिक भेदभाव हटाउन ऐन कानून मात्र बनेर हुँदैन । सबै मानिसहरूले मानवताको भावना उत्पन्न गराई मानवताको व्यवहार गर्नु आजको युगमा अति आवश्यक छ भन्ने धारणा अश्वघोष भन्ते राख्नुहुन्छ ।

मङ्गलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामि
सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार
श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९०
शुभजन्मोत्सवको पावन अवसरमा उहाँको आध्या
सुख शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं ।

भिक्षु मिलिन्द एवम्
राजकीय बुद्ध विहार परिवार
लुम्बिनी, फोनः ०७१-५८०१७२



Downloaded from http://www.dhamma.digital

# अति स्वावलम्बी श्रद्धेय भन्ते अश्वघोष

भिक्षु धम्मानन्द

बुद्ध जन्मभुमि लुम्बिनीप्रतिको विशेष भावनात्मक प्रेमका कारणले त्यहाँ गएर भिक्षु विमलानन्द महास्थविरसँग श्रामणेर प्रव्रज्या लिन पुगे तापनि मलाई श्रद्धेय गुरू अश्वघोष भन्तेको सामिप्य रहने चाहना थियो। परिस्थितिवश समयले मलाई उहाँको संघाराम विहारमै पुऱ्यायो। बिरगंज, हेटौंडा, काठमाडौं ओहोरदोहोर गर्दै संघाराममा बस्न आउने क्रममा उहाँ पनि संघाराममै बस्नुभएको पाउँदा ढुंगा खोज्दा देउता मिलेको प्रतित भयो।

अलि अलि बहिरोपनले ठूलो स्वरूप हुँदै आएको मेरो बोली सायद उहाँको कम सुन्ने कानलाई सजिलो भएको कारणले होला उहाँले एक दिन मलाई 'तिमी यहि बस, अन्त बस्न जानुपर्दैन' भन्नुभयो। एक त मलाई पनि पायक पर्ने ठाउँ, अर्को मलाई सबभन्दा मन पर्ने, विचार मिल्ने र बनेपा मावली बसेर ९, १० कक्षा पढ्दादेखि बौद्ध वातावरण बनाउने र अन्य काममा समेत बारम्बार भेट भइरहने आफ्नो मनले खाएको श्रद्धेय भन्तेबाटै यस्तो आज्ञा भएपछि मेरो लागि 'के खोज्छस् कानो आँखा' भनेझै भयो। तुरून्तै हात जोडेर खुसी हुँदै भने– 'तपाईको जीवनपर्यन्त यो ठाउँ छोड्दिन तर त्यसपछि भन्न सक्दिन।' जवाफमा उहाँको एकदमै कम बोल्ने बानीअनुरूप मौन र मन्द मुस्कान मात्रै पाएँ।

अहिले ६७ वर्ष पूरा भयो, उहाँसमक्ष आफुले सकेको सेवा गर्दै आएको। आफ्नो पनि अल्छि बानीले गर्दा अवश्य पनि चित्त बुझ्नेगरी सेवा त गर्न सकेको छैन। त्यसमाथि काम लगाउने आफुभन्दा सानो अन्य कोहि नहुँदा त झनै कत्ति कामहरू त गरौंला गरौंला भन्दा भन्दै त्यत्तिकै थन्किएर बस्न पुग्दोरहेछ। तर सजिलो त के कुरामा छ भने उहाँ भन्ते यस्तो ९० बर्षको उमेरमा पनि यथाशक्य आफुले गर्न सक्ने आफ्नो कामहरू आफै गर्नुहुन्छ र आफ्नो सजिलोको लागि अरूलाई दुःख दिने गर्नुहुन्न।

एक दिन कुरै कुरामा उहाँले आफ्नो सोच, विचार र अवधारणा एकदमै अलग्गै कोहिसँग नमिल्ने र आफ्ना सबै शिष्यहरू अर्कै बाटोमा र आफु अर्कै



Downloaded from http://www.dhamma.digital

बाटोमा भएको गुनासो व्यक्त गर्दै चाइनामा तत्कालिन माओत्सेतुङसँग भेट भएको र उनले थेरवादी बुद्ध धर्म ल्याउन चाहेको तर असफल भएको अनुभव राख्नुभयो।

आफु भिक्षु हुनुअगाडि उहाँको किताबमा पढेको अनात्मवाद भन्ने



अति पुनर्जन्म पनि मान्ने भन्ने जस्तो उहाँको विचार पोखिएका किताबहरूको विषयमा कहिलेकाहीँ जिज्ञासा पोख्दा प्राय उहाँ मौन भएर बस्नुहुन्थ्यो। आँट गरेर फेरी दोहोऱ्याएर सोध्थे तर उहाँ नसुनेझैं बस्नुहुन्थ्यो। सायद धेरैजसो अन्य समयमाझैं नसुनेको वा नबुझ्नुभएको पनि होला। पटकपटक जिज्ञासा राख्दा झर्को मानेर रिसाउनुहोला भन्ने डरले सोध्न सकिनँ।

संघाराम विहारका हामी शिष्यहरूले उहाँले भने झैं राम्ररी काम गर्ने, बस्ने नहुँदा, बराबर उहाँलाई राति निन्द्रै नलाग्ने पनि हुँदो रहेछ। तब उहाँ हामीलाई मात्रै हैन धर्मदेशनामा बारम्बार भन्ने गर्नुहुन्थ्यो। 'त्यत्रो पारमिता पुऱ्याएर आउनुभएको तथागत शाश्तालाई त देवदत्त जस्तो उल्टै संघ भेदै गरेर आफुलाई नै मार्न आउने भिक्षुसँग बस्नुपऱ्यो भने म जस्तो जाग्वारो अर्थात भात नखाई खाए जस्तो नै नलाग्ने भिक्षु को के कुरा।' यसरी आफैले आफैलाई सम्झाउन सकेपछि मात्रै उहाँलाई निन्द्रा लाग्थ्यो भनेर भन्ते भन्ने गर्नुहुन्थ्यो।

मैले यता उति पत्रिकातिर पढेको एवं अन्यबाट सुनेको अनुसार थाइल्याण्डका सुप्रसिद्ध श्रद्धेय दिवंगत भिक्षु बुद्धदस्सले त्रिपिटकमा संकुचित मिथ्या दृष्टि समूहको ब्राम्हणवादीहरूको चलखेलमा ४० प्रतिशत भाग नै च्यातेर फाल्नुपर्ने खालका कुराहरू बुद्धको नाममा जोडिएका छन्- भनेर लेखिएको पाएको थिएँ। यस कुराको जिज्ञासामा मैले मौका परिस्थितिमा पहिले बुद्धदस्स भिक्षुको विषयमा सोध्ने गर्थे।



Downloaded from http://www.dhamma.digital

उहाँले आफुले थाइल्याण्डमा १, २ पटक भेटेको ६, ७ दिन सँगै बसेको र आफुलाई राम्रो लागेको विद्वान प्रसिद्ध र प्रख्यात भिक्षु हो भनी भन्ने गर्नुहुन्थ्यो। तब मैले यो ४० प्रतिशत को कुरा गर्दा उहाँले राम्ररी सम्झन नसकेर होला, ६० प्रतिशत हो कि ४० प्रतिशत हो भनेर अल्मलिनुभयो। मैले ४० प्रतिशत हो भन्ते भनेर भन्दा 'अँ अँ' भन्दै टाउको हल्लाउँदै मुस्कुराउनुभयो। पछि केहि महिनापछि उहाँले धेरै अगाडि आफैले एउटा किताबमा ४० प्रतिशत उल्लेख भएको लेखिएको किताब पनि पाए। यसरी यस प्रकारको विषय उल्लेख गर्ने भिक्षुहरू नेपालमा मैले उहाँ एक जना मात्रै भेट्टाएँ।

उहाँ बराबर, 'हामी थेरवादी भिक्षुहरू पनि कार्मकाण्डी बज्रयानी भिक्षुहरूझै हुने भयौं। खाली स्वर्ग, नर्क भूत, प्रेत, पुनर्जन्म आदि इत्यादिकै धेरै कुरा गरेर कर्मकाण्डी, श्राद्ध गर्दै, दान बटुल्दै सुविधामुखी शहर बजार र राम्रो विहार च्याप्दै विदेशी यात्राको खोजीमा भौतिरिँदै हिँड्ने शासनको उत्थानतिर लाग्नेहरू कमै भइयो भन्ने असंतोष पनि उहाँमा थियो। खैं, आफु बलियो हुँदा यता उति गाउँगाउँ टाढाटाढासम्म पनि धर्म प्रचारमा हिँड्ने गर्थें। तर आजकलका बलिया भिक्षुहरू, आफ्नै चेलाहरूसमेत काठमाडौंमा नबसी बाहिरबाहिर धर्म प्रचार गरी हिँडेका छन्?' भनी प्रश्न गर्नुहुन्थ्यो।

यसरी नै यस्तै प्रसंगमा एक दिन उहाँले- 'धन्य यो त्रिपिटक संरक्षण गर्ने क्रममा कालाम सुत्र एउटा गायब गर्न सकेनन्। यो पनि संकलन गर्दा यताउता पारेको भए ठूलै कुरो छुट्ने थियो' भनेर भन्नुभएको थियो। जुन सुत्रमा बुद्धले स्वयम मैले भनेको कुरामा पनि विश्वास नगर्नु र आफुले राम्ररी आत्मपरिक्षण तथा विश्लेषण गर्दे आफ्नै अनुभवमा मिलेपछि मात्रै मान्नु भन्ने कुरा उल्लेख भएको पाइन्छ।

एक दिन कुनै कार्यक्रममा उहाँले मठ्ठ कुण्डलीको कथा प्रसंगमा मरेर गएको छोरोले चन्द्र र सूर्य दुई पाङ्ग्राको गाडि चाहियो भन्ने प्रसंगमा सबै ठाउँमा सुनेको एवं पढेको देवता भै आएर आफ्नो बुबालाई भनेकोमा उहाँ भन्तेले चाहिँ आफ्नो छोरा जस्तै देखिने, छोराकै उमेरको कुनै केटा वा साथीले यसरी बुबालाई सम्झायो, अनि मात्रै छोराको वियोगमा धेरै रूने बाबुको रूवाइ कम भई बोध भयो भनेर सुनाउनुभएको थियो।


श्रद्धेय भन्तेलाई सकेको सेवा गर्ने भनी संघाराम विहारमा बस्दादेखि इमान्दारीपूर्वक भन्नुपर्दा सेवा भन्दा मेवा बढी पाउँदै आएको कुरा लुकाउन नमिल्ला। साथमा विशेषगरी आन्तरिक बोध हुन पाउने खालका यस्ता प्रसंगहरूको लागि त मैले उहाँलाई विशेष आभार दिनै पर्ने हुन्छ।



Downloaded from http://www.dhamma.digital



. भिक्षु ऊ. चन्द्रमणि महास्थविर



श्रामणेर अश्वघोष



भिक्षु अमृतानन्द



भिक्षु धम्मावास नायक महास्थविर




भिक्षु धर्मरक्षित



Downloaded from http://www.dhamma.digital

# छैठौं संघनायक भन्तेमा सादर वन्दना



डा. लक्ष्मण शाक्य

आज भोली 'वन्दना' शब्द जताततै सुन्नमा आउँछ भन्ते 'वन्दना' र गुरूमाँ 'वन्दना' साथै बुद्ध 'वन्दना' इत्यादि । 'वन्दना' भन्नु नमस्कार भन्नु बराबर हो। यो आदर र गौरव सूचक शब्द हो।


शीलवान तथा आफूभन्दा उमेरमा जेष्ठ हुनुभएका व्यक्तिहरूलाई अभिवादन गर्नाले आयु, आरोग्य, सुख र बल प्राप्त हुन्छ भन्ने विश्वास बौद्ध संस्कारमा आधारित छ । त्यसैले बुद्ध धर्म, संघ, आमा बुबा र गुरूजनलाई क्रमश वन्दना गर्ने चलन रहिआएको छ। यहाँ भन्तेलाई वन्दना भन्नाले बुद्धको पालादेखि सबै भिक्षुसंघलाई समेत वन्दना गरेको मानिन्छ। अखिल नेपाल भिक्षु महासंघका वर्तमान छैठौं संघनायक पूज्य भिक्षु अश्वघोष महास्थविरज्यूमा पनि म सदैव सादर वन्दना गर्दछु। यो मेरो अहोभाग्य र शौभाग्य हो। बौद्ध देश म्यानमार (वर्मा) को उच्च धार्मिक संस्थाद्वारा 'अग्गमहासद्धम्म् जोतिकधज' धार्मिक पदवीबाट विभूषित पूज्य भन्ते अश्वघोष महास्थविर सम्पूर्ण नेपाली बौद्धहरूको पनि आदरणीय तथा वन्दनीय धर्मगुरूको रूपमा सुप्रस्थित हुनुभएको छ । बाल्यकालमा बुद्धरत्न शाक्यको नामले बोलाइने उहाँ अश्वघोष भन्ते हाल संघरत्नको प्रतिनिधिको रूपमा पाउनु धेरै खुशीको कुरा हो।

मैले बौद्ध भिक्षुहरूलाई 'वन्दना भन्ते' भन्न मेरो आमा मोहनमाया शाक्यबाट सिकेको हो । उहाँ बज्राचार्य कुलगुरू लामागुरू र भिक्षुहरूको भक्त वा उपासिका हुनुहुन्छ। पछि म आफै पनि भिक्षुहरूको नजिक पुग्ने शौभाग्य पाएर पञ्चशील, अष्टशील, दश श्रामणेर भन्ते शील र २२७ प्रतिमोक्ष भिक्षु उपसम्पदाशील समेत ग्रहण गरी भिक्षु सुशोभनको रूपमा पनि पूज्य अश्वघोष भन्ते लगायत अन्य जेष्ठ भन्ते भिक्षुहरूलाई धेरै वर्षसम्म वन्दना गर्दै आएको थिएँ। मेरो जीवनमा



Downloaded from http://www.dhamma.digital

भन्तेज्यूहरूलाई 'वन्दना' भनि सम्बोधन गरी आएको नै दशौं हजार पटक भन्दा बढी भैसकेको होला । यो मेरो बानी नै भैसकेको छ । उहाँहरू वन्दनिय छन्,



त्यसैले म उहाँहरूलाई वन्दना गर्दछु।

यहाँ पूज्य संघनायक अश्वघोष भन्तेलाई वन्दना गर्नु मेरो निम्ति अलग्गै व्यक्तिगत महत्व राख्दछ । म २०२७ सालमा श्रामणेर हुँदादेखि मप्रति उहाँले करूणा दृष्टिले हेर्नुभएको अनुभव हुन्छ। उहाँले मलाई एक ज्वर पहेलो चीवरवस्त्र पनि प्रदान गर्नुको साथै श्रीलंकाको मातरमा बौद्ध राहदानी लिदा उहाँकै अभिभावकत्वमा लिएको मलाई सम्झना छ।

त्यस्तै श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको अध्यक्षतामा ढल्कोस्थित भिक्षु तालिम केन्द्रको स्थापना र त्यहाँको विभिन्न कार्यक्रममा सक्रिय सहभागी हुन पाउँदा उहाँको निकटमा बसी धेरै व्यवहारिक ज्ञान हासिल गर्न पाएकोमा म उहाँप्रति धेरै आभारी पनि छु र कृतज्ञता ज्ञापन पनि गर्दछु। पछि म भिक्षुमानबाट तल झरेर गृहस्थमा प्रवेश भैसकेपछिको भेटघाटमा पनि उहाँले मलाई 'कसैको जीवन त्यस्तै रहेछ' भन्ने सरल भावनाले स्वीकार्नुभएको महशुस हुन्छ– मलाई।

पूज्य भन्तेको विविध शासनिक कुशल कार्यहरूको म मुक्त कण्ठले प्रशंसा गर्दछु । उहाँ मेरो निम्ति व्यवहारवादी र आदर्शवादी भन्ते हुनुहुन्छ। उहाँले वर्तमान समयलाई विशेष महत्व दिनुहुन्छ। बौद्ध परम्परागत विश्वास पूर्वजन्म र पूनर्जन्मको बारेमा उहाँको छुट्टै धारणा रहि आएको पाउँछु । जुन बौद्ध स्वतन्त्र चिन्तनभित्र पर्दछ। मेरो उहाँप्रति केही गुनासो छैन । म पूज्य अश्वघोष भन्तेको जीवनमा पूर्ण सन्तोष तथा सफलता प्राप्त होस् भन्ने कामना गर्दछु।

बुद्ध शासनमा भिक्षु भएर प्रतिस्थित भइकन जे जति पूण्य, ज्ञान, ध्यान, मार्ग, फल, लौकिक तथा अलौकिक शक्ति, शान्ति आदि प्राप्त गर्न सकिने हो, ती सबै गुणहरू सफलताका साथ पूज्य भन्ते अश्वघोष महास्थविरमा, प्राप्त होस् भन्ने कामनाका साथ केही गल्ती भएमा क्षमायाचना गर्दै उहाँमा हार्दिक तथा सगौरव फेरि वन्दना गर्दछु।



Downloaded from http://www.dhamma.digital

# बौद्ध अध्ययन गोष्ठी र पूज्य अश्वघोष



इन्दावती गुरूमाँ
सदम्म कोविद

वर्तमान संघनायक पूज्य गुरूवर ९० औं वर्षमा पदासिन हुनुभएको अवसरमा सुस्वास्थ्य दीर्घायू एवं निरोगीको कामना गर्दै यस 'सूचक' पत्रिकामा मेरो सङ्क्षिप्त भाव प्रकट गर्न पाउँदा म ज्यादै हर्षित भएकी छु।

धर्मकीर्ति पत्रिकाका प्रधान सम्पादक रहनुभएका उहाँ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका धर्मानुशासक पनि हुनुहुन्छ । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी वि. सं. २०२८ साल जेठ ७ गते शुक्रबारका दिन करिब ३० जनाको सहभागितामा पूज्य धम्मवती गुरूमाँको अध्यक्षतामा स्थापना भएको थियो।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापनाकालदेखि पूज्य गुरूवर र पूज्य गुरूमाँले निरन्तर ४२ वर्षसम्म बुद्ध शासनको लागि योगदान पुऱ्याउनुभएको छ । केही समयदेखि अस्वस्थ रहनुभएकाले उहाँले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा कक्षा लिन सक्नुभएको छैन । त्यसो त उहाँ यस गोष्ठीमा कक्षा लिनका लागि मात्र नभई हरेक सभा, सम्मेलन र कार्यक्रममा आफ्नो सहभागिता जनाउने गर्नुहुन्थ्यो तर अस्वस्थ शरीरका कारण गुरूको अभाव र गुरूको मुखारविन्दुबाट अभिव्यक्त हुने सारगर्भित प्रवचन श्रवण गर्न हामी वञ्चित भएका छौ । यद्यपि उहाँ हाम्रो मन, मुटु र सम्झनाबाट कहिल्यै टाढिनुभएको छैन र हाम्रै सामिप्यमा निरन्तर रहिरहनुभएको छ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा शुक्रबार र शनिबार पूज्य अश्वघोष र पूज्य धम्मवती गुरूमाँको कक्षा भन्ने वित्तिकै प्रायजसो धेरै उपासक तथा उपासिकाहरूको सहभागिता रहने गर्दछ। यस गोष्ठीमा केबल कक्षा मात्र सञ्चालन



Downloaded from http://www.dhamma.digital

नभएर विभिन्न गुरूहरूबाट प्रवचन र लेख रचनाहरू प्रस्तुत गर्ने, बौद्ध धर्मसम्बन्धी नाटक मञ्चन गर्ने, पत्रपत्रिकाहरू प्रकाशन गर्ने हस्तकला सञ्चालन गर्नेजस्ता कार्यहरू सम्पन्न हुने गर्दथ्यो । यस्ता कार्यक्रमहरू सञ्चालन हुने हुनाले विशेषगरी युवा वर्गहरूमा धर्मप्रति थप

पूज्य गुरू र पूज्य गुरूमाँको प्रत्येक कक्षा अत्यन्त रूचि पूर्वक ग्रहण गर्न थालें र कक्षा नछुट्याई लिने बानी पर्न थाल्यो । २०५० सालतिर एसएलसी सम्पन्न गरेपछि म प्रव्रजित गुरूमाँ बन्न धर्मकीर्ति विहारमा आएँ र धम्मवती गुरूमाँको नेतृत्वमा प्रव्रजित गुरूमाँ हुने निर्णय गरें।



इन्दावती गुरूमाँलाई उपहार प्रदान गर्दै अश्वघोष महास्थविर

आस्था वृद्धि हुन पुग्यो । उहाँले गोष्ठीमा बेलाबेलामा लेख लेख्न सिकाउने, पत्रपत्रिकाहरू प्रकशन गर्ने तथा पुस्तकहरू सम्पादन गर्ने र शुद्धाशुद्धी हेर्न सिकाउने गर्नुहुन्थ्यो । बौद्ध कार्यकर्ताहरूलाई प्रोत्साहन गर्न तथा धर्मप्रति सचेत गराउन गोष्ठीको हरेक कार्यक्रममा उहाँको उपस्थिति रहने गर्दथ्यो ।

जब म वि.सं. २०४८ तिर धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा प्रवेश गरे तबदेखि

पूज्य गुरूवरहरू दो. गुणवती, धम्मवती तथा अन्य गुरूमाँहरू र पूज्य अश्वघोष भन्तेहरू उपासक उपासिका तथा घर परिवारका सदस्यहरूका बीच अश्वघोष महास्थविरज्यूले नै उपाध्याय गुरूका रूपमा मलाई शिल प्रदान गर्नुभयो । त्यसपछि श्रद्धेय गुरूका नाताले उहाँसँग मेरो सम्बन्ध जोडिन पुग्यो । धम्मवती गुरूमाँले मेरो परिवार र मलाई उहाँसँग परिचय गराउनुभयो ।



Downloaded from http://www.dhamma.digital

गुरूमाँ भएपछि उहाँले धर्मकीर्ति विहारका अन्य गुरूमाँहरू र मलाई पाली भाषा सिकाउनुहुन्थ्यो । नबुझेका कुरा पटक पटक गरेर भन्ने र बुझाउने उहाँको स्वभाव थियो । विशेषगरी प्रवचन गर्दा उहाँ सरल, व्यावहारिक र स्पष्टतामा जोड दिनुहुन्थ्यो । उहाँका प्रवचन युवा, बालक, बृद्ध र सबै वर्गलाई सुहाउँदो हुन्थ्यो । उहाँको एउटा कथन थियो ' धेरै पढेर पण्डित होइन ज्ञानी बन्न सिक्नुपर्दछ।' जुन कुरा म बारम्बार सम्झने गर्छु। असल र ज्ञानी मानिस निर्माण गर्नु नै उहाँको उद्देश्य थियो।

नकारात्मक, मिथ्या र भ्रष्ट मति भएकाहरूलाई सम्यक दृष्टितर्फ धकेल्न प्रयासरत पूज्य भन्तेले काठमाडौंमा संघाराम विहार र वनेपामा ध्यानकुटी विहार तथा बाल आश्रम स्थापना गर्नुभएको छ । उहाँ वर्मा सरकारबाट 'अग्गमहासद्धम्म जोतिकधज' पदवीबाट विभुषित हुनाको साथै सयौं सम्मान तथा पुरस्कारबाट अभिनन्दित हुनुहुन्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चर्चित र जनप्रिय भन्तेप्रति दीर्घायुको कामना गर्दछ।


म मय शुभकामना

पालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआय

सु सिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यक

श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूक

९० औं शुभजन्मोत्सवको पावन अवसरमा

ध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा

दीर्घायुको कामना गर्दछौं ।

भिक्षु गुणघोष महास्थविर — धुलिखेल, काभ्रे

भिक्षु एस कीति — पनौती, काभ्रे




Downloaded from http://www.dhamma.digital



श्रामणेरहरुका साथमा अश्वघोष महास्थविर



Downloaded from http://www.dhamma.digital

# प्रेरणादायी गुरू अश्वघोष



भिक्षु गौतम

बुद्ध धर्मका अनुयायी तथा बौद्ध साहित्यकार डा. भिक्षु अमृतानन्द महास्थविरको प्रथम शिष्य एवं नेपालका तेस्रो श्रेष्ठ भिक्षु अश्वघोष महास्थविरको जन्म वि. सं. १९८३ जेष्ठ ३१ का दिन ललितपुरमा भएको थियो। पिता चन्द्रज्योति शाक्य र माता लक्ष्मीमाया शाक्यका कोखबाट जन्मनुभएका बुद्धरत्न शाक्य नै हालका चर्चित व्यक्तित्व अश्वघोष हुनुहुन्छ। उहाँका अनगिन्ती शिष्यहरू छन् र जसमध्ये म पनि एउटा हुँ। उहाँ एउटा सफल लेखक, साहित्यकार र पत्रकार पनि हुनुहुन्छ। दुःखी गरिब र असहायको सेवा गर्न रूचाउने, सामाजिक विकास र परिवर्तनका लागि निष्ठाका साथ अग्रसर हुने तथा अरूलाई पनि सत्कार्यमा लगाउने उहाँको स्वभाव पाइन्छ। उहाँले सयभन्दा बढी पुस्तकाकार कृति र दुई हजारको हाराहारीमा फुटकर लेखहरू प्रकाशित गर्नुभएको छ।

ध्यानकुटी विहार बनेपा र संघाराम विहार ढल्कोका संस्थापक अश्वघोष कुनै पनि उपासक-उपासिकाहरूले श्रद्धापूर्ण दान दिएको रकम बचाएर राख्ने गर्नुहुन्न र तत्कालै सामाजिक काममा खर्च गर्ने गर्नुहुन्छ। ९० वर्षको उमेरमा पनि अध्ययन र चिन्तनमा सक्रिय भन्ते हामीलाई निरन्तर रूपमा केही न केही रचनात्मक कार्य गर्न प्रेरणा दिने गर्नुहुन्छ। उहाँको सामान्य मानिसहरूको तुलनामा अलि छिटो रिसाउने बानी छ तर कुराकानी र प्रवचनका क्रममा हसाईहसाई अभिव्यक्ति दिने उहाँको विशेषता पाइन्छ। समाजका विविध अनुभव, दुःख र पीडाका कथा तथा समयको महत्वका बारेमा जान्न र बुझ्न उहाँका पुस्तकमा उपयोगी कुरा मात्र नभएर हामीले आफ्नो जीवन सपार्ने गोरेटो पनि भेट्न सक्छौं। नेपालमा बुद्ध धर्मको सम्मुन्नतिका लागि गुरूले महत्वपूर्ण योगदान मात्र पुऱ्याएका छैनन् अझै पनि धर्म प्रचार र प्रवचनमा क्रियाशिल



Downloaded from http://www.dhamma.digital



भेटिन्छन् । आफ्नो फराकिलो हृदय र विचारले अरूको मन परिवर्तन गराउन तथा साहस भर्न उहाँ माहिर देखिनुहुन्छ। उहाँबाट प्राप्त माया, दया, करूणा र प्रेरणालाई मैले कहिल्यै बिर्सने छैन । बुहजन हिताय बहुजन सुखाय नै जीवनको लक्ष्य बनाएर अघि बढ्नुभएका श्रद्धेय भन्तेको आदर्श, सिद्धान्त र मान्यतालाई निरन्तर अनुशरण गर्ने प्रण गर्दै भन्तेको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछु तथा यो छोटो भावना पोख्न अवसर प्रदान गर्ने सूचकका प्रकाशकलाई साधुवाद।

मं... मय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामि...
सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार
श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० ...
शुभजन्मोत्सवको पावन अवसरमा उहाँको आध्या...
... शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं ।

...बौद्ध पुच:परिवार
ख्वप, भक्तपुर



Downloaded from http://www.dhamma.digital

## कविता

# शुभकामना



सुमेधावती गुरूमाँ

सुभावना राखी मनले
राष्ट्रोन्नतिमा हरपल
लागि पर्ने भिक्षु हुन् उनी
सहयोगी, उदार मन।
श्रृङ्गार साहित्य कलाको
सेवा भावमा नै रम्दछन्
बुद्ध भूमिमा जन्मी हुर्की
बढेकोमा गर्व गर्दछन्।
भलाई सबको चाहने
समाजसेवी हुन राष्ट्रको
हँसिलो, फुर्तिलो, दरिलो
जीवन छ अति पौरखको।
द्रष्टा हुन् स्रष्टा हुन् नेपाली
भगवान बुद्धका अनुयायी
एकता र शान्तिका लागि
सबमा सद्भाव राख्दछन्।
कुशलताले भरिपूर्ण
संघनायकमा पदासिन
बहुमुखी प्रतिभा छ उनमा
चुलियोस् हिम झैं झन् झन्।
बौद्ध साहित्यमा श्रेष्ठ
विचार दर्शनमा धनी
बुद्ध प्रतिको आस्था
अक्षुण्ण तन मनभरी।
घडासरी हृदय लिई
दृढ निश्चयी जो बन्दछन्
बौद्ध धर्म र साहित्यमा
हरपल उनी रम्दछन्।
लेखनकलामा विशिष्टता
प्रवचनमा मग्न माधुर्यता
बौद्ध धर्म र नेपालको धरोहर हुन् उनी
राष्ट्र गौरव भई विराजमान।



Downloaded from http://www.dhamma.digital




म्यानमार सरकारबाट सन् २००० मार्च १९ मा प्रदान गरिएको अग्गमहासद्धम्म जोतिकधज उपाधि ग्रहणपछि भिक्षाटनको क्रममा म्यानमारमा अश्वघोष महास्थविर



Downloaded from http://www.dhamma.digital



# नैतिकवान लेखक भिक्षु अश्वघोष

वखत बहादुर चित्रकार

सयभन्दा बढीका संख्यामा पुस्तकहरू लेखेर प्रकाशित गरिसक्नुभएका श्रद्धेय भिक्षु अश्वघोष महास्थविर नेपाली बौद्ध जगतमा एक सुप्रसिद्ध लेखकका रूपमा प्रतिस्थापित हुनुहुन्छ। विविध पत्रपत्रिकाहरूमा उहाँले सयौं हजारौंका संख्यामा लेख-रचनाहरूको सिर्जना गरेर प्रकाशितसमेत गरिसक्नुभएको छ। उहाँले आफ्ना लेखहरूमा बुद्धका उपदेशहरू व्यावहारिक रूपमा बुझ्न सक्ने किसिमले प्रस्तुत गरेका हुन्छन्।

वर्तमान समाजमा देखिएका हिंसा, हत्या, अराजकता अनि बुद्धभूमि नेपालमा फैलिएको आपसी लडाई र दाइभाइबिचको काटमार आदि इत्यादि विकृतिबाट उहाँ निकै दुःखी हुनुहुन्छ। यसैले उहाँ पुरानो विचार भावलाई छोडेर नयाँ विचार अनि मानवीय संचेतनाको जागरण नगराउने हो भने यो विकृति रोक्ने उपाय नै छैन भन्ने मत राख्नुहुन्छ। मान्छेलाई सही मान्छे बनाउन, असल मान्छे बनाउन अनि मानव-मनभित्र सुषुप्त कलुषित भाव अनि हिंसात्मक प्रवृत्तिलाई रोक्न निरन्तर रूपमा धार्मिक, बौद्धिक



Downloaded from http://www.dhamma.digital

तथा नैतिक उपदेशका लेख-रचनाहरू विभिन्न दैनिक , साप्ताहिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक तथा पत्रपत्रिका तथा विशेष अवसरमा निकालिने स्मारिकाहरूमा उहाँले चेतनात्मक र सन्देशात्मक लेखहरू प्रकाशित गर्नुभएको छ ।

उहाँको लेख-रचना कोर्ने यात्रा प्रव्रज्या जीवनको चार वर्षपश्चात् इ.सं. १९४८ मा 'धर्मदूत' प्रत्रिकामा प्रकाशित 'प्रेमं हे दुःख विइगु खः' बाट प्रारम्भ भएको थियो। बौद्ध देश श्रीलंकाको महामन्तिन्द परिवेण तालिम केन्द्रमा पालि साहित्य अध्ययनरत छँदाखेरि उहाँले आफ्नो लेख 'श्रीलंका व परिवेण' प्रकाशित गर्नुभएको हो । यो लेख नेपाल भाषामा धर्मोदय (मासिक वर्ष-१, अङ्क-५) मा प्रकाशित भएको थियो । श्रीलंकाको जनजीवन, जनसंख्याको तथ्यांक, परिवेण र त्यहाँ गराइने अध्ययन व्यवस्था आदि समावेश गरेर लेखिएको सो लेखद्वारा उहाँलाई 'धर्मोदय पुरस्कार' पनि प्राप्त भएको थियो।

उहाँद्वारा प्रकाशित लेख-रचनाहरू पढेर धेरैले बुद्ध धर्मबारे धेरै कुराहरूजान्न पाएको, व्यावहारिक नैतिक उपदेशहरू पढ्न पाएर जीवन राम्रो भएको, पहिलाभन्दा आफ्नो व्यवहारमा पनि सुधारात्मक धेरै परिवर्तन आइसकेको, स्वतन्त्र विचारका यथार्थपरक अनि ज्ञानवर्द्धक लेख-रचनाहरूबाट ज्यादै प्रभावित भएको आदि इत्यादि कुराहरू पाठकवर्गले आफुसमक्ष जाहेर गर्न आउँदा सन्तुष्ट र आनन्दित हुने गरेको कुरा उहाँ स्वयं भन्नुहुन्छ ।

'मान्छेलाई दुःखबाट मुक्त भएको निर्वाणमा पुऱ्याइदिने जिम्मा त म लिन सक्तिनँ, न त त्यस्तो कुरा नै लेख्छु । बरू मानवीय जीवनमा दैनिक रूपले आइरहने अनेक प्रकारका विघ्न-बाधा, समस्या आदिबाट मुक्त हुने, आनन्दले परस्पर मेलमिलापका साथ मैत्री र सौहार्दताका साथ जिउने अनि जीवनलाई सफलिभूत तुल्याउने व्यवहारिक नैतिक शिक्षाका कुराहरू जनमानसमा पुऱ्याउँछु।'

पढ्नेहरू भन्छन्- उहाँका लेख रचनाहरूमा गाम्भीर्यता एवं गाऱ्हा र अप्ठ्यारा शब्दहरूको प्रयोग भएको पाईदैन । विद्वत जनहरूले मात्रै होइनन्, उहाँका लेख-रचनाहरू सामान्य मानिसहरूले पनि सहजताका साथ बुझ्न सक्छन् । उहाँका लेख-रचनाहरूमा प्रायः बौद्ध दर्शनलाई दिमागमा नअट्ने गरी छाड्नुभन्दा व्यावहारिकता तथा दैनिक जीवनमा आइपर्ने समस्या र समाधानका कुराहरू छर्लङ्ग भइराखेका हुन्छन्। तसर्थ उहाँका रचनाहरू पढ्नेहरूले आफुलाई त्यसमा प्रतिबिम्बित गरेर बडो रमाइलो र मिठासका साथ लिने गर्दछन्। त्यसैले पनि होला, उहाँका लेख-रचनाहरू सुरू गरेर समाप्ति नभएसम्म छोड्न मन लाग्दैन ।



Downloaded from http://www.dhamma.digital

लेख–रचनाहरूका माध्यमबाट पनि बुद्धको यथार्थ धर्म प्रचार गर्न सक्ने विश्वास बोक्नुभएका उहाँले वृद्धावस्थाको क्षणमासमेत कलम चलाउन रोक्नुभएको छैन । सिद्धान्तलाई भन्दा व्यावहारिक पक्षमा जोड दिनुहुने भन्तेले मानिसलाई सदैव चरित्रवान, नैतिकवान, निश्कलङ्कित र दोषयुक्त बनाउने, मानवीय सञ्चेतनालाई आत्मादेखि झकझकाइ दिने तथा जीवनलाई परिशुद्ध बनाउने नैतिक उपदेशहरू जनमानससमा पुऱ्याउन अनवरत रूपले लागिरहनुभएको छ । उहाँको विचारमा दान गर्नु, शील पालन गर्नु, ध्यान भावना गर्नु, अरूलाई उपकार गर्नुमात्र होइन आफुद्वारा अरूलाई कुनै पनि प्रकारको विघ्नबाधा नपुऱ्याउनु तथा दुःख नदिनु पनि धर्म हो ।

सिद्धान्त मान्छेका निम्ति हुन सक्छ तर मान्छे सिद्धान्तका निम्ति होइनन् भन्नुहुने भन्ते कुनै पनि काम–कुरालाई आँखा चिम्लेर तत्कालै विश्वास गर्नु र व्यवहारमा उतार्नुभन्दा मानवीय स्वविवेक र प्रज्ञाले जाचेर मात्र पालन गर्नुपर्ने धारणा अघि सार्छन् र यो धारणा भगवान बुद्धको पनि हो ।

मंगलमय शुभकामना
नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामिक
सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार
श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको
९० औं शुभजन्मोत्सवको पावन अवसरमा उहाँको
आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा
दीर्घायुको कामना गर्दछौं ।
नारायणलाल नकर्मी
परिवार त्रिपुरेश्वर, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# भिक्षु अश्वघोष एक सिंहावलोकन

अनुज शाक्य

नेपालमा स्थविरवाद बुद्ध धर्म प्रचार प्रसार गर्ने क्रममा ७५ वर्ष समय व्यतित गर्नुभएका भिक्षु अश्वघोषको जन्म ३१ जेष्ठ १९८४ का दिन पाटनको ओकुबहालमा पिता चन्द्रज्योति शाक्य र माता लक्ष्मीमाया शाक्यका कनिष्ठ पुत्रको रूपमा भएको थियो।



माता लक्ष्मीमाया शाक्यको प्रेरणाले १७ वर्षको उमेरमा प्रव्रजित हुनुभएका बुद्धरत्न शाक्यले बाल्यकालदेखि नै भिक्षु धर्मालोक र भिक्षु अमृतानन्दको छत्रछायाँमा रहने अवसर पाउनुभएको थियो। भिक्षु अमृतानन्दले बुद्धरत्न शाक्यलाई वि. सं. २००० साल पौष महिनामा भारतको कुशीनगर लगी भिक्षु ॐ चन्द्रमणि महास्थविरको गुरूत्वमा प्रव्रजित गराई श्रामणेर 'अश्वघोष' बनाउनुभएको थियो। श्रामणेर अश्वघोष प्रव्रज्यापश्चात् कुशीनगरमै महिनौं रहनुभएको थियो। उहाँले कुशीनगरमा रही प्रारम्भिक बौद्ध



Downloaded from http://www.dhamma.digital

शिक्षा र हिन्दीभाषाको ज्ञान श्रामणेर धर्मरक्षितका साथ सिक्नुभएको थियो । त्यसैताका श्रामणेर धर्मरक्षित उपसम्पन्न भई श्रीलंकामा बुद्ध धर्म अध्ययन गर्न जाने तरखरमा लागे । जसको कारण श्रामणेर अश्वघोषलाई अध्ययनमा समस्या पर्ने देखि भिक्षु धर्मरक्षितले नेपाली भिक्षु 'महानाम कोविद' सित सरसल्लाह गरी सोही परिवेणमा आफु एवं श्रामणेर अश्वघोषको अध्ययनको प्रबन्ध मिलाए।

सोही महामन्तिन्द परिवेणमा श्रामणेर अश्वघोषले ६ वर्षसम्म बौद्ध साहित्य अध्ययन गरी सन् १९५० मा कोलम्बो आई अंग्रेजी भाषा एवं अन्य विषयहरूको पनि ज्ञान हासिल गर्ने हेतु सरकारी स्कूलमा भर्ना हुनुभएको थियो। स्मरणीय छ, यस अवधि भित्रमा उहाँ मातरस्थित महामन्तिन्द परिवेणका प्रधानाचार्य भिक्षु धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न भई भिक्षु अश्वघोष बन्नुभएको थियो।

उहाँ कोलम्बोमा अध्ययन गर्न आउनुभएको वर्ष दिनपछि नेपाल आउने अवसर प्राप्त गर्नुभयो। हेतु थियो –नेपालमा अग्रश्रावक अस्थिधातुको आगमन।

अग्रश्रावक अस्थिधातु स्वागत समितिको तर्फबाट उहाँका साथै श्रामणेर कुमारलाई पनि निम्तो प्राप्त भएको कारण उहाँहरू दुवैजना सन् १९५१ को अक्टोबर महिनामा नेपाल आइपुगे । अग्रश्रावक अस्थिधातु नेपालमा रहुन्जेल एक महिना जतिको नेपाल बसाईपछि उहाँहरू दुवैजना पुनः श्रीलंकामै फर्के।

भिक्षु अश्वघोष श्रीलंका गएको केही महिनापछि त्यहाँको स्कूले जीवन समाप्त गरी भारत फर्के। उहाँले सारनाथमा रही महाबोधि विद्यालयका विद्यार्थी भई पुनः विद्यार्थी जीवन सुरू गरे र त्यहीबाटै उहाँले एस. एल. सी. परीक्षा उत्तीर्ण गर्नुभएको थियो।

एस. एल. सी. पश्चात् उहाँले आइ. ए पनि सारनाथको महाबोधि कलेजबाट उत्तीर्ण गरे र बी.ए.को अध्ययन वाराणसी स्थित काशी हिन्दू विश्वविद्यालयमा सुरू गर्नुभएको थियो । अफसोच, उहाँ बी. ए. उतीर्ण नहुँदै बिरामी पर्नुभयो र उहाँलाई क्षय रोग (टी.बी) लाग्यो । यसको उपाचारार्थ उहाँ चीन जानुभयो । चीनको पेकिङ्ग स्वास्थ्य निवासबाट उहाँ सन् १९६१ मा सकुशल भई नेपाल फर्कनुभयो।

चीनबाट फर्केपछि उहाँले स्वदेशमा रही अभिभावक गुरू भिक्षु अमृतानन्द महास्थविरको आदेशानुसार आनन्दकुटी विद्यापीठको सेवाकार्यमा लाग्नुभयो। उहाँ आनन्दकुटी विद्यापीठको विभिन्न प्रशासकीय पदहरूमा पूरा एक दशक संलग्न रहनुभयो।

वि. सं. २०२८ सालदेखि उहाँको



Downloaded from http://www.dhamma.digital

जीवनको मोड बदलियो। उहाँले आफ्नो जीवन बहुजन हिताय बहुजन सुखाय गर्ने लक्ष्यअनुरूप त्यसताका श्रीघः नघलस्थित धर्मकीर्ति विहारमा स्थापना गरिएको 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' ले नियुक्त गरिएको धर्मानुशासक पद अनुरूप धर्मानुशासक भई 'धर्मकिर्ति बौद्ध अध्ययन गोष्ठीलाई' गतिशील रूप दिन सफल हुँदै जानुभयो।

धर्मकीर्ति विहारका प्रमुख एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्ष अनागारिका धम्मवतीले पनि आफ्नो पुस्तकहरूको साथै भिक्षु अश्वघोष महास्थविरका पुस्तकहरूलाई पनि धमाधम प्रकाशित गरी अध्ययन गोष्ठीका सदस्यहरूलाई सरल र सुबोध रूपमा बुद्ध धर्म र दर्शनको परिचय दिँदै जान अधिक सफल हुनुभयो।

भिक्षु अश्वघोष महास्थविर धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी कार्यमा मात्र सीमित नरहेर आनन्दकुटी विहारको गतिविधिमा पनि सरिक हुनुभएको थियो। आनन्दकुटी विहारले वि. सं. २०३० सालको वैशाख महिनादेखि सुरू गरेको 'आनन्दभूमि' बौद्ध मासिक पत्रिकामा उहाँ सम्पादक नियुक्त हुनुभयो भने धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको 'धर्मकीर्ति' पत्रिकाको उहाँ प्रधान सम्पादक रहनुभयो।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको लक्ष्य पुस्तक प्रकाशन एवं स्थानीय ठाउँमा मात्र धर्म प्रचार गर्ने नभई उपत्यकाको यत्रतत्र गाउँहरूको साथै उपत्यका बाहिर पनि पुगी धर्म प्रचार गर्न जाने लक्ष्यलाई भिक्षु अश्वघोष महास्थविरले गोष्ठी स्थापनादेखि सहयोग वा प्रमुख भूमिका निभाउँदै आउनुभएको छ। भिक्षु अश्वघोष महास्थविरको धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीप्रति बेजोड भूमिका थियो। यसको अतिरिक्त भिक्षु अश्वघोष महास्थविरको पहिलेदेखिको व्यक्तित्वबाट प्रभावित भई नेपालमा २०४६ सालको जनआन्दोलन पश्चात् पुनर्वहाली भएको प्रजातान्त्रिक व्यवस्थामा गठित संसदको राष्ट्रिय सभामा उहाँलाई नेपाल कम्युनिष्ट पार्टी एमालेले संसदको उपल्लो सदनमा पठाउने निर्णय गऱ्यो। जसलाई उहाँले केहीसित सरसल्लाह गरी स्वीकृति दिनुभयो। उहाँ राष्ट्रिय सभाको एक सांसद भई उपेक्षित धार्मिक समूहको प्रतिनिधित्व गरी सदनमा विशेषरूपले लुम्बिनीप्रति भइरहेको अन्याय एवं दुर्व्यवहारबारे आवाज उठाउनुभएको थियो। उहाँकै आवाजको प्रतिफलस्वरूप पोखरा र लुम्बिनीमा विश्व शान्ति स्तूप तयार भएको थियो।

अतः नेपाली बौद्ध जनस्तरबाट श्रद्धाका साथ सम्मानित व्यक्तित्व भिक्षु अश्वघोषको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछु।



Downloaded from http://www.dhamma.digital



# फरक दृष्टिकारका रूपमा अश्वघोष महास्थविर

त्रिरत्न मानन्धर

Dhamma.Digital

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर वर्तमान नेपालको वरिष्ठ भिक्षु हुनुहुन्छ। सामान्य रूपले भिक्षु भन्नासाथ बुद्ध धर्मप्रति समर्पित गृहत्यागी जीवनपर्यन्त धर्मको अभ्यास गरेर निर्वाण प्राप्तिको उद्देश्य लिएको व्यक्तिलाई लिइन्छ। भिक्षु अश्वघोष पनि बुद्धशासनमा प्रव्रजित भइसकेपछि आफ्नो दिनचर्या त्यही अनुरूप बिताउँदै छन्। धर्म अध्ययन गर्ने, प्रवचन दिने र लेखनद्वारा बुद्धको शिक्षाप्रति जागरण गर्ने काममा उहाँको सक्रियता देखिन्छ।

तर भिक्षु अश्वघोष प्रवचन गर्दा लेख प्रस्तुत गर्दा उपासक उपासिकाहरूसँग धार्मिक कुरा गर्दा सामान्य भिक्षुहरूभन्दा केहि फरक किसिमले प्रस्तुत हुने कुरा धेरैले महशुस गर्दै आइरहेका छन्। उहाँको त्यो फरकपन भनेको बुद्ध धर्म र बौद्ध साहित्यप्रतिको आलोचनात्मक दृष्टिकोण हो।

अरू भिक्षुहरूले सरसर्ति बताउने धर्मसँग सम्बन्धित कुराहरू र बौद्ध साहित्यका कुराहरूप्रति उहाँको



Downloaded from http://www.dhamma.digital

आलोचनात्मक दृष्टिकोण पाइन्छ। बुद्ध शासनमा प्रव्रजित भिक्षुबाट यस्तो कृयाकलापप्रति कोहि आश्चर्य प्रकट गर्छन त कोहि उहाँप्रति नकारात्मक टिप्पणी पनि गर्छन्। यस हिसाबले भिक्षु अश्वघोषलाई नेपालको भिक्षुसंघमा फरक विशेषता बोकेका भिक्षु भनेर पनि चिन्ने गरिन्छ।

थेरवाद बुद्धशासन अन्तर्गत भिक्षु जीवनमा क्रियाशील अश्वघोष थेरवाद बुद्धशासनका अधिकारिक ग्रन्थहरूमा मुलपाली साहित्य र अर्थकलाहरूमा वर्णित सम्पूर्ण कुराहरूलाई ज्यूं का त्यूं स्विकार्न किञ्चित पनि तयार हुनुहुन्न। बुद्ध धर्मको सामान्य जानकारी प्राप्त उहाँका विशेषतासँग परिचित धेरैजसो मानिसहरू आश्चर्य हुन्छन् र अरू वरिष्ठ भिक्षुहरूसँग त्यस सम्बन्धमा विचार विमर्श गर्न जाने गर्छन्। किनभने पालि साहित्यमा उल्लेखित जुन कुराहरू अरू भिक्षुहरू सामान्य तवरले बारम्बार उपदेश गर्ने गर्छन्। तर उहाँ छुट्टै विचार प्रकट गर्नुहुन्छ। त्यसैले धेरै मानिसलाई जसले कहिल्यै उहाँको विचार सुनेका छैनन् उनीहरूलाई त्यो कुरा नपच्न पनि सक्छ तर उहाँको यस सम्बन्धमा एउटै सूत्र छ, त्यो हो सम्यक चिन्तनको कुरा। जुन बुद्ध देशनाको महत्वपूर्ण कुरा पनि हो।

जुनसुकै कुरालाई पनि धेरै ठूलो ग्रन्थमा लेखिएको, ठूल्ठूला धार्मिक गुरूहरूले बताउनुभएको, परम्परादेखि प्रचलनमा आइरहेको र धेरैले अंगीकार गरिसकेको कारणले मात्र त्यसलाई स्वीकार्नु हुँदैन। बरू त्यसलाई आफ्नो बुद्धि विवेकको कसीमा घोटेर स्वतन्त्र रूपले चिन्तन गरेर मात्र त्यसलई स्वीकार्ने र नकार्ने गर्नुपर्छ भन्ने बुद्धको शिक्षालाई उहाँले बारम्बार बताउनुहुन्छ । उहाँको भनाइअनुसार बुद्धको यो स्वतन्त्र चिन्तनको शिक्षालाई बौद्ध साहित्य अध्ययन गर्दा पनि अनुशरण गर्नुपर्ने कुरामा जोड दिनुहुन्छ।

उहाँको विचारमा त्रिपिटक वा पालि साहित्य भनेर जुन हाम्रो अगाडि छन् ती सबैलाई हुबहु बुद्ध प्रवचनको रूपमा स्वीकार गर्न सकिँदैन। किनभने २५०० वर्ष अगाडि गुरूबाट चेला र फेरी चेलाबाट अर्को चेलामा कण्ठस्थ गरेर प्रवाहित उक्त शिक्षा बुद्ध परिनिर्वाण भएको पाँच सय वर्षपछि मात्र लिपिबद्ध भएको र त्यसमा पनि धेरै कुराहरू मिसिएको, छुटेको र धेरैको अर्थलाई पहिल्याउने गलत परम्परा इत्यादिको कारणले त्यसलाई शतप्रतिशत बुद्ध बचन हो भनेर ग्रहण गर्नु अतिशयोक्ति हुने कुरामा उहाँको जोडदार वकालत छ।

हुन त प्रत्येक संगायनमा बुद्ध वचनलाई जाँचेर त्यसको आधिकारिकताको बारेमा सचेत भएर विद्वान भिक्षु संघहरूबाट छानेर



Downloaded from http://www.dhamma.digital

आइरहेको भए तापनि थेरवादीहरू कट्टर स्वभावको हुने कारणले केहि कुराहरूलाई अस्वभाविक भए तापनि हुवहु राख्ने गरेको उहाँ बताउनुहुन्छ।

यस्तै छुट्टै आलोचनात्मक विचाहरूसँग सम्बन्धित उहाँबाट सृजित किताबहरूले यस्तै सन्देशहरूलाई प्रतिनिधित्व गरिरहेको हामीले देख्न सक्छौं। एक पटक एक वरिष्ठ भिक्षुले धर्मसम्बन्धी लेखेको पुस्तकमा रहेको कुरालाई बुद्धवाद भन्नुको साटो अश्वघोषवाद भन्नुपर्छ भनेर टिप्पणी गर्नुभएको थियो। उहाँको यस आलोचनात्मक दृष्टिकोणलाई आलोचना गर्नेहरूपनि प्रशस्त छन्।

तर उहाँ आफ्नै धुनमा रहेर बौद्ध साहित्यलाई चुनौति दिने किसिमका कुराहरू लेख्ने गर्नुहुन्छ। विशेष रूपमा बुद्धजीवनीसँग सम्बन्धित चमत्कार पूर्ण र अलौकिक कुराहरूलाई ठाडै अस्वीकार गरेर लेख्नुहुन्छ। बुद्ध जन्मनासाथ सातपाइला टेकेको, आफु अग्र हो भनेर घोषणा गर्नुभएको, शुद्धोधन महाराजले हलो जोतेको दिनमा ध्यानमग्न सिद्धार्थमाथि परेको छायाँ नसरेको, यमक प्रातिहार्य देखाइ सकेपछि बुद्ध त्रायस्त्रिंश भुवनमा आफ्नो आमालाई अभिधर्म देशना गर्नुभएको घटनाहरूलाई उहाँले सहज रूपमा स्वकार्नुहुन्न। बुद्धलाई अलौकिक रूपले प्रस्तुत गर्ने चलन पछिका महायान र बज्रयानको साहित्यबाट प्रभावित भएर त्यसैअनुरूप चित्रण गर्ने क्रममा थेरवादमा पनि घुसेको हुनसक्ने उहाँको ठहर छ।

बुद्ध जीवनीका यी अलोकिक घटनाहरूमात्र होइन उहाँको गुनासो धर्मलाई सही रूपमा नअर्थ्याई आफ्नो विचार अनुकूल गर्ने प्रवृत्तिप्रति पनि उहाँको आलोचनात्मक टिप्पणी जस्तै पराभव सुत्तमा एउटा गाथा छ।

**सुविजानो भवंहोति सुविजानो पराभवो।**
**धम्मकामो भवं होति धम्मदेस्सी पराभवो।**

**अर्थात**

**जानिन्छ उन्नतिको कारण जानिन्छ कारण पतनको।**
**धर्मप्रियको उन्नति हुन्छ धम्म द्वेषीको पतन॥**

यस गाथाको अर्थप्रति उहाँको आफ्नै धारणा छ। उहाँको भनाईअनुसार सुविजानु 'भवंहोति सुविजानो पराभवो' को अर्थ विज्ञहरूको उत्थान हुन्छ र विज्ञहरूको पतन हुन्छ- भनेर अनुवाद हुनुपर्ने हो। सुविज्ञ अथवा बुद्धिजीवि हुनासाथ उनीहरूको उत्थान नै हुनुपर्छ भन्ने छैन। उनीहरू पतन पनि हुन सक्छन् भन्ने यस गाथाको अर्थलाई त्रिपिटक अनुवादकहरूले अर्कै किसिमले अर्थ्याएको कुरा उहाँ बताउनुहुन्छ। जुन साँच्चै अनुसन्धानको विषय हुन सक्छ। किनभने धर्मको बारेमा विज्ञ हुनासाथ उनीहरू पतन हुन सक्दैन भन्ने धारणाबाट प्रेरित विद्वानहरूबाट त्यसरी अनुवाद



Downloaded from http://www.dhamma.digital

भएको हुनसक्छ। तर पतनबाट बच्न मात्र विज्ञ भएर हुँदैन बरू धर्मलाई व्यावहारमा पनि उतार्नुपर्छ र धर्मलाई धारण गर्नुपर्दछ भन्ने कुरा बुद्धले बारम्बार बताउनुभएको कुरालाई उहाँ अगाडि राख्दै पहिलो अनुवाद सही हुन नसक्ने तर्क अघि सार्नुहुन्छ।

त्यस्तै दीर्घ निकायको धम्मचक्क पवत्तन सुत्त जुन बुद्धको पहिलो देशना हो, प्रति पनि दुई अन्त र आर्यअष्टांगिक मार्गको कुरावाहेक पछि विभिन्न लोकमा त्यस सुत्तको प्रसार भएको कुरालाई पछि थपेको हो भन्ने उहाँको विचार छ। किनभने पहिलो भागमा वर्णित कुरा र त्यसपछिको कुरामा वचन (प्रथम व मध्यम) फरक फरक भइरहेको छ।

जे होस् उहाँको यस किसिमका विचारहरूबाट एकोहोरो रूपले धार्मिक ग्रन्थलाई अंगालेर बस्नेहरूलाई सजक हुन बाध्य पारेको छ। उहाँको विचारोत्तेजक कुराले फेरि एकपटक आफ्नो बुद्धि र विवेकको कसीमा घोटेर स्वतन्त्र चिन्तक भएर मात्र कुरा स्वीकार वा अस्वीकार गर्नुपर्छ भन्ने बुद्धको महावाणीलाई अंगीकार गर्न प्रेरित गरेको छ भन्ने कुरामा कसैको दुईमत हुने छैन।


मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामिक सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार श्रद्धेय गुरू भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछु।

भिक्षु बोधिज्ञान महास्थविर
विश्व शान्ति विहार, काठमाडौं




Downloaded from http://www.dhamma.digital



# भिक्षु अश्वघोष चिन्तनशील व्यक्तित्वका रूपमा

डा.चन्द्रमान बज्राचार्य

किशोरावस्थादेखि नाम सुनेको, युवावस्थामा देखेको र सम्पर्क भएको व्यक्ति भिक्षु अश्वघोष महास्थविर हुनुहुन्छ । अश्वघोष भन्ने बित्तिकै नेपालको बौद्ध र बौद्धिक क्षेत्रमा नाम नसुन्ने र नचिन्ने सायदै होलान् । उहाँलाई अन्य व्यक्तित्वहरूले जसरी बुझे पनि मैले भने एक सामाजिक परिवर्तनकारी व्यक्तित्वको रूपमा लिने गरेको छु ।

हाम्रो समाजमा जहाँ पनि, जहिले पनि बुद्ध धर्मसम्बन्धी कार्यक्रम पञ्चशील प्रार्थनाबाट सुरू गर्ने गरिन्छ, जुन पालि भाषाको हुन्छ । यो प्रथाले परम्पराकै रूप लिइसकेको छ । पञ्चशील प्रार्थना गर्ने सबै बौद्धहरूमा यो पञ्चशील प्रार्थना कण्ठस्थ हुन्छ । तर पालि भाषा नबुझ्ने शिक्षित वा अशिक्षित दुवै बौद्ध उपासक उपासिकाहरूलाई भने यसको अर्थ बुझ्न कठिन छ । सिद्धार्थ गौतम बुद्धको मान्यताअनुसार मातृभाषाबाट



Downloaded from http://www.dhamma.digital

धर्मको प्रचार गर्दा मातृभाषीहरूले धर्मको मर्म छिट्टै र राम्ररी बुझ्ने भएकाले त्यस बेलाका मातृभाषीहरूलाई पालि भाषाबाट धर्मको प्रचार गर्नुभएको थियो । तसर्थ बुद्ध धर्मको प्रचार सुरूवातमा पालि भाषाबाट भएको थियो । सोहीअनुरूप नेपालमा नेवार समाजमा पनि अश्वघोषले प्रचलित परम्परा पालि भाषाको पञ्चशील प्रार्थनालाई नेवार समुदायको मातृभाषा नेपाल भाषाबाटै प्रचार गर्न पालि भाषाको उक्त पञ्चशील प्रार्थनालाई नेपाल भाषामा अनुवाद गरी उक्त परम्पराको ठाउँमा नयाँ ढंगबाट नेपाल भाषाबाटै पञ्चशील प्रार्थना सुरू गर्नुभएको थियो । तर परम्परालाई मास्नु हुँदैन भन्ने विचार राख्ने परम्परावादी बौद्धहरूको विरोधले गर्दा भिक्षु अश्वघोषको त्यो चिन्तनले स्थान नपाएको भन्ने कुरा मैले युवावस्थामै सुनेको थिएँ । तर स्पष्ट जानकारी भने पाउन सकेको छैन । मलाई के कुरामा विश्वास छ भने उहाँ गलत परम्पराको विरोधमा प्रगतिशील विचारधारा राख्नुहुन्छ । तसर्थ म भन्ते अश्वघोषज्यूप्रति असाध्यै श्रद्धा राख्दछु । किनकि उहाँले बुद्धको मातृभाषाप्रतिको सिद्धान्त र व्यावहार भित्री हृदयदेखि नै बुझ्नुभएको छ र बुद्धको शिक्षा भित्री हृदयदेखि पालना गरी सच्चा अनुयायीको रूपमा देखा पर्नुभएको छ ।

अश्वघोष भन्तेबाट असंख्य ठाउँहरूमा प्रवचनहरू भइसकेका छन् । तसर्थ उहाँ अत्याधिक उपासक-उपासिकाहरूका लागि चीर परिचित व्यक्तित्व हुनुहुन्छ । उहाँको प्रवचन सुन्दा समाजमा विद्यमान कुरीति कुसंस्कारलाई परिवर्तन गर्नका लागि उहाँ निक्कै आतुर हुनुहुन्छ र उहाँका प्रवचनबाट विशेषगरी युवा समुदाय प्रभावित देखिन्छन् ।

उहाँले प्रवचनका अतिरिक्त आफ्ना प्रकाशित पुस्तकहरूमा बुद्ध धर्मलाई आफ्नै बुद्धि र विवेकबाट निरीक्षण र परीक्षण गरी मूल्यांकन गर्ने गर्नुभएको छ । उहाँको मननीय कुराहरू अत्यन्त महत्वपूर्ण भएकाले उहाँको 'मैले बुझेको बुद्ध धर्म' पुस्तकमा रहेका केहि कुराहरू यहाँ प्रस्तुत गर्ने जमर्को गरेको छु ।

वि.सं. २०४६ मा प्रकाशित उहाँको 'मैले बुझेको बुद्ध धर्म' मा बुद्ध धर्मबारे उहाँका धारणाहरू स्पष्ट देखिन्छन् । जुन हाम्रो नेपाली समाजले मनन गर्नु नितान्त आवश्यक छ । उहाँ भिक्षुको नाताले बुद्ध धर्मका अनुयायीमात्र नभएर सुप्रसिद्ध बौद्ध धर्मका प्रकाण्ड विद्वान् र सुप्रसिद्ध प्रवचनकर्ता पनि हुन् । तसर्थ बौद्ध प्रवचनको क्रममा अत्यन्त सरल ढंगबाट सामान्य प्रचलित शब्दहरू मात्र प्रयोग गरी जन-साधारणले बुझ्ने गरी प्रवचन गर्नुहुन्थ्यो, त्यस्तै प्रकारले यो पुस्तकको



Downloaded from http://www.dhamma.digital

रचना पनि भएको छ। आफुले बुझेको बुद्ध धर्म पाठकहरूले बुझ्ने गरी अत्यन्त मेहनतका साथ तयार पार्नुभएको छ।

प्रस्तुत पुस्तकभित्र बुद्धको विचार, बुद्ध धर्मको विशेषता, पुनर्जन्म र अनात्मवाद, पुस्तक पूजा, अहिंसा र गौतम बुद्ध, बौद्ध-संस्कृति, बौद्ध-साहित्य र स्वास्थ्य सेवा, परिक्षण र उपलब्धि र बुद्धको भिक्षु संघ र प्रजातन्त्र शीर्षकमा लेखहरू रहेका छन्।

'बुद्धको विचार' शीर्षकको लेखमा उहाँले बुद्ध धर्मलाई बुद्धको विचार भन्नुपर्ने तर्क यसरी प्रस्तुत गर्नुभएको छ। उहाँले बुद्ध विचारलाई बुद्धवाद भन्नुपनेबलियो आधार अंगुत्तर निकाय ग्रन्थलाई अगाडि राखेर गौतम बुद्धले भिक्षुहरूलाई दिनुभएको प्रवचनमा अबौद्धहरूका तीन प्रकारका निम्न विचारहरू पूर्व कर्मकै फलस्वरूप मानिसले सुख दुःख प्राप्त गर्दछ भन्ने विश्वास, ईश्वरको लीला र कृपाअनुसार मानिसले सुख दुःखको भोग गर्दछ भन्ने विश्वास र हेतु वा विनाकारण नै मानिसले सुख दुःखको अनुभव गर्दछ भन्ने विचार जनहितका लागि नभएकाले त्यसको खण्डन गर्दै चार आर्य सत्यहरू व्याख्या-विश्लेषणका साथ प्रस्तुत गरेको कुरा बताउनुहुन्छ।

उहाँले सरल ढंगबाट बुद्ध धर्म बुझाउनका लागि श्रीलंकाका महान् विद्वान् श्री विमलवंश महास्थविरको नेपाल भ्रमणमा पाटनस्थित सुमंगल विहारमा भिक्षु, बुद्धघोष महास्थविरको नेपालमा बौद्ध धर्म प्रचारका लागि के गर्नुपर्छ ? भन्ने प्रश्नको उत्तरमा महास्थविरज्यूले दुःखी र गरिब जीवनले निर्वाण लाभ गर्न नसक्ने, त्यस्तै विलासी जीवनले पनि निर्वाण प्राप्त गर्न नसक्ने र सुखमय जीवन (विलासी होइन) ले मात्र निर्वाण प्राप्त गर्न सक्ने भएकोले दुःखी जीवनबाट मुक्त हुन आर्थिक जीवन राम्रो हुनुपर्ने कुरामा जोड दिँदै विशेषत वर्मामा, श्रीलंका र थाइलाण्डमा बुद्ध धर्मलाई अर्थ दृष्टिले ग्रहण नगरी परम्परागत धर्मको रूपमा मानिरहेको त्यहाँका मानिसहरूको जीवन अशान्त र पतन हुँदै गइरहेको, धनीहरू पनि दान दिँदा दिँदै गरीब भएको बुद्धकालीन अनाथपिण्डक महाजनको उदाहरण दिँदै आर्थिक जीवनतिर ध्यान नदिएको कारण यस्तो नराम्रो अवस्थाको सिर्जना भएकोले आयअनुसार व्यय गर्न सिकेर मितव्ययी हुनुपर्ने कुरा सिद्ध गरेका छन्।

विमलवंश महास्थविरको यो कुराबाट प्रभावित भई भिक्षु अश्वघोष यसरी लेख्नुहुन्छ– बुद्ध धर्मलाई आर्थिक दृष्टिकोणले ग्रहण गर्नुपरेको छ। यस्तै मानिसको आध्यात्मिक (मानसिक) शान्ति भौतिक र सामाजिक तथा आर्थिक व्यवस्थामा निर्भर हुन्छ र वातावरणमा



Downloaded from http://www.dhamma.digital

भर पर्छ भन्ने दृष्टिकोण अघि सार्दै बुद्ध धर्म भौतिक पदार्थ र जीवनको मात्र उन्नति गर्नु मानिसको लक्ष्यमा विश्वास नभए पनि बुद्ध धर्म आर्थिक, सामाजिक र राजनैतिक जीवनबाट टाढा छैन। बुद्ध धर्म राजनीति नभए पनि राज्य कसरी चलाउनुपर्छ भन्ने उपाय र बाटो बुद्ध धर्मले देखाएको तर बुद्ध धर्मलाई यसरी बुझ्नेहरू मुठ्ठी भरमात्र रहेको कुरा उक्त पुस्तकमा उल्लेख गरिएको छ।

भिक्षु अश्वघोषले 'दीर्घ निकाय ग्रन्थ' मा बुद्धको वचनजस्तो सबै प्रकारका अपराध, भ्रष्टाचार, हत्या, चोरी आदि अनैतिकताको कारण गरिबी र निर्धन भएको तर यस्ता अपराधहरूको अन्त गर्न शासकहरूले सजाय र दण्ड विधानको सहारा लिएर दण्ड दिने गरेकाले अपराध र भ्रष्टाचार नियन्त्रण कहिले पनि सफल हुन सक्तैन भन्ने कुरा अघि सारेका छन्। तसर्थ उहाँले अपराधहरू नियन्त्रण गर्नका लागि गौतम बुद्धको सुझाव यसरी दिनुभएको छ – सर्वप्रथम जनताको आर्थिक जीवन सुधार्नुपर्छ। किसान वर्गलाई खेतीको सामान र बिउ आदि वितरण गर्नुपर्छ। व्यापार गर्न चाहनेहरूलाई पुँजी र साधन तथा सुरक्षाको व्यवस्था गरि दिनुपर्छ। जागिरदार र मजदुर वर्गलाई खान पुग्ने गरी तलब र भत्ता दिनुपर्दछ। यसबाट आम्दानीको श्रोत बढ्छ र आर्थिक चिन्ताबाट मुक्त हुन्छ। आर्थिक चिन्ता नरहेपछि अपराध र भ्रष्टाचार निर्मूल भई अशान्तिको ठाउँमा शान्ति भई धर्म राज्यको स्थापना हुने भएकोले गौतम बुद्धले आर्थिक दशा सुधार्नुपर्छ भनी उपदेश दिनुभएको कुरा भिक्षु अश्वघोषले यस लेखमा उल्लेख गर्नुभएको छ। यही लेखमा भिक्षु अश्वघोषले मनुष्य जीवन सुखमय बनाउन आवश्यक चार प्रकारका सम्पदाका साथै अनाथपिण्डक महाजनलाई उपदेश दिनुभएको चार प्रकारका सुखको पनि केही मात्रामा उल्लेख गर्नुभएको छ।

यसरी उहाँ बुद्ध धर्मलाई समाजको सापेक्षतामा हेर्ने र अझ समाजको आर्थिक पक्षलाई विशेष महत्व दिनुहुने र बुद्ध धर्मको विकास नै आर्थिक विकासको आधार हो भन्ने सशक्त विचार राख्ने चिन्तनशील व्यक्तित्वको रूपमा चिन्दछु। तसर्थ धर्म धर्मका लागि होइन, धर्म समाजको हितको लागि हो भन्ने अडान राख्ने व्यवहारवादी यथार्थवादी प्रगतिशील भन्तेको रूपमा चिन्दछु र उहाँप्रति श्रद्धा राख्दछु। सरल मातृभाषाबाट समाजमा जागरण ल्याउन बुद्ध धर्मको प्रवचन दिने र लेख्ने उहाँ अश्वघोष भन्तेको जीवन-शैलीको अनुकरण गर्नु नितान्त आवश्यक छ।



Downloaded from http://www.dhamma.digital

# मेरो अनुभवमा भिक्षु अश्वघोष महास्थविर

भिक्षु सम्यक सम्बोधि प्राणपुत्र

वर्तमान संघनायक भिक्षु अश्वघोष महास्थविर संयोगले र भाग्यले मेरो प्रव्रज्याको आचार्य हुनुहुन्छ। झण्डै ३० वर्ष अघि उहाँसँग सम्पर्कमा आउनु मेरो जीवनकै एउठा अनौठो र महत्वपूर्ण मोड हो।

हिन्दू परिवारमा जन्मेर, हुर्केर जीवन बिताउदा बिताउदै जवानीलाई महत्व नदिएर मानव जीवनलाई महत्व दिएर जीवन के हो ? यसबारे कसले बुझाउन सक्छ ? भन्ने खोजीमा लाग्दा ऋषिकेशदेखि मुम्बइसम्म पुगे। आनन्दीमार्गी, हरेराम हरेकृष्ण र केही सन्यासी आश्रमको अल्पकालीन शिष्य पनि भएँ। तर ज्ञान पाउन सहज नभएको अनुभव बटुल्दै काठमाडौं आउँदा विपश्यना ध्यानमा भाग लिन गएँ। त्यस बेला एक जना बौद्ध मित्रको मलाई भिक्षु बनाउने भित्री हृदयको मनशाय भएकोले मलाई अनागारिका धम्मवतीसँग उनले भेट गराएँ। उनकै माध्यमबाट विपश्यना ध्यान बस्न नाम लेखाउन गएँ।

बौद्धहरूमा ध्यानी योगीहरू अल्पकालीन भिक्षु भएर पनि ध्यान बस्न पाउने चलन, व्यवस्था वा सुविधा रहेछ । तर हिन्दू भएको नाताले यस बारे कुनै जानकारी थिएन । मित्र चाहीं भिक्षु बनाउने प्रयासले अल्पकालीन भिक्षु बनाउने कुरा गर्दा अनागारिका उप्पलवण्णले, 'त्यसो भए म, चीवर (भिक्षु पोसाक) दान गर्छु' भन्नुभयो। मैले सम्झे ध्यान बस्न भिक्षु हुनु पर्ने रहेछ। म चाहीं यदि ज्ञान पाइन्छ भने त्यसको लागि जे पनि गर्न तयार भएको नाताले मैले पनि 'हुन्छ, म भिक्षु हुन्छु' भनेर स्वीकृति दिएँ।

पछि पहिलो १० दिने ध्यान शिविर समाप्त भएर बनेपा ध्यानकुटीमा दोस्रो ध्यान शिविर हुँदा ४० जना योगीमध्ये १० जना मात्र अल्पकालीन भिक्षु भएपछि रहस्य थाहा भयो । १० दिने ध्यान



Downloaded from http://www.dhammadigital



समाप्त भएपछि सबै चीवर छाडेर घर जाने भए। त्यसै समयमा अनागारिका धम्मवतीले 'एक जना भिक्षु हुन चाहन्छ' भन्नुभयो। पछि अश्वघोष महास्थविरले ' त्यसो भए म जिम्मा लिन्छु' भनेर भन्नुभयो र मलाई बोलाएर सोध्नुभयो। 'मैले पनि बुद्ध शिक्षा सिक्न चाहन्छु' भनेपछि मलाई भिक्षुबाट श्रामणेर बनाइयो। त्यस दिनदेखि उहाँ मलाई अध्ययन गराउने मेरो आचार्य हुनुभयो। ममा कुनै वैराग्य थिएन। मात्र ज्ञानको लागि प्रव्रजित हुन चाहेकोले ३ महिना जति भिक्षु भएर बस्ने, ज्ञान लिएर फेरि गृहस्थ हुने सोचले भिक्षु भएको थिएँ तर ३० वर्ष समय नाघीसक्दा पनि अथाह भएको बुद्ध शिक्षा वा मानव स्वभाव बारे अध्ययन पूरा गर्ने मेरो ३ महिना अहिलेसम्म पूरा भएको छैन।

मानिसको आफ्नै स्वभाव हुन्छ। जन्मले कोही पनि बुद्ध हुँदैन भने अनुसार ज्ञान लाभ वा निर्वाणको मार्गमा पाइला नटेकेसम्म हरेक मानिसमा गुण र अवगुण, कुशल वा अकुशल चित्त वा कर्मले दुःख दिई नै रहन्छ। बुद्ध शिक्षाको भाषामा भन्ने हो भने निर्वाण प्राप्त गर्न आवश्यक पर्ने पारमिता विकास गर्न वा योग्य कर्म संस्कारको विकास गर्न मानिसदेखि पशुपंक्षी, देवता सारा योनिमा जन्मको चक्कर लगाउनुपर्छ। ठक्कर खाएपछि



Downloaded from http://www.dhamma.digital

बुद्धि आउँछ भनेझैं जतिजति अनुभव परिपक्व हुन्छ त्यतित्यति मानिसमा अकुशल चेतनामा कमी हुँदै जान्छ र एक समय अकुशल नगर्ने अवस्थामा पुगिन्छ। तर त्यो भनेको बुद्ध शिक्षाअनुसार निर्वाण मार्ग वा स्रोतापन्न भएपछि मात्र सम्भव छ। यस पछि आर्य गोत्रमा प्रवेश गरिन्छ, सुसंस्कृत, सभ्य र शिक्षित भइन्छ।

यसरी स्रोतापन्न नभएसम्म आर्यसत्यबाट पृथक भएको नाताले पृथकजन भनिन्छ। स्पष्ट रूपमा भन्ने हो भने अज्ञानी वा मूर्ख आर्यसत्यबाट पृथक मानिस (प्राणी) मा बुद्ध शिक्षाअनुसार १४ वटै अकुशल चित्तले सताई रहेको हुन्छ।

पृथकजन भएको नाताले उहाँ भिक्षु अश्वघोष महास्थविर पनि अकुशल चित्तको दास नै हुनुहुन्छ भन्दा अत्युक्ति नहोला । यसैले उहाँ सर्वगुण सम्पन्न हुनुहुन्छ भन्नु शत प्रतिशत नै झूटो बोल्नु बराबर हुन्छ। यसैले उहाँमा राम्रा नराम्रा स्वभाव प्राकृतिक रूपले नै छ। उहाँको सर्वमान्य सद्गुण भनेको नै स्पष्ट वक्ता हुनु हो। यसको अर्थ उहाँलाई मन परेपछि बोल्न पछि पर्नुहुन्न, कसैसित डराउनु हुन्न । कहिले काहीँ यसै निडरताले विवाद पनि निम्त्याएको छ। कसैलाई रमाइलो भयो होला तर कसैको भित्री हृदयमा चोट पनि पुगेको नहोला भन्न सकिन्न। जसलाई जस्तोसुकै असर परे पनि उहाँले चिताएपछि भन्नुपर्ने कुरा चाही सार्वजनिक गरेर नै छाड्नुहुन्छ। यो भनेको मानव सभ्यता विकासको लागि अपरिहार्य सूचना प्रसारण पद्धति हो।

उहाँ आदर्शवादी हुनुभन्दा पनि यथार्थवादी हुन मन पराउनुहुन्छ । यसैले मात्र खोक्रो आदर्शको बखान गरेर जीवनमा उतार्न सकिएन भने त्यसको कुनै काम छैन भन्ने उहाँको विचार वा सोच हो। यसैले मानिस भएको नाताले वा धर्मको नाममा सुधार हुनुपर्छ। यदि नभएमा वा त्यसको विपरित गएमा गल्ती स्वीकार्नुपर्छ भन्ने कुरामा उहाँ बारबार जोड दिनुहुन्थ्यो। किनकि बुद्ध शिक्षाको सार सन्देश पनि यस्तो छ। **सब्ब पापस्स अकरण, कुसलस्स उपसम्पदा, सचित्त परियोदपनं चित्त** अर्थात कुनै गल्ती नगर्नु, सकेसम्म राम्रो गर्नु र गल्ती भइहालेमा स्वीकार गरेर सुधार गर्नु।

उहाँको यसै स्पष्ट र यथार्थवादी सोच र अभिव्यक्तिको कारण उहाँका थरिथरिका शिष्य हुन सम्भव भयो भने लुम्बिनी विकास कोषका उपाध्यक्ष हुँदा लुम्बिनी विकास कोषको विकासका केही आधारभूत विषय सरकारलाई अनुरोध गरेर सुधार गर्नुभयो। आज लुम्बिनी जुन ढंगले विकास भएको छ त्यसमा उहाँको यथार्थवादी सोचले ठूलो भूमिका खेलेको छ ।



Downloaded from http://www.dhamma.digital

# मेरो प्रेरणाको श्रोत अश्वघोष भन्ते



शाक्य सुरेन

मेरो जन्म नेवारहरूको बाहुल्यता रहेको नुवाकोट जिल्लाको त्रिशुलीमा भएको हो । त्रिशुली खोलाको किनारमा अवस्थित विद्युतगृहसँगै सुगतपुर बौद्ध विहार छ । त्यो विहारसँगै रहेको घरमा मेरो जन्म भएको थियो । घरसँगै विहार भएकाले धार्मिक गतिविधि र परिवेशका बिच मेरो बाल्यकाल सम्पन्न भएको थियो । सुगतपुर विहार नेपालको थेरवाद बुद्ध धर्म पुर्नउत्थानकालमै योगदान दिन सफल भएको विहार हो । स्व. भिक्षु बुद्धघोष महास्थविर यहाँ वर्षावास गर्नुहुँदा भिक्षु बुद्धघोष महास्थविर, अनागारिका सुशिला र स्व. धर्मरत्न शाक्य 'त्रिशुली' को प्रयासबाट नेपालको बौद्ध परियत्ति शिक्षा पद्धति सुरू भएको थियो । यस विहारमा स्व. धर्मालोक महास्थविर शाक्यानन्द, विवेकानन्द, अमृतानन्द आदि सबैजना भिक्षुहरू पाल्नुभएको छ ।

यस्तै वि. सं. २०१८ साल भन्दा पछिको कुरा हो । भिक्षु अश्वघोष महास्थविरज्यूले काठमाडौंमा 'नेपाल युवक बौद्ध परिषद' नामक संस्था खोल्नुभएको थियो । त्यस बेला



Downloaded from http://www.dhamma.digital

उहाँ बौद्ध परिषदका युवाहरूसँग त्रिशुली आएर सुगतपुर विहारमा बस्ने गर्नुहुन्थ्यो। उहाँले विहारमा युवाहरूलाई जम्मा गरी बुद्धजीवनी पढाउनुहुन्थ्यो। उहाँको पढाउने तरिका अलिक भिन्न र अलग थियो। एक जनालाई एउटा अनुच्छेद पढ्न लगाउने र त्यस अनुच्छेदले दिन खोजेको भाव वा सन्देशलाई आ-आफ्नो दृष्टिकोणमा प्रस्तुत गर्नुपर्दथ्यो र पछि उहाँ स्वयम्ले आफ्नो दृष्टिकोण र धारणा राख्ने गर्नुहुन्थ्यो। यसरी उहाँकै कारण हामीमा स्वतन्त्र ढङ्गले चिन्तन गर्ने पद्धतिको विकास भएको हो। उहाँले युवाहरूलाई निरन्तर सक्रिय रहन र हरेक कुरालाई स्वतन्त्र र विवेकपूर्ण ढङ्गले लेखाजोखा गरेर निर्णयमा पुग्न आग्रह गर्ने गर्नुहुन्थ्यो।

उहाँले त्यस बेला नेपाली युवक बौद्ध परिषद'बाट बौद्ध बुलेटिन प्रकाशन गर्नुभएको थियो। जुन बुलेटिन बजारमा लगेर ५ देखि १० पैसामा बेच्ने काम म गर्थे। त्यसै बुलेटिनमा जनकवि दुर्गालाल श्रेष्ठले नेपाल भाषामा 'निमन्त्रणा' शीर्षकको गीतिनाटक प्रकाशित गर्नुभएको थियो। पछि त्यो नाटकलाई उहाँले राष्ट्रिय नाचघरमा देखाउनुभयो। त्यस नाटकलाई बौद्ध जगतमा एउटा महत्वपूर्ण उपलब्धीको रूपमा लिने गरिन्छ। त्यस नाटकमा अभिनय गर्ने कलाकारहरू श्याम थापा र नारायणी देवी दिदीसँग मेरो पछि परिचय भयो।

धर्म प्रचारमा बुलेटिन प्रभावकारी भएको देखेर अश्वघोष भन्तेले आनन्दकुटी विहारबाट 'आनन्दकुटी' मासिक प्रत्रिका प्रकाशन गर्नुभयो। मेरो पहिलो लेख उहाँले नै आनन्दकुटी पत्रिकामा प्रकाशन गर्नुभएको थियो। अश्वघोष भन्ते सामान्य मानिसहरूको तुलनामा हक्की र अलिकति रिसालु स्वभावको हुनुहुन्छ तर भावावेगमा पुगेर रिसाए पनि आफु रिसाएको तत्कालै स्वीकार गर्नुहुन्छ। उहाँको मनमा छलकपट र पाप छैन। आफ्नो कमीकमजोरी सबैका सामु छर्लङ्ग पोख्नुहुन्छ अर्थात उहाँ एउटा खुल्ला किताबजस्तै हुनुहुन्छ। ललितपुरको चापागाउँ विहारबाट मैले 'ज्योती उदय' नामक पत्रिका प्रकाशन गरेको थिएँ। त्यसमा उहाँको अर्न्तवार्ता प्रकाशित भएको थियो। 'भिक्षुहरूको आजिवन बुद्ध धर्म चुनौति होइन ?' भन्ने प्रश्नको जवाफमा उहाँले- 'म मानसिक यौनबाट मुक्त छैन' भन्ने जवाफ दिनुभएको थियो। यस्तै धर्म राजनीतिबाट मुक्त छैन र हुँदैन भन्ने उहाँको विचार पाइन्छ। भिक्षु कुमार काश्यप र उहाँको संयुक्त लेखनमा आएको पुस्तक 'बुद्धको अर्थनीति' ले बुद्ध धर्ममा फरक तरङ्ग ल्याउन सफल भएको थियो।

युवा बौद्ध समूह उहाँको धर्मानुशासकत्वमा गठन गरिएको थियो। त्यस समूहले गरेका कार्यक्रमहरू बुद्ध धर्मका लागि कोशेढुङ्गा सावित भयो। संघले बौद्ध विद्वान हर्षमुनि शाक्यको



Downloaded from http://www.dhamma.digital

अग्रसरता र डा. केशवमान शाक्य र देव रञ्जित महर्जनको संलग्नतामा पंचशील बौद्ध अभियान र बौद्ध प्रशिक्षण सुरू गरेको थियो। यसको उद्देश्य धर्म निरपेक्षता र नेपाललाई हिन्दु राज्यबाट धर्म निरपेक्ष राज्यमा रूपान्तरण गर्नु थियो । त्यसका लागि सबै जनजाति, धर्म र सम्प्रदाय साथसाथै जानुपर्छ भन्ने थियो । त्यस अभियानका क्रममा श्रोतव्यक्तिका रूपमा मैले पनि धर्म र विकास सँगसँगै जानुपर्छ भन्ने कुराको लागि धेरै ठाउँमा सहभागिता जनाएको थिएँ।

धर्म प्रचारमा सक्रिय रहेको अवस्थामा अचानक अश्वघोष भन्ते टि. बी रोगको शिकार बन्न पुग्नुभयो र उपचारका लागि चीनको पेकिङ जानुभयो । उपचारकै क्रममा उहाँले 'पेकिङ्गको स्वास्थ्य निवास' नामक पुस्तक तयार गर्नुभयो र जीवनभर कम्युनिष्ट विचारधाराप्रति अनुग्रहित रहने विचार उल्लेख गर्नुभयो। पञ्चायतकालमा पञ्चायती शासनविरूद्ध उहाँले पटक पटक सार्वजनिक समारोहमा बोल्नुभएको थियो । बोल्ने क्रममा उहाँ अत्यन्त निडर, कठोर र उत्तेजक बनेर प्रस्तुत हुने गर्नुहुन्थ्यो। उहाँको अभिव्यक्ति सुन्न गृहस्थीहरूलाई साहस बटुल्नुपर्दथ्यो।

उहाँले बौद्ध धर्म र दर्शनको उन्नतिको खातिर जे-जस्तो योगदान गर्नुभयो त्यसको जतिसुकै वर्णन गरे पनि अपुरो हुन आउँछ । अहिले त उहाँ ९० वर्षको बृद्ध जीवनमा हुनुहुन्छ। उहाँको आशिष र सद्भाव नै हाम्रो लागि प्रयाप्त छ। अन्तमा उहाँको आयु आरोग्यको कामना।


**मङ्गलमय शुभकामना**

**नेपालका छैठौं संघनायक श्रद्धेय गुरु भिक्षु अश्वघो[ष]**
**महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको पा[वन]**
**अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य**
**दीर्घायुको कामना गर्दछौं ।**

**अनागारिका संघशिला गुरुमाँ**
**ईच्छा बुद्ध विहार जुगेडी, चितवन**




Downloaded from http://www.dhamma.digital

# उत्प्रेरणा जगाउने कुशल व्यक्ति : भिक्षु अश्वघोष महास्थविर



भिक्षुणी डा. अनोजा
अग्गमहासद्धम्म जोतिथधज

आज संसारभरि नै बुद्ध धर्मप्रति अभिरूची बढिरहेको छ। धेरै संख्यामा बौद्ध अध्ययन समूहहरू गठन भएका छन् र कयौं संख्यामा भगवान बुद्धले दिनुभएको शिक्षासम्बन्धी पुस्तकहरू बाहिर देखा परेका छन् । अश्वघोष महास्थविर भन्तेले पनि नेवारी र नेपाली भाषामा सरल र सजिलो तरिकाले सयौं भन्दा बढी पुस्तक लेख्नुभएको छ । उहाँले लेख्नुभएका किताबहरू पढ्न र बुझ्न अत्यन्त सजिलो छ। उहाँ सबैप्रति स्नेही र समतामयी हुनुहुन्छ । अत्यन्त सरल र साधा जीवनयापन गर्नुहुने उहाँ उच्च विचारको र महान हुनुहुन्छ। उहाँ प्रकाण्ड विद्वान हुनुहुन्छ र उहाँले धर्मको गहिरो अध्ययन गर्नुभएको छ। उहाँ यति चिन्तनशील हुनुहुन्छ की ठूलो भन्दा ठूलो समस्याको समाधान पनि सरल किसिमले निकाल्न सक्नुहुन्छ।

भिक्षु अश्वघोषसँग कुराकानी गर्दा के थाहा पाइन्छ भने उहाँ एक जना अत्यन्त क्रान्तिकारी विचारधाराको हुनुहुन्छ । उहाँ समाजोपयोगी काम गरेर परिवर्तन ल्याउनुपर्दछ भन्नुहुन्छ। महिला वर्गलाई पनि उठान गर्ने भावना उहाँमा देखिन्छ। उहाँ यथास्थितिवादको विरोधी हुनुहुन्छ। उहाँ हामीले मानि आएको धर्म, परम्परा र संस्कृतिको गहिरो अध्ययन गरेर त्यसबाट विकृतिहरू हटाएर चोखो, पवित्र र मौलिक धर्मको विकास र विस्तार गर्न चाहनुहुन्छ। उहाँ सद्धर्मको विकास गर्नमा तत्पर र प्रतिवद्ध हुनुहुन्छ।

अश्वघोष भन्तेमा अरूलाई सिकाउने र सम्झाउन सक्ने विशेष गुण छन्। २०३२, ३३ सालको कुरा हो। उहाँ वनेपाको ध्यानकुटी विहारमा बस्नुभएको थियो। उहाँको चुप लागेर बस्ने स्वभाव थिएन, केही न केही गर्ने बानी थियो ।



Downloaded from http://www.dhamma.digital

वनेपाको केटा केटीहरूलाई लेख कसरी लेख्ने भनेर सिकाउनुहुन्थ्यो । त्यस समूहमा म पनि थिएँ । मैले पनि जानी नजानी लेख लेखेर भन्तेलाई दिएँ । उहाँले नै सच्याएर त्यो लेख धर्मकीर्ति पत्रिकामा प्रकाशन गरी दिनुभएको थियो । त्यस बेला मेरो लेख पहिलो पटक पत्रिकामा पढ्न पाएर म अत्यन्त हर्षित भएको थिएँ। म त्यसैकारण उहाँलाई गुरू मान्दछु। भिक्षु अश्वघोष महास्थविरमा अरूलाई उत्प्रेरणा जगाउन सक्ने अद्भूत खुवी थियो। उहाँले बुद्ध धर्मको शील, समाधि, प्रज्ञा, करूणा, त्याग र उपेक्षाभावको विषयमा देशना सुरू गर्दा श्रोताहरू प्रभावित हुन्थे। उहाँ कर्मको फल, शील पालनाको फलाफल र असल शिक्षाको व्याख्या गर्नुहुन्छ। पहिला असल मान्छे बन्न सिक्नु भनेर प्रेरित गर्नुहुन्छ।

भिक्षु अश्वघोषको विचारधारा बुद्ध धर्ममा शील, समाधि र प्रज्ञामा प्रतिस्थित हुनुपर्छ र चित्त शुद्ध गरेर काम गर्नको लागि महिला र पुरूष भिक्षु र भिक्षुणीहरूमा भेदभाव गर्नु हुँदैन भन्ने छ। यो २०६३ सालको कुरा हो। वर्माबाट पाल्नुभएको र हाल सारनाथ वर्मी बुद्धिस्त विहारमा बस्नुभएका 'अग्गमहासद्धम्म जोतिकधज' भिक्षु बण्णधज महास्थविरले ५८ वर्षको जन्मोत्सव नेपालमा मनाउने इच्छा गर्नुभएको थियो।

उहाँको इच्छालाई मैले नेपालमा मनाईदिने भनेर उहाँलाई निमन्त्रणा गरे र सुलक्षण कीर्ति विहारमा सात दिनसम्म महापरित्राण गर्ने र आठौं दिनमा बुद्धपूजा परित्राण भन्तेहरूबाट दान प्रदान गर्ने निर्णय भयो। सुरूमा सातदिन गुरूमाँहरूले पाठ गर्ने र अन्तिममा भन्तेहरूबाट गर्ने भनेर धम्मवती गुरूमाँ र अरू भन्तेहरूसँग भएको सल्लाहअनुसार वण्णधज लगायतका अन्य भन्तेहरूबाट पहिलो दिनको कार्यक्रम सुरू भयो । एकसय जना भन्तेहरू र ६० जना गुरूमाँहरूलाई निमन्त्रणा गर्‍यौं । कार्यक्रम सम्पन्न हुने तीन दिन अगाडि अश्वघोष भन्तेको फोन आयो। 'अनोजा ! मेरो खुट्टा दुखेको छ। म आउन सक्दिन' भन्नुभयो। मैले पनि हुन्छ भने। भोलिपल्ट फेरि फोन आयो। 'तिम्रो कार्यक्रममा कोही पनि भन्तेहरू नआउने भनेको सुने तर अरू नआए पनि म आउँछु, तिमीले नराम्रो काम गरेको छैन ।' अरू भन्तेहरू नआएपनि भिक्षु अश्वघोष, गौतम, सयादो र उसुजनप्रिया गरी चारजना पाल्नुभयो। त्यसैकारण संघनायक भिक्षु अश्वघोष महास्थविरज्यूको गुणलाई कहिले पनि भुल्न सक्दिन । उहाँको गुणलाई हमेसा संम्झिरहनेछु।

उहाँले भगवान बुद्धको उपदेशलाई व्यावहारमा उतार्ने गर्नुभएको छ। भगवान बुद्धको मूल उपदेश नै अनित्यता र परिवर्तनशील हो । भगवान बुद्धको



Downloaded from http://www.dhamma.digital

महापरिनिर्वाणको कैयौं शताब्दी पछि विभिन्न कारणले गर्दा धर्ममा ह्रास आयो । शील, समाधि र प्रज्ञामा आधारित यो धर्मले यी मूलभूत कुरालाई विर्सिसकेको थियो। नेपाली बौद्ध समाजमा प्रज्ञाको नाउँमा कहिले काही प्रज्ञा पारमिता ग्रन्थको पाठ गर्दा त्यसको अर्थ बुझ्ने र बुझाउने व्यक्तिहरू थिएनन् । समाधि के हो सो पनि थाहा थिएन। समाधिको नाउँमा कर्मकाण्ड भन्दा शील सदाचारको वास्तविक अर्थ समाजले बिर्सिसकेका थिए।

उहाँको विषयमा लेख्ने कुराहरू धेरै छन्। यो लेखमा उहाँको वयान गरेर साध्य छैन । दाताहरूले दिएको दान जम्मा गरेर राख्ने उहाँको स्वभाव छैन । उहाँ जस्तै यथार्थवादी बनेर शील, समाधि र प्रज्ञाको बाटोमा हामी पनि लाग्न सकौं । अनित्य दुःख र अनात्मको बोध गरि निर्वाणको साक्षात्कार गर्न सकौं । यही मंगल मैत्री कामना गर्छु।


मङ्गलमय शुभकामना

नेपालका छैठौं संघनायक श्रद्धेय गुरु भि
अश्वघोष महास्थविरज्यूको ९० औं
शुभजन्मोत्सवको पावन अवसरमा उहाँको
आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा
दीर्घायुको कामना गर्दछौं ।

अनागारिका
सुमेधावती गुरुमाँ
जयमंगल बिहार, ललितपुर

त्रिरत्न महर्जन
एवम् परिवार
टेकु, काठमाडौं




Downloaded from http://www.dhamma.digital

# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली,बहुआयामिक सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार, हाम्रा धर्मानुशासक **श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं ।

**पुण्यरत्न शाक्य तथा**

**स्वयम्भु ज्ञानमाला भजन खल:परिवार**

स्वयम्भु, काठमाडौं

# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली,बहुआयामिक सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार, मेरा **श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछु।

**भिक्षु उपतिस्स महास्थविर**

**संघाराम विहार**

काठमाडौं



Downloaded from http://www.dhamma.digital

# प्रसंग र अनुभवको साागालो भिक्षु अश्वघोष



प्रा. सुवर्ण शाक्य
ॐबहाल, काठमाडौं

भिक्षु अश्वघोष ९० वर्षको उमेरमा पुग्नुभएको छ । उहाँ नेपाली भिक्षुहरूमा ज्येष्ठतम हुनुहुन्छ । अन्तर्राष्ट्रिय जगत्मा विश्वप्रसिद्ध शान्तिका नायक महामानव गौतम बुद्धको जन्मस्थल लुम्बिनी नेपालका बुद्धपुत्र अश्वघोष महास्थविर उच्च र पूज्यस्थानमा संघनायकको रूपमा रहनुभएको छ । सबैको सामु उहाँको भिक्षु जीवन सरलतामा यापन भएको पाइन्छ । उहाँ भन्नुहुन्छ - 'भिक्षु जीवन गाह्रो छ, गाह्रो जीवन भन्ने थाहा पाएको भए सायद भिक्षु नै बन्ने थिइन होला ।'

ललितपुरको रूद्रवर्ण महाविहार, वकुबहालमा वि.सं. १९८५ मा जन्मनुभएका उहाँले १६ वर्षको जवानीको सुरूवातमा इ.सं. १९४४ जनवरीमा भिक्षु अमृतानन्दबाट भारतको कुशीनगरमा श्रामणेरप्रव्रज्याग्रहणगर्नुभएको थियो। श्रामणेर भएर अहिले भिक्षु जीवन बिताउनुभएको ७४ वर्ष भएको छ। वि.सं. २०१३ सालमा बौद्ध शिक्षासम्बन्धमा लेख लेखेर सर्वप्रथम बौद्ध साहित्यमा प्रवेश गर्नुभएका अश्वघोष त्यही वर्ष चीनमा भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा नेपालको प्रतिनिधिमण्डलमा बौद्ध भिक्षुका रूपमा समावेश भई माओत्सेतुङसँग भेट गर्नुभएको थियो । त्यसको स्मरण गरी अहिले उहाँ भन्नुहुन्छ 'माओत्सेतुङमा शील, आचरण एवं देश विकास गर्ने भावना थियो।' उहाँले जापान, अमेरिका र क्यानाडा आदि देशमा भएका बौद्ध सम्मेलनमा सहभागिता जनाउनुभएको छ।

साहित्यमा प्रवेश गरेपछि उहाँ सामाजिक व्यावहारलाई विषय बनाएर लेख लेख्नेतिर लाग्नुभयो । उहाँले लेख लेख्नुको उद्देश्य साधारण जनतालाई



Downloaded from http://www.dhamma.digital

सम्झाउन र बुझाउन हो। सबैले बुझ्ने चलन चल्तीको भाषामा लेख्ने भएको हुँदा भाषा व्याकरणको चक्करमा लागिरहनु आवश्यक छैन भन्ने उहाँको मान्यता छ। उहाँले बौद्ध जगतमा प्रख्यात



मासिक पत्रिका आनन्दकुटी विहारबाट प्रकाशित हुने आनन्दभूमि र धर्मकीर्ति विहारबाट प्रकाशित हुने धर्मकीर्ति पत्रिकाको प्रधान सम्पादक भई योगदान दिनुभएको छ। विशेष उद्देश्यका साथ उहाँले दुईवटा बुद्ध विहार निर्माण गर्नु भएको छ । जसमध्ये संघाराम विहार, काठमाडौं र ध्यानकुटी विहार बनेपामा रहेको छ। समाज सेवामा अद्यापि उहाँको जीवन यात्रा चलिरहेको छ। उहाँ केही समय लुम्बिनी

विकास कोषमा उपाध्यक्ष रहनुभयो र नेपाल राज्यको संसद्मा सांसद् बन्नुभयो। यी दुबै पदका कुरा भिक्षु जीवनसँग केही परको कुरा भएपनि बुद्ध धर्म प्रचारको रूपमा यथार्थताको सरल र गहन माध्यम मानेर उहाँले स्वीकार गर्नुभएको थियो।

उहाँ माया ममताका खानी तर झक्कड स्वभावका हुनुहुन्छ । आफुले भनेको कुरा नपुग्नासाथ आफुले गरिरहेको पदभारको काम नै छोड्ने, आफु बसिरहेको ठाउँ तुरून्त त्यागिदिने अर्थात् राजीनामा दिने उहाँको स्वभाव छ। पूजा-पाठ र बौद्ध सभा-समारोहमा पनि चलनचल्तीमा रहेको विधिमा बुद्ध शिक्षानुकूलको व्यवहारमा जोड दिने,



Downloaded from http://www.dhamma.digital



राग बढ्ने खालका तडकभडक नचाहने, सम्मानको रूपमा गरिने अभिनन्दन समेतलाई त्यागेर भिक्षुत्व आचरणको निर्वाह गर्न जोड दिने, बुद्धको नाममा गरिने पाठ–पूजासमेतको अवमूल्यन हुन नदिन बेला न कुबेलाको सभा समारोहमा प्रार्थना एवं वाचन नगर्न ठोस सुझाव दिने र आफ्नो सहभागिता रहेको ठाउँमा त्यस्ता कुराको निषेध गरिदिने एवं धर्मदेशनामा स्पष्टवादी भै आत्मालोचनासमेत गर्ने स्वभावको उहाँ हुनुहुन्छ। सधैं भन्नुहुन्छ – धर्मदेशना कसैको रमाइलोका लागि गरिने प्रवचन होइन, मान्छेले मान्छे बनेर मात्र पुग्दैन, असल मान्छे बन्नुपर्छ। उहाँका दुई बहिनीहरू पनि अनागारिका (भिक्षुणी) बनेर रहनुभएको छ । बहिनीहरूको स्वभाव पनि आफ्नै तरहको रहेकोमा उहाँ सन्तोष मान्नुहुन्छ।

अश्वघोषको विचार भावलाई कोट्याउँदा बुद्ध धर्मका ठोस चरित्र देखापर्ने हुन्छ । बनावटी, देखावटी र लोकप्रियताको नाउँमा विचलित हुने प्रवृत्तिबाट उहाँ टाढा रहनुहुन्छ । बुद्ध शिक्षा मात्र प्रचार प्रसारको लागि होइन, बुद्धशिक्षा व्यवहारमा उतार्न, व्यावहारमा लगाउन, चरित्र सुधार्न, अरूभन्दा बढी सहनशील हुन र सेवाभाव जगाउन अग्रसर गराउने प्रयास हो– भन्नुहुन्छ । यसै सिलसिलालाई जोडी उहाँ भन्नुहुन्छ – ‘धर्म प्रचार भनेको मूर्ति स्थापना गर्नु, विहार बनाउनु, दान दिनु र लिनु मात्रमा सीमित छैन । यस्ता कुरा त प्राथमिक



Downloaded from http://www.dhamma.digital

कर्ममात्र हुन् । मुख्य कुरा त चरित्र सुधार र कल्याणमार्गमा प्रतिष्ठित गर्नु गराउनु हो ।- सार्वजनिक सभामा पञ्चशील प्रार्थना गराउनु ठीक छैन भन्ने कुराको पुष्ट्याईमा उहाँ भन्नुहुन्छ – 'सभाहरूमा अबौद्ध र धृष्ट व्यक्तिहरू पनि रहने हुन्छन् र तिनीहरूले पञ्चशील प्रार्थना गर्दैनन् । कसैलाई जबर्दस्ती प्रार्थना गर्न लगाउन पनि हुन्न ।'



भिक्षु अश्वघोष शान्तिकामी हुनुहुन्छ । शान्तिको खोजीमा बास-आबास फेर्दै साधनामा कार्यरत रहनुहुन्छ । त्यसैले उहाँ कहिले संघाराम विहार, कहिले श्रीघःविहार, कहिले आनन्दकुटी विहार त कहिले लुम्बिनी गई बस्ने गर्नुहुन्छ। । लुम्बिनीमा ९ महिना बस्दा उहाँले तीनवटा धर्मसम्बन्धी पुस्तक लेख्नुभएको थियो । जति टाढा बसेपनि कामकाजलाई निरन्तरता दिने र आवत जावतको क्रममा झर्को नमानी हिँडिरहने उहाँको क्रियाशीलता उल्लेखनीय छ । पुस्तक प्रकाशित गर्दा प्रायोजकद्वारा गर्ने तर आफैले पनि खर्च व्यहोरेर थप संख्यामा पुस्तक प्रकाशित गर्ने गर्नुहुन्छ । आफ्नो प्रकाशित पुस्तकको सम्बन्धमा प्रशंसाभन्दा आलोचना सुन्न पाउँदा खुशी भएर प्रकाशन कार्यलाई सफल ठान्ने गर्नुहुन्छ । उहाँका पुस्तक जनजीवनका प्रसंग र अनुभवको सँगालोका रूपमा देखिन आउँछ । उहाँ ठूल्ठूला बौद्ध नेता एवं ठालुहरूको कुरामा एउटा र व्यावहारमा अर्को हुने सम्बन्धमा लेख्ने र बोल्ने व्यक्ति हुनुहुन्छ । शाक्यमुनि बुद्धको धर्ममा आएको विकृतिप्रति चिन्तित भएका व्यक्ति समाजमा नदेख्दा बुद्ध धर्म लहडीहरूका लागि शान्तिको सस्तो नारा र देखावटी पदयात्रा गर्ने आधार बनेझैं भएको दृष्टान्त पोख्नुहुन्छ । धर्म व्यवहारमा देखिएका बिडम्बनापूर्ण व्यवहारप्रति निर्भयतापूर्वक आफ्नो कुरा राखिदिनुहुन्छ र त्यसलाई आफ्नै कुरा भन्नुहुन्छ । उहाँ नेपालीको स्वभाव र व्यवहार मात्रमा नभै विश्वमै



Downloaded from http://www.dhamma.digital

प्रचलित बुद्ध धर्मको समीक्षा र धर्म सम्बन्धमा विचार पोखी निडर आवाज घन्काइ रहनुहुन्छ।

उहाँ लोककल्याणार्थ बुद्धशासन चिरस्थायीका लागि खडा रहेको भिक्षुसंघका भिक्षुहरूमा बुद्धकालदेखि नै विकृति आउन सुरू भइराखेको मान्नुहुन्छ र वर्तमान समयमा त झन् त्यस्ता विकृति आउनु अस्वाभाविक हुँदैन भन्दै विकृत व्यवहारलाई औंल्याइ दिनुहुन्छ। भिक्षुहरूको चरित्रलाई तेर्स्याएर उनीहरूको कर्तव्यप्रति सचेत पार्न पनि उहाँ हिचकिचाउनुहुन्न । उहाँ भन्नुहुन्छ – 'भिक्षुहरूको स्वभाव राम्रो हुन्छ । कसैले आफुप्रति खराब बोली बोल्दा एकैचोटि प्रतीकारको रूपमा आक्रामक नहुने भिक्षुको स्वभाव हुन्छ। यसैले श्रमणहरूलाई शान्त स्वभावले शोभा दिइराखेको हुन्छ । त्यही स्वभाव मानिसको लागि प्रभाव पार्ने विषय रहेको हुन्छ। यसै कारण भिक्षुहरूको जीवन अप्रसन्नहरूलाई प्रसन्न पार्न र प्रसन्नहरूलाई अरू बढी प्रसन्न पार्नको लागि हो। त्यसै चीवर पहिरेर घुम्नको लागि होइन।'

उहाँ समाजलाई सुधारतिर डोऱ्याउन कडा से कडा कुरा अगाडि सार्न पछि नपर्ने व्यक्ति हुनुहुन्छ। आफु विद्वान् बनेर, गुरू बनेर अरूलाई संझाइ हिंड्नेहरूप्रति बुद्ध वचनलाई अगाडि सारेर उहाँले सचेत गराइरहनुहुन्छ । त्यस्तै आफु स्वयंलाई उचित मार्गमा लगाएर त्यसपछि मात्र अरूलाई उपदेश दिनु उचित हुन्छ भन्नुहुन्छ । भिक्षु अश्वघोष अथक सुधारवादी हुनुहुन्छ । बुद्ध धर्ममा नयाँ शास्त्र प्रादुर्भाव भएको र प्रक्षिप्त कुराहरू रहेको मान्नुहुन्छ। यहाँ बौद्ध भन्नेहरूले धर्म र शिक्षालाई बिर्सेर धर्मकार्य भनी कर्मकाण्डलाई अपनाएर भिक्षाजीवी भिक्षुहरूलाई पुरोहितको ठाउँमा राखिएको उहाँले देखिरहनुभएको छ । त्यस्तै भिक्षुहरूले पनि आफुले पाएको शिक्षालाई नै लत्याएर कुनै श्रद्धाञ्जली सभामा गएर, गृहस्थहरूका घरमा गएर, उनीहरूका दिवंगत आफन्तमा श्रद्धाञ्जलीका माला चढाउने, वस्त्रसरहको खाता ओढ्ने, फूलमाला लगाउनेजस्ता शील शिक्षाविपरीतका आचरणमा लाग्ने गरेकोमा कटाक्ष गर्ने गर्नुहुन्छ।

नेपालको परम्परावादी विश्वास र चाडबाडमा अपनाइने बुद्ध शिक्षा विपरीतका हल्का विधि व्यवहार पर्यन्त मध्यनजर राखी सानाठूला पुस्तकहरू प्रकाशित गरेको, धर्मदेशना गरेको, सभा समारोहमा छलफल गरेको भएर पनि लोकजनको व्यवहारमा थोरैमात्र पनि परिवर्तन नआएको कुरामा सधैं चिन्तित रहनुहुन्छ उहाँ। यस्ता कुराको प्रसंग र अनुभवको सँगालोको रूपमा भिक्षु अश्वघोषलाई लिन सकिन्छ। उहाँ नेपालपुत्र गौतम बुद्धका नेपाली शिष्य हुनुहुन्छ।



Downloaded from http://www.dhamma.digital



# नेपालका छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविर

भिक्षु कोण्डन्य महास्थविर

नेपालमा स्थविरवाद बुद्ध धर्म प्रचारप्रसार भई पुनर्जागरणको इतिहास सँगसँगै देखिएका भिक्षुहरूमध्ये एक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर हुनुहुन्छ। उहाँले प्रव्रजित जीवनयापन गर्नुभएको ७ दशक नाघिसकेको छ। नेपालका छैठौं पूज्यपाद् संघनायक पदमा संघउपनायक भिक्षु अश्वघोष महास्थविरलाई विनयकर्मपूर्वक नेपाली भिक्षु महासंघका सदस्यहरूले संघसम्मतिसहित ज्ञप्तिकर्मद्वारा एक धार्मिक विधि 'संघनायकोपतिट्ठापन' विधिपूर्वक वि. सं. २०६८ आश्विन १४ गते शनिवारका दिन नेपालका छैठौं पूज्यपाद संघनायक भनी पदस्थापन गरेका हुन्। वि. सं. २०६३ जेठ २ का दिन नेपालका चतुर्थ संघनायक भिक्षु सुबोधानन्द महास्थविरको निधनपश्चात् भिक्षुसंघले संघसमागमबीच सुमङ्गल विहारको सीमागृहमा संघकर्म गरी संघनायकको पतिट्ठापन विधिपूर्वक २०६३ जेठ २४ गते संघउपनायक भिक्षु बुद्धघोष महास्थविरलाई 'नेपालको पाँचौं पूज्यपाद



Downloaded from http://www.dhamma.digital

संघनायक' का रूपमा प्रतिस्थापन गरी एकै बेला भिक्षु अश्वघोष महास्थविरलाई संघउपनायक पदमा पदस्थापन गरिएको थियो । हाल काठमाडौं ढल्कोस्थित संघाराम विहार तथा बनेपाको ध्यानकुटी विहारमा निरन्तर आवासीय रूपमा बस्दै आउनुभएका नेपालका पूज्यपाद छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविर ९० वर्ष पुग्नुभएको छ।

ललितपुर ओकुबहाल निवासी आमा लक्ष्मीमाया शाक्य र पिता चन्द्रज्योति शा( क्यको कोखबाट बि.सं. १९८३ (ने.सं. १०४६) मा जन्मिएका बुद्धरत्न शाक्यलाई झण्डै १६ वर्षको उमेरमै धर्माध्ययनको लागि भिक्षु धर्मालोक र भिक्षु अमृतानन्दलाई जिम्मा लगाइयो । पछि सन् १९४४ मा कुशीनगरमा ऊँ चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा तथा भिक्षु अमृतानन्दको आचार्यत्वमा श्रामणेर अश्वघोष नामले प्रव्रजित हुनुभयो। आमा लक्ष्मीमाया शाक्यको प्रेरणाले प्रव्रजित भएका उहाँ आचार्य महानायक डा. भिक्षु अमृतानन्द महास्थविरका प्रथम शिष्य हुन्।

श्रामणेर प्रव्रज्यालगत्तै प्रसिद्ध भारतीय भिक्षु धर्मरक्षितसँगै पालि र हिन्दी भाषा सिकी उहाँसँगै केही महिनापछि दक्षिणी श्रीलंकाको मातरमा अवस्थित महामन्तिन्द परिवेणमा अध्ययन गर्नुभयो । सोही परिवेणका प्रधानाचार्य धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको उपाध्यायत्वमा १ मई १९४९ का दिन उपसम्पदा दीक्षा प्राप्तगरी पूर्ण रूपमा भिक्षु हुनुभयो । ८ वर्षपछि अर्थात् बि.सं. २००८ सालमा अग्रश्रावक सारिपुत्र र मोदगल्यानको पवित्र अस्थिधातु नेपालमा दर्शनार्थ ल्याइएको अवसरमा निमन्त्रित व्यक्तित्वको रूपमा भिक्षु अश्वघोष नेपाल फर्कनुभयो । उहाँसँगै आनन्दकुटी विहारको सीमाग्रहमा २००८ कार्तिक महिनामा उपसम्पदा दीक्षाप्राप्त भिक्षु कुमार काश्यप पनि श्रीलंका जानुभयो । केही वर्षपछि भिक्षु अश्वघोष भारतमा फर्किनु भई एस.एल.सी. अध्ययन गर्दै रहँदा परीक्षाकै समयमा ४ फागुण २००९ का दिन उहाँका माता लक्ष्मीमाया शाक्य परलोक भएको समाचारले उहाँलाई परीक्षाकै समयमा दुःखित तुल्याइदियो । उहाँले सारनाथ–बनारसमा बस्नु भई एस.एल.सी देखि बि.ए. सम्म अध्ययन गर्नुभयो र टि.बि. रोगका कारण अध्ययन पूर्ण गर्न सक्नुभएन । उपचारार्थ उहाँ चीनको पेकिङ्ग जानुभयो । केही वर्ष उतै बस्नुभयो । माओत्सेतुङको सांस्कृतिक क्रान्तिपछि विकास कार्यमा द्रूतगतिमा अगाडि बढिरहेको तत्कालीन चिनीया जनता र कम्युनिष्ट शासनबाट भिक्षु



Downloaded from http://www.dhamma.digital

अश्वघोष अत्यन्त प्रभावित भए। चीनबाट फर्किसकेपछि आनन्दकुटी विद्यापीठमा झण्डै १० वर्ष सेवा गर्नुभयो। आनन्दकुटी विद्यापीठका सुपरिवेक्षक समेत हुनुभयो। उहाँले विभिन्न मुलुकहरूको भ्रमण तथा सम्मेलनहरूमा भाग लिन जानुभयो । २०२९ साल घटस्थापनाका दिन आनन्दकुटी विहार गुठीको स्थापना भएपछि भिक्षु अश्वघोषले न्हुच्छे बहादुर वज्राचार्य र वटुकृष्ण भूषणसँग सहकार्य गरी आनन्दभूमि बौद्ध मासिकको सम्पादक हुनुभयो। उहाँले आनन्दभूमिमा सम्पादक, प्रधान-सम्पादक भई २० औं वर्ष सेवा गर्नुभयो। यसरी नै धर्मकीर्ति विहारबाट प्रकाशित हुने धर्मकीर्ति मासिकमा पनि उहाँ सुरूवातदेखि वर्तमानसम्म प्रधान-सम्पादकको रूपमा सेवा गरिरहनुभएको छ, साथै उहाँले बुद्धधर्म र दर्शनसम्बन्धी स-साना १३० भन्दा बढी पुस्तकहरू प्रकाशन गराई सक्नुभएको छ।

हाल बनेपास्थित ध्यानकुटी विहार र संघाराम विहारमा बस्नुहुने भिक्षु अश्वघोष महास्थविरले बनेपास्थित दछुटोलमा ध्यानकुटी विहार २०२८ सालमै निर्माण गर्नुभएको थियो। २०३८ सालमा भिक्षु मैत्री, दिवंगत द्वारिकादास श्रेष्ठ र उपासिका दिवंगत अनागारिका धर्मरक्षिता (रत्नमाया शाक्य) को सहयोगले क्षेत्रपाटी-ढल्कोमा संघाराम भिक्षु तालिम केन्द्रको स्थापना गरी नेपालको पुनर्जागरित बुद्धशासनमा पहिलोपटक श्रामणेर-भिक्षु तालिम केन्द्रको प्रारम्भ गर्नुभयो। उहाँकै शब्दमा भन्नुपर्दा उहाँको तालिम मिशन सोचेझैं सफल हुन नसकेपछि ध्यानकुटी विहारमा पनि तालिम केन्द्रलाई निरन्तरता दिने प्रयास भएको थियो। वर्तमान नेपा( लमा सबैभन्दा बढी शिष्य हुने उहाँ श्रद्धेय भन्तेका शिष्यहरू अधिकांश श्रीलंकाबाट अध्ययन गरेका छन् । अहिले उहाँका शिष्यहरूले सक्दो बुद्धशासनिक क्षेत्रमा क्रियाकलापहरूलाई अगाडि बढाइराखेका छन्, जुन उहाँको लागि धर्मप्रीतिको विषय भएको छ।

नेपालमा ४६ सालको जनआन्दोलनपछि माथिल्लो सदन राष्ट्रिय सभामा पनि दुई वर्ष माननीय हुनुहुने उहाँ एमालेको नौ महिना शासनमा लुम्बिनी विकास कोषका उपाध्यक्ष हुनुभयो भने उहाँले धर्मोदय सभाका सम्मानित अध्यक्ष पदभार सम्हालिसक्नुभएको छ। सन् २००० मा म्यानमार सरकारबाट 'अग्गमहासद्धम्म जोतिकधज' पद्वीद्वारा विभूषित भन्तेले प्रव्रजित-श्रामणेरहरूलाई तालिम गर्दै धेरै अनुभव सँगाल्नुभएको छ। नेपाल भाषा परिषद्, काठमाडौंले ने.सं. ११२८ को 'भाषाथुवाः' मानार्थ उपाधिले सम्मानित गरेको थियो।। स्मरणीय रहोस् वर्तमान नेपालका पूज्यपाद संघनायक भिक्षु



Downloaded from http://www.dhamma.digital

अश्वघोष महास्थविर र आचार्य भिक्षु कुमार काश्यप महास्थविरको ७७ औं वर्ष प्रवेशको उपलक्ष्यमा सुखी होतु नेपालले भव्यताका साथ वि.सं. २०६० मा ऐतिहासिक रूपमा १११ जनालाई सप्ताहब्यापी दुर्लभ शतकुलपुत्र प्रव्रज्या समारोह सफलतापूर्वक आयोजना गरेको थियो। उहाँको ५० औं प्रव्रजित दिवसको अवसरमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले विविध धार्मिक, सामाजिक गतिविधिको संचालन गरेको थियो।

उहाँ नेपालका पूज्यपाद ९० वर्षीय संघनायक अश्वघोष महास्थविरले अझै पुस्तक लेखन, धर्मदेशना गर्ने, विविध धार्मिक कार्यक्रमको निमन्त्रणामा जाने कार्यलाई निरन्तरता दिइरहनुभएको छ।

मङ्गलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामिक सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सव पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछु।

महिला समाजसेवी

डा. सुमनकमल तुलाधर

लाजिम्पाट, काठमाडौं



Downloaded from http://www.dhamma.digital








Downloaded from http://www.dhamma.digital

# श्रद्धेय अश्वघोष महास्थविरद्वारा प्रस्तुत केही धर्मदेशनाहरू

## बुद्धको व्यक्तित्व

व्यक्तित्व भन्दाखेरी मुख राम्रो, फुर्तिलो, राम्रो कुरा बोल्ने, विद्वान र पैसा भएको व्यक्तिलाई मान्ने चलन आजकल देखिन्छ। यहाँ बुद्धको व्यक्तित्वबारे भन्न लागेको यस्तो कुरालाई लिएर होइन। गौतम बुद्धसँग भएको केही विशेष गुणको विषयमा भन्न लागेको छु।

दार्शनिकहरूले धेरै टाढा र अदृश्य विषयहरूसम्बन्धी कल्पना गरिहन्छन् जस्तै- यो संसार कहिले सृष्टि भयो होला ? यसैगरी आत्मा, परमात्मा, पूर्वजन्म र पुनर्जन्मबारे उनीहरू कल्पना गरिहन्छन्। सुनेको कुरामा विश्वास गर्छन्, अनुभव गरेर हेर्ने गर्देनन्। अनुभवमा विश्वास गर्नेले आँखाले नदेखिकन र अनुभव नगरेसम्म विश्वास गर्दैन। उसले आँखाले देख्ने र अनुभव गर्ने प्रयास गर्छ। विचारमात्र गर्नेले प्रयास गर्दैन, देख्दा पनि देख्दैन। महामानव बुद्ध दर्शनमा अल्झिरहन मन पराउनुहुन्न। दर्शनमा नअल्झिनेले सत्य देख्छ। दुःखबाट मुक्त हुन्छ। अल्झेर कल्पना गरिरहँदा पागल हुन सक्छ भन्ने बुद्धको विचार हो।

पहिलदेखि आमा-बाबु, गुरू र अग्रजहरूको कुरा सुन्ने र नेताहरूको अनुकरण गर्ने मानिसको बानी र संस्कार हो। तिनीहरूले भनेको मानेन भने अनुशासनहीन र पापी सम्झने गर्छन् तर सिद्धार्थ गौतम बालक उमेरदेखि बुद्ध बनेसम्मको जीवनका घटनाहरू अध्ययन गर्दा बुद्ध परम्परावादी होइनन् भन्ने देखिन्छ अर्थात बुद्ध परम्परा र रूढीवादको विरोधी हुनुहुन्थ्यो भन्ने बुझ्न सकिन्छ।

बुद्धकालीन समाज ब्राम्हणवादको छत्रछायाँमा परेको थियो। त्यस्तो बेला बुद्ध जन्मनुभयो। त्यस बेला बुद्धले



Downloaded from http://www.dhamma.digital

ठूलो सामाजिक र साँस्कृतिक क्रान्ति गर्नुभयो तर क्रान्तिभन्दा फ्रान्स र रूस आदि देशमा जस्तो रगतको खोला बग्ने क्रान्ति होइन । विचार र हृदय परिवर्तन अनि स्वतन्त्र चिन्तनको क्रान्ति । अर्को किसिमले भनूँ भने समाजमा रहेको रूढीवादी विचारमा परिवर्तन ल्याउने क्रान्ति । बुद्धको सामाजिक र साँस्कृतिक क्रान्ति त्यो बेला त्यतिको प्रभावकारी नभए पनि उहाँको परिनिर्वाणको २१८





वर्षपछिका राजा अशोक गौतम बुद्धको साँस्कृतिक क्रान्तिकारी विचारधारादेखि अति प्रभावित भए । महाराज अशोकले दरबारमुखी हुन छोडी प्रजामुखी भएर बुद्धको बहुजन हिताय, बहुजन सुखाय अभियान सफल गरिदिए । बुद्धकालीन कोशल र बिम्बिसार आदि राजाहरूले बुद्धलाई चिन्न सकेनन् र बुद्धको साँस्कृतिक क्रान्तिलाई अँगाल्न सकेनन् ।

अब, बुद्ध परम्परावादी होइनन् भन्ने कुरा बुझ्नलाई एक दुइवटा घटना स्मरण गरौं । साधारण त्यागी हुन्छु भन्नेले विवाह गर्दैन तर बुद्ध हुने सिद्धार्थ कुमारले विवाह गरेर एउटा छोरा पनि जन्माए । फेरि छोरा पाएको खबर सुन्ने वित्तिकै खुशी नभई त्यसलाई राहु (बाधा) उत्पन्न भयो भन्नुभयो । अरूजस्तै छोरा पाएर खुशी हुनुभएन ।

सिद्धार्थले धेरै तपस्वी र ऋषि, गुरूहरूसँग बसेर उनीहरूलाई छोडेर जानुभयो । तिनीहरूका शिक्षा र सिद्धान्तदेखि उहाँलाई चित्त बुझेन । सिद्धार्थलाई चाहिने ज्ञान तिनीहरूसँग थिएन । तब आमा बाबु र गुरूलाई पनि छोडेर जानुभयो ।

बुद्ध बनिसकेपछि कपिलवस्तुमा उहाँ भिक्षटनमा जानुभयो । यो कुरा सुनेर शुद्धोदन महाराजले हतारेर गौतम बुद्धकहाँ



Downloaded from http://www.dhamma.digital

गएर सोधे– 'राजसंस्कृति र परम्परालाई किन अपमान गर्नुभएको ?'

गौतम बुद्धको जवाफ थियो–'महाराज, अब मेरो संस्कृति राजसंस्कृति होइन । अब मेरो परम्परा राजपरम्परा होइन। मेरो परम्परा र संस्कृति श्रमण परम्परा र जनसंस्कृति अनि समता संस्कृति हो । त्यसैले कुनै भेदभाव नगरीकन जनताको घरघरमा गएर भिक्षा माग्न गइरहेको छु ।' पहिलेदेखि पुस्तकलाई देववाणी सम्झने र गुरूले भनेको कुरा सत्य मान्ने परम्परालाई तोडेर कसैको कुरा सुन्ने वित्तिकै पत्याउनुहुँदैन, चाहे ठूला धर्मगुरू नै किन नहोस् चाहे बुद्ध नै किन नहोस्। बुद्धको विचारअनुसार पहिले ठीक छ छैन, हुन्छ वा हुँदैन, विचार गरेर, बुझेर मात्र त्यसलाई शिरोपर गर्नुपर्छ । आफूलाई भगवान भन्नेहरूले जसरी मेरो शरणमा आउनुपर्छ भनेर बुद्धले भन्नुभएन।

बुद्धले भन्नुभयो मेरो शरण होइन आफ्नै शरण जाऊ। आफ्नो भरोसा आफै बन, आचरण राम्रो पार अनि दुःखबाट मुक्त हुन सक्छौं। बुद्ध अनीश्वरवादी र अनात्मवादी हुन्। बुद्धले ईश्वर छैन र मान्नु पर्दैन, आत्मा नित्य होइन अथवा अनात्मवादीको कुरालाई अगाडि राखेर ब्राम्हणवादलाई गम्भीर प्रहार गर्नुभयो । जन्मले कोही ब्राम्हण हुँदैन, कोही नीच पनि हुँदैन । आफ्नै कामले नै मानिस ब्राम्हण अथवा नीच हुन्छ भनी गौतम बुद्धले परम्परावादीलाई तोड्नुभयो र जातिवादको विरूद्ध क्रान्तिको पाइला चाल्नुभयो।

महामानव बुद्ध धेरै पुस्तक पढेर परीक्षा दिई पास गरेर पण्डित विद्वान बनेका होइनन् र बुद्धिविलासिता देखाउने खालका पनि हुनुहुन्न । उहाँ त शुद्ध व्यावहारिक व्यक्ति हुनुहुन्छ। उहाँले पहिले धर्मलाई वैज्ञानिक प्रतिष्ठा दिनुभयो।

त्यो समयमा धर्म अन्धविश्वासको चिन्ह जस्तै भइराखेको थियो । उहाँले नर्कको भय र स्वर्गको लोभले धर्म नगर्नु भन्नुभयो । मन शुद्ध गर, अर्न्तमुखी होऊ अर्थात् आफुले आफुलाई चिन, आफ्नो व्यवहार र चाल चलन राम्रो गर, आफ्नो दोष हेर, धेरै विद्वान हुँदैमा, कुरा गर्न जान्दैमा ज्ञानी र सन्त हुँदैन, चरित्र सुधार गरी व्यावहारमा प्रयोग गर्न सके मात्र ज्ञानी होइन्छ नत्र भने अरूको गाई चराएर दूध खान नपाउने गोठालो जस्तै हुन्छ भन्ने कर्तव्य परायणताको शिक्षा दिनुभयो । यसरी शिक्षा दिएर नास्तिकहरूलाई पनि धर्ममार्गमा अग्रसर गराउनुभयो।

सिद्धार्थ गौतम बुद्ध भइसक्दा पनि समाजबाट अलग हुनुभएन। मानिसहरूको जीवन राम्रो पार्ने मनले चरित्र सुधार र कलह नहुने शिक्षा दिनमा उहाँले धेरै ध्यान दिनुभयो । महापुरूषहरू धेरैजसो घर



Downloaded from http://www.dhamma.digital

जग्गा छोडिसकेपछि एकान्त जङ्गलमा जान्छन् र समाजबाट अलग हुन्छन् । बुद्धले आफुलाई कमलको फूलको उपमा दिएर भन्नुभयो–'कमलको फूल हिलोमा फुल्छ र पानीमा डुबेर बस्छ तर कमल हिलो र पानीबाट अलग रहन्छ ।'त्यस्तै बुद्धको जीवन हो।

यसबाट के बुभिन्छ भने मानिसहरूको जीवन मानव समाजबाट अलग भएर एक्लै आनन्दले बस्नको लागि होइन। यो बुद्धको शिक्षा हो कि समाजमा बसेर समाजलाई गतिशील बनाउने र गतिविहीन हुने कुरा उहाँले बताउनु भएन । 'अभिक्कम मा निवत्त' अगाडि बढ, नरोक, यो उहाँको उद्घोषण हो । त्यसैले उहाँले आफुले बनाएको नियम सबै ठाउँमा पालन गर्नुपर्छ नभनी ठाउँ हेरी संशोधन गर्नु उचित हुन्छ– भन्नुभयो। उहाँले महापरिनिर्वाण हुनुअघि भिक्षुहरूलाई बोलाएर भन्नुभयो–मैले तिमीहरूलाई जुन साना साना नियमहरू बनाइदिएको छु पछि तिमीहरू सबै मिलेर छलफल गरी सहमत भएअनुसार परिवर्तन गरे पनि हुन्छ। हुन पनि हो व्यवहारमा प्रयोग गर्न नसक्ने नियम राखिछाड्दा काम आउँदैन । त्यसबाट भ्रममात्र हुन्छ तर पछि संघनायक (भिक्षुहरूको धर्म सम्मेलन) भएको बेला नियम परिवर्तन गर्ने कुरामा धेरै जसो भिक्षुहरू सहमत भएनन्, फलस्वरूप थेरवाद र महासांघिक (पछि महायान) भनी दुई सम्प्रदायअनुसार बौद्ध भिक्षुहरू देखा परे।

शाक्यमुनि बुद्ध महामानव हुनुहुन्छ। साधारण रूपमा धेरैजसो धर्मावलम्बीहरू कट्टर सिद्धान्तवादी हुन्छन् । उनीहरूको लागि सिद्धान्त मात्रै महत्वपूर्ण हुन्छ, मानवताको महत्व हुँदैन। मतलव मानिस धार्मिक सिद्धान्तको लागि हो । यहाँ धार्मिक भनेको साम्प्रदायिक हो। बुद्धले यो कुरा मान्नुभएको छैन । सिद्धान्त र विधान (नियम) एकवर्ग र एक समयको लागि उपयोगी हुन सक्छ। सबैको लागि र सदाको लागि उपयोगी हुँदैन। महामानव बुद्धको भनाइअनुसार सिद्धान्त र नियम मानिसको लागि हो। मानिस सिद्धान्त र नियमको लागि होइन।

ब्राम्हणकुलमा जन्मदैमा ब्राम्हण नै हुनुपर्छ भन्ने केही छैन । बुद्धले भन्नुभयो–'जन्मले कोही ब्राम्हण हुँदैन । जन्मले कोही नीच पनि हुँदैन । आ–आफ्नो काम वा कृयाकलापले ठूलो र सानो हुन्छ ।' ब्राम्हणदेखि लिएर पोडेसम्मलाई पनि उहाँले आफ्नो भिक्षु संघमा भित्र्याउनुभयो। यसबाट देखिन्छ कि गौतम बुद्धले विधि विधानलाई भन्दा आचरण शुद्धि र मानिसलाई मान्यता दिनुभएको छ। मानिसको हित र भलोका लागि विधान र कानुन बनाइन्छ तर हित भएन भने त्यो विधान परिवर्तन गरिन्छ।



Downloaded from http://www.dhamma.digital

कुनै घटना र कारण नभइकन कानुन र नियम बनाइदैन। एकपल्ट गौतम बुद्धका प्रमुख शिष्य सारिपुत्र महास्थविरले प्रार्थना गर्नुभयो- 'भो भगवान्, भिक्षुहरूलाई संयमित गर्न नियम धेरै बनाउनुपर्‍यो।'

गौतम बुद्धले भन्नुभयो- 'घाउ नहुँदै औषधी गर्ने ? घाउ भएपछि मात्र औषधी लगाउने गर्नुपर्छ, त्यसैले घटना नहुँदै यस्तो हुनेछ भनेर नियम बनाउनु हुँदैन।' बरूबुद्ध आफैले ठाउँ हेरी समयअनुसार आफूले नियम बदल्नुभएको छ। यसबाट के देखिन्छ भने गौतम बुद्ध कट्टर विधि एवं नियमवादी हुनुहुन्न। उहाँ त बहुजनहितवादी हुनुहुन्छ। उहाँ बहुजनहित हुने किसिमले मात्र कुरा र काम गर्नुहुन्छ। यो उहाँको व्यक्तित्वको विशेषता हो।

बुद्धले पहिले कसैलाई नियममा बस्ने कुरा गर्नुभएन बरू सम्भाउने र बुझाउने गर्नुहुन्थ्यो। बुद्धसँग कसैले कुन राम्रो कुन नराम्रो भनी सोधे भने होश राखी बुझी गरेको काम राम्रो र होश नराखी नबुझी गरेको काम नराम्रो भन्नुहुन्छ। थाहा नपाई, नबुझी, होश नराखी पुण्य (धर्म) भनी गरेपनि त्यस्तो कुरा पाप हुन सक्छ। परिस्थिति हेरी हरेक कुरा फरक भएर जाने हुन्छ। प्रमादमा नलाग, अप्रमादी होऊ अर्थात लापरवाही, नहुनु, होशियारी हुनु बेस, यो बुद्धको अन्तिम उपदेश र शिक्षा हो।

क्रोध भनेको पाप हो कि धर्म भनी सोधेको प्रश्नमा गौतम बुद्ध भन्नुहुन्छ 'होश राखी गरेको क्रोध धर्म हुन्छ। जोशमा होश गुमाई गरेको क्रोध पाप हुन्छ।' यो कुरा बुझाउन जापानको घटना प्रस्तुत गर्छु। यो घटना मैले 'सत्यकी खोज' भन्ने पुस्तकमा पढेको हुँ।

एकजना जापानी धर्मगुरूले आफ्नो शिष्यलाई भनिराखेका थिए- 'कसैलाई मार्नु पर्‍यो भने बेहोशमा अर्थात आवेशमा परेर क्रोध गरेर नमार।'

केही दिनपछि एकजना शत्रुले त्यस धर्मगुरूलाई मारिदियो। आफ्नो गुरू मार्नेलाई मारिदिन्छु भनी तरबारले हान्न लागेको बेला त्यो शत्रुले मुखमा थुकिदियो। अनि तरबार उठाउनेलाई एकदम रीस उठ्यो। अनि नमारी भुईमा राखी सरासर हिंड्यो।

शत्रुले सोध्यो-'तिमी किन मलाई नमारिकन गएको ?' उसको जवाफ थियो- 'तिमीले मेरो मुखमा थुकिदिंदा मलाई एकदम रीस उठ्यो। मैले गुरूले भन्नुभएको कुरा सम्झें। कसैलाई मार्नु परे रीसले होश गुमाएर नमार। मलाई एकदम रीस उठेकाले तिमीलाई नमारेको हुँ।'

यहाँ रीस उठे पनि होश भएकोले पाप भएन। होश नभएको भए अनि गुरूको शिक्षा बिर्सेको भए त्यसले शत्रुलाई तलवारले काट्थ्यो होला।



Downloaded from http://www.dhamma.digital

कसैले भन्न सक्छ कि क्रोध भनेको कुनै पनि ठीक छैन तर कहिले काहीँ बुद्ध पनि रिसाउनुभएको छ । बुद्धलाई रिस उठेको घट्ना पालि साहित्यमा धेरै ठाउँमा पाइन्छ, तर अरूको भलाई गर्न र सुधार गर्नलाई मात्र उहाँ रिसाउनुहुन्छ। त्यस बेला होश राख्नुहुन्छ। त्यसैले सबैको क्रोधलाई नराम्रो भन्नुहुँदैन । होश नभएको रिसमात्र पाप हुन्छ। जस्तै जोशमा होश गुमाएर आँखा नदेख्ने गरी रिसाउनु नराम्रो हो। विवेकी आमा बाबुले आफ्ना बच्चाहरूलाई गाली गर्दा तिनीहरूको भलाईको लागि क्रोध गर्छन् । अपवादस्वरूप कोही कोही अविवेकी आमा बाबुले रिस उठ्दा होश हराई आफना छोराछोरीहरूप्रति हातपात गर्छन् । त्यस्तै गुरूहरू पनि छन् । अंगुलिमालका गुरूले पनि अविवेकी भएर शिष्यलाई ज्यानमारा बनाइदियो। जे भए पनि बुद्धले आफु बोध भए जस्तै अरूलाई पनि बोध गर्नुहुन्छ।

# भिक्षु आनन्दको विवेक बुद्धि

भिक्षु आनन्दको विशेषता धेरै छन्। अरहन्तहरूमा भन्दा बढी विशेषता भएको व्यक्ति हुनुहुन्छ–आनन्द। त्यसैले अरहन्त भिक्षुहरूले सेवक बन्न तयार भए पनि बुद्धले स्वीकार गर्नुभएन । आनन्दलाई स्थायी सेवकको रूपमा बुद्धले स्वीकार गरे । आनन्दमा भएको विशेषताहरूमा हुन्- विश्वास पात्र सच्चा सेवक, धैर्यवान्, स्मृतिवान, दूरदर्शी ज्ञान भएको, बहुश्रुत जस्ता गुणहरू थियो । आनन्द विशेष रूपले धर्म भण्डारलाई आफ्नो स्मृतिरूपी कोठामा संचय गरिराख्नमा भण्डागारिक थिए।

आनन्द शाक्यवंशीय सामर्थ्यवान तथा बुद्धका नजिकका नातेदार थिए । आनन्द कपिलवस्तुका राजा शुद्धोधनका कान्छा भाइ अमृतोदनका पुत्र र नातामा उनी बुद्धका भाइ नै थिए।

बुद्धत्व प्राप्तिपछिको वर्षसम्म अनेकन भिक्षुहरूले भगवान बुद्धको सेवा गर्दै रहे। उनीहरूमा नागसमाल, नागित, उपवाण, सुनक्षत्र, चुन्द, स्वागत, राध र मेघिय हुन्। यसो भन्नु नै पर्ने हुन्छ कि यी भिक्षुहरूको सेवाबाट बुद्ध विशेष रूपमा सन्तुष्ट थिएनन्। बुद्ध ५५ वर्ष पुगेपछि खिन्न भएर एक दिन भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो- ‘भिक्षुहरू, अब म बुढो भएको छु। कुनै कुनै भिक्षुहरूलाई भन्छु कि यो बाटो जाओ। तर उनीहरू अर्के बाटो हिँडिदिन्छन्। कोही कोही त



Downloaded from http://www.dhamma.digital

मेरो भिक्षापात्र र चीवरहरूनै भुँइमा छोडेर हिँडिदिन्छन् । भिक्षुहरू, मेरो लागि एक जना सँगै बस्ने स्थायी सेवक खोज ।' यो सुनेर भिक्षुहरूलाई दुःख लाग्यो। सबैभन्दा पहिले सारिपुत्रले बुद्धलाई वन्दना गरी आफ्नो सेवा अर्पण गरे । तर बुद्धले यसलाई उचित मान्नुभएन । यस प्रकार बुद्धले आफ्ना अन्य भिक्षुहरूको सेवा पनि अस्वीकार गर्नुभयो। आनन्द चुपचाप बसी नै रहे।

एक जना भिक्षुले आनन्दसँग भने- आवुसो (साथी) ! भिक्षुसंघले उपस्थापक (सेवक) पद माग गरिरहेको छ। 'तिमीले पनि आफू उचित भएको सावित गर ।' स्वाभिमानी आनन्दको केबल यही मात्र उत्तर थियो- आवुसो ! मागेर पद पाउनु पनि के पाउनु ? के भगवान् बुद्धले मलाई देखिरहनुभएको छैन । यदि चाहनुभयो भने उहाँले स्वयं भन्नुहुनेछ। अनि भगवान बुद्ध भन्नुहुन्छ- 'आनन्द ! मेरो सेवा गर।'

उनले सेवक बन्नुअघि तत्काल आफ्ना शर्तहरू अगाडि राखे। प्रथमपल्ट उनले बुद्धसँग निषेधात्मक चार अधिकारको माग गरे । त्यसपछि मात्र उनी बुद्धको सेवक बन्ने निश्चित भयो। जसमध्ये बुद्धले आफुले पाउनुभएका राम्रा वस्त्रहरू मलाई नदिने भए, उत्तम भोजन मलाई नदिने भए, बुद्धको कोठामा सुत्न नदिने भए र बुद्धलाई निमन्त्रणामा सँगै लिएर नजाने भए म स्थायी सेवक हुन सक्छु। यत्ति कुराले मात्र पनि स्पष्ट हुन्छ कि आनन्दको आत्मगौरव भावना कति महत्वको थियो।

आनन्दले अरू पनि चारवटा कुराहरू बुद्धसामु शर्तका रूपमा राखे। मैले बुद्धका लागि निमन्त्रण स्वीकार गरेको हुनेछु, त्यसमा तपाई जानु पर्नेछ, जो व्यक्ति दोस्रो प्रदेशबाट तपाईको दर्शनार्थ आउने छन्, तिनलाई कुनै पनि बेला तपाईसँग भेट गराउन सक्नेछु र मेरो अनुपस्थितिमा जहाँ कहिँ पनि तपाईले दिनुभएको धर्म उपदेश तपाईले मलाई फेरी अवश्य सुनाउनुपर्नेछ । त्यसपछि भगवान् बुद्धले आनन्दलाई सोध्नुभयो- 'आनन्द तिमीले किन यो शर्त राखेका हौ ?' आनन्दले उत्तर दिनुभयो- 'भन्ते! भविष्यमा अपवादबाट बच्नको लागि मैले शर्त राखेको हुँ।' यस कुराले के बुझिन्छ भने आनन्दमा दूरदर्शी ज्ञान र विवेक बुद्धि थियो।

बुद्धले जब आनन्दलाई स्थायी सेवक नियुक्त गर्नुभयो तब कोही कोही भिक्षुले बुद्धलाई नातावाद भयो भनी लाच्छना लगाए । भनिरहनु आवश्यक पर्दैन कि भगवान् बुद्धलाई यी सम्पूर्ण शर्तहरू स्वीकार गर्नै पर्ने भयो । यस समयदेखि बुद्धको महापरिनिर्वाणको समयसम्म अर्थात ठीक पच्चीस वर्षसम्म छायाँजस्तै भएर अनुशरण गर्दै आनन्दले बुद्धको



Downloaded from http://www.dhamma.digital

सेवा गर्दै रहे । यहाँ स्मरणीय कुरा के छ भने बुद्ध ५५ वर्ष पुग्नु हुँदा उहाँलाई बुढो भएको महशुस भएको किन भने सिद्धार्थ जवानी बखतमा आवश्यक खाना नखाइकन तपस्या गर्नुभएकाले हो ।

आनन्द भगवान् बुद्धका साह्रै भक्त थिए । उहाँको लागि कहिले पानी तानेर ल्याइदिन्थे, कहिले बुद्धको मूलगन्ध कुटीमा कुचो लगाइदिन्थे । कहिले शरीर मालिश गरिदिन्थे त कहिले ओछ्यान मिलाइदिन्थे । सारांशमा यही हो कि आनन्दको सम्पूर्ण दिनचर्या नै बुद्धको सेवाका लागि अर्पित थियो । बुद्धलाई अलिकति मात्र पनि कष्ट हुँदा उनी दुःखी हुने गर्दथे । आनन्दलाई निर्वाण प्राप्त गर्ने कुनै इच्छा र कल्पना थिएन । प्रतिदिन रातको नौ पटकसम्म उनी एउटा हातमा ठूलो बत्ति र अर्को हातमा मोटो डण्डा लिएर मूलगन्ध कुटीको चारैतिर चक्कर लगाईरहन्थे । ताकि बुद्धको निन्द्रा भङ्ग कतैबाट नहोस् र आवश्यकता परेको बेला तुरून्तै उहाँको सेवा गर्न पनि सकियोस् । भगवान बुद्ध परिनिर्वाणपछि मात्र आनन्द अरहन्त हुन पुगे ।


# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामिक
सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार
श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९०
शुभजन्मोत्सवको पावन अवसरमा उहाँको आध्यात्मिक
सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्द

**चन्द्रश्याम डंगोल**

**तथा**

**खोकना स्टोन कार्भिङ प्रा.लि. परिवार**

खोकना, ललितपुर




Downloaded from http://www.dhamma.digital

# वर्षावास र कथिन उत्सव

कथिन चीवर दान वर्षावासपछि सुरू हुने गर्छ वर्षावास बस्ने नियम जैनबाट सुरू भएको हो। भगवान बुद्धले भिक्षुहरूप्रति करूणा राख्नुभई यो नियम बनाउनुभएको थियो। किनभने बुद्धकालमा धेरै वर्षा हुने गर्दथ्यो। हाल पनि वर्षा हुन्छ नै।

वर्षा समयमा चारिका गर्न जाँदा



भिक्षुहरू भिज्ने गर्दथे। राम्रो बाटो नहुँदा चिप्लिन्थे, लड्थे अनि खेतहरूबाट पनि जानुपर्दथ्यो। त्यस बेला भिक्षुहरू अहिलेझैं एक ठाउँमा बस्ने गर्दैनथे। अप्रसन्नहरूलाई प्रसन्न बनाउन तथा प्रसन्नहरूलाई अझै प्रसन्न गराउन भिक्षुहरू निरन्तर चारिका गरिरहन्थे। विभिन्न समस्याहरूलाई हटाउन तथा भिक्षुहरूलाई बिर्सेको नियम सम्झाउन पनि वर्षावास बस्ने नियम बुद्धशिक्षामा आइरहेको छ। यो राम्रो परम्परा मान्न सकिन्छ।

वर्षावास तीन महिना एकै ठाउँमा बस्ने नियम भए पनि भगवान् बुद्ध करूणावान् थिए। तसर्थ वर्षावासभित्र पनि ६ दिनसम्म बाहिर बास बस्न हुने नियम बनाउनुभयो। बुद्धको समयमा प्रवचन सुन्न इच्छुक उपासक उपासिकाहरू र बिरामी परिवारलाई भेट्न जानको लागि बाहिर जान हुने नियम बनाउनुभएको छ।

भगवान् बुद्ध नियममा कट्टर थिएनन्। उहाँले समय र परिस्थितिलाई हेर्नु भएर नियमलाई आवश्यकताअनुसार परिवर्तन गर्नुभएको छ। यो उहाँको प्रजातन्त्रवाद हो।

बुद्धको समयमा भिक्षुहरू टाढा



Downloaded from http://www.dhamma.digital

टाढासम्म वर्षावास बस्न जाने गर्दथे । त्यहाँको मानिसहरूलाई धेरै उपकार हुने गर्दथ्यो । तसर्थ बुद्धकै स्वीकृतिअनुसार उत्सव गरेर वर्षावास बसेका भिक्षुहरूलाई कथिन चीवर दान दिने गरिएको हो ।

बुद्धको समयमा पाठाका ३० जना भिक्षुहरूका कारणले बुद्धले कथिन चीवर दान लिने र दिने अनुमति दिनुभएको थियो । वर्षावासको लगत्तै बुद्धलाई भेट्न भनी आउँदा वर्षाले उनीहरू भिजे, हिलोले चीवर फोहोर भयो तर फेर्नका लागि अर्को चीवर थिएन । यस्तो कष्टपूर्वक आएका भिक्षुहरूलाई देखेर नै बुद्धले कथिन चीवर दानको नियम बनाउनुभएको थियो ।

कथिन भनेको गाऱ्हो पनि हो, बलियो पनि हो । नियमपूर्वक वर्षावास बसेका भिक्षुहरूलाई श्रद्धाले दिने दान भएकोले कथिन चीवर दान भनिएको हो । वर्षावास बस्ने धेरै भिक्षुहरू भए पनि यो दान संघलाई दिने नियम छ । यसले वैराग्य र त्यागी जीवन बिताउन प्रेरणा दिन्छ ।

आजको सन्दर्भमा यो कथिन उत्सव उपलब्धीमूलक देखिन्छ । श्रद्धावानहरूले कथा सुन्ने अवसर पाउँछन् । यथाश्रद्धा दान दिन पाउँछन् । पुण्य गर्न पाउँछन् । नयाँ संस्कृतिको रूपमा देखिएको यो परम्परा करबल र इज्जत जाने डरले गर्न थाले विकृतिको रूपमा आउन सक्छ ।

# क्रोध नरहे हुन्छ शान्ति

मानिसलाई खराब पार्ने धेरै कुभावना, कुसंस्कार छन् । जस्तै–इर्ष्या, लोभ–लालच, मोह–अज्ञानता । ती मध्ये सबैभन्दा नराम्रो खतरनाक चाहिँ क्रोध हो । क्रोध हुँदा मानिस अन्धो हुन्छ । किनकि क्रोधले आमा–बुबा, स्वास्नी, छोराछोरी, साथीभाई, इष्टमित्र कोही पनि चिन्दैन र मारिदिन्छ, हिंसा गरिदिन्छ । मानिसको आफ्नो शत्रु क्रोध हो । क्रोध मैत्री गुणधर्मको शत्रु हो । क्रोधको कारण स्वार्थ हो ।

बुद्धसमक्ष एक जना सज्जन आएर प्रश्न गर्छ–'किं सत्थमलं लोके ?' अर्थात शास्त्र पढेकोलाई खिया लाग्ने कुनचाहिँ चीज हो ?

बुद्ध भन्नुहुन्छ– कोधो सत्थमलं लोके अर्थात् संसारमा शास्त्र विद्वानलाई खिया लाग्ने क्रोध हो । मतलब क्रोध आउँदा जति विद्वान भए तापनि ऊ पतन हुन्छ, उसको मूल्य रहँदैन । किनकि विद्वानको कुनै अर्थ रहँदैन । सर्वनाश हुन्छ ।

बुद्धकालीन घटना हो । विनयधर र धर्मदेशकबिच सानो कुरामा कलह भयो । कलहले भयंकर रूप लियो ।



Downloaded from http://www.dhamma.digital

बुद्धले उनीहरूलाई सम्झाउनुभयो, कलह गर्नु राम्रो कुरा होइन। मिलेर बस। 'सुखा संघस्स सामग्गी'-मिलेर बस्नु संघलाई सुख हुन्छ। कलह गर्ने भिक्षुहरूले भने तपाई बुद्ध हुनुभयो, हामी बुद्धू हौं। तपाई आफ्नो ठाउँमा जानुस्। हामी आफ्नो समस्या समाधान गर्छौं। अनि बुद्धले उनीहरूलाई पाठ सिकाउन कसैलाई केही नभनी जंगल पस्नुभयो। यहाँ बुद्धको अर्ति पनि मान्न तयार नभएको कारण क्रोधको जोशले होश गुम्यो। यही हो विद्वतामा खिया लागेको दृष्टान्त।

यहाँ बुद्धलाई पनि क्रोध आयो, दुःख भयो तर बुद्धमा अथाह मैत्री करूणाले छायो। बुद्धको दर्शन नपाएका उपासक उपासिकाहरूले कलहकारी भिक्षुहरूलाई सामुहिक बहिष्कार गरिदिए। फलस्वरूप भिक्षुहरू भोकै बस्नुपर्‍यो। अनि आपसमा कुरा गरे-अब मिल्नु पर्‍यो। नत्र त हामी बाँच्न सक्दैनौं। हामी अज्ञानी हौं। अब हामी मिलेर बुद्धसँग क्षमा माग्न जाऔं। बुद्धले क्षमा दिनुभयो। अनि उपासक उपासिकाहरूले बहिष्कार फिर्ता लिए र खान दिए, सम्मान गरे। यो बुद्धको क्रोध मैत्री र करूणाले भरेको छ भन्ने ज्वलन्त उदाहरण हो।

एक जना आक्रोशक ब्राम्हण बुद्धकहाँ गएर प्रश्न गरे 'किंसु झत्वा सुखं सेति, किंसु झत्वा नसोचति ?' के चीज एउटा नाश गर्दा सुख हुन्छ, पीर हुँदैन ?

बुद्धको उत्तर थियो-'क्रोधं झत्वा सुखं सेति, कोधं झत्वा नसोचति' अर्थात क्रोध एउटा नाश गर्न सके सुख हुन्छ, पीर हुँदैन। बुद्धमा मैत्री र करूणा भरेकोले अन्तमा शान्ति हुन्छ तर हामीमा क्रोध आएको खण्डमा अशान्तिले अन्त हुन्छ। बुद्ध भन्नुहुन्छ- 'लाभ त्याग्न सजिलो छैन तर क्रोध खतरनाक छ तैपनि त्याग्न सक्छ, सधैं क्रोध रहँदैन। जे होस्, क्रोधको दुष्परिणाम ठूलो छ, भयंकर छ, तसर्थ भिक्षुहरूमा क्रोध आयो भने शोभा हुँदैन। किनभने क्रोधले जोश बढ्छ अनि सत्यानाश हुन्छ।' त्यसैले बुद्ध भन्नुहुन्थ्यो- 'भिक्षुहरू सधै सतर्क र सचेत हुनुपर्छ, होशियार हुनुपर्छ। अनि क्रोध आउन सक्दैन। अनि हुन्छ शान्ति।'

# बुद्ध शिक्षा ज्ञानी बन्ने मार्ग हो

बुद्ध धर्मका आधारभूत शिक्षा वास्तवमा मानिसलाई ज्ञान दिएर ज्ञानी बनाउने शिक्षा हो। ज्ञानी बन्न सजिलो छैन। ज्ञान सुनेर, पढेर, हेरेर बाहिरी माध्यमबाट प्राप्त हुन्छ तर भित्री चेतनाबाट पाँच इन्द्रियलाई सचेत गरी सुमार्ग र



Downloaded from http://www.dhamma.digital

सुकार्यमा लाग्नु नै ज्ञानी बन्नु हो। अर्थात् चित्त शुद्ध राख्नु नै ज्ञानी बन्नु हो। भगवान् बुद्धले दान गरेर, शील प्रार्थना गरेर वा पूजापाठ गरेर ज्ञानी हुन्छ र दुःखबाट मुक्त हुन्छ भनी कहिल्यै भन्नुभएन। आफ्नो चित्त शुद्ध गर, नराम्रो आचरण त्याग गर, राम्रो आचरण गरी व्यावहारमा लागु गर, सबैको हित हुने कार्य गर, सबैको प्रिय बन, शील पालना गर भनी दुःखमुक्तिको मार्ग देखाउनु हुने भगवान् बुद्धले स्वयं चित्त शुद्ध गरेर बोधिज्ञान प्राप्त गर्नुभएको हो।

**अनाथपिण्डक महाजनको कथा**

मानिस शुद्ध चित्त लिएर जन्मिन्छ तर पारिवारिक वातावरण संगतले परिवर्तन हुन्छ। यसैमा आधारित अनाथपिण्डक महाजनको बुद्धकालीन एउटा कथा यहाँ प्रस्तुत गरिएको छ। यी महाजनको बाल्यकालदेखि एक घनिष्ठ मित्र थियो। उनीहरूको मित्रता कायम गरिराख्न भविष्यमा आफ्नो छोराछोरी ठूलो भएपछि विवाह गरिदिने वाचासम्म गरेका थिए। समय बित्यो। उनीहरूको विवाह भयो। छोराछोरी पनि जन्मियो। विवाह गर्ने उमेर पुगेपछि अनाथपिण्डक महाजनको घरमा छोरी माग्न पुरानो साथी आइपुग्यो। पुरानो बाचाअनुसार साथीले महाजनसँग आफ्नो छोराको लागि कन्या माग्न आएको कुरा भन्यो। पुरानो वाचाले महाजनलाई दोधारमा पार्‍यो। आफ्नो छोरीलाई साथीको छोरोसँग विवाह गरिदिउँ भने उनीहरू अबौद्ध हुन्, दिन्न भनेर वाचा पनि तोड्न सकिएन। अन्तमा आफ्नी छोरी सुभद्रालाई सोध्यो– 'साथीको छोरोसँग तिम्रो विवाहको कुरा आएको छ तर उनीहरू बौद्ध भने होइनन्, के गर्ने ?'

सम्पूर्ण गुणले सम्पन्न महाजनको छोरीले विवाह स्वीकार गरिन्। विवाहपछि नयाँ घरपरिवारलाई शील स्वभाव बोलिवचनले अत्यन्त प्रभावित पारिन्। फलाम जति कडा भए पनि आगोको रापमा नरम बन्छ। मानिस जतिसुकै स्वार्थी भए पनि मनभित्रको एक कुनामा राम्रो बन्ने चाहना सबैको हुन्छ। मात्र बाटो देखाइदिने वा हात समाएर डोर्‍याउने व्यक्ति (गुरू) को साथ चाहिन्छ। महाजनको छोरीको राम्रो बोलिवचन, असल शीलस्वभावबाट अत्यन्तै प्रभावित त्यस परिवारले एक दिन सोधे–'तिमीले राम्रो शील स्वभाव, बोलिवचन, ज्ञानहरू कहाँ सिक्यौं ? हामी पनि तिमीजस्तै राम्रो गुण, शील आचरणले सम्पन्न हुन चाहन्छौं। हामीलाई पनि त्यो ठाउँमा लिएर जाऊँ।'

महाजनको छोरी सुभद्राले आफु बुद्धको धर्मदेशना र बुद्ध शिक्षाबाट प्रभावित भएको र प्राप्त ज्ञानलाई अभ्यास गरी व्यावहारमा लागु गरेको कुरा बताइन्। त्यसैले ज्ञान आर्जन बाहिरी माध्यमबाट हुन्छ। ज्ञानी बन्न



Downloaded from http://www.dhamma.digital

ज्ञानलाई व्यावहारमा उतार्नुपर्छ।

**नुहाएर पाप नबग्ने कथा**

अनाथपिण्डक महाजनका धेरै दास-दासीहरू थिए । त्यसमध्ये एकजना धर्मप्रति श्रद्धा भएको पूर्णिका दासी थिई । बुद्धको धर्मदेशना ऊ लुकिछिपि सुन्ने गर्दथी । जाडो महिनाको एक दिन सधैंझैं पुर्णिका अचिरवती नदीमा पानी लिन गएको बेलामा एक ब्राम्हण अत्यन्त चिसो नदीको पानीमा थरथरी काँमेर पनि नदीमै बसिरहेको देखेर भनी- 'म त दासी, जति जाडो भए पनि जाडो सहेर आफ्नो कर्तव्य पालन गर्न पानी लिन आउनुपर्छ। तर तपाई किन यस्तो जाडोमा थरथरी काँमेर पनि नदीमा बसिरहनुभएको ?' ब्राम्हणले जवाफ दियो- 'जस्तै जाडो भए पनि म मेरो पाप बगाउन नदीमा नुहाउन बस्छु । मेरो पाप जति नदीले बगाएर लान्छ। अनि म पापरहित धर्मात्मा बनिरहन्छु।'

यस्तो ब्राम्हणको जवाफ सुनेर पूर्णिका भन्छे- 'ब्राम्हण बाजे ! पानीले तपाईको पाप बगाउँछ भने धर्म पनि बगाउन सक्छ । पानीलाई धर्म र पाप कसरी थाहा हुन्छ ? यदि पानीले पापमात्र बगाउने भए पानीमा बस्ने माछा, भ्यागुता, सर्प, कछुवा मानिसहरूभन्दा धेरै धर्मात्मा हुनपर्छ किनकि उनीहरूको जन्म र मृत्यु पानीमै हुन्छ । मानिसले अबदेखि जति हिंसा गरे पनि भयो, जति झूठ बोले पनि भयो, जस्तै नराम्रो काम गरे पनि भयो, मात्र नदीमा नुहाएपछि पापबाट मुक्त हुन्छ भने। तर यो ठिक शिक्षा होइन। यो त अज्ञानीले मूर्खहरूलाई दिएको शिक्षा जस्तो लाग्यो। यदि तपाई पापदेखि डराउनुहुन्छ र पुण्य कमाउन चाहनुहुन्छ भने पापकर्मबाट टाढा रहनुस्, पञ्चशील पालना गर्नुस् । चित्त शुद्ध गर्नुस्। सत्य बोल्नुस्, अरूको भलो हुने मात्र कार्य गर्नुस्, जसबाट पापकर्म हुन दिने छैन। त्यो बाटो रोज्नुस्। नुहाएर पाप बगाउन आवश्यक छैन।'

पूर्णिकाको कुरा सुनेपछि ब्राम्हणको आँखा खुलेजस्तो भयो र सोध्यो- 'तिमीले यस्तो ज्ञान कहाँबाट प्राप्त गर्‍यौं ?' तिनले भनिन्- 'बुद्धको धर्मदेशना सुन्ने गरेकी छु।' ब्राम्हणले आफु कुमार्ग अन्धविश्वासमा परेर अज्ञानी भएको स्वीकार गर्‍यो । यो कुरा अनाथपिण्डक महाजनले थाहा पाएपछि दासी पूर्णिकालाई दासत्वबाट मुक्त गरी भगवान् बुद्धकहाँ लिएर गयो। सानै उमेरमा दासी भए पनि ब्राम्हणलाई सत्मार्ग देखाएकोले प्रव्रज्या मिलोस् भनी अनुरोध गर्‍यो। तिनलाई भगवान् बुद्धबाट नै प्रव्रज्या प्राप्त भयो र पूर्वाराम विहारमा भिक्षुणी भएर बस्न थाली र धर्म प्रचार गरी मानव कल्याणमा सक्रिय भई।

**दान र पुण्यसँग सम्बन्धित कथा**

संसारमा चार थरिका मानिसहरू



Downloaded from http://www.dhamma.digital

छन् । कोही आफु मात्र दान दिएर पुण्य कमाउन खोज्ने र अरूलाई दान दिनबाट रोक्ने, कोही आफु पनि दान गर्ने र अरूलाई पनि दान गर्न लगाउने तथा आफुले पनि पुण्य कमाउने र अरूलाई पनि पुण्य कमाउन प्रेरित गर्ने, कोही आफु दान नगर्ने तर अरूलाई दान गर्न लगाउन र कोही आफु पनि दान नगर्ने र अरूलाई पनि दान गर्नबाट रोक्ने स्वभावका मानिसहरू बुद्धकालमा पनि थिए। अहिले पनि छन्। यो मानिसको स्वभाव हो। यो मानिसको चित्तले देखाउने व्यावहार हो। सबैभन्दा राम्रो स्वभाव र व्यावहार दोस्रो नम्बरको हो। आफु पनि दान गर्ने पुण्य कमाउने, अरूलाई पनि दान गर्नुपर्छ भनेर सिकाउने र दान गर्न लगाएर पुण्य कमाउन सिकाउने।

एक जना उपासक बुद्धकहाँ भोजनको निमन्त्रणा दिन आयो। भगवान् बुद्धले स्वीकार गर्नुभयो। त्यो मानिस आफ्नो गाउँमा गएर सबै जनासँग दान मागेर सबैलाई पुण्य मिलोस् भन्ने मनसायले सबैको घर-घर पसल पसलमा माग्दै जम्मा गर्दै गइरहेको थियो। सबै मानिस एकै प्रकारका हुँदैनन्। ऊ सहयोगका लागि एक धनी तर लोभी कहिले पनि दान नगर्ने साहुको पसलमा पुग्यो। त्यो साहुले केही पनि दिन मानेन। मलाई बुद्धप्रति आस्था छैन, म दान दिन्न भन्यो। तर पनि सबैले दान दिएर बराबरी पुण्य कमाऔं भन्ने इच्छाले उपासकले निकै आग्रह गरेपछि अन्तमा साहुले थोरै चामल दान दियो। त्यो चामल उसले रूमालमा पोको पाऱ्यो र अरूको चामलसँग नमिसाइकन राख्यो।

त्यो साहुको मन शुद्ध थिएन। रूमालमा पोको पारी लगेको चामल देखाएर अरूको अगाडि आफुलाई बेइज्जत गरी नराम्रो पार्ने भयो भनी चिन्ताले सतायो। आफ्नो नोकर पठाएर रूमालमा पोको पारेको चामल लगेर के गर्छ ? के भन्छ ? हेरेर, सुनेर आऊ भनी पठायो। नोकरले त्यो रूमालको चामल सबै भोजन बनाइरहेको भाँडाहरूमा एक दुई गेडा खसालेको देख्यो। नोकरले आफुले देखेको कुरा साहुलाई बतायो। साहु रीसले आगो भयो। मैले दिएको चामल सबैको सामु एक दुई गेडा खसालेर बेइज्जत बनायो, त्यसलाई मार्छु भनेर भोजन पकाइरहेको ठाउँमा रीसले चुर हुँदै पुग्यो। तर उपासकले कहिले पनि दान गर्न नजानेको र पुण्य कमाउन नजानेको त्यो साहुलाई बढीभन्दा बढी पुण्य प्राप्त होस् भनेर सबै भाँडाहरूमा दुई चार गेडा राखी दिएको कुरा सुनाएपछि ऊ छक्क पऱ्यो र अगाडि गएर भन्यो- 'म ढुंगाजस्तो रीस लिएर तिमीलाई मार्छु भनेर आएको थिएँ तर तिम्रो कुरा सुनेपछि घ्यु जस्तै पग्लिएँ। मेरो विचार मेरो दृष्टि मिथ्या रहेछ। मैले अरूलाई नराम्रो सोच्ने



Downloaded from http://www.dhamma.digital

गर्थे तर मेरो लागि अरूले धेरै राम्रो सोचेको रहेछ। बुद्ध धर्ममा लाग्ने मानिसहरू अरूप्रति धेरै राम्रो सोचाई राख्ने रहेछ र म दोषी बनेछु।' यसरी लोभी साहुले माफी मागी बुद्ध धर्मप्रति श्रद्धा र आस्था जगायो।

**बुद्ध सर्वज्ञ हुनुहुन्छ**

धर्मदेशना, राम्रा कथा, राम्रा कुरा र उपदेशहरू सुन्ने गर्नुपर्छ । जसले गर्दा धेरै राम्रो कुराहरू जानिन्छ । मन आनन्द हुन्छ । मनमा नराम्रो कल्पना आउन पाउँदैन। बुद्धले भन्नुभएको छ।

**सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा।**
**सचित्त परियोदपनं, एतं बुद्धान सासनं॥**

अर्थात- पापकर्म नाश गर्नु पुण्य कर्म गर्नु र चित्त परिशुद्ध गर्नु यही बुद्धहरूका उपदेश हुन्। विहार जानु, उपदेश सुन्नु भनेको नै यस्तै कुराहरू जान्नका लागि र बुझ्नका लागि हो।

हाम्रो जीवन अमूल्य छ, दुर्लभ छ। त्यस्तो जीवनलाई राम्रो काम गरी सफल पार्नु पर्ने उहाँको उपदेश हो। यसलाई हामी सबैले साकार बनाउनुपर्छ। पाप नगर्ने, पुण्य गर्ने, चित्त शुद्ध गर्नुपर्छ। हामीले दान गर्ने, आफुले दान गर्छु भनेर राखेको अरूको दान दिएमा रिसाउने, अरूलाई पन्छाएर आफु अगाडि बस्न खोज्ने आदि बानीले मानिसको चित्त शुद्ध हुँदैन। त्यो कार्यबाट पुण्य प्राप्त हुँदैन। अरूले दान दिए पनि सन्तोष हुनुपर्छ। आफुले सक्दो दान दिने, सहयोग गर्ने, सधैं खुशी हुने, सुखी हुने गर्नुपर्छ।

बुद्धमा अद्धितीय गुण छ भन्ने कुरा सबैलाई थाहा छ। बुद्धप्रति श्रद्धा भएकाहरूले बुद्ध कस्ता छन् भन्ने कुरा बुझ्नुपर्छ। बुद्धलाई मानिसहरूले फरक फरक तरिकाबाट मानेको हुन्छ। तर धर्मको मुख्य उद्देश्य बुद्धलाई पूजा गर्ने होइन। बुद्ध देवता होइन। बुद्धले कुनै वरदान पनि दिनुहुन्न। बुद्धको सिद्धान्तलाई हामीले पालना गर्नुपर्छ। त्यही नै पूजा हो। यो कुरा हामीले बुझ्नुपर्छ।

बुद्ध धर्मको बारेमा थाहा पाएर नै आफु पनि बुद्धशासनमा प्रव्रजित भएको थिएँ। यही धर्मलाई जानेर एक जना अमेरिकन नागरिक क्रिश्चियन धर्मबाट बुद्ध धर्ममा आएको थियो।

विभिन्न धर्ममा लागेकाहरूले आ-आफ्नो धर्म ठूलो भन्ने गर्दछन्। तर भगवान बुद्धले आफ्नो धर्म ठूलो कहिल्यै भन्नुभएन। बुद्धले जान, बुझ, विचार गर, आफ्नो धर्म र परम्पराअनुसार मिल्यो भन्दैमा विश्वास नगर, स्वयं बुद्धले भनेको हो भन्दैमा पनि विश्वास नगर। मानिसले स्वतन्त्र चिन्तन गर्नुपर्छ। सुनलाई सक्कली र नक्कली भनेर जाँचे जस्तै धर्मलाई पनि विभिन्न तरिकाबाट जाँच्नुपर्छ। मानिसमा राम्रो-नराम्रो छुट्याउन सक्ने गुण छ, त्यसैले परीक्षण गरेर राम्रो भएमा मात्र



Downloaded from http://www.dhamma.digital

विश्वास गर्नुपर्छ। यो बुद्धको उपदेश हो।

एक जना विदेशीले यो बुद्ध धर्ममा पानी, फूल, धागो राखेर के पूजा गरेको भनी सोध्दा, यो पानी भनेको शुद्ध हो र यही पवित्र पानीमा धागो बेरेर सबैले समाति शुद्ध मनले राम्रो कामना गरी परित्राण गरेमा अवश्य पूरा हुन्छ र यसले मानिसको रोग निको भएको कुरा पत्रिकामा समेत सार्वजनिक भएको छ।

बुद्ध सर्वज्ञ हुनुहुन्छ भन्ने कुरा अध्ययन गरी थाहा पाउनुपर्छ । बुद्धको उपदेश सुनी ज्ञानी हुनुपर्छ । एकजना मानिस ४० वर्षसम्म विहारमा जाने क्रममा बुद्धको उपदेश सुनी निर्वाण प्राप्त गर्न मन लागेछ र उसले सोधेछ, 'निर्वाण प्राप्त भइसकेपछि कहाँ जन्म हुन्छ ?' जवाफ पाउँछ, 'निर्वाणपछि फेरि जन्म लिनुपर्दैन, कही पनि जन्म हुँदैन ।' यो कुरा सुनेर उसलाई निर्वाण प्राप्त गर्न मन लागेन। उसको त फेरि फेरि जन्म लिएर सुख भोग्ने, मोजमज्जा गर्ने इच्छा थियो। उसले निर्वाण भनेको के हो भनेरै बुझेन। वास्तवमा हामी विहारमा मात्र गएर पुग्दैन। विहार गएझैं चित्त शुद्ध हुनुपर्छ, बुझ्नुपर्छ, मनभित्रको राग, द्वेष तथा मोहलाई हटाउनुपर्छ र व्यावहारिक बन्नुपर्छ।

**बन्धुल मल्लिकको कथा**

बुद्धको समयमा बन्धुल मल्लिक मामा घरमा बस्थे । उनी ठूल्ठूला अध्ययन गर्ने ठाउँमा धनुष चलाउन सिपालु थिए। परीक्षा गर्न बाँसलाई चिर्न लगाए। तरबारबाट बाँसलाई चिरियो तर ठूलो आवाज आयो। यो कसरी ठूलो आवाज आयो भन्दा बाँसभित्र फलामको डण्डी लुकाएको रहेछ। मलाई पहिल्यै भनेको भए आवाजै नआउने गरी काटिदिन्थे भनी ऊ रिसाई त्यहाँ नबसी कोशल देशमा गयो। ऊ त्यही बस्ने निधो गऱ्यो उसलाई कोशल राजाले सेनापति बनाए।

बन्धुल मल्लिकको विवाह मल्लिका देवी भन्ने केटीसँग भयो। विवाह भएको धेरै समयसम्म पनि बच्चा भएन। बच्चा नभएको कारण उसले स्वास्नीलाई माइती पठाइदियो । माइत जाँदै गरेकी उसकी स्वास्नीचाहिँ बुद्धकहाँ पुगिन् । बुद्धले तिनलाई कहाँ जान लागेको भनी प्रश्न गर्दा तिनले बच्चा नभएको कारण श्रीमान्ले माइती पठाएको कुरा भनिन् । त्यसपछि भगवान् बुद्धले तिनलाई माइती नजान र श्रीमान्कै घरमा फर्कन भन्नुभयो । तिनले पनि घर फर्केर श्रीमानलाई बुद्धसँग भएको कुरा सबै भनिन्। बन्धुल मल्लिकले बुद्ध सर्वज्ञ हुनुहुन्छ, केही भएर नै तिनीलाई घर फर्काएका होलान् भनी दुबै सँगै बस्न थाले। साँच्चै, पछि बच्चा पनि भयो। दुई दुई जना गरी ८ चोटि जुम्ल्याहा छोराहरू जन्मिए। ती सबै बच्चाहरू बहादुर पनि भए। यो पनि बुद्धको सर्वज्ञताकै एक उदाहरण हो।



Downloaded from http://www.dhamma.digital

# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली,बहुआयामिक सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार **श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं ।

**उड कार्भिङ इण्डष्ट्रिज प्रा.लि. परिवार**

पाटन, औद्योगिक क्षेत्र

ललितपुर

फोनः ५५२१४४७, ५५२३७६८, ५५४४२०३

# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली,बहुआयामिक सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ बौद्ध साहित्यकार, **श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं।

**कृष्णबहादुर श्रेष्ठ**

**तथा**

**सूचक प्रकाशन परिवार**




Downloaded from http://www.dhamma.digital

# मंगलमय शुभकामना

नेपालका छैठौं संघनायक, बहुप्रतिभाशाली, बहुआयामिक सुप्रसिद्ध बौद्ध विद्वान एवम् वरिष्ठ साहित्यकार, **श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं।

**दीपक भेटुवाल (दीपसागर)**

**तथा**

**दीप मण्डली परिवार**

---

नेपालका छैठौं संघनायक **श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको** पावन अवसरमा उहाँको आध्यात्मिक सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं।

**श्यामलाल चित्रकार**
हाँडीगाउँ, काठमाडौं

**रत्न विपश्यना ध्यान केन्द्र**
सानो भ्याङ्ग, काठमाडौं



Downloaded from http://www.dhamma.digital



नेपालका [illegible] महासंघनायक

श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूको ९० औं शुभजन्मोत्सवको पावन अवसरमा उहाँको सुख, शान्ति, सुस्वास्थ्य एवम् दीर्घायुको मंगलमय शुभकामना अर्पण गर्दछौं ।

# तेज शाक्य (पौषा)

एवम् परिवार

जावलाखेल, ललितपुर, फोन: ९८५१०१३९७३

## सूचकका हरेक अंक विशेष अंक !

सूचक अबदेखि विशेष विधाहरुमा केन्द्रीत विशेष अंकका रुपमा मात्र ।




Downloaded from http://www.dhamma.digital

यात्राकार घनश्याम राजकर्णिकारको
र बुद्ध धर्म सम्बन्धि पुस्तकहरु
सर्वत्र बजारमा उपलब्ध छ ।




Downloaded from http://www.dhamma.digital